


वि.सं. १९५८ देखि निरन्तर प्रकाशित, गणतन्त्र नेपालको बहुभाषी राष्ट्रिय दैनिक

# गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ॥

निरोगी सबै हुन् सबै हुन् सुखीया ।
सबै वेस देखुन् नहुन् क्वै दुखीया ॥

GORKHAPATRA DAILY

राष्ट्रिय संस्करण




| वर्ष १२१ | अङ्क १८९ | २०७८ साल मङ्सिर ३ गते शुक्रबार | कार्तिक शुक्ल पूर्णिमा | नेपाल संवत् ११४२ कछलाथ्वः १५ | 2021 November 19 Friday | Website : www.gorkhapatraonline.com | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ

## नेपाललाई निरन्तर सघाउने अमेरिकाको प्रतिबद्धता

■ चाँदनी हमाल

काठमाडौँ, मङ्सिर २ गते । प्रधानमन्त्री शेरबहादुर देउवा र अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुबीच नेपाल–अमेरिका सम्बन्ध तथा विविध साझेदारीका विषयमा गहन छलफल भएको छ ।

बिहीबार प्रधानमन्त्री देउवासँग अमेरिकी विदेश मन्त्रालयको दक्षिण तथा मध्य एसिया मामिला सम्बद्ध सहायक विदेशमन्त्री लु शिष्टाचार भेट गर्न पुग्नुहुँदा समग्र पक्षमा छलफल भएको हो । उहाँ दुईदिने भ्रमणका क्रममा बुधबार नेपाल आउनुभएको हो ।

**नेपाल अमेरिका मैत्रीपूर्ण सम्बन्ध, सहकार्य र अन्य बहुपक्षीय तथा द्विपक्षीय विषयमा छलफल ।**

भेटपछि प्रधानमन्त्री देउवाले सामाजिक सञ्जालमार्फत आफूहरूले नेपाल अमेरिका मैत्रीपूर्ण सम्बन्ध, सहकार्य र अन्य बहुपक्षीय तथा द्विपक्षीय विषयमा छलफल भएको जानकारी दिनुभएको छ । प्रधानमन्त्री देउवासँगको भेटमा नेपाल–अमेरिकासँग सम्बन्धका विविध विषय, कोभिड–१९ महामारीका सहकार्य, महामारीपश्चात्को पुनर्प्राप्तिका साथै अन्य द्विपक्षीय हितका विषयमा कुराकानी भएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।



प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लु बिहीबार भेटवार्ता गर्नुहुँदै । तस्बिर : प्रम सचिवालय

नेपालको विकासका प्राथमिकताका धेरै क्षेत्रका विषयमा प्रधानमन्त्रीसँग अमेरिकी सहायकमन्त्री लुले छलफल गर्नुभएको थियो । त्यस्तै सो भेटमा अमेरिकी सहयोग अनुदानमा आधारित मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) का विविध मुद्दामा र नेपाल अमेरिकी सहकार्यका अन्य विषयमा पनि विशेष छलफल भएको जनाइएको छ । प्रधानमन्त्री देउवा र सहायक विदेशमन्त्री लु दुवैले नेपाल अमेरिका सम्बन्ध सौहार्द्रपूर्ण रहेकोमा सन्तुष्टि व्यक्त गर्नुभएको थियो ।

नेपालको सामाजिक तथा आर्थिक विकासमा निरन्तर सहयोग पुऱ्याएकोमा प्रधानमन्त्री देउवाले अमेरिकी सरकारलाई धन्यवाद दिनुभएको थियो । त्यस्तै प्रधानमन्त्रीले कोभिड महामारीका समयमा कोभिड–१९ विरुद्धको खोपका लागि उदारतापूर्वक सहयोग गरेकोमा अमेरिकी सरकारको प्रशंसा गर्नुभयो ।

अमेरिकी सहायक विदेशमन्त्री लुले नेपाललाई अमेरिकाको निरन्तर सहयोग रहने आश्वासन व्यक्त गर्नुभयो । साथै हालसालै सम्पन्न भएको कोप–२६ सम्मेलन तथा नेपालको अर्थतन्त्रमा जलवायु परिवर्तनले पारेको प्रतिकूल असरका विषयमा पनि छलफल भएको परराष्ट्र मन्त्रालयले उल्लेख गरेको छ । अमेरिकी सरकारले जलवायु परिवर्तनको अनुकूलन र असर (बाँकी पृष्ठ २ मा)

## आज गुरु नानक जयन्ती

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ३ गते । राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधानमन्त्री शेरबहादुर देउवाले गुरु नानक जयन्तीका अवसरमा शुभकामना व्यक्त गर्नुभएको छ । उहाँहरूले सिख धर्मावलम्बीहरूको विशेष पर्व गुरु नानक जयन्तीको अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण सिख धर्मावलम्बीहरूमा सुख, शान्ति तथा समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्नुभएको हो । राष्ट्रपति भण्डारीले दिनुभएको सन्देशमा गुरु नानकले समाजमा शान्ति, सद्भाव, सहिष्णुता र लोककल्याणका लागि सबै धर्मबीचमा सद्भाव कायम राख्नका लागि गर्नुभएको मार्गदर्शनको परिपालना गर्नुपर्नेमा जोड दिनुभएको छ ।

गुरु नानकको मार्गदर्शनको परिपालना गर्न सकेमा धार्मिक, सामाजिक तथा सांस्कृतिक विविधताबीच सहिष्णुता र सद्भाव कायम गर्दै राष्ट्रिय एकतालाई सुदृढ एवं सबल बनाउन सकिने विश्वास उहाँले लिनुभएको छ । त्यसैगरी प्रधानमन्त्री देउवाले गुरु नानकले स्थापित गरेका सामाजिक न्यायका मार्गदर्शन अवलम्बन गर्न सकिएमा समाजमा शान्ति स्थापना गरी आपसी सद्भाव, भाइचारा, सहिष्णुताका साथै सामाजिक न्याय प्रगाढ भई राष्ट्रिय एकतालाई थप बलियो हुन बल पुग्ने विश्वास व्यक्त गर्नुभएको छ ।

**गुरु नानकको मार्गदर्शनको परिपालना गर्न सकेमा धार्मिक, सामाजिक तथा सांस्कृतिक विविधताबीच सहिष्णुता र सद्भाव कायम गर्न सकिन्छ ।**

सन्देशमा प्रधानमन्त्री देउवाले गुरु नानक जयन्तीले नेपाली समुदायमा धार्मिक सहिष्णुता कायम गर्दै आपसी सद्भाव र भाइचारा बढाउनेतर्फ प्रोत्साहन मिल्ने विश्वास पनि लिनुभएको छ । उहाँले समाजमा देखिने विकृति, विसङ्गति एवं विभेदको अन्त्य गर्दै समतामूलक, सभ्य र सुसंस्कृत समाज निर्माण गर्ने सरकारको प्रयासमा थप बल पुऱ्याउन गुरु नानक जयन्तीले सबैलाई प्रेरणा प्रदान गर्ने बताउनुभएको छ ।

हरेक वर्षको कार्तिक शुक्ल पूर्णिमाको दिन सिख धर्मावलम्बीहरूद्वारा आस्था र भक्तिभावका साथ पवित्रस्थल 'गुरुद्वारा'मा भेला भई पूजाअर्चना, भजनकीर्तनका साथै विभिन्न धार्मिक एवं सामाजिक कार्यक्रम गरी गुरु नानकको जन्मजयन्ती मनाउने गरिन्छ ।

## राष्ट्रिय सभा सदस्यको निर्वाचन माघ १२ मा

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर २ गते । मन्त्रिपरिषद्को बिहीबार बसेको बैठकले राष्ट्रिय सभाको २० सदस्य पदका लागि आगामी माघ १२ गते निर्वाचन गर्ने निर्णय गरेको छ । मन्त्रिपरिषद्को बैठकपछि गोरखापत्रसँग कुरा गर्दै स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडाले सो जानकारी दिनुभएको हो । आगामी फागुन २० गते राष्ट्रिय सभाका २० सदस्यको पद रिक्त हुँदैछ ।

नेपालको संविधानले राष्ट्रिय सभा सदस्यको पदावधि सकिनुभन्दा ३५ दिन अगावै निर्वाचन गरिसक्नुपर्ने व्यवस्था गरेको छ । सोही प्रावधानअनुसार मन्त्रिपरिषद्ले निर्वाचनको मिति तय गरेको हो । संविधानको धारा ८६ मा राष्ट्रिय सभा गठनसम्बन्धी व्यवस्थामा कुल ५९ सदस्यीय राष्ट्रिय सभाका सदस्यहरूको पदावधि छ वर्षको हुने उल्लेख छ ।

पहिलो पटक सदस्यको पदावधि कायम गर्दा गोला प्रथाद्वारा कार्यकाल निर्धारण गरिएको थियो । राष्ट्रिय सभाका एक तिहाइ सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुने गर्दछ भने एक तिहाइको पदावधि चार वर्ष हुने व्यवस्था छ । सोही प्रावधानअनुसार २० जना सांसदको चार वर्षे कार्यकाल फागुन २० मा सकिन लागेको हो ।

**राष्ट्रिय सभाका २० जना सांसदको चार वर्षे कार्यकाल फागुन २० मा सकिन लागेको हो ।**

नेकपा (एमाले)का आठ, माओवादी केन्द्रका पाँच, एकीकृत समाजवादीका चार र नेपाली काँग्रेसका तीन जना सांसदको राष्ट्रिय सभा सदस्यको पदावधि सकिन लागेको हो । चार वर्षे कार्यकाल सकिन लागेका एमालेका नैनकला ओझा, परशुराम मेघी गुरुङ, अगमप्रसाद बान्तवा, चक्रप्रसाद स्नेही, सुमनराज प्याकुरेल, कोमल वली, रामलखन चमार र कविता बोगटी हुनुहुन्छ ।

यस्तै माओवादी केन्द्रका शशीकला दाहाल (राष्ट्रिय सभा उपाध्यक्ष), खिमकुमार विक, दिनानाथ शर्मा (दलको नेता), जीवन बुढा र रामनारायण विडारी (मनोनीत)को चार वर्षे पदावधि सकिन लागेको छ । त्यस्तै नवगठित नेकपा (एकीकृत समाजवादी)का उदया शर्मा पौडेल, शान्तिकुमारी अधिकारी, शेरबहादुर कुँवर र खगेन्द्र प्रकाश पुरीको चार वर्षे कार्यकाल सकिँदैछ । त्यसैगरी नेपाली काँग्रेसका राधेश्याम अधिकारी (दलको नेता), दृगनारायण पाण्डे र तारादेवी भट्टको पनि पदावधि सकिँदैछ । दुई वर्ष पदावधिको चिट्ठा परेका १९ जना सांसद २०७६ मा बिदा भएका थिए । उहाँहरूको ठाउँमा छ वर्षका लागि १९ जना निर्वाचित भएर आउनुभएको थियो ।

## अब गोला प्रथाबाट पेसी

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर २ गते । प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरासँग असन्तुष्ट रहनुभएका सर्वोच्च अदालतका न्यायाधीशबीच गोला प्रणालीबाट पेसी तोक्ने गरी नियमावली संशोधनमा सहमति भएको छ । प्रधानन्यायाधीश जबराका अतिरिक्त अन्य न्यायाधीशले हालको पेसी व्यवस्थापनसम्बन्धी नियमावलीको व्यवस्था संशोधनमा सहमति गरेका हुन् ।

न्यायाधीशहरूले गोला प्रणाली व्यवस्थापनका लागि कार्यविधिसमेत पारित गर्ने निर्णय गर्नुभएको छ । सर्वोच्चको पूर्ण बैठक (फुल कोर्ट) प्रधानन्यायाधीशसहित रहने सर्वोच्च अदालत नियमावलीको व्यवस्था भए पनि प्रधानन्यायाधीशबाहेक बैठक बसेको हो । सर्वोच्चका एक न्यायाधीशका अनुसार सर्वोच्च अदालत नियमावली संशोधन गरी प्रधानन्यायाधीशले पेसी तोक्ने व्यवस्थाको सट्टा गोला प्रणालीमा जाने गरी अब नियमावलीमा व्यवस्था हुनेछ । साथै नियमावलीको व्यवस्थाअनुसार गोला प्रणाली व्यवस्थापनको कार्यविधि पनि तयार भएको छ । निर्णयलाई




मुख्य रजिस्टारमार्फत प्रधानन्यायाधीशसमक्ष पठाइएको छ ।

"हामीले नियमावली संशोधनको व्यवस्था र निर्देशिका पारित गरेका छौँ । बैठकबाट स्वीकृत नियमावली र निर्देशिका हस्ताक्षरका लागि प्रधानन्यायाधीशसमक्ष पठाएका छौँ, हस्ताक्षर गर्नुहुन्छ भन्ने विश्वास छ । राजपत्रमा प्रकाशनको कार्यविधि पूरा भएपछि पुनः फुल कोर्टले निर्णय गरेर तोकिएको मितिबाट गोला प्रणाली लागू हुन्छ," सर्वोच्चका एक न्यायाधीशले भन्नुभयो । राजपत्रमा सूचना प्रकाशन भएपछि पनि फुल कोर्टले निर्णय गरेपछि लागू हुने गरी नियमावली संशोधनको प्रस्ताव पारित भएको हो । पछिल्लो समय प्रधानन्यायाधीश जबराले पनि गोला प्रणालीबाट पेसी तोक्न आफू तयार रहेको बताउँदै आउनुभएको थियो । तर पेसी व्यवस्थापनबारे गठित समितिको प्रतिवेदनमा थप छलफलको आवश्यकता रहेको उहाँको भनाइ थियो । असन्तुष्ट न्यायाधीशको समूहले (बाँकी पृष्ठ २ मा)

२०७८ साल कात्तिक २५ गतेदेखि मङ्सिर ९ गतेसम्म भइरहेको

**राष्ट्रिय जनगणना २०७८ मा सहभागी होऔँ ।**

कोही नछुटौँ, कोही नदोहोरिऔँ ।

बसोबास गरेकै ठाउँबाट आफ्नो विवरण लेखाऔँ ।

घर–घरमा आउने गणकलाई सही र वास्तविक सूचना उपलब्ध गराऔँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्रदेश सभा क्षेत्रमा निर्वाचन आज

■ शेषकान्त पण्डित

काठमाडौँ, मङ्सिर २ गते । नेपाली काँग्रेसको १४औँ महाधिवेशनअन्तर्गत प्रदेश निर्वाचन क्षेत्रमा शुक्रबार प्रदेश तहको अधिवेशन हुँदैछ । देशभरका तीन सयभन्दा बढी प्रदेश निर्वाचन क्षेत्रमा एकसाथ अधिवेशन गर्ने काँग्रेसको कार्यतालिका छ । कुल ३३० प्रदेश निर्वाचन क्षेत्रमध्ये १४ जिल्लामा प्रदेश तथा जिल्ला अधिवेशन भइसकेको छ ।

काँग्रेसको केन्द्रीय निर्वाचन समितिका सचिव तथा अधिवक्ता जगन्नाथ श्रेष्ठले देशभर अधिवेशनका लागि आवश्यक तयारी पूरा गरिएको जानकारी दिनुभयो । निर्वाचनका लागि सबै जिल्लामा निर्वाचन अधिकृत खटाइसकिएको निर्वाचन समितिले जनाएको छ । प्राविधिक कारणवश कुनै प्रदेशले अधिवेशन गर्न नसकेको अवस्थामा पनि मङ्सिर ४ वा ५ गतेभित्र अधिवेशन गर्नुपर्नेछ । मङ्सिर ६ गते निर्वाचन क्षेत्रको क्षेत्रीय अधिवेशन हुँदैछ ।




### यस्तो बन्छ प्रदेश क्षेत्र समिति

पार्टीका गाउँ तथा नगरपालिकाका वडास्तरबाट निर्वाचित क्षेत्रीय प्रतिनिधि तथा वडाको एकाइ अध्यक्षले प्रदेशको निर्वाचनमा सहभागिता जनाउने छन् । क्षेत्रीय प्रतिनिधिहरूले आफूहरूमध्येबाट अध्यक्षसहित १६ सदस्यीय कार्यसमितिको निर्वाचन गर्नेछ । यसका साथै क्षेत्रीय प्रतिनिधिहरूले आफूहरूमध्येबाट १६ जना प्रदेश निर्वाचनका लागि क्षेत्रीय प्रतिनिधिको चयन गर्नेछ । प्रदेशको निर्वाचन क्षेत्रबाट छानिएका क्षेत्रीय प्रतिनिधिले प्रदेशको सभापतिलगायतका पदाधिकारी चयन गर्नेछन् । सबै प्रदेशमा गरेर पाँच हजारभन्दा बढी प्रदेश क्षेत्रीय प्रतिनिधि चयन (बाँकी पृष्ठ २ मा)

## एमालेमा सर्वसम्मत नेतृत्वको प्रयास

■ दीपक श्रेष्ठ

काठमाडौँ, मङ्सिर २ गते । नेपाल कम्युनिस्ट पार्टी (एमाले)को १०औँ महाधिवेशन मूलतः पार्टी नेतृत्व निर्माणमा मात्र केन्द्रित हुँदैछ । महाधिवेशनले सर्वसम्मत नेतृत्व चयन गर्ने अपेक्षा गरिएको छ । यद्यपि १५ सदस्यीय पदाधिकारीसहित २३५ केन्द्रीय समितिमा धेरै आकाङ्क्षी हुँदा सर्वसम्मत नेतृत्व चयन त्यति सहज चाहिँ छैन ।

'एउटै कक्षा नदोहोऱ्याउने' प्रतिबद्धता सार्वजनिक गर्नुभएका एमाले अध्यक्ष केपी शर्मा ओली पुनः अध्यक्ष हुने निश्चितप्रायः छ । अध्यक्ष ओलीविरुद्ध कसैले चुनौती दिने अवस्था यति बेला एमालेभित्र सम्भवतः छैन । यस महाधिवेशनमा नेतृत्व चयन मात्र हुने भएकाले फरक विचार राखेर नेतृत्वका रूपमा उभिने अवस्था पनि यस पटक छैन किनकि एमालेले विधान महाधिवेशन यसअघि नै सम्पन्न गरिसकेको छ ।




यद्यपि उपाध्यक्ष भीम रावल र उपमहासचिव घनश्याम भुसालले अध्यक्षमा उम्मेदवारी दिने चर्चा मिडियामा सार्वजनिक भइरहेका छन् । उपाध्यक्ष रावलले केही दिनअघि एक कार्यक्रममा आफूले अध्यक्षमा उम्मेदवारी दिने धारणा राख्नुभएको थियो । त्यस्तै वरिष्ठ उपाध्यक्षका लागि सम्भवतः ईश्वर पोखरेल नै अगाडि हुनुहुन्छ । पार्टीका महासचिव पोखरेल विधानतः दोस्रो कार्यकाल रहन नसक्ने भएका कारण वरिष्ठ उपाध्यक्षमा मात्र उहाँका लागि ठाउँ खाली रहेको अवस्था छ ।

अध्यक्षपछिको शक्तिशाली पद मानिने महासचिवमा धेरै आकाङ्क्षी रहे पनि अध्यक्ष ओलीले आफ्ना विश्वासपात्रलाई अगाडि बढाउने निश्चित छ । यस हिसाबले महासचिवमा विष्णु पौडेल र शङ्कर पोखरेलले नै बाजी मार्ने प्रबल सम्भावना रहेको बताइन्छ । यद्यपि सुवास नेम्वाङ र सुरेन्द्र पाण्डे पनि सो पदका लागि आकाङ्क्षी रहेको बताइन्छ । पार्टीका पुराना नेताहरू युवराज ज्ञवाली, पृथ्वीसुब्बा गुरुङ, अष्टलक्ष्मी शाक्य, भीम आचार्यलगायतको व्यवस्थापन (बाँकी पृष्ठ २ मा)

## दोस्रो भूउपग्रह प्रक्षेपणको तयारी

■ अजय शर्मा

काठमाडौँ, मङ्सिर २ गते । अपरेटिङ सिस्टम (सञ्चालन प्रणाली) नेपालमै बनाउने योजनासहित भूउपग्रह प्रक्षेपणको प्राविधिक तयारीमा नेपाली वैज्ञानिक जुटेका छन् । 'नेपाली स्याट–२ पदयात्री' नाम रहने यो भूउपग्रह अघिल्लो भूउपग्रह 'नेपाली स्याट–१' भन्दा तीन गुणा ठूलो हुनेछ ।

सबै काम निर्धारित समयमा भ्याइए सन् २०२२ सम्ममा स्याटेलाइट प्रक्षेपण गर्ने तयारी नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)को छ । नास्टको सहयोगमा डा. आभास मास्केसहित १० जना नेपाली युवा वैज्ञानिक भूउपग्रह निर्माणमा तल्लीन छन् । जापानको क्युटेक विश्वविद्यालयसँग मिलेर 'नेपाली स्याट–१' निर्माण गरी अमेरिकाबाट प्रक्षेपण गरिएको थियो । यसपटक नेपाली इन्जिनियरले नेपालमा भूउपग्रहको प्रारूप बनाइसकेका छन् । यसलाई भारतीय अन्तरिक्ष अनुसन्धान संस्था (इस्रो)मा लगेर भूउपग्रह निर्माणसम्बन्धी विभिन्न परीक्षण गरिएको छ ।

नास्टका प्रवक्ता सुरेशकुमार ढुङ्गेलले भन्नुभयो, "यस परीक्षणबाट हामीलाई निकै सफलता हात परेको छ ।" विदेशको प्लेटफर्म प्रयोग गरेर भए पनि नेपालीले भूउपग्रह निर्माण गरिसकेको स्मरण गर्दै प्रवक्ता ढुङ्गेलले भन्नुभयो, "नेपालमै स्याटेलाइट निर्माण गर्न सकिन्छ भन्ने सन्देश दिन यो परियोजना सुरु गरेका हौँ ।" उहाँले भन्नुभयो, "स्याटेलाइटको अपरेटिङ सिस्टम नेपालमै पनि बनाउन सकिन्छ कि भनेर अनुसन्धान गर्दैछौँ । अपरेटिङ सिस्टम बनाउन सफल भएमा यसले भूउपग्रह बनाउन लाग्ने ६० प्रतिशत समय र लागत घटाउँछ ।"

डा. मास्केका अनुसार स्याटेलाइट सिस्टम अन चिप मिसनलाई पनि नास्टले अगाडि बढाएको छ । यसमा सम्पूर्ण सिस्टम एउटै चिपमा बन्छ, एउटै माइक्रो चिपले सम्पूर्ण स्याटेलाइटलाई सञ्चालन गर्न सक्छ । वैज्ञानिक डा. मास्केले भन्नुभयो, "यो कामका लागि हामीले एउटा यस्तो चिप भेट्टाएका छौँ, जसको विभिन्न तहको परीक्षणमा जुटेका छौँ ।"

डा. मास्केका अनुसार यस मिसनअन्तर्गतको स्याटेलाइटको प्लेलोड बोर्ड (पीसीबी) नेपालमै



निर्माण गरिने छ । यस पीसीबीमा पीएक्स–४ अपरेटिङ सिस्टम मिसन, स्याटेलाइट सिस्टम अन चिप मिसन र ग्राउन्ड सेन्सर टर्मिनल मिसन फर ग्ल्यासिर लेक आउटब्रस्ट फ्लड (जीएलओएफ) मोनिटरिङ रहने छन् । यो व्यावसायिक स्याटेलाइटभन्दा अनुसन्धानात्मक क्षेत्रमा उपयोग हुने खालको स्याटेलाइट भएको डा. मास्केले बताउनुभयो । यस्ता परियोजनाले अन्तरिक्ष प्रविधिमा नेपाली युवालाई आकर्षित गर्ने उहाँको तर्क छ । प्रवक्ता ढुङ्गेलका अनुसार यो स्याटेलाइटले आगलागी, डढेलो र बाढीपहिरोलगायतका मौसमसम्बन्धी जानकारी तस्बिरबाट दिने छ । जसबाट मौसमसम्बन्धी पूर्वजानकारी सजिलै लिन सक्छौँ ।

यसपटक थाइल्यान्डको एजेन्सीसँग नास्टले सहकार्य गर्दैछ । नास्टका अनुसार इन्टरनेसनल इन्स्टिच्युट अफ स्पेस टेक्नोलोजी फर इकोनोमिक डेभलपमेन्ट (इन्सटेड)सँगको सहकार्यमा स्याटेलाइट निर्माण गर्ने तयारी भइरहेको छ । यो परियोजना स्याटेलाइट क्षेत्रमा नेपालीको क्षमता अभिवृद्धि गर्ने योजनाअनुरूप निर्माण हुन लागेको हो ।

'नेपाली स्याट–१' भूउपग्रह अन्तरिक्षमा ८४१ दिन रहेर खस्यो । नास्टका अनुसार अन्तरिक्षमा रहँदा यस भूउपग्रहले पृथ्वीलाई १३ हजार ४५६ फन्को लगाएको थियो । यो भूउपग्रह नयाँ वर्षको अवसर पारेर २०७६ वैशाख ५ गते बिहीबार २ बजेर ३१ मिनेटमा अमेरिकाको भर्जिनियास्थित वल्लोप्स द्वीपस्थित प्रक्षेपण केन्द्रबाट प्रक्षेपण गरिएको थियो । 'नेपाली स्याट–१' भूउपग्रह स्पेस टेक्नोलोजी इन्जिनियरिङमा विद्यावारिधि गरिरहेका नेपाली वैज्ञानिक आभास मास्के र नेपालबाट इलेक्ट्रिकल र कम्युनिकेसन इन्जिनियरिङमा स्नातकोत्तर गरिरहेका नास्टका प्राविधिक अधिकृत हरिराम श्रेष्ठले बनाउनुभएको थियो ।

## कात्तिक नाच सम्पन्न

■ गोरखापत्र समाचारदाता

ललितपुर, मङ्सिर २ गते। पाटनको कृष्णमन्दिर डबलीमा देखाइने ऐतिहासिक कात्तिक नाच बुधबार राति नृसिंह अवतारको 'हिरण्यकश्यप वध' देखाइएर सम्पन्न गरिएको छ।

मङ्गलबजारस्थित कात्तिक डबलीमा ३७८ वर्ष पुरानो परम्परागत नाचमा 'हिरण्यकश्यप वध'मा हिरण्यकश्यप पात्रको वध गरेपछि कलाकारले साँच्चै होस् गुमाउने कथन छ। कात्तिक नाच संरक्षण समितिका सदस्य सञ्जय राजोपाध्यायले भगवान् विष्णुले नृसिंह अवतारको रूप लिएर हिरण्यकश्यपको वध गर्ने प्रहसन हेर्न धेरै भीड लागेको थियो। राति ९ बजेदेखि सुरु भएको नाच राति २ बजे सकिएको थियो।

बीस वर्षदेखि कात्तिक नाचमा हिरण्यकश्यपका रूपमा नाच्दै आउनुभएका संरक्षण समितिका अध्यक्ष किरण चित्रकार यस वर्ष २४औँ पटक पनि यही पात्रमा नाच्नुभएको थियो।



ललितपुरको मङ्गलबजारमा कात्तिक नाच प्रदर्शन गरिँदै। तस्बिर : सुजन गुरुङ

## राष्ट्रहितमा काम गर्न प्रतिबद्ध

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर २ गते। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री शशी श्रेष्ठले राष्ट्रहित र जनहितमा हुने काम गर्न कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

प्रेस सेन्टर नेपाल भक्तपुरको दोस्रो अधिवेशनको बिहीबार उद्घाटन गर्दै उहाँले राष्ट्रहित र जनहितको पक्षमा काम गर्न मन्त्रालयका तर्फबाट अभियान थालिसकेको बताउनुभयो। भक्तपुरमा रहेका हलिया र कमैया कमलरीको समस्या समाधान गर्न पहल सुरु गरिसकेको जानकारी दिँदै उहाँले तल्लो स्तरमा रहेका जनताको संविधानमा व्यवस्था भएको अधिकार स्थापित गर्न आफू लागिरहेको बताउनुभयो।

पत्रकार जगत्ले सही सूचना सम्प्रेषण गर्दा त्यसले समाजमा सकारात्मक प्रभाव ल्याउने भन्दै उहाँले अग्रगमन र प्रतिगमनको द्वन्द्व चलिरहेकाले जनतालाई सही सूचना सम्प्रेषण गर्ने गरी अग्रगमनको पक्षमा कलम चलाउनसमेत आग्रह गर्नुभयो।

मन्त्री श्रेष्ठले लोकतन्त्र र संविधान विरोधी तत्वले अझै पनि संविधान मास्न बल गरिरहेकाले त्यसलाई पूरा हुन नदिन यसअघि जस्तै गरी सञ्चार जगत्ले भूमिका खेल्नुपर्नेमा जोड समेत दिनुभयो।

## 'खोप लगाउन पालो कुर्नु पर्दैन'

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर २ गते। स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडाले आगामी दिनमा कोरोनाविरुद्धको खोप लगाउन सहज हुने बताउनुभएको छ। खोप लगाउनका लागि समूह र पालो कुर्नु नपर्ने उहाँले बताउनुभयो।

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्जमा बिहीबार फाइजर खोप अभियानको अनुगमन गर्दै मन्त्री खतिवडाले यस्तो बताउनुभएको हो। अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुसँगको संयुक्त अनुगमनका क्रममा उहाँले नेपालमा खोपको अभाव नरहेको बताउँदै हरेक जिल्ला र खोप केन्द्रमा गएर सहजै रूपमा लगाउन सकिने बताउनुभयो।



**कोरोनाविरुद्धको खोप हरेक जिल्लामा सहजै रूपमा लगाउन सकिने**

सर्वसाधारणले आफूलाई पायक पर्ने खोप केन्द्रमा जुनसुकै बेला पनि खोप लगाउन सक्ने बताउँदै उहाँले उपत्यकाका मुख्य अस्पतालमा २४ सै घण्टा खोपको व्यवस्था हुने बताउनुभयो। फाइजर खोपबाट देखिने प्रभावलाई न्यूनीकरण गर्न पहिलो चरणमा १२ वर्षदेखि माथिको उमेर समूहका दीर्घरोगीलाई खोप प्रदान गरिएको जानकारी दिनुभयो। सरकारले ६० लाख फाइजर खोप ल्याउन लागेको पनि उहाँले बताउनुभयो।

अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुले फाइजर खोप प्रभावकारी रहेको बताउँदै फाइजर खोप एकदमै सुरक्षित भएकाले ढुक्क भएर लगाउन आग्रह गर्नुभयो। फाइजर खोप बच्चा, युवा, वृद्ध सबैका लागि सुरक्षित रहेको र आफ्नी छोरीले पनि फाइजर खोप लगाइसकेको उहाँले बताउनुभयो।

## बस दुर्घटनामा चार जनाको मृत्यु

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर २ गते। रोल्पामा बिहीबार साँझ बस दुर्घटना हुँदा चार जनाको मृत्यु भएको छ। दाङको घोराहीबाट थवाङ जाँदै गरेको ना. ३ ज ५५१८ नम्बरको बस शहीद मार्गअन्तर्गत माडी गाउँपालिका–६ मा दुर्घटना भएको हो।

रोल्पाका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले दुर्घटनामा चार जनाको मृत्यु भएको पुष्टि गर्नुभयो। उहाँका अनुसार दुर्घटनामा १९ जना घाइते भएकामध्ये तीन जना उपचारपछि घर फर्किएका छन् भने अन्य १६ जना घाइतेको रोल्पा अस्पतालमा उपचार भइरहेको छ। बस सडकबाट करिब सय मिटर तल माडीखोलामा खसेको उहाँले बताउनुभयो।

"एक जना महिला र तीन जना पुरुषको मृत्यु भएको छ, बसमा २३ जना सवार रहेको खुलेको छ, तीन जना उपचारपछि घर फिर्ता भइसकेका छन्," प्रजिअ सापकोटाले भन्नुभयो, "घर्तीगाउँस्थित स्मृति स्वास्थ्य चौकीमा प्राथमिक उपचारपछि घाइतेहरूलाई रोल्पा अस्पतालमा ल्याएर उपचारका लागि भर्ना गरिएको छ।"

## प्रेस सेन्टर अध्यक्षमा ढकाल

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर २ गते। प्रेस सेन्टरले गोरखापत्र शाखाको अध्यक्षमा मञ्जिमा ढकाल चयन गरेको छ। बिहीबार गोरखापत्रमा सम्पन्न पाँचौँ अधिवेशनले ढकालको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको हो। अधिवेशनले सचिवमा सुजन गुरुङ र कोषाध्यक्ष शिवा तामाङसहित १३ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मतिबाट चयन गरेको छ।

यसअघि अधिवेशन उद्घाटन सत्रलाई सम्बोधन गर्दै प्रेस सेन्टरका केन्द्रीय कार्यालय सदस्य विष्णु सापकोटाले पत्रकारहरूलाई बलिदानीपूर्ण आन्दोलनबाट बनेको संविधानले निर्दिष्ट गरेको लक्ष्यमा कमल चलाउन आग्रह गर्नुभएको थियो।

गोरखापत्रमा राष्ट्रिय परिस्थिति झल्किनुपर्ने भन्दै उहाँले संस्थानले हालै अवधि थप नगरिएका जिल्ला समाचारदाताहरूलाई अवधि थप गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य रामकृष्ण अधिकारी, नेपाल कर्मचारी सङ्गठन २०६३ का सल्लाहकार संयोजक सोम घले, प्रेस सेन्टरका केन्द्रीय सदस्य राजेश चाम्लिङलगायतले संस्थान र संस्थानमा रहेका पत्रकार तथा कर्मचारीको हकहित संरक्षण गर्दै अघि बढ्नुपर्ने सुझाव दिनुभएको थियो।

## त्रिविमा स्नातक तह मङ्सिरबाटै सुरु हुने

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर २ गते। त्रिभुवन विश्वविद्यालयले स्नातक तहको शैक्षिक सत्र यसै महिनाबाट सुरु गर्ने भएको छ। राष्ट्रिय परीक्षा बोर्डबाट कक्षा १२ को परीक्षाफल सार्वजनिक गरिएको अवस्थामा यसै महिनाबाट नयाँ भर्ना खोल्न आफूहरूलाई कुनै समस्या नहुने जानकारी विश्वविद्यालयका पदाधिकारीहरूले दिएका छन्।

विश्वविद्यालयका शिक्षाध्यक्ष प्रा. शिवलाल भुसालले कोरोना भाइरसका कारण बिग्रेको शैक्षिक सत्र अब लगभग ट्र्याकमा आएको जानकारी दिनुभयो।

## सामाचकेवा पर्वको रौनक

■ भउचप्रसाद यादव

**आत्मीय प्रेमको प्रतीकका रूपमा मनाइने यो पर्व सु–स्वास्थ्य र दीर्घ जीवनको कामना गर्दै मनाउने गरिन्छ।**

काठमाडौँ, मङ्सिर २ गते। छठको समापनसँगै सुरु हुने सामाचकेवा पर्व शुक्रबार सम्पन्न हुँदैछ। नेपालको तराईमा मनाइने विभिन्न चाडपर्वमध्ये अत्यन्त लोकप्रिय मानिने सामाचकेवा छठको समापनको दिन अर्थात् कात्तिक शुक्ल सप्तमीदेखि पूर्णिमासम्म मनाइन्छ।

छठजस्तै यो पर्व पनि केही वर्षयता राजधानीमा समेत मनाउन थालिएको छ। दाजुभाइ र दिदीबहिनीबीचको आत्मीय प्रेमको प्रतीकका रूपमा मनाइने यो पर्व दिदीबहिनीहरूले आफ्ना दाजुभाइको सु–स्वास्थ्य र दीर्घ जीवनको कामना गर्दै मनाउने गरिन्छ।

वीरगञ्ज घर भई अहिले काठमाडौँको बल्खुमा तरकारी व्यापार गर्दै आउनुभएका रुपवन्ती झाले दाजुभाइको प्रशंसा र पुरुषार्थको चर्चा गर्दै दिदीबहिनीहरूद्वारा यो पर्व मनाइने गरिएको बताउनुभयो।

"तराईको लोकनाटकको झझल्को दिने यस पर्वमा 'सामा' र 'चकेवा' नाम गरेका दुईवटा मुख्य पात्र हुन्छन्। त्यसैगरी, समाजको खलपात्रको प्रतीकका रूपमा चुक्ली लगाउने एउटा अर्को पात्र पनि हुन्छ," उहाँले भन्नुभयो।

"यी तीनवटै पात्रको प्रतीकका रूपमा बनाइएको माटोको मूर्तिलाई बाँसको टोकरीमा राखी कात्तिक शुक्ल सप्तमीको साँझदेखि टोलछिमेकका दिदीबहिनीहरू गाउँको बाहिर खुला ठाउँमा एकत्रित भई सामाचकेवासम्बन्धी गीत गाउँछन्" उहाँले अगाडि भन्नुभयो, "गीतमा दाजुभाइको प्रशंसा तथा चुक्ली लगाउने भन्ने पात्रलाई गाली गरिएको हुन्छ।" त्यसैगरी सामाचकेवाको प्रतीकका रूपमा रहेको मूर्तिलाई शीत र दुबो खुवाइने गरिन्छ।"

पर्सा माधोपुर घर भई अहिले राजधानीको कुलेश्वरमा बस्दै आउनुभएका सरिता साहले यो पर्व मनाउने क्रममा असत्य, पाप र असामाजिक तत्वको प्रतीकका रूपमा रहेको चुक्ली लगाउने पात्रको जिउमा आगो लगाइने गरिएको बताउनुभयो। संस्कृतिविद् रामभरोस कापडीले पद्मपुराण, स्कन्दपुराण र साम्बपुराणमा सामाचकेवाबारे चर्चा गरिएको बताउँदै यस पर्वको सुरुवात पौराणिककालदेखि नै भएको बताउनुभयो।

सामा र चारुबक्रले कात्तिक शुक्ल पूर्णिमाकै दिन नै पुनः मानव जुनी प्राप्त गरेको र त्यसै दिनदेखि हिन्दु समाजमा सामाचकेवाको पर्व मनाउँदै आएको जनविश्वास रहिआएको कापडीले बताउनुभयो।

### अब गोला...

पछिल्लो समय लामो परामर्शपछि नियमावली संशोधनको मस्यौदा गरेको थियो। गोला प्रणालीबाट पेसी व्यवस्थापन भए न्यायिक इतिहासमा पहिलो हुनेछ। अहिले सर्वोच्चमा प्रधानन्यायाधीशले पेसी तोक्ने प्रचलन छ। साथै उच्च अदालतमा मुख्य न्यायाधीश र जिल्लामा पनि वरिष्ठतम मुख्य न्यायाधीशले पेसी तोक्ने प्रचलन छ।

गोला प्रणालीबाट पेसी व्यवस्थापनमा जाने निर्णयसँगै असन्तुष्ट न्यायाधीशहरू सीमित प्रकारका निवेदनहरू सुनुवाइका लागि इजलास फर्कने तयारीमा छन्। मिलापत्र, मुद्दा फिर्ता, तामेलीलगायतका निवेदन सुनुवाइका लागि न्यायाधीश इजलास फर्कन लागेका हुन्। यसअघि बन्दी प्रत्यक्षीकरणका मुद्दामा मात्र सुनुवाइ भइरहेको छ। तर न्यायाधीशहरूले प्रधानन्यायाधीशसँग बेन्च सेयर नगर्ने पनि जनाएका छन्।

#### बारको आपत्ति

प्रधानन्यायाधीशविरुद्धको प्रदर्शनका क्रममा प्रहरीले बल प्रयोग गरेको भन्दै नेपाल बार एसोसिएसनले आपत्ति जनाएको छ। कानुन व्यवसायी र प्रहरीबीच धकेलाधकेल हुँदा नेपाल बारका अध्यक्ष चण्डेश्वर श्रेष्ठ, सर्वोच्च अदालत बार एसोसिएसनका सचिव ऋषिराम घिमिरे, नेपाल बारका कार्यसमिति सदस्य प्रकाश महर्जनलगायत घाइते हुनुभएको थियो।

प्रहरी बल प्रयोग गरी अदालतलाई ब्यारेक बनाइएको भन्दै अध्यक्ष श्रेष्ठले आपत्ति जनाउनुभयो। कानुन व्यवसायीमाथि भएको आक्रमण मानव अधिकार विरोध भएको समेत टिप्पणी गर्दै उहाँले पेसी व्यवस्थापनमा गोला प्रणालीमा गए पनि प्रधानन्यायाधीशलाई गोला तान्ने अधिकार नभएको बताउनुभयो।

### प्रदेश सभा...

हुनेछन्। पदाधिकारीका पनि त्यतिकै हाराहारीमा निर्वाचित हुने निर्वाचन समितिले जनाएको छ। काँग्रेसले १४औँ महाधिवेशनबाट सातवटै प्रदेशमा पार्टीको नयाँ संरचनासमेत निर्माण गर्दैछ। काँग्रेसले आगामी मङ्सिर १६ र १७ गते सातवटै प्रदेशका एकैसाथ प्रदेश अधिवेशन गर्दैछ।

#### प्रदेश तहमा पहिलो अभ्यास

काँग्रेसले पार्टीको संरचनामा पहिलो पटक प्रदेश तहको नयाँ संरचनाको अभ्यास गर्दैछ। यसअघि वडा र प्रतिनिधि सभा निर्वाचन क्षेत्रको संरचना पार्टीमा भए पनि प्रदेश तहको संरचना भने थिएन। मुलुक प्रदेश संरचना गएपछि काँग्रेसले आफ्नो विधानलाई सोहीअनुसार बनाएर पहिलो पटक निर्वाचन गर्न लागेको हो।

शुक्रबार प्रदेश तहको निर्वाचन हुने भएपछि सबै जिल्लाको अधिवेशनमा एकरूपता कायम भएको छ। अब कुनै जिल्लामा वडा अधिवेशन, कुनै जिल्लामा पालिकास्तरको नहुने अवस्था अन्त्य भएको र सबै जिल्लाको अधिवेशनमा अब एकरूपता कायम भएको निर्वाचन समितिका सचिव श्रेष्ठले जानकारी दिनुभयो।

### एमालेमा सर्वसम्मत...

समेत चुनौतीपूर्ण छ। त्यस्तै कार्यकर्तामाझ लोकप्रिय योगेश भट्टराई, गोकर्ण विष्टजस्ता नेताहरूलाई पनि समेट्नुपर्ने अवस्था छ।

त्यसमाथि एकता प्रक्रियाबाट आएर एमालेमा रहेका पूर्वमाओवादी नेतृत्व तथा कार्यकर्तालाई पार्टीमा उचित स्थान दिनुपर्ने चुनौतीसमेत एमाले नेतृत्वसामु छ। उता एमालेभित्रै पार्टी अन्तरसङ्घर्षमा रही १० बुँदे सहमतिपछि पार्टी काममा फर्किएका नेताहरूलाई उचित जिम्मेवारीमा ल्याउनुपर्ने परिस्थिति पनि छ। अध्यक्ष ओलीलाई अप्ठ्यारो अवस्थामा साथ दिनुभएका रामबहादुर थापा 'बादल'ले महाधिवेशनबाट महत्त्वपूर्ण जिम्मेवारी पाउनेमा शङ्का छैन।

महाधिवेशनको संयोजक नै 'बादल' बनाइनुले समेत त्यस सम्भावनालाई सङ्केत गर्दछ। यस्तै माओवादी पृष्ठभूमिका टोपबहादुर रायमाझी, लेखराज भट्ट, प्रभु साह, मणि थापाजस्ता नेतालाई समेत महाधिवेशनले समेट्नुपर्ने अवस्था छ। यस्तो परिस्थिति हुँदाहुँदै पनि १५ पदाधिकारीसहित २३५ केन्द्रीय समितिलाई सर्वसम्मत बनाउने अधिकतम प्रयास महाधिवेशनमा रहने कार्यालय सचिव शेरबहादुर तामाङले बताउनुभयो। उहाँले भन्नुभयो, "एमालेका कार्यकर्ताले नेताको मूल्याङ्कन सही तरिकाले गर्न सक्षम छन्। नवौँ महाधिवेशनको प्यानल निर्वाचनमा समेत कार्यकर्ताले विवेक राखेर पदाधिकारी चयन गरेका थिए।"

पार्टीले वडा र पालिकास्तरमा सर्वसम्मत नेतृत्व चयन गर्न 'सर्कुलर' नै जारी गरे पनि धेरै ठाउँमा विवाद निस्किएको थियो। ती विवाद मिलाउन नेतृत्व तहलाई हम्मेहम्मे परेको स्थितिले एमालेको १०औँ महाधिवेशनमा पदाधिकारी सर्वसम्मत नेतृत्व चयन त्यति सहज चाहिँ छैन। अर्कोतर्फ पदाधिकारीमा समावेशी बनाउनुपर्ने अवस्था पनि छ। मङ्सिरमा नै महाधिवेशन हुने हुँदा ७० वर्ष उमेरको हदबन्दी एमालेका प्रायः नेतालाई यस पटक लाग्ने छैन।

### नेपाललाई निरन्तर...

न्यूनीकरणका क्षेत्रमा जलवायु आर्थिक सहयोग र प्रविधि हस्तान्तरण गरेर सघाउने योजना राखेको उहाँले प्रधानमन्त्री देउवालाई जानकारी गराउनुभयो। प्रधानमन्त्री देउवाले नेपालको लोकतान्त्रिक मान्यता, मानव अधिकार र विधिको शासनप्रतिको प्रतिबद्धताका विषयमा प्रकाश पार्नुभएको थियो। सहायक विदेशमन्त्री लुले प्रजातन्त्र सुदृढीकरणमा नेपालले गरेको प्रगतिको प्रशंसा गर्दै अमेरिकी राष्ट्रपतिले आयोजना गर्न लाग्नुभएको लोकतन्त्रका लागि शिखर सम्मेलनमा सहभागिता जनाउन प्रतिबद्धता दिनुभएकोमा प्रधानमन्त्री देउवालाई धन्यवाद प्रकट गर्नुभयो।

#### नेपाल–अमेरिका सम्बन्ध

नेपाल र अमेरिकाबीच सन् १९४८ मा औपचारिक कूटनीतिक सम्बन्ध स्थापना भएको थियो। त्यसयताको मैत्रीपूर्ण लामो सम्बन्धको यात्रामा पछिल्लो समय नेपालमा अमेरिकी चासो उच्च रहेको देखिन्छ। एमसीसीलगायत विविध साझेदारीका विषय चर्चामा रहेका बेला भएको यो भ्रमणलाई महत्त्वका साथ हेरिएको छ।

अमेरिकी विदेश मन्त्रालयले नेपाल अमेरिकाको सम्बन्धका विषयमा उल्लेख गर्दै अमेरिकाको नीति नेपाललाई शान्तिपूर्ण समृद्ध र लोकतान्त्रिक समाजको निर्माण गर्न मद्दत पुऱ्याउने रहेको जनाएको छ। नेपालमा कानुनको शासनको सम्मान गर्ने, स्थिर र लोकतान्त्रिक नेपाललाई समर्थन गर्ने, लगानीमैत्री आर्थिक विकासको प्रवर्द्धन गर्ने, विपत् जोखिम व्यवस्थापन प्रणालीमा सुधार गर्न सघाउने विषयमा अमेरिका प्रस्ट रहेको जनाएको छ।

#### सहयोग र एमसीसी

अमेरिकी सरकारको सबैभन्दा ठूलो सहयोगका रूपमा अमेरिकी सहयोग नियोग (यूएसएआईडी) रहेको छ। जसले नेपालको भौतिक विकासका विविध क्षेत्रमा सघाउ पुऱ्याउँदै आएको छ।

अमेरिकी सरकारको अनुदानमा आधारित मिलेनियम च्यालेन्ज कर्पोरेसनसँग भएको मिलेनियम च्यालेन्ज कम्प्याक्ट (सम्झौता) अर्थात् एमसीसी नेपालमा कार्यान्वयनमा ल्याउन अमेरिकी सरकारले आग्रह गरिरहेको छ। पछिल्लो समय नेपालमा बहसमा रहेको यो विषयमा बिहीबार प्रधानमन्त्री देउवासमक्षको भेटमा अमेरिकी सहायक विदेशमन्त्री लुले विशेष आग्रह गर्नुभएको थियो।

एमसीसी सन् २००४ मा स्थापित अमेरिकी सहयोगसम्बन्धी संस्था हो। तत्कालीन राष्ट्रपति जर्ज बुसले यो कार्यक्रम सन् २००२ मा घोषणा गरे पनि अमेरिकी कङ्ग्रेसले २००४ मा मात्र स्थापनाको अनुमति दिएको थियो।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**किसान बहुप्राविधिक शिक्षालय**

चापाकोट–१०, किसान, स्याङ्जा, गण्डकी प्रदेश, नेपाल

**विशेष प्राविधिक शिक्षा कार्यक्रम डिप्लोमा इन सिभिल इन्जिनियरिङ विषयमा वैकल्पिक/प्रतीक्षा सूचीमा भएका परीक्षार्थीहरूलाई भर्ना हुने सम्बन्धी**

**अत्यन्त जरुरी सूचना !**

मिति : २०७८।०८।०३ गते

नेपाल सरकारको आर्थिक वर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम देश भरिका दलित, मुस्लिम, विपन्न हलिया कमैया समेत नेपाल सरकारबाट सूचीकृत सुविधा वञ्चित (Disadvantage Group) २२ वटा समूहहरूको विद्यार्थीहरूका लागि विशेष प्राविधिक शिक्षा कार्यक्रम यस किसान बहुप्राविधिक शिक्षालयमा सञ्चालन हुने डिप्लोमा इन सिभिल इन्जिनियरिङ विषयमा परिषद् परीक्षा नियन्त्रण कार्यालयको मिति २०७८/०७/१८ गते प्रकाशित सूचना बमोजिम मुख्य परीक्षार्थीहरू भर्ना हुन नआएकोले वैकल्पिक/प्रतीक्षा सूचीमा भएका परीक्षार्थीहरूले यो सूचना प्रकाशित मितिले ७ दिन (मिति २०७८/०८/०९ गते) भित्र भर्नाका लागि निवेदन दिनुहुन यो सम्बन्धित सबैको जानकारीका लागि सूचना प्रकाशित गरिएको छ।

**शिक्षालय प्रमुख**

**Government of Nepal**
Ministry of Home Affairs
**DEPARTMENT OF NATIONAL ID AND CIVIL REGISTRATION**
Singadurbar, Kathmandu

**Notice for Intent to Award the Contract**

Date of Publication: 19 November 2021 (2078-08-03)

Pursuant to clause 27(2) of public Procurement Act 2063, this is to notify the following lowest evaluated substantially responsive bidder has been selected to award the contract as per the invitation for bids published on 20 August 2021 (2078-05-04).

| S. N. | IFB No. | Description | Name and address of Successful Bidder | Bid Price Including VAT |
|---|---|---|---|---|
| 1. | DoNIDCR/G/NCB/04-2078/079 | Procurement of Stationery and other goods | Dwarika Suppliers, Putalisadak, Kathmandu | 38,99,821.59 (In Words: Thirty Eight Lakh Ninety Nine Thousand Eight Hundred Twenty One Rupees and Fifty Nine Paisa Only.) |

**Nepal Oil Corporation Limited**
Provincial Office, Province No. 1, Kanchanbari, Biratnagar

**Invitation for Bids for RCC Construction and Extensive works of Parking area for Loaded TT-Biratnagar**

Contract Identification No: NOC/P1/W/NCB/078/79-01
Date of publication: 2021-11-19

1. Nepal Oil Corporation Limited, Provincial Office, Province No. 1 invites electronic bids from Nepalese eligible bidders for RCC Construction and Extensive works of Parking area for Loaded TT-Biratnagar under National Competitive Bidding procedures. The estimated amount for the works is **Rs.1,75,84,713.91 (without VAT and PS].**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Nepal Oil Corporation Limited, Provincial Office, Province No.1, Kanchanbari, Biratnagar, Tel: +977-021-461231, email: ero.brt@noc.org,np. or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp,.Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   - **Name of the Bank:** Nabil Bank Limited, Biratnagar
   - **Name of Office:** Nepal Oil Corporation Limited, Provincial Office, Province No. 1
   - **Office Account no.:** 0701010449101
4. Pre-bid meeting shall be held at Nepal Oil Corporation Limited, Provincial Office, Province No. 1, Kanchanbari, Biratnagar at 14:00 hr on 2021-12-09.
5. Electronic bids must be submitted to the office Nepal Oil Corporation Limited, Provincial Office, Province No. 1 through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 hr on 2021-12-20.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hrs on 2021-12-20 at the office of Nepal Oil Corporation Limited, Provincial Office, Province No. 1, Kanchanbari, Biratnagar. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **Rs.4,84,000.00**, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Nepal Oil Corporation Limited, Provincial Office, Province No. 1 reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको**

**बढुवा सम्बन्धी सूचना**

(सूचना प्रकाशन मिति : २०७८।०८।३)

यस लिमिटेड अन्तर्गत रिक्त रहेका देहायका पदहरूमा ज्येष्ठता र कार्यसम्पादन मूल्यांकन तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवाका लागि मिति २०७८/०६/२२ गते गोरखापत्रमा प्रकाशित सूचना बमोजिम रीतपूर्वक दरखास्त पेस गर्ने सम्भाव्य उम्मेदवारमध्ये यस लिमिटेडको कर्मचारी सेवा सर्त नियमावली, २०५४ (संशोधन सहित) बमोजिम देहायका उम्मेदवारलाई तपसिल बमोजिम बढुवा गर्ने गरी पदपूर्ति समितिको निर्णय भएकोले सोही नियमावलीको नियम ३७ को प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | बढुवा हुने पद, तह | पदपूर्तिको किसिम र पदसंख्या | बढुवा सिफारिस भएका कर्मचारी | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १ | ६/०७८/७९ | वरिष्ठ अधिकृत/कार्यालय प्रमुख (प्र) तह–७ | कार्यक्षमताको मूल्याङ्कन पदसंख्या–१ | श्री हिमालय भण्डारी | |
| | | | | न्यूनतम प्राप्ताङ्क | ८५.५६८४ |
| २ | ८/०७८/७९ | वरिष्ठ सहायक/सब इन्जिनियर (प्रा. इलेक्ट्रिकल) तह–५ | ज्येष्ठता र कार्यसम्पादन मूल्यांकन, पदसंख्या–१ | दरखास्त पेस गर्ने उम्मेदवारको न्यूनतम योग्यता नपुगेको। | |
| ३ | ९/०७८/७९ | वरिष्ठ सहायक /सब इन्जिनियर (प्रा. सिभिल) तह–५ | ज्येष्ठता र कार्यसम्पादन मूल्यांकन, पदसंख्या–१ | दरखास्त पेस गर्ने उम्मेदवारको न्यूनतम योग्यता नपुगेको। | |

**सदस्य सचिव**
**पदपूर्ति समिति**

# भू-उपग्रह निर्माणमा जुटे माध्यमिक तहका विद्यार्थी

▪ मधुसुधन तिमल्सिना

काभ्रे, मङ्सिर २ गते। माध्यमिक तहमा अध्ययनरत काभ्रेका नौ जना विद्यार्थी भू-उपग्रह निर्माणमा जुटेका छन्।

काभ्रेमा रहेको काठमाडौँ युनिभर्सिटी हाइस्कुल चौकोटका छ जना, बनेपा नगरपालिकामा रहेको आजाद मावि, चैतन्य मावि र धुलिखेल नगरपालिकामा रहेको सञ्जीवनी नमुना माविका एक/एक जनासहित नौ जना विद्यार्थी भू-उपग्रह निर्माणमा लागेका हुन्। नेपाल सरकार, विज्ञान तथा प्रविधि प्रज्ञाप्रतिष्ठान (नास्ट), अन्तरीक्ष प्रतिष्ठान नेपाल र काठमाडौँ युनिभर्सिटी हाइस्कुलको साझेदारीमा विद्यालय भू-उपग्रह नक्षत्र परियोजना सुरु भएको हो।

प्रमुख अनुसन्धानकर्ता तथा नेपाली वैज्ञानिक आभास मास्केले यो परियोजना दुई वर्षमा सक्ने लक्ष्य लिएको जानकारी दिनुभयो। परियोजना थाइल्यान्डको आर्थिक विकासका लागि प्राविधिक संस्था (मिनी बर्डस्) को एउटा भाग रहेको मास्केले जानकारी दिनुभयो। उक्त परियोजनामा थाइल्यान्डले चारवटा र नेपालले एउटा भू-उपग्रह निर्माण गर्नेछ। उहाँका अनुसार उक्त भू-उपग्रह पृथ्वीबाट चार सय किलोमिटर पृथ्वीको कक्षमा परिक्रमा गराइनेछ। मास्केको नेतृत्वमा पहिलो भू-उपग्रह नेपाली स्याट-वानको सफल प्रक्षेपण भइसकेको छ।

काठमाडौँ युनिभर्सिटी हाइस्कुलका प्रिन्सिपल तेजेन्द्रराज भण्डारीले अन्तरीक्ष प्रणाली प्रयोगशालामा भू-उपग्रह निर्माणमा नौ जना विद्यार्थी संलग्न रहेको जानकारी दिनुभयो। यो विश्वकै पहिलो विद्यालयस्तरका विद्यार्थीबाट गरिएको परियोजना भएको दाबी गरिएको छ। उक्त परियोजानामा डा. महावीर पुनको राष्ट्रिय आविष्कार केन्द्र र युनेस्कोको सहयोग रहेको जानकारी दिइएको थियो। परियोजनामा डाँफे अन्तरीक्ष लक्ष्यअन्तर्गत प्रशिक्षित छ जना विद्यार्थीको समूहले उनीहरूलाई प्रशिक्षण र सहजीकरण गर्ने प्रमुख अनुसन्धानकर्ता तथा नेपाली वैज्ञानिक मास्केले जानकारी दिनुभयो।

काठमाडौँ युनिभर्सिटी हाइस्कुलको कक्षा ११ मा अध्ययनरत विज्ञान सङ्कायका सुशान्त ढकाल, श्रेया प्रधान श्रेष्ठ, रजिन रञ्जित, समृद्धि शर्मा, सुभेष गुरुङ, सिद्धार्थ कर्माचार्य, सञ्जीवनी नमुना माविका श्रेया तामाङ, चैतन्य माध्यमिक विद्यालयका सङ्गीता मैनाली र आजाद माविका कान्छाराम स्याङ्तानले बन्द प्रशिक्षण लिइरहनुभएको छ। पुसको दोस्रो सातासम्म चल्ने बन्द प्रशिक्षण र सहजीकरण सागर कोइराला, जनार्दन सिलवाल, प्रजन श्रेष्ठ, देवराज पन्त, सिरस सैँजू र विकल्प ढुङ्गानाले गरिरहनुभएको छ।

काठमाडौँ विश्वविद्यालयका उपकुलपति डा. भोला थापाले नेपालमा राम्रो कामको सुरुवात भएको बताउँदै मुलुक विकासको नयाँ चरणमा प्रवेश गरेको बताउनुभयो।

विज्ञान तथा प्रविधि प्रज्ञाप्रतिष्ठान (नास्ट) का प्रविधि सङ्काय प्रमुख डा. रवीन्द्र ढकालले नेपालले केही गर्न सक्छ भन्ने प्रमाणित गर्न माध्यमिक तहका विद्यार्थीलाई भू-उपग्रह निर्माणमा लगाएको बताउनुभयो। उहाँले विभिन्न सङ्घ संस्थाको सहकार्यमा परियोजना सञ्चालन गरिएको बताउनुभयो।

काठमाडौँ युनिभर्सिटी हाइस्कुलका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा केयूका स्कुल अफ मेडिकल साइन्सेसका डीन डा. राजेन्द्रप्रसाद कोजूले सियो पनि नेपालमा बन्दैन भन्ने भनाइलाई विद्यार्थीले चुनौती दिएको बताउनुभयो।



*माध्यमिक तहमा अध्ययनरत काभ्रेका नौ विद्यार्थी भू-उपग्रह निर्माणमा जुट्दै।*

## भेटिएको छ लाख फिर्ता

▪ मकवानपुर समाचारदाता

हेटौँडा, मङ्सिर २ गते। हेटौँडा उपमहानगरपालिका वडा नं. १४ की ठूलीमाया स्याङ्तानले हराएको छ लाख रुपियाँ फिर्ता पाउनुभएको छ। स्याङ्तानले बिहीबार पैसा हराएको मौखिक जानकारी जिल्ला प्रहरी कार्यालय मकवानपुरमा दिनुभएको थियो। खोजतलास गर्ने क्रममा अटो चालकले फेला पारी फिर्ता गरिएको हो।

हेटौँडा उपमहानगरपालिका-९ का ना१ह ७०४९ नं. अटो चालक ३१ वर्षीय उदयसिंह मोक्तानले उक्त रकम अटोमा फेला पारेपछि प्रहरी कार्यालयको सम्पर्कमा आई सम्बन्धित धनीलाई बुझाएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

## प्रहरीसँग बालअधिकार दिवस

▪ मकवानपुर समाचारदाता

हेटौँडा, मङ्सिर २ गते। अन्तर्राष्ट्रिय बालअधिकार दिवसको अवसरमा बालअधिकार, बाल संरक्षण, बालमैत्री सेवा प्रवाहमा नेपाल प्रहरी एवं बाल हेल्पलाइन १०९८ को भूमिका विषयमा एकदिने अन्तर्क्रिया भएको छ। सिविन नेपालको आयोजना तथा जिल्ला प्रहरी कार्यालय मकवानपुरको समन्वयमा बालअधिकार, बाल संरक्षण, बालविवाहको विषयमा छलफल गरिएको थियो। अनलाइनमा बालबालिकाको प्रयोग एवं दुरुपयोग, बालबालिकाको उद्धार, संरक्षण, परामर्श, पुनःस्थापना, शारीरिक दण्ड, हिंसा, यौन दुर्व्यवहारलगायतका विषयमा अन्तर्क्रिया गरिएको थियो।

बाल हेल्पलाइन जिल्ला संयोजक झविन्द्र ज्ञवालीले हराएका तथा फेलापरेका बालबालिकाको सन्दर्भमा कसरी बाल हेल्पलाइन १०९८ र नेपाल प्रहरीसँग समन्वय काम प्रभावकारी हुन्छ भन्नेबारेमा प्रहरी कर्मचारीसँग छलफल भएको जानकारी दिनुभयो।

कार्यक्रममा मकवानपुरका प्रहरी नायव उपरीक्षक जयश्वर रिमालले बालअधिकार तथा बाल संरक्षणका विषयमा सबै पक्ष संवेदनशील हुनुपर्ने बताउनुभयो।

## पनौतीको भूमिडाँडामा प्रहरी चौकी

▪ बनेपा समाचारदाता

बनेपा, मङ्सिर २ गते। काभ्रेको पनौती नगरपपालिका-१२ भूमिडाँडामा नयाँ प्रहरी चौकी स्थापना गरिएको छ। बुधबार प्रहरी चौकी स्थापना गरी सेवा शुभारम्भ गरिएको हो।

काभ्रे प्रहरी प्रमुख प्रहरी उपरीक्षक भूपेन्द्रबहादुर खत्रीले सङ्घीय सरकारको २०७६ असोज ७ गतेको मन्त्रिपरिषद्को निर्णयअनुसार पनौती नगरपालिका-१२ भूमिडाँडामा प्रहरी चौकी स्थापना गरिएको बताउनुभयो। वडा कार्यालयले भालेश्वर मन्दिरनजिक उपलब्ध गराएको सामुदायिक भवनमा चौकी स्थापना गरिएको हो।

प्रहरी चौकीमा प्रहरी सहायक निरीक्षकको नेतृत्वमा सात जना प्रहरी रहनेछन्। चौकीले पनौती नगरपालिकाको वडा नं. १२ का साथै वडा नं. २, वडा नं. ८ का साथै यी वडासँग सिमाना जोडिएको बेथानचोक गाउँपालिकाको केही वडासमेत हेर्ने काभ्रेका प्रहरी नायव उपरीक्षक हरि खतिवडाले जानकारी दिनुभयो।

प्रहरी चौकी स्थापनाका अवसरमा पनौती नगरपालिकाका नगर प्रमुख भीम न्यौपानेले प्रहरी र नागरिक एक सिक्काका दुई पाटा भएकाले दुवै पक्ष मिलेर समाजमा शान्ति, सुरक्षा स्थापना गर्नुपर्ने बताउनुभयो।

काभ्रेका प्रमुख जिल्ला अधिकारी शिवराम पोखरेलले प्रहरी चौकी स्थापनासँगै आमनागरिकले शान्ति, सुरक्षाको प्रत्याभूति पाउने विश्वास व्यक्त गर्नुभयो।

### काँग्रेस महाधिवेशन

## जिल्ला सभापतिमा उम्मेदवारी घोषणा

▪ चितवन समाचारदाता

चितवन, मङ्सिर २ गते। नेपाली काँग्रेस चितवनको सभापतिमा राजेश्वर खनालले उम्मेदवारी घोषणा गर्नुभएको छ।

बिहीबार भरतपुरमा पत्रकार सम्मेलन आयोजना गरी खनालले उम्मेदवारी घोषणा गर्नुभएको हो। काँग्रेसको १४औँ महाधिवेशनअन्तर्गत जिल्ला अधिवेशन यही १० गते बीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालको सभाहलमा हुँदै छ।

सभापति पदमा अन्य सात जनाले आकाङ्क्षा राखेका छन्। कृषि तथा वन विज्ञान विश्वविद्यालयका पूर्वरजिष्ट्रार प्रा.डा. सूर्यकान्त घिमिरे, प्रदेश सभा सदस्य मिलनबाबु श्रेष्ठ, जिल्ला उपसभापति कैलाश कोइराला, जिल्ला सचिव उत्तम जोशी, राष्ट्रिय सभाका पूर्वसदस्य जगन्नाथ पौडेल, राजेन्द्र बुर्लाकोटी र विजय भुसालले सभापतिमा उठ्ने बताउँदै आउनुभएको छ।

**मकवानपुर समाचारदाता**का अनुसार महाधिवेशनका लागि मकवानपुरमा उम्मेदवारी घोषणा गर्ने क्रम तीव्र बनेको छ। शुक्रबार हुने प्रदेश सभा क्षेत्रीय अधिवेशनले क्षेत्रीय समितिका लागि सभापति, दुई/दुई जना उपसभापति, सचिव र सहसचिवसहित प्रदेश अधिवेशनको प्रतिनिधि चयन गर्दै छ।

**धादिङ समाचारदाता**का अनुसार काँग्रेसको १४औँ अधिवेशनअन्तर्गत जिल्ला सभापतिका लागि दुई जनाले उम्मेदवारी घोषणा गरेका छन्। सभापतिमा पूर्वसभापति तथा सांसद रामनाथ अधिकारी र नीलकण्ठ नगरपालिकाका प्रमुख मेयर भीमप्रसाद ढुङ्गानाले उम्मेदवारी घोषणा गर्नुभएको हो। मङ्सिर १० गते हुने जिल्ला अधिवेशनमा दुवै जनाले आफ्नो समूहसहित उम्मेदवारी घोषणा गर्नुभएको छ।

**सिन्धुली समाचारदाता**का अनुसार सिन्धुली जिल्लामा नेपाली काँग्रेसको १४औँ महाधिवेशनअन्तर्गत प्रदेश निर्वाचन क्षेत्र अधिवेशनको सरगर्मी बढेको छ। प्रदेश निर्वाचन क्षेत्रको अधिवेशन मङ्सिर ३ गते हुने भएपछि नयाँ नेतृत्व र प्रदेश प्रतिनिधि चयनका लागि काँग्रेसका नेता तथा कार्यकर्ता छलफल, भेटघाट र भेलामा व्यस्त बनेका छन्।

महाधिवेशन लक्षित गरी जिल्लामा काँग्रेसको वडा अधिवेशन गत भदौ १८ गते र स्थानीय तह अधिवेशन असोज १० गते नै सकिएको छ। सिन्धुली जिल्लामा ७९ वटै वडामा सम्पन्न वडा अधिवेशनले एक हजार ४८६ जना क्षेत्रीय प्रतिनिधि सर्वसम्मत चयन गरेको काँग्रेस निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

चारवटा प्रदेश निर्वाचन क्षेत्र रहेको सिन्धुली जिल्लामा काँग्रेसका नेता तथा कार्यकर्ता उम्मेदवारी घोषणा गरी भोट माग्न व्यस्त रहेका कमलामाई नगरपालिका-४ का क्षेत्रीय प्रतिनिधि सन्तोष दाहालले जानकारी दिनुभयो। वडा अधिवेशनबाट चयन भई आएका क्षेत्रीय प्रतिनिधिमा अधिकांश युवा हाबी भएको काँग्रेस सिन्धुलीका नेता माणिक ढकाल बताउनुहुन्छ। उहाँले भन्नुभयो, "विगतमा जस्तो म पुरानो र निष्ठावान भनेर बस्ने नेतालाई महाधिवेशन प्रतिनिधि बन्न निकै सकस पर्ने देखिएको छ।"

**काभ्रे समाचारदाता**का अनुसार प्रदेशसभा क्षेत्रीय अधिवेशन, प्रतिनिधिसभा अधिवेशन र जिल्ला अधिवेशनका लागि जिल्ला नेताहरू समूह नै बनाएर उम्मेदवारी घोषणामा लागेका छन्।

काँग्रेसका केन्द्रीय सदस्य शिवप्रसाद हुमागाईं र प्रतिनिधिसभा क्षेत्र नं. १ का सभापति तीर्थ लामाको समूहले जिल्ला, प्रनिनिधिसभा र प्रदेशसभाको सभापतिसहितको उम्मेदवारी घोषणा गरेको छ। उक्त समूहले जिल्ला सभापतिमा तीर्थ लामा, प्रतिनिधिसभा क्षेत्र नं. १ को सभापतिमा जिल्ला सचिव दिनेश लामालाई र प्रतिनिधिसभा क्षेत्र नं. २ को सभापतिमा सुन्दरमणि आचार्यलाई उम्मेदवार बनाएको छ।

काँग्रेसका जिल्ला सभापति मधुप्रसाद आचार्य, प्रतिनिधिसभा क्षेत्र नं. २ का सभापति कञ्चनचन्द्र बादे र पाँचखाल नगरपालिकाका प्रमुख महेश खरेलले संस्थापनइतर पक्षको नेतृत्व गरिरहनुभएको छ। जिल्ला सभापति अहिलेसम्म घोषणा नगरेको उक्त समूहबाट प्रतिनिधिसभा क्षेत्र नं. २ बाट पाँचखाल नगरपालिका प्रमुख खरेलको नेतृत्वमा समूह घोषणा गरेको छ।

## भत्ता नपाउँदा चिन्ता

▪ नवराज श्रेष्ठ

रामेछाप, मङ्सिर २ गते। रामेछाप नगरपालिका-७ बिर्ताका हरि हायूले यो वर्षको सामाजिक सुरक्षा भत्ता पाउनुभएको छैन। भत्ता समयमै नपाउँदा उहाँलाई दशैँ-तिहार मनाउन त समस्या भयो नै, अब भत्ता नै नपाउने हो कि भन्ने चिन्ताले सताएको छ। उहाँले भन्नुभयो, "पहिला-पहिला दशैँअघि नै भत्ता पाइन्थ्यो, भत्ताबाटै दशैँ-तिहारको गर्जो टारेर रमाइलोसँग मनाइन्थ्यो, यो वर्षको भत्ता अहिलेसम्म आएको छैन, जनप्रतिनिधि विभिन्न बहाना बनाएर टार्छन्।"

हायू अति सीमान्तकृत समुदायभित्र पर्छ। त्यसैले हरि हायूको परिवारका ११ जना सदस्यले सामाजिक सुरक्षा भत्ता पाउँछन्। सरकाले तीन-तीन महिनामा भत्ता वितरण गर्दै आएको छ। जसअनुसार पहिलो किस्ताबापतको सामाजिक सुरक्षा भत्ता लाभग्राहीले दशैँअघि नै प्राप्त गर्नुपर्ने हो। तर, हरि हायूजस्तै जिल्लाका धेरै लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता समयमै नपाउँदा गर्जो टार्न समस्या भएको छ।

जिल्लाका विभिन्न स्थानीय तहका सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाका अनुसार केही वडाका नागरिकले मात्रै दशैँअघि सामाजिक सुरक्षा भत्ता पाएका छन्। रामेछापका २६ हजारभन्दा बढी नागरिकले सामाजिक सुरक्षा भत्ता पाउने गरेका छन्।

ज्येष्ठ नागरिकले समयमा नै भत्ता नपाउनु विडम्बना भएको ज्येष्ठ नागरिक सङ्घ रामेछापका अध्यक्ष नारायणदास श्रेष्ठले बताउनुभयो। 'ज्येष्ठ नागरिकलाई समयमै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था स्थानीय सरकारले गर्नुपर्छ, समयमै नपाइने भत्ताको महत्त्व ज्येष्ठ नागरिकलाई छैन," उहाँले भन्नुभयो। सरकारले सामाजिक सुरक्षा भत्ता बैङ्कमार्फत वितरण गर्ने नीति लिएको छ। तर, ज्येष्ठ नागरिकलाई खाता खोल्न र पैसा झिक्न जानसमेत उमेर र अशक्तताका कारण समस्या पर्ने गरेको छ। अझ बैङ्क तथा वित्तीय संस्था ज्येष्ठ नागरिक तथा अपाङ्गतामैत्री नहुँदा थप सास्ती भोग्नुपर्छ।

---

नेपाल सरकार

**आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान**

सानेपा, ललितपुर

**आदिवासी जनजातिका निम्ति शाखा अधिकृत र नायब सुब्बा स्तरको लोक सेवा पूर्व तयारी कक्षा सञ्चालन सम्बन्धी आशय पत्र आह्वान तथा सहभागिताका लागि सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७८/०८/०३ गते**

क) i. यस प्रतिष्ठानले काठमाडौँ उपत्यका भित्रका आदिवासी जनजातिहरूका निम्ति शाखा अधिकृत र नायब सुब्बा स्तरको लोक सेवा पूर्व तयारी कक्षा सञ्चालनका लागि इच्छुक संस्था/फर्म वा कम्पनीहरूबाट आशय पत्र आह्वान गरिन्छ। यस आशय पत्र सम्बन्धी सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र यस कार्यालयमा रीतपूर्वक लिखित आशय पत्र पेस गर्नुपर्नेछ।

ii. आशय पत्र पेस गर्न चाहने संस्था/फर्म वा कम्पनीहरूले पूरा गर्नुपर्ने मापदण्डहरू यस प्रतिष्ठानको वेबसाइट/सूचनापाटीबाट प्राप्त गर्न सकिनेछ।

iii. विभिन्न सङ्घ/संस्था वा कम्पनीहरूले पेस गरेको लिखित आशय पत्र उपर निर्णय गर्ने अधिकार यस प्रतिष्ठानमा रहनेछ।

ख) उल्लेखित शाखा अधिकृत र नायब सुब्बा स्तरको लोक सेवा पूर्व तयारी कक्षामा सहभागी हुन इच्छुक आदिवासी जनजाति उम्मेदवारहरूबाट प्रतिष्ठानको वेबसाइट/सूचनापाटीमा टाँस गरेको मापदण्ड बमोजिम आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको वेबसाइट www.nfdin.gov.np बाट अनलाइन फाराम भरी यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र दरखास्त पेस गर्न सकिनेछ।

**विस्तृत जानकारीका लागि :**

फोन नं. ०१-५१८३१६५, ५१८३१७४

website: www.nfdin.gov.np, email: mail@nfdin.gov.np

---

**नेपाल नागरिक उड्डयन प्राधिकरण**
**प्रधान कार्यालय, बबरमहलको**

**सेक्यूरिटी गार्ड सेवा आपूर्ति गर्ने सम्बन्धी बोलपत्र आव्हानको सूचना**

(प्रकाशित मिति २०७८/०८/०३)

नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रधान कार्यालय र अन्तर्गतका कार्यालय/आयोजनाको लागि केही सेक्यूरिटी गार्डहरुको सेवा आवश्यक भएकोले सामाजिक सुरक्षा कोष अन्तर्गत सुचिकृत भएका सम्बन्धित निकायबाट इजाजत प्राप्त एवम् मूल्य अभिबृद्धि करमा दर्ता भएका इच्छुक फर्म/कम्पनीहरुबाट निम्नलिखित शर्तहरुको अधिनमा रही रीतपूर्वकको बोलपत्र आव्हान गरिन्छ। बोलपत्र फाराम खरिद गर्नको लागि रु.३,३९०/- (तीन हजार तीन सय नब्बे) मु.अ.कर समेतको रकम यस प्राधिकरणको बबरमहल स्थित एन. एम. वि. बैंक खाता नं. 0010012611500043 मा (पछि फिर्ता नहुने गरी) नगद जम्मा गरेको रसिद, फर्म रजिष्ट्रेशनको अध्यावधिक प्रमाणपत्र, नेपाल सरकार गृह मन्त्रालय वा अर्न्तगतका निकायबाट सुरक्षा कोषमा रोजगारदाता सूचीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु तथा आ.व. २०७७।७८को आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र कार्यालय समयमा प्रशासन विभागबाट बोलपत्र फाराम खरिद गरी ३१औं दिनको १२:०० बजे भित्र सिलवन्दी गरी दर्ता गर्नुपर्नेछ। बोलपत्रका अन्य शर्तहरु बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ। साथै, बोलपत्र सम्बन्धी सूचनाको जानकारी यस प्राधिकरणको Website: www.caanepal.gov.np मा समेत हेर्न सकिनेछ। यस सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा फोन नं.०१-४२६२५१६ Ext (304) प्रशासन विभागमा सम्पर्क गर्न सकिनेछ।

---

**राष्ट्रिय वाणिज्य बैंक लि.**
केन्द्रीय कार्यालय
सम्पत्ति व्यवस्थापन विभाग

**बोलपत्र स्वीकृतिका लागि छनोट गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७८।०८।०३**

यस बैंकको शाखा कार्यालय फुङलिङ, ताप्लेजुङका लागि मिति २०७८।०६।०८ गतेको र शाखा कार्यालय विराटनगरका लागि मिति २०७८।०६।२६ गतेको गोरखापत्रमा तपसिल बमोजिमका कार्य गर्नका लागि सार्वजनिक बोलपत्र आह्वानको सूचना प्रकाशित भए अनुरूप अन्तिम समय सम्ममा प्राप्त बोलपत्रहरूको मूल्याङ्कन गरे पश्चात् न्यूनतम मूल्याङ्कित तथा सारभूत रूपमा प्रभावग्राही तपसिलको बोलपत्र छनोट गर्ने मिति २०७८।०८।०२ मा निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनका लागि ऐ.ऐ. को दफा २७ उपदफा २ बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्र दातालाई जानकारी गराउने प्रयोजनार्थ सात (७) दिने यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| बोलपत्र नं. | कामको विवरण | न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्र दाता | कुल कबोल रकम (१३% मू.अ. कर समेत) |
|---|---|---|---|
| RBBL/AMD/WORKS/PHUNGLING/02/078/079 | शाखा कार्यालय फुङलिङ, ताप्लेजुङका लागि आन्तरिक संरचना निर्माण कार्य, विद्युतीय तथा नेटवर्किङ कार्य | श्री Unnat RC Construction, Taplejung | रू.४६,२०,४१८।८६ (अक्षरुपी छयालीस लाख बीस हजार चार सय अठार रुपियाँ र पैसा छयासी मात्र) |
| RBBL/AMD/WORKS/BIRATNAGAR/05/078/079 | शाखा कार्यालय विराटनगरका लागि आवश्यक मर्मत सम्भार, आन्तरिक संरचना निर्माण कार्य तथा विद्युतीय कार्य | श्री Google Interiors and Builders Pvt. Ltd., Kathmandu | रू.२८,१०,४५६।६७ (अक्षरुपी अठ्ठाइस लाख दस हजार चार सय छपन्न रुपियाँ र पैसा सतसठ्ठी मात्र) |

---

**अख्तियार दुरूपयोग अनुसन्धान आयोग**
टंगाल, काठमाडौँबाट

**मेघलाल चौधरी समेतको नाउँमा जारी भएको हाजिर हुन आउने बारेको १५ (पन्ध्र) दिने सूचना**

(भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४३ बमोजिम)

**दोस्रोपटक प्रकाशित मिति : २०७८।०८।०३**

तपाईं समेतको संलग्नतामा महेन्द्रनगर नगर विकास समिति कञ्चनपुरको जग्गा लिज तथा विक्री गर्दा गैह्रकानूनी तवरबाट जग्गा वितरण गरी अनियमितता गरेको भन्ने समेत व्यहोराको उजुरीको अनुसन्धानको सिलसिलामा तपाईंहरूसँग केही बुझ्नुपर्ने भएकोले यो म्याद सूचना प्रकाशित गरिएको छ। यो म्याद सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस आयोगको अनुसन्धान माहाशाखा नं. २ मा सम्पर्क राख्न आउनुहोला, नआए कानून बमोजिम भई जानेछ।

| क्रम संख्या | नाम थर | बाबुको नाम थर | वतन |
|---|---|---|---|
| १. | मेघलाल चौधरी (डगौरा) ना.प्र.नं. १६७४/११६/कञ्चनपुर | भुडालाल चौधरी | जिल्ला कञ्चनपुर लक्ष्मीपुर गाउँपालिका ४ स्थायी वतन भई हाल भिमदत्त नगरपालिका वडा नं. ५ बस्ने। |
| २. | पुष्कर थापा ना.प्र.नं. ७५१००१/७७१६/कञ्चनपुर | धर्मराज थापा | जिल्ला कञ्चनपुर भिमदत्त नगरपालिका वडा नं. १०। |
| ३. | महेशराज जोशी ना.प्र.नं. १४७१२/कञ्चनपुर | केशव राज जोशी | जिल्ला बैतडी श्रीकोट ४ घर भई हाल जिल्ला कञ्चनपुर भिमदत्त नगरपालिका ५ बस्ने। |
| ४. | दिपेन्द्र विष्ट ना.प्र.नं. ७५१००१/५४८६/कञ्चनपुर | महावीर विष्ट | जिल्ला कञ्चनपुर भिमदत्त नगरपालिका वडा नं. २। |
| ५. | कान्ती जोशी ना.प्र.नं. ४६६५/३९६४ कञ्चनपुर | डा. दुर्गादत्त जोशी | जिल्ला बैतडी मालिका १ घर भई हाल जिल्ला कञ्चनपुर भिमदत्त नगरपालिका ५ बस्ने। |
| ६. | कौशिला देवी भण्डारी ना.प्र.नं. १७०३६८ कञ्चनपुर | पदम सिंह बोहोरा | जिल्ला कञ्चनपुर भिमदत्त नगरपालिका १३ बस्ने। |
| ७. | सिता जोशी ना.प्र.नं. ५७८०१०९० कञ्चनपुर | अम्बा दत्त जोशी | जिल्ला बैतडी रिमा ३ घर भई हाल जिल्ला कञ्चनपुर भिमदत्त नगरपालिका १३ बस्ने |
| ८. | गणेश बहादुर विष्ट ना.प्र.नं. १०२९५ कञ्चनपुर | मनी विष्ट | जिल्ला कञ्चनपुर भिमदत्त नगरपालिका वडा नं. १३ बस्ने। |
| ९. | पदम राज जोशी ना.प्र.नं. ९०४००९७८ कञ्चनपुर | जय देव जोशी | जिल्ला बैतडी ढिकरिम घर भई हाल जिल्ला कञ्चनपुर भिमदत्त नगरपालिका २ बस्ने। |
| १०. | सुजाता बोहरा ना.प्र.नं. १६२३९७ कञ्चनपुर | हरेन्द्र सिंह बोहरा | जिल्ला कञ्चनपुर भिमदत्त नगरपालिका वडा नं. ४ बस्ने। |
| ११. | रेखा कुमारी ठाकुर ना.प्र.नं. १७१०९७/धनुषा | सुरेश ठाकुर | जिल्ला कञ्चनपुर भिमदत्त नगरपालिका वडा नं. ४ बस्ने |
| १२. | लोकराज जोशी ना.प्र.नं. ५७८००६३७४/कञ्चनपुर | प्रमानन्द जोशी | जिल्ला कञ्चनपुर भिमदत्त नगरपालिका वडा नं. ८ बस्ने। |
| १३. | अशोक जोशी ना.प्र.नं. ७५१००१/६३५६ | विष्णु दत्त जोशी | जिल्ला कञ्चनपुर भिमदत्त नगरपालिका वडा नं. ७ बस्ने। |



प्रेममा जस्तोसुकै हिंस्रक स्वभाव भएकालाई पनि सुधार्ने तागत हुन्छ ।

- जिनज्याक रुसो

## सम्पादकीय

# पेट्रोलियम मूल्यवृद्धिको बाध्यता

नेपाल आयल निगमले अघिल्लो बुधबार रातिदेखि लागू हुने गरी पेट्रोलियम पदार्थको मूल्य फेरि बढाएको छ । दुई साता पनि नबित्दै गरिएको पछिल्लो मूल्यवृद्धिपछि आम उपभोक्तासँग प्रत्यक्ष जोडिएको पेट्रोल प्रतिलिटर १३६ रुपियाँ तथा डिजेल र मट्टितेल प्रतिलिटर ११९ रुपियाँ पुगेको छ भने खाना पकाउने ग्यासको मूल्य प्रतिसिलिन्डर एक हजार ५७५ रुपियाँ कायम भएको छ । सदाझैँ यस पटक पनि विद्यार्थी सङ्गठनले पेट्रोलियम पदार्थको मूल्य वृद्धिको विरोध गर्दै कार्यक्रम गरिरहेका छन् भने एक राजनीतिक दलले एक दिने नेपाल बन्दको आह्वानसमेत गऱ्यो ।

पेट्रोलियम पदार्थको मूल्यवृद्धिको प्रभाव ठूलो छ । यसले नेपाल मात्रै होइन, विकसित र धनी मुलुकलाई पनि सङ्कटतर्फ डोऱ्याइरहेको छ । हाल अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य प्रतिब्यारेल ८२/८३ अमेरिकी डलर पुगेको छ, जुन गत वर्षको यसैबेला ४१ मात्रै थियो । अन्तर्राष्ट्रिय बजारमा कच्चातेलको मूल्यवृद्धि र अमेरिकी डलरको तुलनामा नेपाली रुपियाँको अवमूल्यनले स्वाभाविक रूपमा नेपाली बजारमा पनि पेट्रोलियम पदार्थको मूल्य वृद्धि हुने नै भयो । यसको असर प्रत्यक्ष परोक्ष रूपमा सबै उपभोक्तालाई पर्छ, परिरहेको छ ।

पेट्रोलियम पदार्थमा धेरै कर र शुल्क लगाइएकाले नेपाली उपभोक्ताले बढी मूल्य तिर्नुपरेको गुनासो पनि आउने गरेको छ । हुन पनि अहिले खरिद मूल्यमा पेट्रोलमा ४२.४५ प्रतिशत, डिजेलमा ३३.९६ प्रतिशत, मट्टितेलमा १०.९२ प्रतिशत र ग्यासमा १७.७१ प्रतिशत कर र शुल्क लगाइएको छ । यी कर, शुल्क तथा थप ढुवानी खर्च, डिलर कमिसन, प्राविधिक नोक्सानीलगायतका खर्चले झन् महँगो बनाएको छ । यी कर र शुल्कले पेट्रोलियम पदार्थको मूल्य उच्च बनाउन सहयोग गरेको भए पनि यो राज्यको बाध्यता र आवश्यकता पनि हो । पेट्रोल, हवाई इन्धन र खाना पकाउने ग्यासमा कर घटाउनु राज्यको राजस्व र सामाजिक न्यायका हिसाबले पनि उचित हुँदैन । अहिलेकै मूल्यमा पनि मूल्य समायोजनपश्चात् निगमलाई पेट्रोलमा प्रतिलिटर १७ रुपियाँ ५८पैसा, डिजेल प्रतिलिटरमा १३ रुपियाँ १४ पैसा र एलपी ग्यासमा प्रतिसिलिन्डर ६५७ रुपियाँ ८४ पैसा घाटा छ । यी सबैको घाटा रकम १५ दिनमा दुई अर्ब ७३ करोड रुपियाँको हाराहारीमा हुने निगमको दाबी छ । राज्यलाई घाटा बढाएर समाजको तुलनात्मक रूपमा उच्च र मध्यम वर्गले प्रयोग गर्ने वस्तुमा अनुदान दिनु पनि कति न्यायसङ्गत हुन्छ भन्ने कुरामा गम्भीर विमर्श हुनुपर्छ । भारतीय बजारसँग तालमेल खाने गरी मूल्य नबनाए खुला सीमाका कारण भारतीय बजारमा अवैद्य रूपमा पेट्रोलियम पदार्थ जाने स्थिति पनि छ ।

पेट्रोलियम पदार्थको मूल्यवृद्धिको असर वस्तु र सेवा उत्पादन, ढुवानीमा पर्ने भएकाले समग्र अर्थतन्त्रमै नकारात्मक असर पारिहेको हुन्छ । यसले सामान्य मूल्य स्तर बढाउनुका साथै भुक्तानी सन्तुलनमा पनि प्रहार गर्छ । पेट्रोलियम पदार्थको मूल्यवृद्धिले आम उपभोक्तालाई मर्कामा पारेको हुन्छ । त्यसैले न्यून आय भएको वर्गलाई प्रत्यक्ष प्रभाव पार्ने पेट्रोलियम पदार्थमा भने ऋससब्सिडीका माध्यमबाट मूल्य कम गर्न सकिन्छ । आन्तरिक व्यवस्थापनलाई सुधार गरेर मूल्यवृद्धिको प्रभाव न्यूनीकरण गर्नेतर्फ सम्बद्ध निकायको ध्यान जानुपर्छ । प्रशासनिक खर्च, ढुवानी खर्च, डिलर कमिसन, प्राविधिक नोक्सानीलगायतमा भइरहेको खर्चलाई भने गम्भीरतापूर्वक अध्ययन अनुसन्धान गर्न जरुरी छ । भण्डारण क्षमता बढाएर सस्तो भएका बेला खरिद गरी भण्डारण गर्ने र महँगो भएको बेला प्रयोग गर्दा केही राहत मिल्नसक्छ । मूल्य स्थिरीकरण कोष शीर्षकमा हालसम्म अर्बौं रुपियाँ उठेको छ । पेट्रोलियम पदार्थको मूल्यवृद्धिले अर्थतन्त्रमा पार्नसक्ने असरलाई न्यूनीकरण गर्न यो कोष स्थापना भएको हो । यसको प्रयोग गर्न सकिन्छ ।

आयातित पेट्रोलियम पदार्थको मूल्यवृद्धिले बारम्बार ल्याइरहने यो सङ्कट समाधानका लागि यसको प्रयोग घटाउनु नै सर्वोत्तम उपाय हो । जलवायु परिवर्तनलाई बढवा दिने भूमिका निर्वाह गरिरहेको जैविक इन्धनको प्रयोग घटाउन वैकल्पिक वा नवीकरणीय ऊर्जाको उपयोगतर्फ सबैको ध्यान जानुपर्छ । स्वच्छ ऊर्जाको प्रयोग बढाउन उत्पादन बढाउनुका साथै विद्युतीय सवारीसाधन, मेसिन औजार र सामग्री प्रयोगलाई प्रोत्साहन गर्नुपर्छ । ▪

## १०० वर्ष अघिको गोरखापत्र


अनाज.
तौलिधान मोरु १ को ।३।६
मसिनुचावल मोरु १ को ।१।२
मार्सि चावल मोरु १ को ।१।४।५
तौलि चावल मोरु १ को ।१।६।५
हकुवा चावल मोरु १ को ।१।७।
रहरको दाल मोरु १ को ।०।७
मासको दालमोरु १ को ।१।४।५

### अनाज.

तौलिधान मोरु १ को ।३।६
मसिनुचामल मोरु १ को ।१।२
मार्सि चामल मोरु १ को ।१।४।५
तौलि चावल मोरु १ को ।१।६।५
हकुवा चामल मोरु १ को ।१।७।
रहरको दाल मोरु १ को ।०।७
मासको दाल मोरु १ को ।१।४।५

१९७२ साल श्रावण १८ गते सोमबार

## चिन्तन

अरण्याध्ययनादेशतद् आरण्यकमितीर्यते ।
अरण्ये तदधीयीतेत्येवं वाक्यं प्रवक्ष्यते ॥

गुरूसित घरमा पढ्न नहुने र अरण्य (वन) मा गएर पढ्नुपर्ने वेदका भागलाई आरण्यक भनिन्छ ।

– तैत्तिरीय उपनिषद्

लेख र प्रतिक्रियाका लागि
gopafeature@gmail.com
शनिबारका लागि gopashanibar@gmail.com

# गिजोलिएको न्यायालय

## लोकतन्त्रको आधार स्तम्भ भनेकै स्वतन्त्र र निष्पक्ष न्यायालय



शिवकुमार भट्टराई

कसैसँग विवाद हुँदा सभ्य समाजमा भन्ने गरिन्छ– 'आई विल सी यु इन द कोर्ट ।' अर्थात्, तपाईंसँग न्यायलयमा भेट गरौँला । यो भनेको नागरिकको न्यायलयप्रतिको भरोसा र विश्वास हो । कसैले साथ दिएन भने भरपर्ने थलो भनेकै न्यायलय हो भन्ने मान्यतामा अडिग छ यो विश्वास । स्वभावैले राज्यका तीन अङ्गमध्ये न्यायपालिका नागरिकको भरोसाको आधारस्तम्भ हो । कार्यपालिका र व्यवस्थापिकाको गठन विधि र प्रक्रिया नै अलग छन् । जनमतका आधारमा स्थापना हुने कार्यपालिका र व्यस्थापिकाभन्दा न्यायपालिकाको चरित्र नै अलग छ । जनमत कहिलेकाहीँ शासकको सनक र उन्माद बढाउने भऱ्याङ बन्न सक्छ । कार्यकारिणी र व्यवस्थापिकाले कदाचित अन्याय गर्दा सच्याउने एक मात्र थलो भनेकै न्यायालय हो । जनआस्थाको प्रतीकका रूपमा यो निकायको औचित्य पनि त्यही मान्यतामा अडिग छ । कोही नभए पनि अदालत त छ नि, अन्यायमा पर्दिन भन्ने विश्वास यसै मर्ममा आधारित रहेको हो ।

सबैतिरबाट निराशा हात लाग्दा पनि न्यायालयप्रति थोरै भए पनि भरोसा रहने गर्छ । किनभने न्यायालयलाई स्वच्छ र पवित्र मानिने गर्छ । न्यायमूर्ति भनेका भगवान्का रूप हुन् भन्ने विश्वास जनमानसमा हुने गर्छ । त्यो विश्वास र भरोसाको आधार भनेकै न्यायालयको स्वच्छता र निष्पक्षता हो । तर न्यायमूर्ति नै पक्ष–विपक्षमा विभक्त भएर न्यायालयलाई मन्दिरभन्दा रणक्षेत्र बनाउन उद्यत भएपछि निमुखा नागरिकले कसको भरपर्ने ? प्रश्न उब्जिएको छ । 'कहीँ नभएको जात्रा हाँडीगाउँमा' भनेजस्तो न्यायालयमा देखिएको आन्दोलनले भरोसाभन्दा निराशा थप्ने काम गरेको छ । अझ भनौँ न्यायप्रणालीप्रति नै वितृष्णा जन्माएको छ । प्रधानन्यायाधीश राणाका व्यक्तिगत कमी–कमजोरीभन्दा पनि समग्र न्यायप्रणालीको मूलीमाथिको अविश्वास र विद्रोह हो यो । तीन साता बितिसक्दा पनि समस्याले निकास नपाउँदा लोकतन्त्र र स्वतन्त्र न्यायलयप्रतिको आस्था र विश्वास नै डग्मगाएको छ ।

तीन सातादेखि नेपालको न्यायालयमा नयाँखाले अभ्यासको थालनी भएको छ । नागरिक समाजको भरोसाको केन्द्रका रूपमा रहनुपर्ने न्यायालय यतिबेला रणभूमि बनाइएको छ । प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणाको राजीनामालाई बार र बेञ्चले नै निकासको बटमलाइन बनाएको अवस्था अत्यासलाग्दो छ । यद्यपि, बेञ्च भने यो मुद्दामा विभाजित भएको देखिएको छ । कात्तिक ९ गतेदेखि सर्वोच्च अदालत परिसरमा प्रहरी तैनाथ छन् । प्रधानन्यायाधीश राणा मूल बाटोभन्दा जस्केलोबाट छिर्नुपर्ने अवस्था सिर्जना भएको छ । नेपालको न्यायिक इतिहासमा सम्भवतः पहिलो पटक यस्तो अवस्था सिर्जना भएको हुनुपर्छ । प्रधानन्यायाधीशको राजीनामा सहकर्मीहरूबाटै मागिएको पनि पहिलो घटना होला । इजलास बहिष्कारको शृङ्खला भने दोहोरिएको देखिन्छ । यसअघि पनि तत्कालीन प्रधानन्यायाधीश गोपालप्रसाद पराजुलीको कार्यकालमा इजलास बहिष्कार भएको थियो । तर अहिले चाहिँ प्रधानन्यायाधीशकै राजीनामा मागिएको छ, त्यो पनि बहालवाला र पूर्वन्यायाधीश समाजबाट ।

झण्डै तीन साता त सर्वोच्चमा सुनुवाइ नै ठप्प रह्यो । न्यायाधीशहरू राणाको राजीनामा नआएसम्म बेञ्चमै नबस्ने अड्डीमा देखिनुभयो । बल्लतल्ल बन्दी प्रत्यक्षीकरणको रिटसम्मको सुनुवाइ गर्न राजी भएको इजलास पछिल्लो अवस्थामा विभाजित छ । अहिले केही न्यायाधीश सामान्य मुद्दाको समेत सुनुवाइ गर्न राजी भएको अवस्था छ । फूलकोर्ट बसाएर गोला प्रणाली लागू गरे बाँकी न्यायाधीशहरूसमेत बेञ्च बसाउन तयार देखिनुभएको छ । विस्तारै आइसब्रेक होला नै तर बार पदाधिकारी भने अडानबाट अझै टसमस भएको देखिँदैन । बरु आन्दोलन अझै चर्काउने पक्षमा छ । कानुन व्यावसायीहरूको छाता सङ्गठन बार पदाधिकारी नै मूलगेट अगाडि धर्ना बसेका छन् । तर बारकै कतिपय पदाधिकारी भने जनताको न्याय पाउने अधिकार मार्न पाइँदैन भनेर आवाज उठाउन थालेका छन् । यसले न्यायालयलाई कतै मुठभेडको दिशातिर पो लाँदै छ कि भन्ने त्राससमेत उब्जाएको छ ।

न्याय प्रणालीको मूल नेतृत्व अर्थात् प्रधानन्यायाधीशमाथि लगाइएका आक्षेप र आरोपको आफ्नै परिवेश होला । आफ्ना सबै सहकर्मीले एकैसाथ काम गर्न अनिच्छा दर्शाउनु न्यायिक इतिहासमै अनौठो र आश्चर्यजनक घटना हो । यसले विविधखाले समस्या जन्माउने निश्चित छ । यद्यपि, आफ्ना सहकर्मीको भावना र वेदना बुझ्ने प्रयत्न नेतृत्व तहबाट नभएको गुनासा नाजायज होइनन् । न्यायिक सुधारका निम्ति पटक–पटक आवाज उठाइँदा सुनुवाइ नभएकै हो । अहिले अप्ठ्यारो अवस्था सिर्जना भएपछि भने सुनुवाइमा अटोमेसन अर्थात् गोला प्रथा लागू गर्न तयार भएको सन्देश दिइएको छ । त्यसैको प्रतिक्रिया स्वरूप आन्दोलन चर्काउन खोजिएको हुनुपर्छ । यसको अर्थ न्यायालको बेथिति सधैँ यस्तै राख्नुपर्छ भन्ने ध्येय बार र बेञ्च दुवैको होइन होला । विस्तारै न्यायाधीशहरू सुधारको प्रतिबद्धतासँगै इजलास बसाउन तयार भएको देखिन्छ । न्यायाधीश हरिकृष्ण कार्कीको नेतृत्वले तयार गरेको सुधार कार्ययोजना कार्यान्वयन गर्ने प्रतिबद्धता आएको अवस्थामा समस्याले निकास पाउने अवस्था छ । बेञ्चको मनस्थितिसमेत लगभग त्यस्तै देखिएको छ । न्यायालयको समग्र पुनर्संरचनाका साथै प्रवृत्तिगत सुधार गर्ने उपयुक्त अवसर पनि हो यो । त्यसैले बार पनि यो प्रकरणमा थोरै संयमित हुनु आवश्यक छ । सुधारका कार्यक्रम लागू गर्ने सही समय यही हो । अहिले सुधार भएन भने अर्को अवसर फेला पार्न सहज हुने छैन । यो आन्दोलनले तार्किक निष्कर्ष निकाल्न सकेन भने न्यायालय थप विवादित र चरम विशृङ्खलतामा फस्ने छ ।

हामीले अपनाएको शासकीय प्रणाली विश्वकै उत्कृष्टमध्येको मानिन्छ । जनताको मतबाट सत्तामा पुग्ने पद्धति लोकतान्त्रिक हो । यो प्रणालीमा जनता सर्वेसर्वा हुने हो । राज्यका तीन वटै अङ्ग जनतामा निहित हुने व्यवस्था हामीले अपनाएका छौँ । चाहे कार्यपालिका होस् वा न्यायपालिका, शक्तिको अन्तिम स्रोत जनता नै हुन् । लोकतान्त्रिक पद्धतिमा न्यायालय स्वतन्त्र हुने कुरा सिद्धान्ततः निर्विवाद छ । राज्यका तीन अङ्गमध्ये कुनै एक सङ्कटमा पऱ्यो भने एकअर्काले भरथेग गर्नुपर्छ । फ्रान्सेली दार्शनिक मन्टेस्क्युको शक्ति पृथकीकरण र सन्तुलनको सिद्धान्तले पनि त्यही भन्छ । त्यही सिद्धान्त अपनाएको हाम्रो राज्य प्रणाली हो । तर न्यायपालिका सङ्कटमा पर्दा कार्यपालिका र व्यवस्थापिका भने मौन देखिएको छ । संविधानको मर्म त्यो होइन । सबै अङ्गले आफ्नो संवैधानिक दायित्व पूरा गर्नैपर्छ । यो प्रकरणमा कार्यपालिका र व्यवस्थापिकाले निकास दिन पहल गरेनन् भने न्यायपालिकाप्रतिको जनआस्था डग्मगाउन सक्छ ।




राज्यका तीन वटै अङ्ग जनतामा निहित हुने व्यवस्था हामीले अपनाएका छौँ । चाहे कार्यपालिका होस् वा न्यायपालिका, शक्तिको अन्तिम स्रोत जनता नै हुन् । लोकतान्त्रिक पद्धतिमा न्यायालय स्वतन्त्र हुने कुरा सिद्धान्ततः निर्विवाद छ ।

नेपालको न्यायपालिका वास्तवमै गर्व गर्न लायक छ । विगत पनि आशाप्रद र भरोसायोग्य छ । चाहे पञ्चायती शासन कालमा होस् वा ज्ञानेन्द्रको शाही कालमा किन नहोस्, नेपालको न्यायालयले बेग्लै छाप छाडेको छ । पञ्चायती व्यवस्थामा बीपी कोइरालालगायतका राजबन्दीप्रति न्यायालय उदार देखियो । पञ्चायत कालमा सर्वोच्च अदालतले धेरै चर्चित फैसला गरेको थियो लोकतन्त्रको पक्षमा । यस्तै, ज्ञानेन्द्रको शासनकालमा शाही आयोगलाई अवैध घोषित गर्ने सर्वोच्चको त्यो साहस नेपालको न्यायिक इतिहासमा स्वर्णाक्षरले लेखिएको छ । त्यसले आममानिसको न्यायालयप्रतिको अगाध आस्था र विश्वास बढेको हो । परिणाम त देशका सबै निकायमा न्यायालय अहिले पनि आशा र भरोसाको केन्द्र रहिआएको छ । जस्तोसुकै कठिन घडीमा पनि भरोसाको उज्यालो किरण देखाएको छ ।

आजको अवस्था एकाएक आएको हो त ? प्रधानन्यायाधीश राणा मात्र यो अवस्थाको कारक हो त ? यसको वस्तुनिष्ठ समीक्षा हुनैपर्छ । यसका पछाडि धेरै कारण छन् । पहिलो त न्यायालय भनेको राज्यको स्वतन्त्र अङ्ग हो भन्ने मान्यताबाट स्खलित गर्ने कार्य गरियो । त्यो काम न्यायपालिकाले मात्र गरेन, राजनीतिक वृत्तबाटै त्यसको श्रीगणेश भयो । बहालवाला प्रधानन्यायाधीशलाई कार्यकारी प्रमुख बनाउने काम नेपाली राजनीतिक परिघटनाको सबैभन्दा कलङ्कित कालखण्ड थियो । स्वतन्त्र न्यायालयलाई आफ्नो स्वार्थ अनुकूल प्रयोग गर्ने गरी विगतमा यस्तो अभ्यास गरिनु गम्भीर भूल थियो । त्यसमा नेताहरू मात्र दोषी छैनन्, स्वयं न्यायिक क्षेत्रसमेत सहभागी छ । खिलराज रेग्मीलाई चुनावी सरकारको अध्यक्ष बनाइरहँदा त्यसविरुद्ध न त बार देखियो, न बेञ्च नै । आज त्यही बार र बेञ्च नयाँ परिभाषा तयार गर्दैछन् । कार्यपालिकामा न्यायपालिका प्रमुखले भागबण्डा खोजेको आरोप लगाउने न्यायमूर्ति र बार पदाधिकारीले प्रधानन्यायाधीश नै कार्यकारी प्रमुख बनाइँदा चाहिँ चुइँक्क बोलेको सुनिएन । यो डबल स्टाण्डर्ड रोल भएन र ? कसैले यस्तो प्रश्न गर्न पाउने कि नपाउने ? त्यसैले आज बार र बेञ्चले उठाएका कतिपय विषय र मुद्दा आफैँमा विवादित छन् । राजनीतिक नेतृत्वले न्यायालयमाथि हस्तक्षेप गर्ने प्रयत्न गर्दा प्रतिवाद नगरिनु अर्को गल्ती रह्यो । नेकपा भन्ने पार्टी विभाजन गरी एमाले र माओवादी बनाइँदाको घटनाक्रमले न्यायालयप्रति हेर्ने दृष्टिकोण नै बदलिएको हो । यस्तै, न्यायिक विचलनका कतिपय दृष्टान्त सतहमा ल्याइएका छन् ।

परिस्थिति यति जटिल बनिसक्दा पनि समाधानको ठोस पहल हुन नसक्नु अर्को दुर्भाग्य हो । सत्ताधारी पाँच दलीय गठबन्धनले यो समस्याको हल पहिल्याउन पहलकदमी गर्नुपर्ने हो । समस्याको हल खोजिनु पर्छ भन्नेसम्मको टिप्पणी भए पनि के गर्ने भन्ने चाहिँ उल्लेख गरिएको छैन । उता, प्रमुख प्रतिपक्षी नेकपा एमाले पनि यो प्रकरणमा प्रष्ट छैन । समस्याको निकास कसरी खोज्ने भन्नेबारे एमालेले कुनै प्रस्ताव गरेको छैन । बरु प्रतिनिधि सभा ब्युँताउने पाँचै जना न्यायाधीशले राजीनामा गर्नुपर्ने भन्ने केटाकेटी सर्त तेर्स्याएको छ । त्यसैले न्यायालयमा देखापरेको यो परिस्थितिलाई बेलैमा निकासतिर लगिएन भने न्यायालय मात्र नभई समग्र राजनीतिक प्रणालीप्रति नै जनताको आस्था र विश्वास शिथिल हुनेछ । न्यायालय सुधारका लागि त्यहीँबाट आवाज बुलन्द पारिनु सुखद पक्ष पनि हो । निकास पहिल्याउनेतिर लागिएन भने अर्को त्रासदी पैदा हुन सक्छ । लोकतन्त्रको आधार स्तम्भ भनेकै स्वतन्त्र र निष्पक्ष न्यायालय हो । त्यसैले यहाँका धमिरा फालेर सफा बनाउने काम गर्न ढिला नगरौँ । ▪

# जनगणनाको उपादेयता



केदारप्रसाद आचार्य

'हामी कहाँ छौँ र कता लाग्दैछौँ भन्ने मात्र थाहा पायौँ भने हामीले के गर्ने र त्यो कसरी गर्ने भनेर अझै राम्रोसँग निर्णय लिन सक्नेछौँ, अमेरिकी पूर्वराष्ट्रपति अब्राहम लिङ्कनले राष्ट्रिय जनगणनाबारे दिनुभएको यो भनाइ आज पनि उत्तिकै सान्दर्भिक छ ।

विश्वमा जनगणनाको सुरुआत जतिबेला आवश्यक ठानियो त्यतिबेला विश्वमा युद्ध जारी थियो । युद्धमा सामेल देशलाई आफ्नो सैनिक दस्ता मजबुतीका लागि यसप्रकारको तथ्याङ्क आवश्यक थियो । जब विश्वले युद्धले मात्र अघि बढ्न सकिँदैन भन्ने बुझ्यो त्यसपछि जनगणनाको आवश्यकता महसुस भयो । मुलुकको दक्ष युवाजनशक्ति पत्ता लगाउन, राज्यसञ्चालनका लागि जनताबाट कर लिन र कार्यरत कर्मचारीको विवरण लिन आवश्यक ठानियो । एक्काइसौँ शताब्दीमा थुप्रै प्रयोजनका लागि पनि जनगणना आवश्यक र महत्त्वपूर्ण बन्दै गयो ।

नेपालमा यतिबेला जनगणना जारी छ । गत कात्तिक २५ गतेदेखि मङ्सिर ९ गतेसम्म सरकारद्वारा खटाइएका गणक जनताको घरदैलोमा पुगी परिवारका सदस्य कहाँकहाँ छन्, के के गर्छन् ? कसकसले कति पढेका छन् बसोवासका लागि बैङ्कको ऋण कति छ, भाषा के के बोलिन्छ जस्ता प्रश्नका उत्तर सङ्कलन गरिरहेका छन् । सबै नगरपालिका/गाउँपालिकाभित्रका वडामा सरकारद्वारा खटाइएका गणकद्वारा सम्पन्न गरिने र सम्पूर्ण विवरण एकैसाथ सङ्कलन भई केन्द्रीय तथ्याङ्क विभागमा पुग्ने भएकाले नै यसलाई 'राष्ट्रिय जनगणना' भनिएको हो । जनगणनालाई योजना निर्माणको मुख्य आधार मानिन्छ ।

नेपालमा सर्वप्रथम विसं. १९६८ मा पहिलो जनगणना गरिएको थियो । त्यतिबेला विश्वमा युद्धकै दबदबा थियो । दोस्रो विश्वयुद्धमा युद्धको नेतृत्वकर्ता बेलायतलाई नेपाली युवा आवश्यक थियो । नेपाली युवालाई पनि बेलायती सेनामा प्रवेशको आकर्षण थियो । मुलुकमा दक्ष जनशक्ति कति छ भन्ने तथ्याङ्क पत्ता लगाउन पहिलो जनगणना गरियो । त्यसपछि लगातार १९७७, १९८८ र १९९८ का जनगणनाको मुख्य प्रयोजन पनि यही नै थियो ।

संयुक्त राष्ट्रसङ्घले सन् १९७० भन्दापछिको जनगणनालाई आधुनिक जनगणनाको रूपमा मान्यता दिई 'जनगणना भनेको कुनै देश वा भूभागमा निर्धारित समयमा बसोवास गरेका सम्पूर्ण मानिसको जनसाङ्ख्यिक, आर्थिक तथा सामाजिक तथ्याङ्क कुनै निश्चित समय वा समयावधिभित्र सङ्कलन गर्ने, सङ्गठन गर्ने, मूल्याङ्कन गर्ने, विश्लेषण गर्ने र प्रकाशित गर्ने समग्र प्रक्रिया हो' भनी परिभाषित गरेको छ । नेपालमा पाँचौँ जनगणना (वि.सं. २००९/११) देखि आधुनिक र वैज्ञानिक गणना सुरु गरिएको मानिन्छ । यो जनगणनामा परिवारका सबै व्यक्तिको जनसाङ्ख्यिक, सामाजिक तथा आर्थिक विवरण सङ्कलन गरिन्छ । आफ्नो भौगोलिक सार्वभौमिकताभित्रका कोही कसैको विवरण यसमा छुट्नु हुँदैन ।

हामीले अवलम्बन गरेको लोकतान्त्रिक शासन व्यवस्थाको जग मजबुत बनाउन आधुनिक जनगणनाको महत्त्व बढी छ । नेपाल यसअघि पाँच विकास क्षेत्रमा विभाजित थियो । 'जनता' होइन, केन्द्रीकृत शासनको 'प्रजा' थियो । गाउँको विकास केन्द्रबाट आउने बजेटले गरिदिन्छ भन्ने मान्यता थियो । 'चार जात, छत्तीस वर्णको फूलबारी भनेर पढे पनि व्यवहारमा यस्ता फूलले फुल्न पाएका थिएनन् । जसको भाषा, धर्म, वर्ण, पहिचान क्रमशः गुम्दै गएको थियो । हामी सुन्छौँ पहिले बोलिने कतिपय हाम्रा राष्ट्रिय भाषा त लोपै भएर गइसके रे, कति जातिको त जात नै हरायो रे ! विकेन्द्रीकरण भनिए पनि त्यो व्यवहारमा लागू भएन । केही निश्चित सहर थिए जहाँ केन्द्रीकृत शासन व्यवस्थाले आवश्यक ठानेमा सामान्य विकास पुऱ्याइन्थ्यो । नागरिकमा दुर्गमबाट एउटा सानो कामका लागि पनि राजधानीसम्म आइपुग्नुपर्ने बाध्यता थियो ।

जनगणनाले महिला, दलित, सामाजिक न्याय, आवास, बालबालिकालगायतको हक कार्यान्वयन गर्न, मूल्याङ्कन गर्न र सामाजिक सुरक्षाका कार्यक्रमलाई थप प्रभावकारी बनाउन मार्गनिर्देशन गर्ने छ ।

०४६ को परिवर्तनले यस्ता विषय उठाएको मात्र हो । त्यसले पूर्णता पाउन सकेको थिएन । तर २०६२/०६३ को जनआन्दोलन यस्तै गुमेका, लोप भएका र मुलुकको समविकासका लागि नै गरिएको थियो । मुलुकले सङ्घीय अभ्यास थाल्दा हामी चार जात छत्तीस वर्णभित्रको कैदमा मात्र सीमित नभई 'सयौँ थुङ्गा फूलका हामी एउटै माला नेपाली...' भएका छौँ । जनगणना सयौँ थुङ्गा फूलको पहिचान पनि हो । जनसाङ्ख्यिक, सामाजिक तथा आर्थिक सर्वेक्षणभित्र यस्ता विषय समेटिएका हुन्छन् । नीतिनिर्माणको आधार पनि यही नै हुनेछ । ओझेलमा परेका नागरिकलाई त्यसभन्दा माथि उठाउनु राज्यको मूल नीति हुन्छ । जो व्यक्ति आफ्नो राष्ट्रिय भाषाबाट विमुख भएका छन्, उनीहरू आफ्नो मातृभाषा संरक्षण गर्न चाहन्छन् । प्राथमिक तहमा मात्र भए पनि त्यस्तो भाषामा अध्ययन गर्न चाहन्छन् भने मातृभाषामा अध्ययन गर्ने तिनको नैसर्गिक अधिकारलाई पनि सम्बोधन गर्ने सामाजिक नीति राज्यले बनाउँछ ।

लोकतान्त्रिक शासन व्यवस्थाको सुरुआतसँगै नेपालको राष्ट्रियस्तस्तरको 'गोरखापत्र' राष्ट्रिय दैनिकमा मुलुकका प्रायः थुप्रै भाषामा प्रकाशित सामग्री देख्न पाएका छौँ । रेडियो नेपालले नेपाली भाषाबाहेक अन्य राष्ट्रिय भाषामा पनि समाचार सम्प्रेषण गर्ने गरेको छ । यसलाई अझै विकास गर्न पनि जनगणनामा सामाजिक पक्षलाई विशेष महत्त्व दिइएको हुन्छ । भौगोलिक अवस्था र जनसङ्ख्यालाई आधार मानेर विकासको नीति तय गरिन्छ । आर्थिक सर्वेक्षणले हाम्रो पेसागत कमाइ, खर्च गराइलगायतको सम्पूर्ण आर्थिक पाटोलाई समेटेको हुन्छ । जसमा हिजो हामी गरिब थियौँ र आज धनी भयौँ कि, अथवा हिजो हामी धनी थियौँ र आज गरिब भयौँ कि त्यो तथ्याङ्क सरकारले अवलोकन गर्नुका साथै हाम्रो आयात–निर्यातको तथ्याङ्क किन यति धेरै फरक भयो ? त्यसको कारण पत्ता लगाइ अब आयात–निर्यातको खाडल कम गर्ने किसिमको योजना राज्यले बनाउँछ । त्यसमाथि पनि राज्यले सङ्घीयता अवलम्बन गरिसकेको परिप्रेक्ष्यमा सामान्य नागरिकले पनि के गर्छ ? कति पढेको छ, कति कमाउँछ त्यो तथ्याङ्क राज्यसित हुनु जरुरी छ । सङ्घीयतामा राज्य र नागरिकबीच नङ र मासुको सम्बन्ध हुनु वाञ्छनीय हुन्छ । जसलाई जनगणनाले सहयोग पुऱ्याउँछ ।

मुलुक ६ हजार ७ सय ४३ वटा वडाबाट सञ्चालित थियो । वास्तवमा यो आधुनिक जनगणना यिनै वडालाई आधार इलाका बनाएर सञ्चालन हुनुपर्थ्यो । एउटा गणक परिवारको दैलोमा विवरण सङ्कलनका लागि पुगेर जति विवरण ल्याउन सक्थ्यो त्यो विवरण सम्बन्धित वडाकै गणक स्वयं उपस्थित भएर जनप्रतिनिधिकै निगरानीमा गरेको भए अझै सही तथ्याङ्क आउने थियो । स्थानीय सरकारको स्वामित्व, सहभागिता र अभिलेख रहने गरी त्यसलाई डिजाइन गर्न पाएको भए जनगणना अझ ओजपूर्ण हुने थियो । आधुनिक जनगणना कागज र कलममा सीमित नभई ल्यापटप र कम्प्युटरको सहायताबाट गर्नुपर्थ्यो । नेपालमा थुप्रै ठाउँमा बिजुली सुविधा पुगिसकेको छ । बिजुली नपुगेको स्थानमा पनि वैकल्पिक ऊर्जाको स्रोत परिचालनमा आइसकेको अवस्था थियो । त्यो सङ्घीयताको नयाँ अभ्यास पनि बन्ने थियो । अहिले पूर्ण हुन नसकेका विषय आउँदो गणनामा पूरा हुनेमा आशावादी हुन सकिन्छ ।

अन्त्यमा, यो जनगणनाले सङ्घीय संरचनाअनुसारका ताजा तथ्याङ्क उपलब्ध गराउनेमा आशावादी हुनुपर्छ । जुन तथ्याङ्कले सिङ्गो देशलाई मात्र होइन, पालिकाहरूलाई पनि संविधानमा भएको मौलिक हक जस्तैः महिला, दलित, सामाजिक न्याय, आवास, बालबालिकालगायतको हक कार्यान्वयन गर्न, मूल्याङ्कन गर्न र सामाजिक सुरक्षाका कार्यक्रमलाई थप प्रभावकारी बनाउन मार्गनिर्देशन गर्ने छ । जनगणनाको अन्तिम दिन स्थायी घर नभएका फिरन्ते, साधुसन्त, सडक मानव आदिलाई जहाँ भेटिन्छ, त्यही गणना गर्नुपर्ने हुन्छ । यसले पनि जनगणनाको महत्त्व भन्ने बुझ्न सकिन्छ । अमेरिकी सांसद एस.एस.कक्सले सन् १८७९ मा आवधिक जनगणनाका बारेमा भनेका थिए– "उचित तरिकाले सरकार सञ्चालन गर्न जनगणना पहिले पनि अपरिहार्य हुन्थ्यो, आज पनि छ । जनगणना नभएको देशमा सुशासन कायम गर्न सकिँदैन । जनगणना जति चाँडो–चाँडो र सही किसिमले गरिन्छ उति नै राम्रोसँग सरकार सञ्चालन गर्न सकिन्छ ।" जनगणनामा हामी कोही नछुटौँ, कोही नदोहोरिऔँ । ▪

# आध्यात्मिक क्षेत्रका करबारे करकर



कमल रिजाल

सरकारले गत बुधबार दसौँ कर दिवस मनाएको छ । यसै दिन केही करदाता पुरस्कृतसमेत भएका छन् । यस आर्थिक वर्षलाई अभियानकै रूपमा 'कर वर्ष' बनाउन लागिएको बुझिएको छ । अर्थमन्त्री जनार्दन शर्माले यस वर्ष राजस्व सङ्कलन दोब्बर पार्ने अठोट व्यक्त गरिसक्नुभएको छ । झट्ट सुन्दा उहाँको अठोट अलि बढी महत्त्वाकाङ्क्षी हो कि जस्तो लाग्न सक्छ तर करको दायरा बढाउँदै जाने हो भने असम्भव पनि छैन । यस आलेखमा हालसम्मका कुनै पनि सरकारले ध्यान नदिएको, दिन नभ्याएको वा नचाहेको केही क्षेत्र र तप्काबारे उल्लेख गर्ने जमर्को गरिएको छ । आशा छ, सरकारले ती क्षेत्रलाई पनि करको दायरामा ल्याउने परिपाटी बसाउने छ ।

भनिरहनु परोइन, हाम्रो मुलुक अध्यात्मप्रधान मुलुक हो । देश अध्यात्मप्रधान छ, जनता आध्यात्मिक छन्, जनताको रुचि अध्यात्मप्रति बढी छ तर विडम्बना यही क्षेत्रमा राजस्व ठगी, चुहावट र छलीको समस्या बढी छ । यसको अर्थ समस्या यस क्षेत्रमा मात्र छ भन्ने होइन । भ्रष्टाचारको जालो तलदेखि माथिसम्म फैलिएको छ । यसमा अधिकृतस्तर र तह नै सर्वाधिक अगाडि देखिएका छन् । प्रमाणका रूपमा हालै प्रकाशित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिवेदनलाई नै लिन सकिन्छ । तथापि आध्यात्मिक क्षेत्रको कथा र व्यथा अर्कै छ । अध्यात्मको तुरूप लगाउनेबित्तिकै राजस्व तिर्नु पनि नपर्ने, जति नै कुम्ल्याए पनि मुद्दा खेप्नु नपर्ने र अख्तियारले पनि नछुने भएकाले ठगी खाने, ठगी खान चाहनेहरूका लागि यो क्षेत्र उर्वर सावित हुँदै गएको छ । अन्य क्षेत्रमा रीतभाँती पुऱ्याउनु पर्छ, कागजपत्र मिलाउनु पर्छ, मिलाउन जान्नुपर्छ । अन्यथा मुद्दामामिलाको कुरा आउन सक्छ तर यस क्षेत्रमा केही गर्नै पर्दैन । यज्ञ–अनुष्ठान, ज्योतिष, वास्तु र कर्मकाण्डको नाम दिनुपर्छ, लिनुपर्छ जति ठगे पनि हुन्छ, जति कुम्ल्याए पनि हुन्छ ।

केही वर्षयता महायज्ञको आयोजना गरिनुको मूलध्येय अपवादबाहेक ठगी खाने भाँडो बन्दै आएका छन् । पैसा कमाउन मन लाग्यो कि महायज्ञ लगाए पुग्छ । जहिले पनि जहाँ पनि पैसा चाहियो भने महायज्ञ लगाउने भनिन्छ, लगाउन थालिन्छ, जहाँ न रीत पुगेको हुन्छ, न विधि नै । यज्ञको उद्देश्य भनेकै पैसा कमाउनु रहेको हुन्छ । यो छुट्टै कुरा हो कि हिजोआज कोभिड–१९ महामारीका कारण केही कमी आएजस्तो देखिएको छ तर यो क्षणिक हो । हेर्दै जानुपर्छ, महामारी केही मत्थर हुनेबित्तिकै महायज्ञका खेती सुरु हुनेछन्, हुन थाल्नेछन् । धर्मप्राण जनता यज्ञमा सहभागी हुन्छन्, मन खोलेर दान गर्छन् । अमूक व्यक्तिले यति दान गरे, अमूक यज्ञबाट यति उठ्यो, त्यति उठ्यो भन्ने विज्ञापन गरिन्छ र दाताहरूलाई थप दान गर्न उक्साइन्छ तर ती रकम कहाँ गए, कुन–कुन काममा के कति खर्च भए र कति राजस्व तिरियो, त्यतातिर कसैको ध्यान पुगेको छैन, पुगेको पाइन्न । दाताहरू त यसै पनि खोजीनीति गर्दैनन्, किनकि उनीहरूलाई दान गोप्य हुनुपर्छ, गोप्य पनि यति कि दाहिने हातले दिएको देब्रे हातले थाहा पाउनु हुन्न, अन्यथा निस्फल हुन्छ भन्ने गुरुमन्त्र पहिले नै सुनाइन्छ, सुनाइएको हुन्छ । खोज्नुपर्ने सरकारी निकायले हो उसले पनि आध्यात्मिक क्षेत्र भनेर आँखा चिम्लँदै आएको आवस्था छ ।

हिजोआज जताततै ठूलो–सानो सःशुल्क योग र ध्यान शिविर चलाउने र विभिन्न बहानामा अनेक किसिमका कक्षा चलाउने चलन पनि त्यति नै बढ्दै गएको छ । नाम जे पनि हुन सक्छ, न्वारन जसरी गरे पनि भयो, नाम जे राखे पनि भयो । न न्वारन गर्ने गुरु पुरोहितको कमी छ, न नाममा लोभिने यजमानहरूको कमी तर यसबापत उठेको रकमको हिसाबकिताब भने पारदर्शी हुन सकेको पाइन्न । न उनीहरूले उठेको रकमको कर तिर्ने परिपाटी बसाएका छन्, न सरकारी निकायबाट यथोचित ध्यान पुग्न सकेको छ ।





> देश अध्यात्मप्रधान छ, जनता आध्यात्मिक छन्, जनताको रुचि अध्यात्मप्रति बढी छ तर विडम्बना यही क्षेत्रमा राजस्व ठगी, चुहावट र छलीको समस्या बढी छ ।

यसबाहेक सहर बजारका गल्लीहरूमा र गाउँमै पनि ज्योतिष तथा वास्तुमरामर्श केन्द्र खोलेर बस्नेहरू पनि त्यत्तिकै छन् । एउटै परामर्श दिइएको वा चिनाटिप्पण हेरेबापत कम्तीमा पाँच सयदेखि हजार रुपियाँसम्म शुल्क लिने गरिन्छ । कतिको रेट त दस हजारसम्म रहेको पनि बुझिएको छ । यसअनुसार उनीहरूका आम्दानी महिनामै कम्तीमा तीन लाख रुपियाँभन्दा बढी रहेको अनुमान हुन्छ । दिनमा सरदर १० वटा चिना हेरेको वा परामर्श दिइएको अनुपातमा गरिएको हिसाब हो यो । यथार्थमा त्योभन्दा बढी नै हुन्छ ।

भाषा, टीका हेरेर सङ्गीतमय कथा भट्याउने वाक्पटु पण्डितहरूले एउटै यज्ञबाट दक्षिणास्वरूप लाख रुपियाँभन्दा बढी नै लिने गरेको पाइएको छ । उनीहरूलाई एउटा महायज्ञ सम्पन्न गर्न सरदर सातदेखि नौ दिनसम्म लाग्ने गर्छ र यस्ता यज्ञ महिनामा तीनवटासम्म सम्पन्न गर्छन्, गराउन सक्छन्, गराउँदै आएका छन् । यसअनुसार उनीहरूको मूल दक्षिणा नै महिनाको तीन लाखभन्दा बढी हुन पुग्ने देखिन्छ । फुटकर दक्षिणाको त हिसाबै छैन, कति हो कति । यो भनेको उनीहरूको वार्षिक आम्दानी झन्डै ४० लाखको हाराहारी हुनु हो ।

एकछिन कुरा गरौं पुरोहित वर्गको । सहर बजारका पुरोहितलाई कुनै दिन खाली हुँदैन । प्रत्येक दिन सानाठूला कुनै न कुनै कर्मकाण्ड परेकै हुन्छ । त्यस्तै परे एकै दिन दुई/तीनवटा पनि भ्याउँदै आएका हुन्छन् । प्रतिकर्मकाण्डको दक्षिणा सरदर दुई हजार नै राखे पनि उनीहरूको आम्दानी महिनाको ६० हजार नाघ्छ । सामान्य अनुपातमा निकालिएको अनुपात हो यो पनि । यथार्थमा यहाँ पनि योभन्दा बढी नै हुन्छ । यो भनेको उनीहरूको वार्षिक आम्दानी दस लाखको हाराहारी हुनु हो ।

वार्षिक आम्दानी पाँच लाख ननाघ्ने कर्मचारीले सरकारलाई आम्दानीको एक प्रतिशत ट्याक्स तिनुपर्छ । त्योभन्दा बढी आम्दानी हुने कर्मचारीले आम्दानीको अनुपातमा १५ देखि ४० प्रतिशतसम्म कर तिर्ने गरेको बुझिन्छ । एउटा साहित्यकारले वर्षमा मुस्किलले एउटा पुस्तक प्रकाशित गराउन सक्छ, त्यो पनि भनेको बेला प्रकाशक मिलेको खण्डमा तर उसले पाउने रोयल्टीमा पनि सोहीअनुसारको ट्याक्स तिर्नुपर्ने हुन्छ । एउटा लेखकले महिनामा प्रकाशित गराउन सक्ने लेख भनेको अधिकतम चारवटासम्म हुनसक्छ तर उसको पनि आफूले पाउने पारिश्रमिकमा ट्याक्स लागेकै हुन्छ । सामान्य किराना पसल गरी खाने पसलेले पनि कर तिर्नुपर्छ, जिन्दगीभरको कमाइले जोडेको घरजग्गाको पनि कर तिर्नुपर्छ तर अध्यात्मिक क्षेत्रमा लागेकाहरूले महिनामै लाखौँ लुड्याइरहेका हुन्छन् त्यसतर्फ भने ध्यान पुगेको छैन, दिइएको छैन, पाइन्न ।

प्रश्न कर तिर्नुपऱ्यो भन्ने होइन । तिर्नुपर्छ, जनताले नतिरे कसले तिर्छ ? प्रश्न के हो भने नियम सबैलाई समान हुनुपर्छ र सरकारले पनि सबैलाई समान हैसियतले करको दायरामा ल्याउनुपर्ने हुन्छ । राजस्वको कुरा गर्दा बजेट बढाउन अखबारहरूले विज्ञापनको रेट बढाएजस्तै सरकारको ध्यान करको दर बढाउनेतर्फ जाने गरेको छ । होला यो पनि राजस्व बढाउने एउटा तरिका तर दर बढाउनेतर्फ भन्दा दायरा बढाउनेतर्फ ध्यान दिनु बुद्धिमानी हुनेछ । त्यसैले आशा छ, जनपक्षीय सरकार र केही गर्न चाहने जोश, जाँगर र इच्छाशक्ति भएको व्यक्ति अर्थमन्त्री भएको बेला उल्लिखित सबै क्षेत्र र तप्कालाई पनि करको दायरामा ल्याउने परम्परा बसाइने छ । ■

# पर्यटनमा बढ्दो उत्साह



विनोद नेपाल

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्य स्थलका रूपमा परिचित छ । हाम्रो भौगोलिक बनोट र अवस्थिति, जलवायु, वनस्पति र वातावरण विशिष्ट खालको छ ।

हामीसँग अनुपम तथा अद्वितीय प्राकृतिक सम्पदा नदी, तालतलैया, वन र वन्यजन्तु छन् । विश्व सम्पदा सूचीमा समावेश थुप्रै सम्पदा छन् । भगवान् गौतम बुद्धको जन्मभूमि तथा सर्वोच्च शिखर सगरमाथा लगायतका उच्च हिमाल छन् भने अन्य थुप्रै सम्पदाले विश्वलाई नै आकर्षित गरेका छन् । यहाँको सामाजिक संरचना तथा विविधताबीचको धार्मिक तथा सांस्कृतिक सहिष्णुता र एकता उदाहरणीय छ । जसका कारण विदेशी पर्यटक नेपालप्रति आकर्षित हुँदै आएका छन् । त्यसैले पर्यटन क्षेत्रलाई आर्थिक विकासको मूल आधार मानिन्छ ।

रोजगारीका अवसर वृद्धि, गरिबी निवारण र नागरिकको जीवनस्तरमा सुधार ल्याई आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न पर्यटन क्षेत्रको महत्त्वपूर्ण योगदान छ । अद्वितीय प्राकृतिक एवं सांस्कृतिक सम्पदा र विविधताका कारण यस क्षेत्रमा तुलनात्मक लाभको सम्भावना पनि बढी छ । खासगरी हिमाली प्राकृतिक सुन्दरता, महत्त्वपूर्ण धार्मिक पर्यटकीय गन्तव्य तथा मौलिक सांस्कृतिक एवं पुरातात्त्विक सम्पदा पर्यटन क्षेत्रमा प्रचुर सम्भावना बोकेका निधि हुन् ।

पर्यटनले रोजगारी सिर्जना, गरिबी निवारण, वैदेशिक मुद्रा आर्जनका अतिरिक्त मुलुकको पहिचान अभिवृद्धिमा सहयोग पुऱ्याउँदै आएको छ । पर्यटन प्रवर्द्धनको माध्यमद्वारा विश्व बजार र खासगरी छिमेकी मुलुकको ठूलो जनसङ्ख्याबाट लाभ लिन सकिने प्रशस्त सम्भावना पनि उत्तिकै छ । पर्यटन क्रियाकलापको अपेक्षित विकास र विविधीकरण हुन नसक्नु, अन्तर्राष्ट्रिय स्तरमा अपेक्षित रूपमा पर्यटन प्रवर्द्धन गर्न नसकिनु, पर्यटन पूर्वाधारको कमी, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र पर्यटन विकासमा निजी क्षेत्रलाई पर्याप्त सहभागी गराउन नसक्नु, पर्यटन क्षेत्रको विकासमा उद्यमशीलता विकासलाई जोड्न नसकिनु, पर्यटन क्षेत्रबाट प्राप्त लाभको न्यायोचित वितरण हुन नसक्नु र पर्यटकीय गतिविधि प्रविधिमैत्री नहुनुजस्ता समस्याका कारण हामीले यसबाट वाञ्छित लाभ लिन सकिरहेका छैनौँ ।

पर्यटनमा चुनौतीसँगै अवसर पनि छन् । विश्व पर्यटन बजारमा नेपाललाई प्रमुख आकर्षक पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्नु, हवाई सेवाको सुरक्षा, विश्वसनीयता अभिवृद्धि र विस्तार गर्नु, पर्यटकीय सेवा सुविधाको गुणस्तर वृद्धि गर्नु, नयाँ गन्तव्य स्थलको पहिचान र विविधीकरण गर्नु आवश्यक छ । पर्यटकीय पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्नु, पर्यटन उद्योग र पर्यटन अर्थतन्त्रका रूपमा नेपाललाई विकास गर्ने सोच तयार गर्नु र यस क्षेत्रमा आवश्यक जनशक्तिको पर्याप्तता कायम राख्नु, यस क्षेत्रमा जलवायु परिवर्तनजन्य जोखिमबाट आउने असर कम गर्नु आदि चुनौती रहेको पन्ध्रौँ योजनाले स्वीकार गरेको छ । यसैगरी पर्यटकको खर्च र बसाइ अवधि लम्ब्याई पर्यटन उपजको विविधीकरण गर्नु, गुणस्तरीय पर्यटक आगमन वृद्धि गर्नु, पर्यटन सेवालाई छरितो, पर्यटकमैत्री सुरक्षित र विश्वासिलो बनाउनुलाई चुनौतीका रूपमा स्वीकार गरिएको छ । अवसरका हकमा सङ्घीय संरचनाअनुसार तीन तहका सरकारबाट पर्यटन क्षेत्रमा उत्साहजनक काम गर्ने वातावरण तयार हुनु, नयाँनयाँ पर्यटकीय गन्तव्यको पहिचान र विकास गर्ने नीति अवलम्बन गरिनु, पूर्वाधार निर्माण हुँदै जानु तथा ठूला र बढी जनसङ्ख्या भएका मुलुक छिमेकमा हुनु हाम्रा लागि ठूला अवसर हुन् ।

पर्यटन क्षेत्रको उन्नतिका लागि हामीले केही प्रयास अवश्य गरेका छौँ तर भनाइ र गराइमा बेमेल हुनु, राजनीतिक र प्रशासनिक अस्थिरता तथा नीतिगत अस्पष्टतालगायत विभिन्न बाधा अवरोधका कारण त्यस क्षेत्रबाट अपेक्षाअनुरूप लाभ लिन भने सकिरहेका छैनौँ । सन् २०१९ को अन्त्यतिर देखापरेको कोरोना भाइरसले संसारकै पर्यटन क्षेत्रलाई तहसनहस पारेको छ । यसले नेपालको पर्यटन क्षेत्रमा पनि ठूलो धक्का लगाएको छ । पर्यटन व्यवसायमा धक्का पुग्दा एकातिर लाखौँको प्रत्यक्ष–अप्रत्यक्ष रोजगारी गुम्यो भने अर्कोतिर अर्बौंको लगानी र कारोबार प्रभावित भयो । यसबाट निराश भइहाल्नुपर्ने अवस्था भने होइन । महामारीका कारण हाम्रा आकर्षित गन्तव्य र सम्पदाको महत्त्वमा कमी आएको छैन ।

कोरोना महामारीबाट जोगिनुपर्ने बाध्यतासँगै जुधेर अघि बढ्नुको विकल्प छैन । यस्तो अवस्थामा एकातिर व्यवसायीले आफ्नो व्यवसायलाई नयाँ ढङ्गमा सञ्चालन गर्नेतर्फ ध्यान दिनु आवश्यक छ भने अर्कोतिर राज्यले व्यवसायीलाई प्रोत्साहित गर्ने नीति लिनु अपरिहार्य छ । यसै आवश्यकतालाई ध्यानमा राख्दै चालू आर्थिक वर्षको बजेट वक्तव्यमा कोभिड–१९ बाट अति प्रभावित पर्यटन क्षेत्रलाई पुनरुत्थान गर्न छुट तथा सहुलियतसहित विभिन्न किसिमका पूर्वाधार निर्माण तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइएको तथा पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योग वा अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने हवाई कम्पनीलाई लगानीका आधारमा आयकरमा विशेष छुट सहुलियत प्रदान गर्ने व्यवस्था मिलाइनुलाई सकारात्मक रूपमा लिन सकिन्छ ।

हालै सन् २०२१ को अक्टोबर महिनामा मात्रै कोभिड महामारी प्रारम्भ भएयताकै सबैभन्दा धेरै सङ्ख्या २३ हजार २८४ पर्यटक नेपाल प्रवेश गरेको तथ्याङ्क सार्वजनिक भएको छ । यसअघि सेप्टेम्बर महिनामा केवल नौ हजार ९८९ पर्यटक नेपाल आएका थिए । यो आगमनले कोभिडका कारण ठूलो क्षति बेहोर्नुपरेको पर्यटन क्षेत्रमा उत्साह थपेको छ । कोभिडविरुद्धका खोपको व्यापकतापछि विश्वका अधिकांश मुलुकले विदेशी यात्रुका लागि लगाएको प्रतिबन्ध र अन्तर्राष्ट्रिय हवाई उडान खुकुलो बनाउँदै लगेका र नेपालले पनि निर्धारित मापदण्ड पूरा गरी हुने सुरक्षित आवागमनलाई अनुमति प्रदान गर्न थालेपछि पर्यटक आगमनमा सकारात्मक प्रभाव परेको हो । अर्को खुसीको कुरा, हालै मात्र विश्वप्रसिद्ध पर्यटन सम्बन्धित संस्था 'लोन्ली प्लानेट'ले नेपाललाई सन् २०२२ मा घुम्नैपर्ने मुलुकको सूचीमा समावेश गरेको छ । यसले पनि नेपालको पर्यटनमा आगामी वर्ष राम्रो सुधार हुने अपेक्षा गर्न सकिन्छ । स्मरणीय छ, चालू वर्षको जनवरी महिनादेखि अक्टोबरसम्म नेपाल आएका कुल पर्यटक सङ्ख्या एक लाख १४८ रहेको छ । पछिल्ला महिनामा पर्यटक आगमनमा क्रमिक सुधार आइरहेको छ । स्मरणीय छ, सन् २०२० मा नेपाल आउने पर्यटकको सङ्ख्याामा ८१ प्रतिशतले ह्रास आएको थियो भने सन् २०१९ मा कीर्तिमानी पर्यटक आगमन भएको थियो ।

> **महामारीले थलिएको पर्यटन क्षेत्रलाई पुनः चलायमान बनाउन आवश्यक सुरक्षा व्यवस्था मिलाई सीमित सङ्ख्यामै भए पनि गुणस्तरीय पर्यटक भित्र्याउने नीति अवलम्बन गर्नु उचित हुनेछ ।**

पर्यटन यसै पनि संवेदनशील हुन्छ । त्यसमा पनि अबको पर्यटनको हकमा पाहुनाको सुरक्षाप्रति सजगता र त्यसप्रति आश्वस्त पार्नुपर्नेमा दुईमत हुन सक्दैन । त्यसका लागि आवश्यक पूर्वाधारको व्यवस्था र त्यसमा आवश्यक पर्ने थप लगानी जुटाउन व्यवसायीलाई सहयोग गर्ने नीति राज्यले लिनु आवश्यक छ । पर्यटनको स्वरूपमा पनि केही सुधार गर्दै सहरी भीडभाडमा रम्नेभन्दा पनि सम्पदाको अवलोकन, प्राकृतिक दृश्यावलोकन तथा पदयात्रा र पर्वतारोहण एवं साहसिक पर्यटनमा रुचि राख्ने पर्यटकलाई आकर्षित गर्ने नीति अवलम्बन गर्नु उचित हुन्छ । यसो गर्दा बसाइ अवधि लम्ब्याउन मात्र सकिँदैन, पर्यटकको दैनिक खर्चसमेत बढाउन सकिन्छ । पर्यटन क्षेत्रबाट रोजगारी सिर्जना गरी आयआर्जनका माध्यमबाट जनताको जीवनस्तर उकास्ने नीति रहेको सन्दर्भमा सुरक्षित पर्वतीय पर्यटन, साहसिक तथा मनोरञ्जनात्मक पर्यटन, सामाजिक, सांस्कृतिक पर्यटन तथा पर्यापर्यटनको अधिकतम उपयोग गर्दै यसको संरक्षण, विकास र प्रवर्द्धन गर्न सरकारले सम्बद्ध सरोकारवालासँग सहकार्य गर्नु आवश्यक छ ।

अन्त्यमा नेपाल प्रचुर पर्यटकीय सम्भावना भएको मुलुक हो । पर्यटन हाम्रो अर्थतन्त्रको एक प्रमुख सहयोगी र अझ धेरै सम्भावना भएको क्षेत्र हो । नेपालको अर्थतन्त्रमा रोजगारी, विदेशी मुद्रा आर्जन तथा अन्य विभिन्न दृष्टिकोणले यसको ठूलो महत्त्व छ । यसका लागि हामीले धेरै काम गर्नुपर्छ । पर्यटकको रुचिअनुसारका पूर्वाधार निर्माण, सम्भावित पर्यटकीय गन्तव्यको पहिचान र विकास, पर्यटकीय गन्तव्यसम्मको पहुँच एवं भौतिक सुविधामा सुधारजस्ता पक्ष प्राथमिकतामा पर्न सकेमा त्यसबाट पर्यटकको बसाइ अवधि लम्ब्याउन र खर्च प्रवृत्तिमा सुधार ल्याउन सकिन्छ । पछिल्लो पर्यटक आगमन तथ्याङ्कले सुस्ताएको र निराश पर्यटन क्षेत्रमा आशाको दियो बलेको छ । यसको उज्यालो सबैतिर फैलाउनु आजको आवश्यकता हो । महामारीले थलिएको पर्यटन क्षेत्रलाई पुनः चलायमान बनाउन आवश्यक सुरक्षा व्यवस्था मिलाई सीमित सङ्ख्यामै भए पनि गुणस्तरीय पर्यटक भित्र्याउने नीति अवलम्बन गर्नु उचित हुनेछ । यसो गर्न सकिएमा महामारीको चपेटामा परेको पर्यटन क्षेत्रले पुनः गति लिन सक्नेमा आशावादी हुन सकिन्छ । ■

## पाठक आवाज

प्रतिक्रियाको लागि
gopafeature@gmail.com

### त्रासबाट मुक्ति कहिले ?

नेपालमा संविधान सभाको चुनाव भयो । संविधान बन्यो र देशको संरचना फेरियो । सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन प्रकारका सरकार बने । केन्द्रमा रहेका अधिकारहरू देशको संवैधानिक संरचनाअनुसार सङ्घ, प्रदेश हुँदै हाम्रो गाउँ, घरआँगनमा आइपुग्यो । गाउँका नेतृत्व गर्दै आएका व्यक्तिहरू नै स्थानीय सरकारमा चुनिए । कानुन बनाउनेदेखि जग्गाधनी पुर्जा वितरण गर्ने अधिकारसम्म पाए तर पनि पुर्जा दिनेसम्मको कुरो मनमा उब्जाउन सकेनन् ।

नयाँ नेपालसँगै भूमिहीन सुकुम्बासी, भूमिहीन दलितलाई जमिन दिने र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने भनी भूमिसम्बन्धी समस्या समाधान आयोग गठन भयो । बडो उत्साहसाथ काम गरिएको थियो । हामीजस्ता पुस्तौँदेखि सुकुम्बासी बनाइएका खोलाको किनार, पोखरीको डिल, जङ्गलको छेउ, नहर र कुलोको डिल, चुरेको पहिरो जान सक्ने जोखिम स्थान, सडकको छेउ ऐलानी र अरूको जमिनमा घरटहरा बनाई बसोबास गर्दै आएका दलितमा ठूलो खुसी पनि ल्यायो ।

आफ्नै जमिन भएको अनि उत्तरतिर आकाश गडगडाउँदा रातभरि जाग्राम बस्नुपर्ने पीडा, जङ्गली जनावरको आक्रमण, नेपाल सरकारको प्रशासनले उठिबास गराउने र साहुको रातदिनको दबाबजस्ता त्रास आफूले खेपे पनि सन्ततिले खेप्नु पर्दैन भन्नेमा सपना पनि देख्न थाल्यौँ । तीन वर्षको आयु लिएर जन्मेको आयोगलाई १५ महिनामा नै तुहाइयो । जसले गर्दा हामीले देखेका खुसी र सपना हरायो । भर्खरै गठबन्धनको सरकारमार्फत बनेको राष्ट्रिय आयोगले सुकुम्बासीलाई जमिन चुनावअघि नै दिने कुरो गरेको सुनिन्छ । स्थानीय सरकारलाई गएर सोद्धा आयोग गठन भएको दुई महिना बितिसक्दा पनि केन्द्रमा नै आयोगलाई पूर्णता दिन सकेको छैन । आयोग र राजनीतिक दलहरूको हानाहान र तानातानले हाम्रो पीडालाई कसले बुझ्ने ? हामीजस्ता भूमिहीन, सुकुम्बासी दलितले कहिले जमिन पाउने ? त्रासमा बाँचेको हामीले कहिले मुक्ति पाउँछौँ सरकार ?

**सोनावती सदा**
रौतहट

### सरकारी ढुकुटीको दुरुपयोग

बिनाकानुन, बिनातयारी, सनकका भरमा राज्यको करोडौँ लगानी गरेर सामान मगाउने अनि त्यसलाई बेवारिसे बनाएर छाड्ने हामीकहाँ यो पुरानै रोग हो । प्रदेश २ सरकारको कार्यशैलीमा यही रोगको पुनरावृत्ति देखिएको छ । कानुन र कुनै पर्याप्त तयारी नै नगरी प्रदेश दुईको भौतिक मन्त्रालयले झन्डै डेढ वर्षअघि खरिद गरेर ल्याएका करोडौँ मूल्यका वातानुकूलित बस अहिले अलपत्र अवस्थामा छन् ।

तत्कालीन भौतिकमन्त्रीको सनकमा प्रदेश सरकार आफैँले परिवहन सेवा सञ्चालन गर्ने भन्दै करोडौँ लगानीमा बातानुकूलित बस त भित्र्याइयो तर परिवहनसम्बन्धी प्रदेश सरकारसँग कानुन र अन्य भौतिक तयारीको अभावमा ती बस लामो समयदेखि खुला मैदानमा थन्क्याएर राख्नुपरेको छ । चलाउन नपाएपछि ती महँगा बस बिस्तारै थोत्रिँदै गएका छन् । बस मात्र होइन, प्रदेशका आठवटै जिल्लामा वितरण गर्न झन्डै पाँच करोड रुपियाँ तिरेर खरिद गरिएका एम्बुलेन्ससमेत त्यसैगरी बेवारिसे बनेका छन् । प्रयोग गर्न सकिँदैन भने राज्यको ढुकुटीबाट त्यति ठूलो रकम खर्च गरेर त्यस्ता सामग्री किन खरिद गरिएको हो ? यो ठाडै राज्य कोषको दुरुपयोग भएन र ? यसको जिम्मेवारी कसले लिने ? कमिसनले आफ्नो गोजी भरिएपछि जिम्मेवारीबाट भाग्न पाइन्छ ? बेवारिसे बनाइएका ती बस र एम्बुलेन्स खरिदमा संलग्न सबैलाई कारबाही गरियोस् ।

**मोहनभूषण यादव**
गौर–२, रौतहट

### महँगो भयो इम्बोस्ड प्लेट शुल्क

यातायात विभागले आगामी मङ्सिर १ गतेदेखि लागू हुने गरी नयाँ दर्ता हुने सवारीसाधनमा अनिवार्य इम्बोस्ड नम्बर प्लेट जडान गर्ने व्यवस्था गरेको छ । झन्डै पाँच वर्ष लामो रस्साकस्सीपछि अनिवार्य प्रयोगमा आउन लागेको इम्बोस्ड नम्बर प्लेटको व्यवस्था अन्तर्राष्ट्रिय अभ्यास पनि हो । सवारीसाधनमा इम्बोस्ड नम्बरको प्लेट राख्नुमा निश्चित फाइदा छन् । जस्तो कि यो नम्बरको जडानले सवारीसाधन कहाँ, कुन ठाउँमा चलिरहेको छ भन्ने कुरा स्पष्ट पत्ता लगाउन सकिन्छ । यसले गर्दा स्वभावतः सवारीसाधनको चोरीमा कमी आउने छ भने आपराधिक कार्यमा सवारीसाधनको प्रयोग गर्ने प्रवृत्तिमा पनि कमी आउने अपेक्षा गर्न सकिन्छ ।

हामीकहाँ इम्बोस्ड नम्बर प्लेट जडान गर्न दुईपाङ्ग्रे सवारी साधनसम्मका लागि कम्तीमा दुई हजार पाँच सयदेखि तीन हजार छ सय रुपियाँसम्म शुल्क निर्धारण गरिएको छ तर यो शुल्क तुलनात्मक रूपमा अत्यन्त महँगो हो । अन्य मुलुकको कुरै छोडौँ, छिमेकी भारतमा प्रत्येक प्रान्तपिच्छे इम्बोस्ड नम्बर प्लेट जडानको मूल्य फरक छ तर त्यहाँ प्रतिसवारीसाधन कम्तीमा दुई सय रुपियाँदेखि बढीमा पाँच सयसम्म मात्र पर्छ । इम्बोस्ड नम्बर प्लेटमा जडान गरिने विशेष प्रवृत्तिले तीनदेखि चार सय रुपियाँ मूल्यको सामानलाई हामीले प्रतिगोटा तीन हजार छ सयसम्म तिर्नुपर्ने ? उपभोक्तामाथिको चरम शोषण हो यो । इम्बोस्ड नम्बर प्लेटको शुल्क तत्काल पुनरवलोकन गरियोस् ।

**जनक परियार**
सानोपोखरा, हेटौँडा

### एमालेमा दस भाइको कन्तबिजोग

प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) महाधिवेशनको सँघारमा छ । जतिसुकै विधि र पद्धतिका चर्का कुरा गरे पनि त्यो पार्टीको आसन्न महाधिवेशन अध्यक्ष ओलीको कार्यकाल पुनः थप गर्ने औपचारिक प्रक्रियाका लागि मात्र हो भन्ने कुरा तथ्यहरूबाट प्रमाणित भइसकेको छ । एमालेमा ओली अहिलेलाई निर्विकल्प अध्यक्ष हुन् र ओलीले आफ्ना सम्भावित प्रतिस्पर्धी नेताहरूलाई क्रमशः बेलैमा किनारा लगाएका हुन् भन्ने कुरा बुझ्न गाह्रो छैन । अहिलेको एमालेभित्रको आन्तरिक स्पर्धामा सबैभन्दा कन्तबिजोग चाहिँ भीम रावलसहितका चर्चित दस भाइ समूहको भएको छ । हिजोको पार्टी द्वन्द्वमा माधव नेपाललाई उचालेका तर ओली कित्तामा आइपुगेका यी दस भाइ एमालेजनले प्रकारान्तरले दुवैतर्फको विश्वास गुमाएका छन् । यिनीहरूले नेता नेपाललाई धोका दिएर ओलीसँग आत्मसमर्पण गरे पनि उनीहरूप्रति अध्यक्ष ओलीको रत्तिभर विश्वास देखिँदैन । त्यसैले यो समूहमा संलग्न एमालेजन यतिबेला अस्तित्व सङ्कटमा छन् । भीम रावलको अहिलेको रोइकराइ अध्यक्ष ओलीसँग आफ्नो राजनीतिक अस्तित्व जोगाइदिन गरेको गुहार मात्र हो । एमालेको अब हुने महाधिवेशनमा न त कुनै नीतिगत बहस हुनेछ, न त केन्द्रीय पदाधिकारीका लागि त्यहाँ कुनै चुनाव नै हुनेछ । अबको त्यो पार्टीको अधिवेशन अध्यक्ष ओलीको भाषण र निर्देशनबाट सुरु हुन्छ र त्यहीं अन्त्य पनि हुनेछ । कथित दस भाइको हरिबिजोग चाहिँ हेर्नलायक हुनेछ ।

**पवनकृष्ण कौडिन्य**
बालाजु, काठमाडौँ

# बान्तावा खिमओ नऺङ्वा काचिपेनचि

किरात राइ बान्तावा खिम अचोम्ला कि ढिटेन काचिहुप्चिआ टेन्टुवा कि साप्टेनटुवाचिदा नऺङ्वा काचिहुप्चि एम्मा मलियाङ्ओ युङ्याङ। मऺना खिप्स्वाला लिमा बुया एम्मा मलियाङ्ओ काचिहुप्चिआ तायाङ्ओ लेनदा बान्तावाचिआ आप्पिओ मामायऺङ कि खिप्भुङ पोन्मा, खिमओ दुमदा यायोकविहान मुमा निम्पाङ फामा लिओ दुम तुप्मा ऱम।

कानाम २५ दाङ्का चासुम्ला ९ लेन्टातारि मऺनाखिप्स्वाला लियाङ्ओसा मो बुया टेन-टेनदा बान्तावा खिम एम्सुम नालो मोदाङ्का तायाङ्ओ मऺना खिप्स्वालादा बान्तावाचिआ मामायङ छाप्मा दुमदा सावा पाक्मा लिओ दुम खिमओ मिचिनऺङ सिन्मा ऱम। पुक्सुमि कि कानाम भेप्लो झापा, मोरङ, उदयपुरा कि खोटाङ वाको बड्ढे बान्तावाचि मयुङ्याङओ टेन्टुवा कि साप्टेनटुवाचिदा काचिहुप पोन्मा लिसाओ युङ्याङ।

**बुद्धसान्ति, झापा**

बान्तावा खिम झापाओ बुत्मायु, किरात राइ यायोक्स्वा पुङ्खाउ बुद्धसान्ति ४ ओ फामायुदा कानाम ४ लेन्टा बुद्धसान्ति टेन्टुवा, लालिगुराँस वरितदा टुप्स्वाला लिसायुङ्सा। खिम झापाओ अर्जुनकुमार हाङ्छेन राइओ ढिताबाङ, खिमओ झापा इन्चार्ज रामप्रसाद राइओ चुक ढिताबाङ, किरात राइ यायोक्स्वा बुद्धसान्ति ४ ओ ढुवाटाङ राजेन्द्र चाम्लिङओ ढिताबाङदा काचिपेन लिसाओ युङाङ। मो टुप्स्वालादाङ्का चक्र बान्तावा राइओ ढुवाटाङदा ११ कापाङओ अनऺङ्वा काचिहुप एम्मा लिसायुङ्सा।

चुक ढुवाटाङदा देव बान्तावा राइ, छाप्कामि मिरा बान्तावा राइ, चुक छाप्कामिदा विमला बान्तावा राइ, छेन्बिहाङदा मनिकुमार बान्तावा राइ मलिसायुङ्सा। मोहाङा, सालुम्सऺङचिदा दिपा बान्तावा राइ, मनबहादुर बान्तावा राइ, पुरपाकला साहराजा राइ, मनुकुमार बान्तावा राइ, ग्यानबहादुर बान्तावा राइ कि दिपक बान्तावा राइ मलिसायुङ्सा।

**हल्दिबारि, झापा**

कानाम १२ लेन्टा झापाओ हल्दिबारि टेन्टुवा वडा नम्बर ५ धनुसपोखरिदा किरात राइ बान्तावा खिमओ टुप्स्वाला लिसायुङ्सा। मो टुप्स्वालादा खिमओ झापा ढुवाटाङ अर्जुनकुमार हाङ्छेन राइ काचिपेनओ छाङ ढुवाटाङ ङा मयुङाङा। काचिपेनओ ढिताबाङ्दा झापा इन्चार्ज रामप्रसाद राइ, चुक ढिताबाङदा हल्दिबारि टेन्टुवा ढुवाटाङ अर्जुनकुमार बोखिम राइ मयुङाङा। टुप्स्वालाआ चन्द्रकला राइओ ढुवाटाङदा ११ कापाङ्ओ अनऺङ्वा काचिहुप एम्मा लिसायुङ्सा।

चुक ढुवाटाङदा प्रकास जुलुङ्छा राइ, छाप्कामि हिमाल ताम्ला राइ, चुक छाप्कामिदा जयबहादुर राइ, छेन्बिहाङदा सन्ध्या बुङ्नाम्छा राइ मलिसायुङ्सा। सालुम्सऺङ्चिदा चमबहादुर राजालिम राइ, अम्बरबहादुर बुङ्छेन राइ, डम्बर इसारा राइ, राजकुमार रुङमाहाङ राइ, ताराविर राइ कि अमृता माङपाहाङ राइ मलिसायुङ्सा।

**अर्जुनधारा, झापा**

किरात राइ बान्तावा खिम अर्जुनधारा साप्टेनटुवा झापादा खाराओ कानाम १३ लेन्टा बान्तावाचिओ टुप्स्वाला लिसायुङ्सा। किरात राइ यायोक्स्वा, अर्जुनधारा साप्टेनटुवाओ फामायुदा अर्जुनधारा वडा नम्बर ८ सहारा सहकारि काचिहुप खिम कि क्याप्टेन सिवकुमार राइओ आप्पिओ खिम सनिरचरेदा मो टुप्स्वाला लिसाओ युङाङा। मो टुप्स्वालाओ ढुवाटाङ किरावा खिम झापाओ ढुवाटाङ अर्जुनकुमार हाङछेन राइ मयुङाङा। मोहाङा किरात राइ यायोक्स्वा अर्जुनधारा साप्टेनटुवाओ चुक ढुवाटाङ क्याप्टेन अर्जुनकुमार चाम्लिङ राइओ तावाङदा सिद्धिमान राइओ ढुवाटाङदा १३ कापाङओ अनऺङ्वा काचिहुप एम्मा लिसायुङ्सा।

चुक ढुवाटाङ्मादा मिस्रकुमारि राइ, छाप्कामि तेज लुहुन राइ, चुक छाप्कामिदा इन्द्रकुमारि राइ, छेन्बिहाङ्पादा रामप्रसाद राइ मलिसायुङ्सा। सालुम्सऺङ्चिदा मिलन राइ, प्रकास राइ, मनिराम राइ, भक्तबहादुर राइ, जिना बान्तावा राइ, निर्मला बान्तावा राइ, रोसन राइ कि राजेन्द्र राइ



किरात राइ बान्तावा खिम अर्जुनधारा, झापादा अनङ्वा काचिहुप।

मयुङ्याङ।

मो योक्दा बान्तावा खिमओ दुम ओन्कि तायाङ्ओ मऺनाखिप्स्वालादा बान्तावाचिआ दि छाप्मादोत निओ दुमदा यायोकविहान पऺमा लिसाओ युङाङा।

**दमक, झापा**

किरात राइ बान्तावा खिम, दमक साप्टेनटुवा झापाओ टुप्स्वाला कानाम १४ लेन्टा लिसायुङ्सा। खिम झापाओ सालुम्सऺङ नयनकुमार राइओ काचितित, अचोम्ला छाप्कामि रिता राराहाङओ ढिताबाङ, चुक ढिताबाङदा किरात राइ यायोक्स्वाओ झापा सालुम्सऺङ तारा राइ कि खिम झापाओ यायोक्काप्मि हरिबहादुर खेङ्युङ राइओ तावाङदा काचिपेन लिसाओ युङाङा।

मो टुप्स्वालादा रमेस राइओ ढुवाटाङदा अनऺङ्वा काचिहुप एम्मा लिसाओ युङ्याङ। छाप्कामिदा देवराज ताम्ला राइ, छेन्बिहाङदा विरवराज सुच्चा राइ, सालुम्सऺङचिदा पुरप एवाइ राइ, अर्जुन राइ, प्रकास एवाइ राइ कि इन्द्र राइ मयुङ्याङ।

**चउदन्डिगढि, उदयपुर**

किरात राइ बान्तावा खिम उदयपुरा ढिटेनओ चुक ढुवाटाङमा उमा राधुन राइओ लामतितदा कानाम ११ लेन्टा चउदन्डिगढि साप्टेनटुवा, उदयपुरादा काचिपेन लिसाओ युङाङा। मो काचिपेनदा खिमओ अचोम्ला ढुवाटाङ ग्यान किराति ढिताबाङ, चुक ढिताबाङचिदा खगेन्द्र राइ, बुलु मुकारुङ कि खिमओ अचोम्ला छेन्बिहाङ सृजनसरन राइ मयुङाङा। तावाङ्चिदा नविन राइ, गोपाल मुलाहाङ युङाङाचि।

टुप्स्वालादाङ्का मउसम बान्तावा राइओ बुसितदा १३ कापाङ्ओ अनऺङ्वा काचिहुप एम्मा लिसायुङ्सा। चुक ढुवाटाङदा गंगा बान्तावा राइ, छाप्कामि बुद्धहाङ बान्तावा राइ, चुक छाप्कामिदा धनकुमार बान्तावा राइ, छेन्बिहाङमादा मनिका बान्तावा राइ मलिसायुङ्सा।

सालुम्सऺङ्चिदा बुद्धराज बान्तावा राइ, राजेन्द्र बान्तावा राइ, अनिल बान्तावा राइ, चन्द्रकला बान्तावा राइ, अमर बान्तावा राइ, राजकुमार बान्तावा राइ कि सिता राइ मलिसायुङ्सा। यायोक्काप्मिचिदा कमलध्वज राइ, भिम राइ, पर्सुराम राइ, प्रियचन्द्र राइ, विरनुकुमार राइ कि कउसिला राइ मलिसायुङ्सा।

**मिक्लाजुङ, मोरङ**

किरात राइ बान्तावा खिम मोरङओ ढुवाटाङ अकिलमान राइ रुछेन्बुङ राइओ ढुवाटाङ, खिमओ अचोम्ला ढुवाटाङ ग्यान किरातिओ ढिताबाङदा मिक्लाजुङ टेन्टुवाओ टुप्स्वाला पुक्सुमि २१ लेन्टा लिसायुङ्सा। चुक ढुवाटाङदा अचोम्ला चुक ढुवाटाङ जितुमान ताङलुक्वा राइ, तावाङ्चिदा सृजनसरन राइ, हर्क छिन्ताङ मयुङाङा।

मो योक्दा जसबहादुर राइओ ढुवाटाङदा ११ कापाङ्ओ अनऺङ्वा काचिहुप एम्मा लिसायुङ्सा। चुक ढुवाटाङदा सुवासचन्द्र राइ, छाप्कामि कृरनकुमार राइ, चुक छाप्कामिदा सङ्गित राइ मलिसायुङ्सा।सालुम्सऺङसिचदा काङबुवान किरात, रनबहादुर राइ, पुर्नकुमार राइ, रोविनकुमार राइ, सनबहादुर राइ, महेस राइ, कमलकुमारि राइ कि मित्रकला राइ मलिसायुङ्सा। यायोक्काप्मिचिओ लामतितदा मानबहादुर राइ कि सालुम्सऺङचिदा कृरनबहादुर राइ, विमल राइ, हर्क छिन्ताङ राइ कि रामकृरन दावाछा राइ मलिसायुङ्सा।

**जन्तेढुङ्गा, खोटाङ**

किरात राइ बान्तावा खिम अचोम्ला काचिखिमओ बुत्मायुदा जन्तेढुङ्गा टेन्टुवा खोटाङओ काहुले टेनदा कुमार राइओ लामतितदा खाराओ कानाम १४ लेन्टा काचिपेन लिसायुङ्सा। मो योक्दा खिमओ अचोम्ला ढुवाटाङ ग्यान किराति ढिताबाङ, चुक ढितावादा जन्तेढुङ्गा वडा नम्बर ३ ओ ढुवाटाङ चन्द्रकुमार चाम्लिङ राइ कि खिमओ अचोम्ला छेन्बिहाङ सृजनसरन राइ मयुङाङा।

टुप्स्वालाआ कुमार रामुदेवा राइओ ढुवाटाङदा १३ कापाङओ काचिहुप एम्मा लिसायुङ्सा। चुक ढुवाटाङदा मनि वालाहाङ बान्तावा, छाप्कामिदा वृद्धि हाङ्खिम राइ, छेन्बिहाङदा जनदेवि गामुरे राइ मलिसायुङ्सा। सालुम्सऺङचिदा खड्ग राधुङ राइ, कृरन रामुदेवा राइ, जिवन राधुङ राइ, मिलन बुङ्छेन राइ, केदार राइ, रत्नकला सुप्तिहाङ राइ, अरुनादेवि राधुङ राइ, जिवनकुमारि राइ कि अर्जुन सुप्तिहाङ राइ मलिसायुङ्सा।

**खोटेहाङ, खोटाङ**

खाराओ कानाम १६ लेन्टा किरात राइ बान्तावा खिमआ खोटेहाङ टेन्टुवा खोटाङदा बुदाउ टुप्स्वाला लिसायुङ्सा। किरात राइ बान्तावा खिम्दुङ कल्यानकारि समाजओ ढुवाटाङ नइन्द्र राइओ ढुवाटाङ, खिमओ अचोम्ला ढुवाटाङ ग्यान किरातिओ ढिताबाङ, चुक ढिताबाङदा खोटेहाङ टेन्टुवा वडा नम्बर २ ओ ढुवाटाङ दिपेन राइ मयुङाङा। मोहा ङा जन्तेढुंगा टेन्टुवाओ ढुवाटाङ कुमार राइ तावाङ मयुङाङा।

मो टुप्स्वालाआ इन्द्रहाङ राइओ ढुवाटाङदा ११ कापाङ्ओ अनऺङ्वा काचिहुप एम्मा लिसायुङ्सा। छाप्कामिदा संगिता याङ्मा राइ, छेन्बिहाङ्मादा विर्खबहादुर खिम्दुङ राइ छेन्मा मलिसाओ युङाङा। सालुम्सऺङ्चिदा जसबहादुर राइ, सिभराज राइ, सुजाता राइ, मिलन सोनाहाङ राइ मलिसायुङ्सा।

मो योक्दा नयन्द्रकुमार राइ, दिपेन राइ, पेसल राइ, जहानसिं राइ, मदन राइ कि उदिमबहादुर राइओ यायोक्काप्मि काचिहुप छाङ एम्मा लिसाओ युङाङा। ■

# किरावा छाप्य



■ जिडि राइ

आन्कान किरावा आइमित अचुप्पाङ-चुप्पाङ दुमदा ङे खिमा म्हुमा अ़त काचिदा वाङिन्येन। फिमा हामा लामिन्येन। देकि नालो झाराक किरावाचि काले-कासिन लिसिन युङ्सिन। खोन्ओसाआ ङे आप्पि-आप्पिदा यासाङ्वा-दोसाङ्वा कि लोकालो काचिदा वाङिन्येन।

'अ़त काचि कामु खाना ङे' नि यऺङ्सा तोत्कालिसङ मुन युङ्सिन्येन। मोक्को अछङ दुम दिनालो 'किरावा छाप्यऺ'दाओ तुप्वा युङ्याङ। आइमितओ अनऺङ्वा दुम तुप्ला 'किरावा छाप्यऺ'ओ दुमदा छन्काछ्न मुयाङ्सा खिखाला फिखाला वाको अत्खावा दुम लोइसुम्योम।

निहाङ्होन कायुङ किरावाच्या सिक्किम भारताया याङ्मा लियाङओ 'कृपासल्यान छाप्यऺ' झाराखाला किरावाच्या याङ्मादोत नि मयऺङ्याङ।

मेन, आन्को सिखाला पुक्खाला ओ नेपालादा आराङदाङ्काङ याङ्मा छिरुम खाइसुमओ किरावा छापा आइमित राक्काभाला टोक्टुम युङ्सुम। ओ सानऺङ्वादा नेक्लो नऺङ नुमा, कोङ्नुमा मुमा ए निता अक खाला आन दऺक्छाचिओ अचु साक बुन्याङ। मोक्को साक बुन्मा काचि छिरुम्कि ओहा अक्दु मिनिन खान्ने ?

आराङ ना आन सुन्तुम दिवाच्या झाराक खाला किरावा कि याक्थुम्बा लिम्बुच्या याङ्सा अताराओ 'किरात छाप्यऺ' निकि ङे सिन्मा लिसाताओ छाप्यऺ आन दक्छा लिम्बुच्या याङ्सा-याङ्सा अतारा। मो छाप्यऺओ अनङ छे 'किरात सिरिजङ्गा' अमुवा खाइसा। मोक्को निओ आन्को ङे। देकि नालो खिप्ला काचिखिमदा छाङ 'किरात छाप्यऺ' निकि ओक्को किरात सिरिजङ्गा ङे खाङ्मा टोक्टुम्योम।

हान ओदा छाङ खाम्ने। ३१ किराति यङ सिन्कामि, पुक्चिमि इमानसिं चेम्जोङआ छाप्तुओ छाप्लाभुङदाछे 'किरात छाप्यऺ' निकि ङे छाप्तुयुङ्सुओ खाङ्मा ऱम। ओदा निहाङहोन छाप्कामिचि ब्राइन हड्सन, कर्क पेट्रिक, प्रो. आरके स्प्रिङ, क्या. सिजे मोरियस, डा कमला सान्क्रिट्यायान इनु-इनु।

निहाङ्होनदाओ लेकामि, छाप्कामिच्या छे किरात रिमि कि किरात छाप्यऺ नि ङे अलामा लोइसाकि आ-आप्पिओ अचु छाप्लाभुङ्दा अछाप्ता-युङ्सा निकि छे सिन्मा काचि लियाङ।

आइमितओ सामयोक्मि आत्मानन्द लिङ्देन सेइङआ छाङ साम्जिक मुन्धुम छाप्ताओ छापयुदा 'किरात छाप्यऺ' निकि ङे छाप्तुयुङ्सु।

अछोङ दुम, किरात लिपिदा छाप्ताओ छुक्छाप छाप्लाभुङ्चि लन्डनओ इन्डिया लाइबेरिदा नुलोक चोङ्लो मयुङ्याङ निकि एन्मा-सिन्मा लियाङ।

तायामि काचिखिम, बुनकाचि ठोङ, हाङ्होन छेन्काचि ठोङच्या अलोइसाओ छापयि नुत्नुवा छाप्खाङदा छे किरात छाप्यऺ निकि ङे अछाप्ता युङ्सा।

मोक्को छाप्लाभुङदा नेपालादा लिच्छविकाला, मल्लकाला कि साहकालातारि याङ्मा मलिसाओ ब्राम्हि, पुर्व लिच्छवि, उत्तर लिच्छवि, किरात, रन्जना, भुजिमो, नेवारि, मइथिलि, तिब्बति, नन्दागिरि, देवनागरि वाको छाप्यऺचि याङ्मा मलिसाओ निकि सिन्मा लियाङ।

खोन्ओसा आन्कान झारा खाला किरावाच्या किरात सिरिजङ्गा छाङ याङ्मा पुङ्सुम्ने, खोन्किना कृपासल्यान (राइ छाप्यऺ) छाङ याङ्मा पुङ्सुम्ने।

मोनदेङ आन्कान झाराखाला किरावा अढिवाङ सामयोक्मि, रिसिमि लियाङ्सा तान-बानिन निकि अछोङ दुम सिन्मादोत।

निहाङ्होन जापानया छे सुम्का खाला छापाचि मऺयाङ निकि एन्मा लिसायुङ्सा। मोचिदा हिरागाना, काटागाना कि खान्जि निकि सिन्मा लियाङ। खान्जि निओ चाइनादु छाङ अयाङ्याङ्ओ निमाङ।

ओदा आन हाङ्होन यलाखोमदाउ नेवाराचिओ अचु छाप्यऺचि १४ कातेत मयुङ्याङ। मोक्कोचि रन्जना, प्रचलित, भुजिमोल, कुमोल, क्वेमोल, गोल्मोल, पाचुमोल, हिमोल, लितुमोल, इनु-इनु। आइमित खोचिआ रन्जना कि प्रचलित ओन अयाङ्याङ।

खोन्ओसा आन्कान झाराखाला किरावा कि लिम्बुच्या लेङ्का तुप्मायु निओ किरात सिरिज याङुम्ने कि किरावाच्या ओन तुप्मा ऱमओ कृपासल्यान छाप्यऺ छाङ याङुम्ने। मोन नालो पऺछाप छाङ स, तोम्फक छाङ अओत्निन निकि झाराखाला किरावाच्या दुम तुप्मादोरा।

दऺक्छा-दऺक्छा तोङिन नालो ओक्को हाङ्होन याङ्मा रम, अतोङिमिन नालो अऺक बोप वाडिन छाङ केत्मा अरइमिन ओनइ किरावा सान्दिमा-सान्दिवाच्यो। खा तुप्तिन्ने, खा सिन्तिन्ने हइ मोलोक। ■

# ढिहाङ्यङ्मिदा

■राजेन्द्र राइ

लुङ्वाङ १ ओ नऺङ्वा ढिहाङ्यमिदा राजेन्द्रकुमार थुलुङ राइ मलिसायुङ्सा। कानाम १६ लेन्टा विराटनगरादा लुङ्वाङ ढुवा सोमऺनाथ अधिकारिदाङ्का ढिहाङ्यमिछापओ धारा १६८ (२) ओन्सामि खोसाआ किरे चोओ युङाङा।

खो नेकपा (एकिकृत समाजवादि), नेपालि कांग्रेस, नेकपा माओवादि, जनता समाजवादि पार्टि कि संयुक्त लोकतान्त्रिक रास्ट्रिय मन्चदाओ ४९ कापाङ छुइमिपाचि मतोङाकि एम्मा लिसाओ हाङ्कोपदाङ्का ढिहाङ्यङ्मि मलिसाओ युङ्याङ।

भोजपुराओ हुप १ (क) दाङ्का नेकपा एमाले पार्टिलाम्पा छोमासि मलिसाओ राइ आइमित नालो नेकपा (एकिकृत समाजवादि)ओ बुसुमि मयुङ्याङ।

राइनेन छुकापाङओ अनऺङ्वा हाङ्यऺङ्मिभुङ एम्मा लिसायुङ्सा। छेन्बिकोप हाङ्यङमिदा माओवादिओ बुसुमि इन्द्रबहादुर आङ्बो, साप्टेन्मि नुत्नुवा हाङ्यङ्मिदा जनता समाजवादि पार्टिओ बुसुमि जयराम यादव मलिसायुङ्सा। मोहाङा यकपुक टुखाटोङ्खा कि लाम्दककुदुक हाङ्यङ्लादा नेपालि कांग्रेसओ बुसुमि हिक्मत कार्कि, कोङ्दुम तोङ्मायु




ढिहाङ्यङ्मिओ किरे चायाङ्सा राजेन्द्रकुमार राइ (बेङ्वा)।

हाङ्यङ्मिदा कांग्रेसओ बुसुमि ङा केदार कार्कि मलिसायुङ्सा। चुक हाङ्यङ्मिदा संयुक्त लोकतान्त्रिक रास्ट्रिय मन्चओ बुसुमि विस्नुमाया तुम्बाहाम्फे साप्टेन्मि नुत्नुवा चुक हाङ्यङ्मि मलिसायुङ्सा।

राजेन्द्रकुमार राइ दोङ २०२७ वालिम १५ लेन्टा भोजपुराओ सडानन्द साप्टेनटुवा १०, किमालुङ टेनदा पुक्मा लिसाओ युङाङा।

खो टेनदाओ तायाखिम खिप्टाङा हेदाङ्का ङा तायामि हाङ्दुमदा वाङ्मा लिसाओ युङाङा। मो योक्दा खो अनेरास्ववियुओ छाप्कामि युङाङा। खो तायामि हाङ्दुमदा काचि मुयाङ्सा दोङ २०५५ दा अचोम्ला ढिछाप्कामि लिसाओ युङाङा। २० दोङ तायामि हाङ्दुमदा काचि मुवाओ खो रत्नराज्य लछ्मि ढितायाखिमदा स्ववियु ढुवाटाङ लिसाओ युङाङा। ■

# अऺङ्का खाङ्तारुङओ दुम



■ पदम राइ

जनगनना (मऺना खिप्स्वाला) कानाम २५ दाङ्का चासुम्ला ९ तारि लियाङ्ओ युङ्याङ। ओ मऺना खिप्स्वाला १० दोङ्दा अऺक खेपि ओन लि। खोन्ओसा ओ पउह्वा हाङ्होन मऺना खिप्स्वाला अचऺङ्पाङ्वा दुम युङ्याङ।

ओ मऺना खिप्स्वालादा आन्कान 'बान्तावा राइ'चिआ दि छाप्मा निओ दुमदा बड्ढे आराङयुङ्का यायोकविहान मुमा लियाङ्ओ युङ्याङ। नऺङ कुप्कावा (गनक)चिआ नङ खोम्सि मऺताओ बेन खालाक-खालाकओ अपेलेम ८० कातेतदाङ्का बड्ढे सेन्मायुचि सेन्मा लिओ दुम सिन्मा लिसायुङ्सा। मो सेन्मायुचिदा झाराक लामायु दुम्चि ना मयाक्याङ ङे, खो नुछाङ आन्कान बान्तावाचिओ निम्पाङ ५ कातेत सेन्मायुचि कि मोचिओ लामायुचि वात्नि मयुङ्याङ-

३.७ आम्नो रिमि दि ?

– राइ

३.८ सुन्तुम्चिओ यऺङ दि ?

– बान्तावा

३.९ मामायऺङ दि ?

– बान्तावा

४.० हुवाउ यऺङ दि ?

– चक्दा किरावा यऺङ्चि। खाङ्लिः थुलुङ, पुमा, साम्पाङ, खालिङ, इनु-इनु।

४.१ साम्योक दि ?

– किरात।

**देकि बान्तावा ङा छाप्मा ?**

आन्कान बान्तावा किरावाओसा आन्को सिन्मायु बान्तावा, खोन्ओसा ङा आन्कान 'बान्तावा राइ' मोलोक। आन्कान बान्तावाओसा आन्को सुन्तुम्चिओ यऺङ छाङ बान्तावा ङा। आन्को मामायऺङ छाङ बान्तावा ङा इ। बान्तावानेन खाक्को चऺक्दाओ मामायऺङ लेसिन्येन ? मो यऺङ हुवाउ यऺङ्दा छाप्मादोत।

**मामायऺङ निओ दि ?**

मामायऺङ निओ आप्पिओ मामा-पापाचिदाङ्का बुदाउ चिन्मायु लिसाओ यङ निकि सिन्मा लि। मोहा ङा बुदाउ खेपि चिन्मायु लिसाओ यऺङ मामायऺङ नि लोम नि छाङ आइमितओ यङ्तोङ्हाङ्चि मयऺङ्याङ। वात्नि ओसोओ सिन्मायुदाङ्का खारिन नालो बान्तावा छाओ नाबाक्आ बान्तावा यऺङ बुदाउ खेपि एनुओसा मो यऺङ ङा चिन्नान्चिन। मो निओ सुन्तुम बान्तावाओसा बान्तावा ङा सुन्तुम यऺङ छाङ लि।

**देकि बान्तावा यऺङ्ङा छाप्मा ?**

ओ अनुच्छेओ सेन्मायु युङ्याङ। देकि नालो आइमितओ बान्तावा छाचि अचु मामायऺङ नलेनिन। मो आन्कान झाराक बान्तावाचिआ सिन्तुम्योम। आइमितओ छाचिआ ओन माआङ, वारिसा छा, फान्टा छाचिआ छाङ अचु मामायऺङ मान्खात्सा अऺखात्याङ। खोन नुछाङ आन्को आन यऺ निओ बान्तावा युङ्याङ। ओसुद्दा आन्को सिन्मायु, बुसुयङ्रि चोक्याङ। खोन्ओसा बान्तावा अचेविन्मिन नुछाङ सुन्तुम यऺङ कि मामायऺङ्दा आन मऺक सिप्माकि बान्तावा ङा छाप्मादोत। छाप्सि काताचिदा बान्तावा ङा कुप मेत्माचि दोत।




खोन्ना आन्कान, आन छाचि, थाङ्वारिसा छाचि पानिवाङ यऺङ बड्ढे मचेप, मऺहान। खोन ओन माआङ, आइमितओ छाचिकिलेक्चि ना ओम्पे यऺङ ह्यात्नि बड्ढे सावा अऺपाक्याङ। नऺपाक्टुन छाङ देत्नि ? खोचिओ अचु तायाखिमदा 'ओम्पे यऺङ हान्मायु हुप' निकि अचु प्रिन्सिपलचिआ मक्ङ्सुपयुङ्सुचि। खादाङ्का पानिवाङ चेप्मा अतोक ? मामायऺङ ना खादाउ खादा ? बान्तावाओ 'ब' छे यऺङ्मा नतोक्निन। ओनिओ ओहा खाम हेदा खान्नुलो दात्याङ, लुन्येन नुछाङ मायऺङओ निम्पाङ अनुवाक दुम मात्दऺङ। आप्पिओ मामायऺङ मान्माखान्मा, मो यऺङ्दा खिप्मा, छाप्मा मान्तोक्दामा निओ बड्ढे अऺत्पा दुम युङ्याङ।

खोन्ओसा खिमदा बान्तावा हान्तिन नुछाङ, अहान्तिमिन नुछाङ बान्तावाओ अछाओसा मो यऺङ ङा छाप्मादोत।

निबान्तावा मेछाछाचि बान्तावा खिमदा सायाकाम्मा लिसाकि नाम्मित्छा मलिसाकि मताओ योक्दा खोचि बान्तावा यऺङ मचिन्तान चिआन्चिन नालो खोचिआ छाङ मामायऺङ्दा बान्तावा अछाप्कि नु। मोन ओन माआङ, अचु सुन्तुम बान्तावा माआङ, कोइ साम्पाङ, खालिङ, कुलुङ, थुलुङ, पुमा, बाहिङ... नुछाङ खो बान्तावा यऺङ चेप नालो खोसाआ छाङ मामायऺङदा बान्तावा यऺङ छाप्तुकि नु। खोचिओ अचु सुन्तुम यङदालो अचु सुन्तुम दि युङ्याङ ? खो अछाप नालो खो साम्पाङ, कुलुङ, थुलुङ, पुमा, बाहिङ... निओ सिन्मेत छाङ मोदा दात, ओन्कि खोचिआ अलेयाङ्ओ अचु मामायऺङ बान्तावा छाङ मोदा दात।

**देकि बान्तावा ङा ?**

दोङ २०५८ ओ मऺना खिप्स्वालादा बान्तावा चेप्कावा किरावाचि ३ सुपि ७१ भोम कि ५७ कापाङ मऺयाआङा। मो बान्तावा खिप्स्वाला २०६८ दा १ सुपि ३२ भोम ५ बोम कि ८३ कापाङदा धाओ युङ्याङ। ओ निओ नुच्छेओ खिप्स्वाला माआङ। मोन ओन माआङ, दोङ २०६८ ओ मऺना खिप्स्वालादा 'राइ यऺङ' चेप्कावाचि १ सुपि ५९ भोम १ बोम १४ कापाङ खाङ मुमा लिसाओ युङाङा। खादा छाङ हान्मा अलिनिनिनओ 'राइ यङ' खादाङ्का ताराकि पाआदिसाओ ? ओ निओ बान्तावा यऺङ तिम्मा निम्पाङ ताराओ वात्नि सिन्तुम।

किरावा टेनदा खारिन्कि 'खाक्को यऺङ तऺचेविन ?' नि बान्तावाचि सेनुम्चुम लो खोचि बुया 'राइ/किरावा यऺङ' नि मयऺङ। 'खाक्को राइ यऺङ ?' नि लासुम सेनुम्चुम्लो ओन खोचिआ 'बान्तावा यऺङ' नि मयङ। खोन्ओसा किरावा गनकचिआ आइदोङ ओ पारा सेन्माचि मदोरा। ओ दुम निओ गनकचिओ छुकदा याक्याङ।

वात्नि बान्तावा चेप्कावाचिओ खिप १ सुपि ३२ भोमदा धाओसा खाराओ वापुन २१ लेन्टा प्रदेस १ दा बान्तावा यऺङ प्रदेसदा याङ्मायु यऺङदा नऺङ छाप्मा काचि भासा आयोगआ मुमा मान्ऱदो। देकि नालो आयोगआ दोङ २०६८ ओ मऺना खिप्स्वालाआ खाङ मुसुओ तथ्याङ्क चोउकि नऺङ पाक्मायु मुओ युङाङा। प्रदेस १ दा लिम्बु कि मइथिलि ओन छुक्टायुङ्साचि। बान्तावा कि नि किरावा यऺङ्चि खाक्को छाङ मान्छुक्चि। खोन्ओसा तायाङओ मऺना खिप्स्वालादा बड्ढेसाआ मामायऺङदा बान्तावा छाप्टुम नालो ओन तायाङ लेनदा प्रदेस १ दा ओ यङ्ओ नऺङ छाप्मा ऱम, माआङ नालो आन्कान देङ्दाओ देङ्दा लिसिन।

मोहाङा आन्कान खालाक-खालाक्ओ साम्योक माने मुन नुछाङ 'किरात' छाप्मा निकि अछऺङ मुवायुङ्सा। ■

**पृष्ठ संयोजक** : पदम राई, **सह संयोजकः** दीपक बान्तावा, **पत्राचार ठेगानाः नयाँ नेपाल, गोरखापत्र दैनिक, पो.ब.नं.२३, काठमाडौं** email: padamrai@gmail.com

राष्ट्रको सञ्चार
Nepal Telecom

# नेपाल टेलिकम

## (नेपाल दूरसञ्चार कम्पनी लिमिटेड)

### केन्द्रीय कार्यालय

**पदपूर्ति समितिको सूचना नं ३।०७८।७९**

**गो.प.मा प्रकाशित मिति : २०७८।०८।०३**

## खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको दरखास्त आह्वान सम्बन्धी सूचना

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडमा रिक्त रहेका पदहरूमा पदपूर्ति प्रक्रिया अगाडि बढाउन **लोक सेवा आयोग**बाट सहमति प्राप्त भए बमोजिम यस कम्पनीमा रिक्त रहेका निम्न लिखित पदहरूमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली, २०७८ (पहिलो संशोधन समेत) बमोजिम खुला तथा समावेशी प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले निम्नानुसार योग्यता पुगेका, विनियम १७ बमोजिम अयोग्य नभएका तथा लोक सेवा आयोगबाट परीक्षामा अनियमितता गरेको सम्बन्धमा यसअघि निश्चित अवधिसम्म आयोगद्वारा सञ्चालित कुनै पनि परीक्षामा सहभागी हुन नपाउने गरी कारबाहीमा नपरेका इच्छुक नेपाली नागरिकहरूबाट Online दरखास्त आह्वान गरिएको छ।

आवेदकले नेपाली नागरिकताको प्रमाणपत्र, हालसालै खिचिएको पासपोर्ट साइजको फोटो, दस्तखतको नमुना, आफूले हासिल गरेको न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरू, तालिम, अनुभव, परिषद् दर्ता प्रमाणपत्र, समावेशिताको प्रमाणपत्र, समकक्षता निर्धारण पत्रहरू Online फारामको निर्दिष्ट स्थानमा Upload गरी कम्पनीको Website www.ntc.net.np वा recruit.ntc.net.np मार्फत Online System द्वारा दरखास्त दिनुपर्नेछ। रीत नपुगी, म्याद नाघी वा दरखास्त साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू संलग्न नभई पेस भएको दरखास्त उपर कुनै कारबाही हुनेछैन। Online System द्वारा फाराम भर्दा आवेदकले भरेका र Upload गरेका विवरणहरू तोकिए बमोजिमका नभएमा वा झुठा ठहरिएमा त्यस्ता विवरणहरूको हकमा आवेदक स्वयं नै जिम्मेवार हुनेछ।

**लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ।**

| सि. नं. | विज्ञापन नं. | पद, | सेवा/समूह | तह | खुला र समावेशी पद संख्या | | | | | | | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | खुला | महिला | आदिवासी/जनजाति | मधेसी | दलित | अपाङ्ग | पिछडिएको क्षेत्र | |
| १ | ६३/२०७८/७९ | उपप्रबन्धक, टेलिकम | प्रा./टे. | ९ | २ | १ | | | | | | ३ |
| २ | ६४/२०७८/७९ | उप प्रबन्धक, लेखा | प्र./ले | ९ | | १ | | | | | | १ |
| ३ | ६५/२०७८/७९ | उप प्रबन्धक, प्रशासन | प्र./प्र. | ९ | १ | | | | | | | १ |
| ४ | ६६/२०७८/७९ | वरिष्ठ इन्जिनियर, टेलिकम | प्रा./टे. | ८ | १ | | | | १ | | | २ |
| ५ | ६७/२०७८/७९ | वरिष्ठ लेखा अधिकृत | प्र./ले | ८ | | १ | | | | | | १ |
| ६ | ६८/२०७८/७९ | वरिष्ठ लेखा अधिकृत, चा.ए. | प्र./ले | ८ | १ | | १ | १ | | | | ३ |
| ७ | ६९/२०७८/७९ | वरिष्ठ प्रशासकीय अधिकृत | प्र./प्र. | ८ | १ | १ | | | | | | २ |
| ८ | ७०/२०७८/७९ | वरिष्ठ व्यापार अधिकृत | प्र./प्र. | ८ | १ | | | | | | | १ |
| ९ | ७१/२०७८/७९ | टेलिकम इन्जिनियर (इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन) | प्रा./टे. | ७ | २६ | ८ | ७ | ५ | १ | १ | | ४८ |
| १० | ७२/२०७८/७९ | टेलिकम इन्जिनियर (कम्प्युटर) | प्रा./टे. | ७ | ११ | ३ | २ | २ | १ | १ | | २० |
| ११ | ७३/२०७८/७९ | टेलिकम इन्जिनियर (इलेक्ट्रिकल) | प्रा./टे. | ७ | ७ | २ | | १ | १ | १ | | १२ |
| १२ | ७४/२०७८/७९ | इन्जिनियर, सिभिल | प्रा./सि | ७ | ५ | २ | १ | १ | | | | ९ |
| १३ | ७५/२०७८/७९ | सहायक लेखा अधिकृत | प्र./ले | ६ | ७ | २ | २ | १ | | १ | | १३ |
| १४ | ७६/२०७८/७९ | सहायक प्रशासकीय अधिकृत, कानुन | प्र./प्र. | ६ | १ | १ | | | | | | २ |
| १५ | ७७/२०७८/७९ | सहायक प्रशासकीय अधिकृत | प्र./प्र. | ६ | ५ | २ | १ | १ | १ | १ | | ११ |
| १६ | ७८/२०७८/७९ | सहायक व्यापार अधिकृत | प्र./प्र. | ६ | ६ | १ | १ | १ | १ | १ | | ११ |
| १७ | ७९/२०७८/७९ | ओभरसियर | प्रा./प्रा. | ५ | ८ | २ | २ | २ | १ | | | १५ |
| १८ | ८१/२०७८/७९ | टेक्निसियन | प्रा./प्रा. | ४ | २९ | ८ | ७ | ५ | २ | १ | १ | ५३ |
| १९ | ८२/२०७८/७९ | सहायक | प्र./प्र. | ४ | १५ | ५ | ३ | ३ | १ | | १ | २८ |
| २० | ८३/२०७८/७९ | जुनियर टेक्निसियन | प्रा./प्रा. | ३ | १९ | ५ | ४ | ३ | १ | १ | १ | ३४ |

**आवश्यक न्यूनतम योग्यता :**

१. **उप-प्रवन्धक, टेलिकम पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट यस कम्पनीको सम्बन्धित सेवा, समूहको अधिकृत स्तरको पदमा सुरु सेवा प्रवेशका लागि तोकिएको विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र प्रचलित कानुन बमोजिम नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भएको तथा नेपाल सरकारको निजामती सेवा/सरकारी सेवा वा विश्वविद्यालय वा शिक्षक सेवा वा संगठित संस्थाको अधिकृत स्तरको पदमा कम्तीमा पाँच वर्ष सेवा गरेको अनुभव हुनुपर्ने छ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि उम्मेदवार हुन सक्नेछ।

सम्बन्धित सेवा समूहको अधिकृत स्तरको पदमा सुरु सेवा प्रवेशका लागि तोकिएको विषय भन्नाले "टेलिकम्युनिकेसन्स एन्ड कम्युनिकेसन वा रेडियो वा इलेक्ट्रिकल एन्ड कम्युनिकेसन्स वा इलेक्ट्रिकल एन्ड इलेक्ट्रोनिक्स वा Information Technology, Computer Software वा Computer Hardware इन्जिनियरिङ वा इलेक्ट्रोनिक्स इन्जिनियरिङ (कम्युनिकेसन, इलेक्ट्रोनिक्स, कम्प्युटर, रेडियोमध्ये कुनै एक विषय) वा Computer Science, Information Communication वा सो सरहका विषयहरू मध्ये कुनै एक विषय वा इलेक्ट्रिकल वा इलेक्ट्रिकल इन्जिनियरिङ वा सो सरहका विषयहरू मध्ये कुनै एक विषय वा मेकानिकल, रेफ्रिजरेसन एन्ड एयर कन्डिसन वा मेकानिकल इन्जिनियरिङ वा सो सरहको कुनै एक विषय" भन्ने बुझिन्छ।

२. **उप-प्रवन्धक, लेखा पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्र वा व्यापार प्रशासनमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र नेपाल सरकारको निजामती सेवा/सरकारी सेवा वा विश्वविद्यालय वा शिक्षक सेवा वा संगठित संस्थाको अधिकृत स्तरको पदमा कम्तीमा पाँच वर्ष सेवा गरेको अनुभव हुनुपर्ने छ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि उम्मेदवार हुन सक्नेछ।

३. **उप-प्रवन्धक, प्रशासन पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको र नेपाल सरकारको निजामती सेवा/सरकारी सेवा वा विश्वविद्यालय वा शिक्षक सेवा वा संगठित संस्थाको अधिकृत स्तरको पदमा कम्तीमा पाँच वर्ष सेवा गरेको अनुभव हुनुपर्नेछ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि उम्मेदवार हुन सक्नेछ।

४. **वरिष्ठ इन्जिनियर, टेलिकम पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट यस कम्पनीको सम्बन्धित सेवा, समूहको अधिकृत स्तरको पदमा सुरु सेवा प्रवेशका लागि तोकिएको विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र प्रचलित कानुन बमोजिम नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भएको तथा नेपाल सरकारको निजामती सेवा/सरकारी सेवा वा विश्वविद्यालय वा शिक्षक सेवा वा संगठित संस्थाको अधिकृत स्तरको पदमा कम्तीमा पाँच वर्ष सेवा गरेको अनुभव हुनुपर्ने छ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि उम्मेदवार हुन सक्नेछ।

सम्बन्धित सेवा समूहको अधिकृत स्तरको पदमा सुरु सेवा प्रवेशका लागि तोकिएको विषय भन्नाले "टेलिकम्युनिकेसन्स एन्ड कम्युनिकेसन वा रेडियो वा इलेक्ट्रिकल एन्ड कम्युनिकेसन्स वा इलेक्ट्रिकल एन्ड इलेक्ट्रोनिक्स वा Information Technology, Computer Software वा Computer Hardware इन्जिनियरिङ वा इलेक्ट्रोनिक्स इन्जिनियरिङ (कम्युनिकेसन, इलेक्ट्रोनिक्स, कम्प्युटर, रेडियोमध्ये कुनै एक विषय) वा Computer Science, Information Communication वा सो सरहका विषयहरू मध्ये कुनै एक विषय वा इलेक्ट्रिकल वा इलेक्ट्रिकल इन्जिनियरिङ वा सो सरहका विषयहरू मध्ये कुनै एक विषय वा मेकानिकल, रेफ्रिजरेसन एन्ड एयर कन्डिसन वा मेकानिकल इन्जिनियरिङ वा सो सरहको कुनै एक विषय" भन्ने बुझिन्छ।

५. **वरिष्ठ लेखा अधिकृत, लेखा पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्र वा व्यापार प्रशासनमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र नेपाल सरकारको निजामती सेवा/सरकारी सेवा वा विश्वविद्यालय वा शिक्षक सेवा वा संगठित संस्थाको अधिकृत स्तरको पदमा कम्तीमा पाँच वर्ष सेवा गरेको अनुभव हुनुपर्ने छ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि उम्मेदवार हुन सक्नेछ।

६. **वरिष्ठ लेखा अधिकृत, चा.ए. पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी वा सर्टिफाइड पब्लिक एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी प्रचलित नेपाल कानुन बमोजिम नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थामा दर्ता भएको।

७. **वरिष्ठ प्रशासकीय अधिकृत पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको र नेपाल सरकारको निजामती सेवा/सरकारी सेवा वा विश्वविद्यालय वा शिक्षक सेवा वा संगठित संस्थाको अधिकृत स्तरको पदमा कम्तीमा पाँच वर्ष सेवा गरेको अनुभव हुनुपर्ने छ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि उम्मेदवार हुन सक्नेछ।

८. **वरिष्ठ व्यापार अधिकृत पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्र वा व्यापार प्रशासनमा स्नातकोत्तर तह वा अर्थशास्त्र, गणित वा तथ्याङ्क शास्त्र मध्ये कुनै एक मूल विषय लिई स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको र नेपाल सरकारको निजामती सेवा/सरकारी सेवा वा विश्वविद्यालय वा शिक्षक सेवा वा संगठित संस्थाको अधिकृत स्तरको पदमा कम्तीमा पाँच वर्ष सेवा गरेको अनुभव हुनुपर्ने छ। तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि उम्मेदवार हुन सक्नेछ।

९. **टेलिकम इन्जिनियर (इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन) पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट टेलिकम्युनिकेसन्स एन्ड कम्युनिकेसन वा रेडियो वा इलेक्ट्रिकल एन्ड कम्युनिकेसन्स वा इलेक्ट्रिकल एन्ड इलेक्ट्रोनिक्स वा Information Technology, Computer Software वा Computer Hardware इन्जिनियरिङ वा इलेक्ट्रोनिक्स इन्जिनियरिङ (कम्युनिकेसन, इलेक्ट्रोनिक्स, कम्प्युटर, रेडियोमध्ये कुनै एक विषयमा) स्नातक उपाधि हासिल गरी प्रचलित कानुन बमोजिम नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भएको।

१०. **टेलिकम इन्जिनियर (कम्प्युटर) पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer science, Information Technology, Information Communication, Computer Software, Computer Hardware वा कम्प्युटर इन्जिनियरिङ वा सो सरहको विषयहरू मध्ये कुनै एक विषय लिई स्नातक उपाधि हासिल गरी प्रचलित कानुन बमोजिम नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भएको।

११. **टेलिकम इन्जिनियर (इलेक्ट्रिकल) पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स एन्ड इलेक्ट्रिकल वा इलेक्ट्रिकल एन्ड कम्युनिकेसन्स वा इलेक्ट्रिकल इन्जिनियरिङ वा सो सरहका विषयहरू मध्ये कुनै एक विषय लिई स्नातक उपाधि हासिल गरी प्रचलित कानुन बमोजिम नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भएको।

१२. **इन्जिनियर, सिभिल पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा स्नातक उपाधि हासिल गरी प्रचलित कानुन बमोजिम नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भएको।

१३. **सहायक लेखा अधिकृत पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्र वा व्यापार प्रशासनमा स्नातक तह उत्तीर्ण गरेको।

१४. **सहायक प्रशासकीय अधिकृत, कानुन पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कानुन विषयमा स्नातक तह उत्तीर्ण।

१५. **सहायक प्रशासकीय अधिकृत पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको।

१६. **सहायक व्यापार अधिकृत पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित वा तथ्यांक शास्त्र मध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

१७. **ओभरसियर पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ वा आर्किटेक्ट वा सर्भे इन्जिनियरिङमा प्रमाणपत्र तह वा सो सरह वा डिप्लोमा तह उत्तीर्ण गरेको।

१८. **टेक्निसियन पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको दूरसञ्चार तालिम केन्द्रबाट ट्रान्समिसन, आउटसाइड, पावर, स्विचिङ वा टेलिकम टेक्निसियनको तालिम प्राप्त वा राष्ट्रिय सीप परीक्षण केन्द्रबाट ट्रान्समिसन, आउटसाइड, पावर, स्विचिङ विषयमा तह २ को सीप परीक्षण उत्तीर्ण भएको।

१९. **सहायक पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. मा कम्तीमा जी.पी.ए. दुई प्राप्त वा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको।

२०. **जुनियर टेक्निसियन पदका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट दशम कक्षा उत्तीर्ण गरी नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको दूरसञ्चार तालिम केन्द्रबाट ट्रान्समिसन, आउटसाइड, पावर, स्विचिङ वा टेलिकम टेक्निसियनको तालिम प्राप्त वा राष्ट्रिय सीप परीक्षण केन्द्रबाट ट्रान्समिसन, आउटसाइड, पावर, स्विचिङ विषयमा तह १ को सीप परीक्षण उत्तीर्ण भएको।

**उमेरको हद** : दरखास्त दिने अन्तिम मिति सम्ममा सहायक स्तरको पदका लागि १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, तह ६ देखि तह ७ सम्मको अधिकृत स्तरको पदका लागि २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको तथा तह ८ र तह ९ को अधिकृत स्तरको पदका लागि २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने छ। साथै सबै पदका लागि महिला र अपाङ्गता भएका उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४० वर्ष ननाघेको हुनुपर्ने छ। उक्त प्रयोजनका लागि उमेरको गणना गर्दा दरखास्त बुझाउने अन्तिम मिति (२१ दिनको म्याद) लाई आधार मानिनेछ। दोब्बर दस्तुर बुझाई दरखास्त दिन पाउने अवधिलाई गणना गरिनेछैन। नेपाल दूरसञ्चार कम्पनीको बहालवाला स्थायी कर्मचारीलाई उमेरको हद लाग्ने छैन।

**परीक्षाको किसिम** : लिखित, अन्तर्वार्ता र प्रयोगात्मक (प्राविधिक सेवातर्फ तह ३ र तह ४ को लागि मात्र)।

**परीक्षा दस्तुर बुझाउने प्रक्रिया** : Online दरखास्त फाराम Submit गरे पश्चात् Payment Option मा गई Namaste Pay, Connect IPS, e-Sewa तथा Khalti वालेटहरू मध्ये कुनै एक छनोट गरी भुक्तानी गर्न सकिनेछ वा कम्पनीका महसुल काउन्टरहरूबाट भुक्तानी गर्न चाहने आवेदकहरूले Token No. उल्लेखित Slip सहित ढिलोमा दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) महसुल काउन्टर खुल्ने समयभित्र कम्पनीका महसुल काउन्टरहरूमा गई तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर भुक्तानी गर्न सक्नेछन्।

**दरखास्त भर्ने अन्तिम मिति** : २०७८/०८/२३ सम्म र दोब्बर दस्तुर तिरी २०७८/०९/०१ सम्म।

**लिखित परीक्षा सञ्चालन हुने मिति, समय र केन्द्र :**

उपरोक्त विज्ञापनहरूको लिखित परीक्षा लोक सेवा आयोगबाट सूचनामा प्रकाशित गरे बमोजिम तोकिएको मिति, समय र केन्द्रमा काठमाडौँमा सञ्चालन हुनेछ।

**परीक्षा दस्तुर :- देहाय बमोजिम लाग्नेछ :**

| सि.नं. | पद/तह | दस्तुर (रु.) | प्रत्येक समावेशी समूहका लागि थप |
|---|---|---|---|
| १ | अधिकृत स्तर तह ८ र तह ९ का लागि | रु.८००।- (आठ सय) | अधिकृतस्तरका लागि रु. २००।- (दुई सय) |
| २ | अधिकृत स्तर तह ६ र ७ का लागि | रु.७००।- (सात सय) | |
| ३ | सहायक स्तर तह ४ र ५ का लागि | रु.५००।- (पाँच सय) | सहायक स्तरका लागि रु. १००।- (एक सय) |
| ४ | सहायक स्तर तह ३ का लागि | रु.३००।- (तीन सय) | |

**नोट** : खुलातर्फ आवेदन नगरी समावेशी समूहतर्फ मात्र आवेदन गरेमा पहिलो एक समूहका लागि खुला सरह परीक्षा दस्तुर लाग्नेछ। थप समावेशी समूहका लागि माथि उल्लेख भए बमोजिम थप दस्तुर लाग्नेछ।

दरखास्त दिने अन्तिम मिति (सिङ्गल दस्तुरको म्याद) भन्दा पछि प्राप्त हुने शैक्षिक योग्यता, समावेशीको प्रमाणपत्र, परिषद् दर्ता प्रमाणपत्र, तालीम, अनुभव, सेवा अवधि मान्य हुनेछैन। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

पाठ्यक्रमहरू यस कम्पनीको website: **www.ntc.net.np** बाट प्राप्त गर्न सकिने छ।

**समावेशी समूहतर्फ दरखास्त दिँदा उम्मेदवारहरूले तयार गर्नुपर्ने थप कागजातहरू** :

समावेशी समूह तर्फका विज्ञापनहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू तयार गरेर मात्र दरखास्त दिनुपर्दछ। उल्लेखित कागजातहरू नभएमा जुनसुकै समय दरखास्त रद्द हुन सक्नेछ।

(क) **आदिवासी/जनजातिका हकमा** : नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सो ऐनको सूचीका आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(ख) **दलितका हकमा** : राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

(ग) **अपाङ्गता भएका व्यक्तिको हकमा** : स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित गरेको परिचयपत्र।

(घ) **मधेसीका हकमा** : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात।

(ङ) **पिछडिएको क्षेत्रको हकमा** : अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात।

(च) **काम गर्नुपर्ने कार्यालयहरू** : कम्पनीका विभिन्न निर्देशनालय, विभाग तथा काठमाडौँ उपत्यका बाहिरका कार्यालयहरू।

## Online दरखास्त भर्ने तरिका र ध्यान दिनुपर्ने कुराहरू :

(१) कम्पनीले vacancy तथा परीक्षा सम्बन्धी सूचनाहरू आवेदकको Email Id मा नै पठाउने हुँदा आवेदकले आफ्नो आधिकारिक Email Id प्रयोग गरेर मात्र Registration गर्नुहुन अनुरोध गरिन्छ,, Registration पश्चात् system बाट आवेदकको Email मा Activation का लागि link जानेछ, आवेदकले उक्त link मा Activation गरेपछि Registration गर्दा राखेको email लाई user Id को रूपमा र बनाएको password लाई password को रूपमा प्रयोग गरी Login गर्न सकिनेछ। यस अघिका विज्ञापनमा आवेदन गरेका आवेदकहरूले पहिलेकै user Id र password प्रयोग गर्न सक्नेछन्। password बिर्सेमा forgot password मा गई reset गर्न सकिनेछ।

(२) Online apply का लागि सीधै recruit.ntc.net.np वा यस कम्पनीको website: www.ntc.net.np को Career भित्र रहेको Apply vacancy online मा गई Login गरी Profile entry मा click गरी क्रमशः Profile,Family details, Education,Training, Experience, Council तथा Privilege group मा गई आवेदन गर्ने पदका लागि माग बमोजिमका आवश्यक विवरणहरू entry गर्नुका साथै Documents Upload गरी Save गर्दै जानुपर्नेछ। बढुवा तथा आ.प्र.का लागि आवेदन गर्ने नेपाल टेलिकममा कार्यरत स्थायी कर्मचारीहरूले आफ्नो Profile मा NT Staff छनोट गरी Emloyee Id Type गरेपछि खुल्ने Service History Tab मा गई विज्ञापन गरिएको पदका लागि आवश्यक Informations entry गर्नुका साथै Documents Upload गर्नुपर्नेछ। तर खुलातर्फ मात्र आवेदन गर्ने आवेदकले Service History मा entry गर्नुपर्दैन। Upload गरिने Document तथा फोटोको Size 200kbs भन्दा बढी हुनुहुँदैन। नेपालीमा नाम Type गर्दा Unicode मात्र प्रयोग गर्नुपर्नेछ। आवेदकले Upload गर्ने Passport साइजको फोटो हालसालै खिचिएको तथा मुखाकृति प्रस्ट देखिने हुनुपर्छ।

**पुनश्च** : Online मार्फत फाराम भर्दा कुनै समस्या भएमा यस कम्पनीको सम्पर्क टेलिफोन नं. ०१४२१०४१६, ०१४२१०४७३, ०१४२१०४१५, ०१४२१०४६२ मा साथै email , recruit@ntc.net.np मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

**पदस्थापन हुने कार्यालयहरू :**

१) **सहायक, तह ४ (प्र.)** :- दू.सं.का. ताप्लेजुङ, खाँदबारी, दिक्तेल, सोलु, लुक्ला, रसुवा, बाह्रबिसे, बेसीसहर, बेनी, कुश्मा, मनाङ, जोमसोम, अर्घाखाँची, डोल्पा, हुम्ला, जाजरकोट, जुम्ला, कालीकोट, मुगु, अछाम, बैतडी, चैनपुर, बाजुरा, दार्चुला, ओखलढुङ्गा, बाग्लुङ, डडेलधुरा र पाल्पा।

२) **टेक्निसियन, तह ४ (प्रा.)** :-दू.सं.का. चरीकोट, रसुवा, चौतरा, मन्थली, सिन्धुली, गोरखा, बेसीसहर, बेनी, कुश्मा, स्याङ्जा, वालिङ, दुलेगौडा, आँबुखैरेनी, मनाङ, जोमसोम, गुल्मी, तौलिहवा, बर्दघाट, अर्घाखाँची, कृष्णनगर, परासी, लमही, गुलरिया, बिजुवार, प्यूठान, रोल्पा, रुकुम पूर्व, दैलेख, डोल्पा, हुम्ला, जाजरकोट, जुम्ला, कालीकोट, मुगु, रुकुम, सल्यान, अत्तरिया, अछाम, बैतडी, चैनपुर, बाजुरा, दार्चुला, दिपायल, डोटी, बेलौरी, टिकापुर, लम्की, डडेलधुरा, धादिङ, त्रिशूली, ओखलढुङ्गा, बाग्लुङ र पाल्पा।

३) **जुनियर टेक्निसियन, तह ३ (प्रा.)** :- कलैया, जलेश्वर, गौर, निजगढ, बर्दिबास, हरीवन, लालबन्दी, बरथहवा, सिराहा, गोलबजार, मिर्चैया, चरीकोट, रसुवा, बाह्रबिसे, गोरखा, बेसीसहर, कुश्मा, डोल्पा, हुम्ला, जाजरकोट, जुम्ला, कालीकोट, मुगु, रुकुम, सल्यान, अछाम, बैतडी, चैनपुर, बाजुरा, दार्चुला ओखलढुङ्गा भण्डारा, लुम्बिनी, र बाग्लुङ।

४) अन्य पदहरूको हकमा सिफारिस हुँदाको योग्यता क्रमका आधारमा उपत्यका बाहिरका कार्यालयहरूमा पदस्थापन गरिने।

**सदस्य सचिव**
**पदपूर्ति समिति**



# 'सर्वोच्चको समस्या छिटो समाधान हुनुपर्छ'




नेकपा (एकीकृत समाजवादी)का केन्द्रीय अध्यक्ष माधवकुमार नेपाललगायतका नेता सुदूरपश्चिम प्रदेश कार्यालय उद्घाटन गर्ने क्रममा। तस्बिर : प्रकाशविक्रम शाह

■ प्रकाशविक्रम शाह/अविनाश चौधरी

धनगढी, मङ्सिर २ गते। नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले सर्वोच्च अदालतमा देखिएको समस्या छिटोभन्दा छिटो समाधान हुनुपर्ने बताउनुभएको छ।

बिहीबार धनगढीमा पत्रकारले सोधेको प्रश्नको जवाफमा उहाँले सर्वोच्चमा देखापरेको समस्या चाँडै समाधान हुनुपर्ने भनेर गठबन्धनको बैठकले साझा धारणा बनाएको बताउनुभयो। "सर्वोच्चको समस्यालाई छिटोभन्दा छिटो समाधान गर्न हामीले साझा धारणा बनाएका छौँ," उहाँले भन्नुभयो।

पूर्वप्रधानमन्त्री नेपालले समस्या समाधानका लागि प्रधानमन्त्रीले पहल गर्नुपर्ने बताउनुभयो। उहाँको भनाइ थियो, "सर्वोच्चको समस्या समाधानका लागि प्रधानमन्त्रीको हैसियतले प्रधानमन्त्रीले नै पहल गर्नुपर्छ।"

नेपालले नेकपा (एकीकृत समाजवादी)को प्रदेश कार्यालय पनि उद्घाटन गर्नुभएको थियो। सो क्रममा उहाँले नेपाल कम्युनिस्ट पार्टी (एमाले) गैरकम्युनिस्टहरूको पार्टी बनिरहेको आरोप लगाउनुभयो। "राम्रा, सुसंस्कृत, कम्युनिस्ट आचरण बोकेका र कम्युनिस्ट सिद्धान्तबाट प्रेरित मान्छे एमालेमा छैनन्," उहाँले भन्नुभयो, "एमाले गैरकम्युनिस्ट आचरण अँगाल्नेहरूको पार्टी बन्दै छ।"

उहाँले आफूले नेतृत्व गरेको समाजवादी कम्युनिस्ट पार्टी कम्युनिस्ट आदर्शमा समर्पित पार्टी रहेको दाबी गर्नुभयो। नेपालले सुदूरपश्चिमबाट फहराएको नेकपा एकीकृत समाजवादी पार्टीको झन्डा मेचीसम्म पुग्ने उल्लेख गर्नुभयो। अहिले सुदूरपश्चिम पार्टी कार्यालय भाडाको घरबाट सञ्चालन भए पनि चाँडै जग्गा खरिद गरेर आफ्नै भवन निर्माण गर्ने उहाँले विश्वास व्यक्त गर्नुभएको छ। धनगढीको चटकपुरस्थित पहिले नेकपा (एमाले)को प्रदेश कमिटीले प्रयोग गरेको भवनलाई नेकपा एकीकृत समाजवादीले लिएको छ।

यसैबीच बिहीबार नै प्रदेशस्तरीय दुई दिने प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्दै अध्यक्ष नेपालले आफूहरूले नै केपी ओलीको व्यक्तिवाद, अराजकता पराजित गरेको बताउँदै मुलुकमा स्थिरता कायम दाबी गर्नुभयो।

ओलीले आफू प्रधानमन्त्री र पार्टीबाट हट्ने अवस्था आएपछि कुर्सी नै भाँच्न खोज्नुभयो। हामीले सबै परिस्थिति ठीक ठाउँमा ल्यायौँ, उहाँले भन्नुभयो, "ओलीले कम्युनिस्ट आन्दोलन नै समाप्त पार्न खोजेपछि आन्दोलनलाई सही दिशा दिन नयाँ पार्टी बनाएको हो।" ओली हिटलरजस्तै बन्न खोजेको बताउँदै ओलीले पनि कम्युनिस्ट आन्दोलन र देशलाई डुबाउन खोजेको सङ्केत गर्नुभयो।

# कैलालीका सबै पालिकामा काँग्रेस सभापति चयन

■ धनगढी समाचारदाता

धनगढी, मङ्सिर २ गते। नेपाली काँग्रेसको १४औँ महाधिवेशनअन्तर्गत कैलालीका १३ वटै पालिकामा पदाधिकारी चयन हुनुभएको छ।

चार पालिकामा सर्वसम्मत र नौ पालिकामा चुनावमार्फत नगर र गाउँ कार्यसमितिका सभापतिसहित अरू पदाधिकारी चयन गरिएको हो। धनगढी उपहानगरपालिका, कैलारी गाउँपालिका, जोशीपुर र जानकी गाउँपालिकामा सर्वसम्मतिले सभापतिसहित अन्य पदाधिकारी चयन गरिएको प्रचारप्रसार समितिका संयोजक नृप सुनारले जानकारी दिनुभयो।

टीकापुर नगरपालिका, गोदावरी, घोडाघोडी, भजनी, गौरीगङ्गा र लम्कीचुहा नगरपालिकामा चुनाव भएको थियो। यसैगरी बर्दगोरिया गाउँपालिका, चुरे र मोहन्याल गाउँपालिकामा पनि चुनावमार्फत पदाधिकारी चयन गरिएको छ।

धनगढी उपमहानगरपालिकामा सभापतिमा यज्ञराज उपाध्याय सर्वसम्मत हुनुभएको छ। गौरीगङ्गा नगरपालिकामा सभापतिमा पहलविक्रम चन्द निर्वाचित हुनुभएको छ। यस्तै लम्कीचुहा नगरपालिकामा इन्द्र कुँवर, टीकापुर नगरपालिकामा नरेश खत्री, भजनी नगरपालिकामा नवराज मिश्र, गोदावरी नगरपालिकामा वीरबहादुर चोखाल, घोडाघोडी नगरपालिकामा बमबहादुर सिंह सभापतिमा विजयी हुनुभएको छ।

चुरे गाउँपालिकामा हेम शाह, जानकी गाउँपालिकामा गणेश रेग्मी, बर्दगोरिया गाउँपालिकामा कृष्ण विष्ट सभापतिमा निर्वाचित हुनुभएको छ। यसैगरी कैलारी गाउँपालिकामा कृष्ण चौधरी, मोहन्याल गाउँपालिकामा कमल साउद र जोशीपुर गाउँपालिकामा बसीराम चौधरी चयन भएको नेपाली काँग्रेसका प्रचारप्रसार समितिका संयोजक सुनारले जानकारी दिनुभयो। कात्तिक ३० गतेदेखि यहाँ काँग्रेसको पालिका अधिवेशन सुरु भएको थियो।

पालिका अधिवेशनमा लम्कीचुहा नगरपालिका–३ का वडाध्यक्ष भक्तबहादुर चलाउने, भजनी नगरपालिकाको वर्तमान सभापति टेकराज न्यौपाने सभापतिमा पराजित हुनुभएको छ। यसैगरी तत्कालीन फोरमबाट घोडाघोडी नगरपालिकाको नगरप्रमुखमा चुनाव लड्नुभएका चन्द्र चौधरी पनि नगर सभापतिमा पराजित हुनुभएको छ।

पालिका अधिवेशन सकिएसँगै प्रदेश सभा, सङ्घीय निर्वाचन क्षेत्र र जिल्ला अधिवेशनको सरगर्मी बढेको छ। शुक्रबार यहाँ प्रदेश अधिवेशन हुँदै छ। यसपछि मङ्सिर ६ गते सङ्घीय निर्वाचन क्षेत्र र १० गते जिल्ला अधिवेशन हुने कार्यतालिका रहेको संयोजक सुनारले जानकारी दिनुभयो।

क्षेत्रका लागि केहीले आफ्नो उम्मेदवारीसमेत घोषणा गरिसक्नुभएको छ। यस्तै जिल्ला सभापतिका लागि पनि छ जनाको चर्चा छ। दाबेदारहरू निर्वाचनको तयारीमा जुट्नुभएको छ।

कैलाली जिल्ला सभापतिका लागि वर्तमान उपसभापतिसमेत रहनुभएका प्रकाश बम, धनगढी उपमहानगरपालिकाका प्रमुखसमेत रहनुभएका नृपबहादुर वड, क्षेत्रीय सभापति खेमराज चौधरी आकाङ्क्षी हुनुहुन्छ। यस्तै महाधिवेशन प्रतिनिधि गणेश देउवा, भीमबहादुर बडुवाल र नारायणदत्त भट्ट पनि सभापतिको दाबेदार हुनुहुन्छ।

राष्ट्रको सञ्चार
Nepal Telecom

## नेपाल टेलिकम
### (नेपाल दूरसञ्चार कम्पनी लिमिटेड)
### केन्द्रीय कार्यालय

**पदपूर्ति समितिको सूचना नं. २।०७८।७९**

**गो.प.मा प्रकाशित मिति : २०७८।०८।०३**

## आन्तरिक प्रतियोगितात्मक परीक्षाको सूचना

लोक सेवा आयोगबाट सहमति प्राप्त भए बमोजिम यस कम्पनीमा रिक्त रहेका निम्न लिखित पदहरूमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली, २०७८ (पहिलो संशोधन समेत) को विनियम ११, १६, ३४ र ४१ बमोजिम आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्नुपर्ने भएकाले सम्बन्धित सेवा समूहको एक तह मुनिको पदमा यो सूचना प्रकाशित भएको मितिले २१ दिन वा अन्तिम मिति सम्ममा तीन वर्ष स्थायी सेवा अवधि पूरा भएका तथा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली, २०७८ को अनुसूची–२ बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कम्पनीका कर्मचारीहरूबाट Online दरखास्त आह्वान गरिएको छ।

योग्य उम्मेदवारहरूले कम्पनीको Website: www.ntc.net.np वा recruit.ntc.net.np मार्फत Online System द्वारा दरखास्त दिनुपर्नेछ। रीत नपुगी, म्याद नाघी वा दरखास्त साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू संलग्न नभई पेस भएको दरखास्त उपर कुनै कारबाही हुनेछैन। Online System द्वारा फाराम भर्दा आवेदकले भरेका र Upload गरेका विवरणहरू तोकिए बमोजिमका नभएमा वा झुठा ठहरिएमा त्यस्ता विवरणहरूको हकमा आवेदक स्वयं नै जिम्मेवार हुनेछ।

| सि.नं. | वि.नं. | पदका नाम | सेवा, समूह | तह | पद संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ३७/२०७८/७९ | निर्देशक/प्रबन्धक, टेलिकम | प्रा./टे. | १० | ३ | रु.१०००/– |
| २ | ३८/२०७८/७९ | प्रबन्धक,लेखा | प्र./ले. | १० | १ | रु १०००/– |
| ३ | ३९/२०७८/७९ | उप प्रबन्धक, टेलिकम | प्रा./टे. | ९ | ६ | रु.८००/– |
| ४ | ४०/२०७८/७९ | उप प्रबन्धक, लेखा | प्र./ले. | ९ | १ | रु.८००/ |
| ५ | ४१/२०७८/७९ | उप प्रबन्धक, प्रशासन | प्र./प्र. | ९ | १ | रु.८००/– |
| ६ | ४२/२०७८/७९ | वरिष्ठ इन्जिनियर, टेलिकम | प्रा./टे. | ८ | ४ | रु.८००/– |
| ७ | ४३/२०७८/७९ | वरिष्ठ प्राविधिक अधिकृत | प्रा./प्रा. | ८ | १ | रु.८००/– |
| ८ | ४४/२०७८/७९ | वरिष्ठ लेखा अधिकृत | प्र./ले. | ८ | १ | रु.८००/– |
| ९ | ४५/२०७८/७९ | वरिष्ठ प्रशासकीय अधिकृत | प्र./प्र. | ८ | ३ | रु.८००/– |
| १० | ४६/२०७८/७९ | वरिष्ठ व्यापार अधिकृत | प्र./प्र. | ८ | २ | रु.८००/– |
| ११ | ४७/२०७८/७९ | टेलिकम इन्जिनियर, इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन | प्रा./टे. | ७ | ९ | रु.७००/– |
| १२ | ४८/२०७८/७९ | टेलिकम इन्जिनियर, कम्प्युटर | प्रा./टे. | ७ | ३ | रु.७००/– |
| १३ | ४९/२०७८/७९ | टेलिकम इन्जिनियर, इलेक्ट्रिकल | प्रा./टे. | ७ | २ | रु.७००/– |
| १४ | ५०/२०७८/७९ | प्राविधिक अधिकृत | प्रा./प्रा. | ७ | ५ | रु.७००/– |
| १५ | ५१/२०७८/७९ | इन्जिनियर, सिभिल | प्रा./सि. | ७ | १ | रु.७००/– |
| १६ | ५२/२०७८/७९ | लेखा अधिकृत | प्र./ले. | ७ | ६ | रु.७००/– |
| १७ | ५३/२०७८/७९ | प्रशासकीय अधिकृत | प्र./प्र. | ७ | ५ | रु.७००/– |
| १८ | ५४/२०७८/७९ | व्यापार अधिकृत | प्र./प्र. | ७ | ६ | रु.७००/– |
| १९ | ५५/२०७८/७९ | सहायक प्राविधिक अधिकृत | प्रा./प्रा. | ६ | ४ | रु.७००/– |
| २० | ५६/२०७८/७९ | सहायक लेखा अधिकृत | प्र./ले. | ६ | २ | रु.७००/– |
| २१ | ५७/२०७८/७९ | सहायक प्रशासकीय अधिकृत | प्र./प्र. | ६ | १ | रु.७००/– |
| २२ | ५८/२०७८/७९ | सहायक व्यापार अधिकृत | प्र./प्र. | ६ | १ | रु.७००/– |
| २३ | ५९/२०७८/७९ | सिनियर टेक्निसियन | प्रा./प्रा. | ५ | ६ | रु.५००/– |
| २४ | ६०/२०७८/७९ | वरिष्ठ सहायक | प्र./प्र. | ५ | २ | रु.५००/– |
| २५ | ६१/२०७८/७९ | टेक्निसियन | प्रा./प्रा. | ४ | ९ | रु.५००/– |
| २६ | ६२/२०७८/७९ | जुनियर टेक्निसियन | प्रा./प्रा. | ३ | ५ | रु.३००/– |

१. **परीक्षाको किसिम** : लिखित तथा अन्तर्वार्ता, लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ।
२. **परीक्षा दस्तुर बुझाउने प्रक्रिया** : Online दरखास्त फाराम Submit गरे पश्चात् Payment Option मा गई Namaste Pay, Connect IPS, e-Sewa तथा Khalti वालेटहरू मध्ये कुनै एक छनोट गरी भुक्तानी गर्न सकिनेछ वा कम्पनीका महसुल काउन्टरहरूबाट भुक्तानी गर्न चाहने आवेदकहरूले Token No. उल्लेखित Slip सहित ढिलोमा दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) महसुल काउन्टर खुल्ने समयभित्र कम्पनीका महसुल काउन्टरहरूमा गई भुक्तानी गर्न सक्नेछन्।
३. **दरखास्त भर्ने अन्तिम मिति** : २०७८/०८/२३ सम्म।
४. **लिखित परीक्षा सञ्चालन हुने मिति, समय र केन्द** : उपरोक्त विज्ञापनहरूको लिखित परीक्षा लोक सेवा आयोगबाट सूचनामा प्रकाशित गरे बमोजिम तोकिएको मिति, समय र केन्द्रमा सञ्चालन हुनेछ।
५. **पाठ्यक्रम** : लिखित परीक्षाको पाठ्यक्रमहरू यस कम्पनीको website: www.ntc.net.np बाट प्राप्त गर्न सकिने छ।
६. दरखास्त दिने अन्तिम मितिभन्दा पछि प्राप्त हुने शैक्षिक योग्यता, समावेशीको प्रमाणपत्र, परिषद् दर्ता प्रमाणपत्र, तालीम, अनुभव र सेवा अवधि मान्य हुनेछैन। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**

राष्ट्रको सञ्चार
Nepal Telecom

## नेपाल टेलिकम
### (नेपाल दूरसञ्चार कम्पनी लिमिटेड)
### केन्द्रीय कार्यालय

**पदपूर्ति समितिको सूचना नं. १।०७८।७९**

**गो.प.मा प्रकाशित मिति : २०७८।०८।०३**

## कार्यक्षमता मूल्यांकन बढुवाको सूचना

लोक सेवा आयोगबाट सहमति प्राप्त हुन आए बमोजिम यस कम्पनीमा रिक्त रहेका निम्न लिखित पदहरूमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली, २०७८ (पहिलो संशोधन समेत) को विनियम ११, ३५, ३६, ३७, ३८, ३९, ४०, ४१ र ४७ बमोजिम कार्यक्षमता मूल्यांकनको आधारमा बढुवाद्वारा पूर्ति गर्नुपर्ने भएकाले विनियम ३५ को (२) बमोजिम कम्पनीको सम्बन्धित सेवा, समूह वा उपसमूहको एक तह मुनिको पदमा २०७८ साल आषाढ मसान्त सम्म ३ वर्ष स्थायी सेवा अवधि पुगेका तथा अनुसूची–२ बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीहरूले आफूले हासिल गरेको न्यूनतम शैक्षिक योग्यता तथा थप शैक्षिक योग्यता, नियुक्ति तथा सरुवा, रमाना पत्र, ज्येष्ठता, भौगोलिक क्षेत्रको अनुभव र कार्यालय प्रमुख भई कार्य गरेको भए मिति स्पष्ट देखिने प्रमाणपत्रहरू Online फारामको निर्दिष्ट स्थानमा Upload गरी यो सूचना गोरखापत्र दैनिकमा प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र यस कम्पनीको website www.ntc.net.np वा recruit.ntc.net.np मार्फत Online System द्वारा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तोकिएको म्यादभित्र रीतपूर्वक Online मार्फत दरखास्त नभरेमा सो समय पश्चात् बढुवाका लागि दरखास्त फाराम भर्ने कुनै व्यवस्था नभएको व्यहोरा समेत जानकारी गराइन्छ। म्याद नाघी प्राप्त भएको दरखास्त उपर कुनै कारबाही हुने छैन। Online System द्वारा फाराम भर्दा आवेदकले भरेका र Upload गरेका विवरणहरू तोकिए बमोजिमका नभएमा वा झुठा ठहरिएमा त्यस्ता विवरणहरूको हकमा आवेदक स्वयं नै जिम्मेवार हुनेछ।

आवेदकले Online दरखास्त भरे पश्चात् System बाट प्राप्त हुने Token No. उल्लेख भएको Confirmation Slip को प्रतिलिपि संलग्न गरी Online फाराम भर्दा Upload गरिएका कागजातहरूको प्रतिलिपि काठमाडौँ उपत्यकास्थित कार्यालयको हकमा कम्पनीको केन्द्रीय कार्यालय, पदपूर्ति सचिवालयमा र उपत्यका बाहिरका कार्यालयहरूको हकमा सम्बन्धित क्षेत्रीय निर्देशनालय मार्फत केन्द्रीय कार्यालय, पदपूर्ति सचिवालयमा ७ दिनभित्र आइपुग्ने गरी पठाउनुहुन समेत अनुरोध गरिन्छ।

साथै कार्यक्षमता मूल्यांकन बढुवा प्रक्रियामा आवेदकको ज्येष्ठता, शैक्षिक योग्यता, भौगोलिक लगायतका अंक गणना सम्बन्धी कार्य कम्पनीको मानव संसाधन विभाग, किताब शाखाको ERP मा रहेको वैयक्तिक विवरण अनुसार हुने भएकाले आवेदक आफूले हासिल गरेको शैक्षिक योग्यताको प्रमाणपत्र, समकक्षता खुल्ने प्रमाणपत्र, डिभिजन खुल्ने प्रमाणपत्र, स्थायी ठेगानामा परिवर्तन लगायतका विवरणहरू ERP System मा Update नभएको भए सो समेत अनिवार्य रूपमा अद्यावधिक गराउनुहुन अनुरोध गरिन्छ।

**पुनश्च** : नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली, २०७८ को विनियम ३५, ३७, ३८, ३९ र ४० मा भएको संशोधन सम्बन्धी व्यवस्था यो विनियमावली प्रारम्भ भएको मितिले एक वर्षपछि प्रारम्भ हुनेछ भन्ने विनियम ४७ मा व्यवस्था रहेको हुँदा बढुवाको सर्तमा परिवर्तन भएका व्यवस्थाहरूको हकमा साविकको नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली, २०६१ मा रहेको व्यवस्था बमोजिम हुने व्यहोरा समेत अनुरोध छ।

| सि.नं. | वि.नं. | पदका नाम | सेवा,समूह | तह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | १/२०७८/७९ | ना.प्र.नि. तथा निर्देशक | प्रा/टे | ११ | १० |
| २ | २/२०७८/७९ | ना.प्र.नि. अर्थ तथा आ.ले.प. | प्र./ले. | ११ | २ |
| ३ | ३/२०७८/७९ | ना.प्र.नि. प्रशासन | प्र./प्र. | ११ | १ |
| ४ | ४/२०७८/७९ | ना.प्र.नि. कम्पनी सचिव | मिश्रित (प्र./प्रा.) | ११ | १ |
| ५ | ५/२०७८/७९ | निर्देशक/प्रबन्धक, टेलिकम | प्रा/टे | १० | २८ |
| ६ | ६/२०७८/७९ | प्रबन्धक, सिभिल | प्रा./सि. | १० | १ |
| ७ | ७/२०७८/७९ | प्रबन्धक, प्रशासन | प्र./प्र. | १० | ३ |
| ८ | ८/२०७८/७९ | प्रबन्धक,लेखा | प्र./ले. | १० | ३ |
| ९ | ९/२०७८/७९ | उप प्रबन्धक, टेलिकम | प्रा/टे | ९ | २२ |
| १० | १०/२०७८/७९ | उप प्रबन्धक, सिभिल | प्रा./सि. | ९ | २ |
| ११ | ११/२०७८/७९ | उप प्रबन्धक, प्राविधिक | प्रा./प्रा. | ९ | १ |
| १२ | १२/२०७८/७९ | उप प्रबन्धक, लेखा | प्र./ले. | ९ | ३ |
| १३ | १३/२०७८/७९ | उप प्रबन्धक, प्रशासन | प्र./प्र. | ९ | ५ |
| १४ | १४/२०७८/७९ | उप प्रबन्धक, कानुन | प्र./प्र. | ९ | १ |
| १५ | १५/२०७८/७९ | वरिष्ठ इन्जिनियर, टेलिकम | प्रा/टे | ८ | १६ |
| १६ | १६/२०७८/७९ | वरिष्ठ इन्जिनियर, सिभिल | प्रा./सि. | ८ | २ |
| १७ | १७/२०७८/७९ | वरिष्ठ प्राविधिक अधिकृत, निर्माण तथा मर्मत | प्रा./प्रा. | ८ | २ |
| १८ | १८/२०७८/७९ | वरिष्ठ लेखा अधिकृत | प्र./ले. | ८ | ६ |
| १९ | १९/२०७८/७९ | वरिष्ठ प्रशासकीय अधिकृत, कानुन | प्र./प्र. | ८ | १ |
| २० | २०/२०७८/७९ | वरिष्ठ प्रशासकीय अधिकृत | प्र./प्र. | ८ | १२ |
| २१ | २१/२०७८/७९ | वरिष्ठ व्यापार अधिकृत | प्र./प्र. | ८ | ६ |
| २२ | २२/२०७८/७९ | प्राविधिक अधिकृत | प्रा./प्रा. | ७ | १४ |
| २३ | २३/२०७८/७९ | प्राविधिक अधिकृत, निर्माण तथा मर्मत | प्रा./प्रा. | ७ | २ |
| २४ | २४/२०७८/७९ | लेखा अधिकृत | प्र./ले. | ७ | १८ |
| २५ | २५/२०७८/७९ | प्रशासकीय अधिकृत, कानुन | प्र./प्र. | ७ | २ |
| २६ | २६/२०७८/७९ | प्रशासकीय अधिकृत | प्र./प्र. | ७ | १५ |
| २७ | २७/२०७८/७९ | व्यापार अधिकृत | प्र./प्र. | ७ | १५ |
| २८ | २८/२०७८/७९ | सहायक प्राविधिक अधिकृत | प्रा./प्रा. | ६ | ११ |
| २९ | २९/२०७८/७९ | सहायक लेखा अधिकृत | प्र./ले. | ६ | ३ |
| ३० | ३०/२०७८/७९ | सहायक प्रशासकीय अधिकृत | प्र./प्र. | ६ | ३ |
| ३१ | ३१/२०७८/७९ | सहायक व्यापार अधिकृत | प्र./प्र. | ६ | ३ |
| ३२ | ३२/२०७८/७९ | सिनियर टेक्निसियन | प्रा./प्रा. | ५ | १९ |
| ३३ | ३३/२०७८/७९ | वरिष्ठ सहायक | प्र./प्र. | ५ | ८ |
| ३४ | ३४/२०७८/७९ | टेक्निसियन | प्रा./प्रा. | ४ | २६ |
| ३५ | ३५/२०७८/७९ | जुनियर टेक्निसियन | प्रा./प्रा. | ३ | १७ |
| ३६ | ३६/२०७८/७९ | लाइनमेन | प्रा./प्रा. | २ | ३ |

**बढुवा भई पदस्थापन हुने कार्यालयहरू :**

१) **प्राविधिक अधिकृत, तह ७ (प्रा.)** :– दू.सं.का. दार्चुला, बाजुरा, बझाङ, अछाम, बैतडी, रुकुम, मुगु, कालीकोट, जुम्ला, जाजरकोट, हुम्ला, डोल्पा, रोल्पा, जोमसोम, मनाङ, सोलु, भोजपुर, ताप्लेजुङ र खाँदबारी।
२) **टेक्निसियन, तह ४ (प्रा.)** :– दू.सं.का. सुर्खेत, घोराही, मंगलापुर, गैँडाकोट, कावासोती, लहान, मलङ्गवा, इलाम, धनकुटा, धुलाबारी, सुरुङ्गा, काँकरभिट्टा, टंकिसिनवारी, फिदिम, खाँदबारी, ताप्लेजुङ, गाईघाट, भोजपुर, फिक्कल, दिक्तेल, पथरी, सोलु, लुक्ला, दुहवी, तेह्रथुम, कटारी,
३) **जुनियर टेक्निसियन, तह ३ (प्रा.)** :– लेटाङ, नाम्चे, गरुडा, पालुङ, रामेछाप, बुर्तिवाङ, अरुणखोला, त्रिवेणी, गल्याङ, मुर्गिया, खजुरा, चन्द्रौटा, लालमट्टिया, राजापुर, भुरीगाउँ, छिन्चु र भजनी।
४) अन्य पदहरूको हकमा बढुवा सिफारिस हुँदाको योग्यता क्रमका आधारमा उपत्यका बाहिरका कार्यालयहरूमा पदस्थापन गरिने।

**सदस्य सचिव**
**पदपूर्ति समिति**

# बिरामी ओसार्न स्ट्रेचरकै भर



बिरामीलाई स्ट्रेचरमा बोकेर स्वास्थ्यचौकी लगिँदै । तस्बिर : राजन रावत

■ हुम्ला समाचारदाता

हुम्ला, मङ्सिर २ गते। जिल्लाका अधिकांश गाउँबस्तीमा मानिस बिरामी हुँदा अझै पनि स्ट्रेचरकै भरमा अस्पताल पुर्‍याउनुपर्ने बाध्यता छ। ती गाउँमा हालसम्म सडक सञ्जाल नजोडिँदा बिरामीलाई स्ट्रेचरमा बोक्नुपर्ने बाध्यता रहेको हो।

सर्केगाड गाउँपालिका–३, उनपानी गाउँका स्थानीय जयबहादुर महताराले गाउँमा मानिस बिरामी पर्दा डेढ घण्टा पैदल स्ट्रेचरमा बोकेर स्वास्थ्यचौकीमा पुर्‍याइने गरेको बताउनुभयो। उहाँले गाउँमा स्ट्रेचर पनि थोरै भएकाले धेरै बिरामी भए आवश्यकताअनुसार बिरामीलाई बोकेरै अस्पताल पुर्‍याउनुपर्ने बाध्यता रहेको उल्लेख गर्नुभयो।

दुई दिनअघि सुत्केरी व्यथा लागेकी महिलालाई१४ घण्टा स्ट्रेचरमा बोकेर प्रसूतिगृह पुर्‍याइएको जानकारी उहाँले दिनुभयो। चङ्खेली गाउँपालिका–३, मिमीगाउँका धनलाल चौलागाईंले पनि तीन घण्टा लगाएर स्ट्रेचरमा बोकेर बिरामी स्वास्थ्यचौकी ल्याइएको बताउनुभयो। गाउँमा सडक निर्माण भए पनि लोती कर्णालीमा पुल नबन्दा र गाउँपालिकामा एम्बुलेन्स नहुँदा बिरामीलाई स्ट्रेचरमा बोक्नुको विकल्प नभएको उहाँले बताउनुभयो। यो समस्या यी दुई गाउँपालिकाको मात्र नभएर जिल्लाका सातवटै गाउँपालिकामा छ।

स्वास्थ्य सेवा कार्यालयका वरिष्ठ अनमी सरिता बोहराले सडक सञ्जाल नजोडिएका कारण गाउँबाट बिरामी ल्याउन स्ट्रेचर नै भरपर्दो माध्यम भएको बताउनुभयो। स्वास्थ्य सेवा कार्यालय, गाउँपालिका र विभिन्न गैरसरकारी संस्थाबाट स्ट्रेचर सहयोग गाउँगाउँमा पुगेका कारण बिरामी बोक्न भने सहज भएको छ।

## मङ्सिरदेखि एमबीबीएस पढाइ

■ नेत्र शाही

जुम्ला, मङ्सिर २ गते। कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लामा मङ्सिरदेखि एमबीबीएस पढाइ हुने भएको छ। प्रतिष्ठानले मङ्सिर १९ देखि एमबीबीएससहितका शैक्षिक कार्यक्रम सुरु गर्ने जनाएको छ। प्रतिष्ठानका निमित्त उपकुलपति डा. निरेश थापाले एमबीबीएसका २० सिटमध्ये १५ जना भर्ना भइसकेका र पाँच सिट प्रक्रियामा रहेको जानकारी दिनुभयो। २० एमबीबीएससहित अन्य ९० सिटमध्ये ६० सिटमा भर्ना भइसकेको र अन्य प्रक्रियामा रहेको हुँदा आगामी मङ्सिर १९ देखि पढाइ सुरु हुने उहाँले बताउनुभयो।

यता प्रतिष्ठानमा राजनीतिक किचलो झाँगिएको छ। दुई दिनअघि उपकुलपति डा. मङ्गल रावल र रजिस्ट्रार नृपेन्द्र महतलाई स्वास्थ्य मन्त्रालयले कामकाज रोक्ने निर्णय गरेपछि किचलो सुरु भएको हो। त्यसको एक दिनपछि अर्थात् बिहीबार शिक्षाध्यक्ष डा. निरेश थापालाई निमित्त उपकुलपति र वरिष्ठ प्रशासकीय अधिकृत द्वन्द्वबहादुर शाहीलाई निमित्त रजिस्ट्रारको जिम्मा दिइएको छ। नयाँ जिम्मा पाउनुभएका निमित्त उपकुलपति डा. निरेश थापा, निमित्त रजिस्ट्रार द्वन्द्वबहादुर शाही, नर्सिङ डिन सरस्वती गौतम, जनस्वास्थ्य डिन मुनिराज क्षेत्रीसहितका पदाधिकारीले पत्रकार भेटघाट कार्यक्रम आयोजना गरेर प्रतिष्ठानका कुनै पनि काम नरोकिएको र नरोकिने प्रतिबद्धता जनाउनुभएको छ। प्रतिष्ठानको लक्ष्य र उद्देश्यअनुरूप सञ्चालित स्वास्थ्य सेवा प्रवाह तथा प्राज्ञिक कार्यक्रम रोकावट नभएको र नहुने प्रतिष्ठानको विज्ञप्तिमा उल्लेख छ।

# जीर्ण बन्दै राप्ती लोकमार्ग

■ प्रतीक शर्मा

सल्यान, मङ्सिर २ गते। कर्णाली प्रदेशको सल्यान, रुकुमपश्चिम र दाङसम्म पुग्ने राप्ती लोकमार्ग तीन जिल्लाको 'जीवनमार्ग' मानिन्छ। यो लोकमार्ग जीर्ण भएको धेरै वर्ष भइसक्यो तर मर्मत र स्तरोन्नति गर्न कसैको ध्यान पुगेको छैन। दाङदेखि सल्यान–रुकुमसम्म पुग्ने राप्ती लोकमार्ग मर्मत र स्तरोन्नति नहुँदा यात्रुले जोखिमपूर्ण यात्रा गर्नु परेको हो।

हिउँदमा धुलाम्मे र वर्षामा हिलाम्मे हुने भएपछि यस लोकमार्गमा यात्रा गर्ने यात्रुलाई मात्र होइन, गाडी चालकलाई समेत समस्या भएको छ। चालक जुद्धबहादुर खत्रीले बर्सेनि ठाउँठाउँमा सडकमा परेका खाल्डा पुर्ने काम भए पनि ठेकेदारको लापरबाही र सरोकारवाला निकायको बेवास्ताका कारण सडक गुणस्तरीय नभएको बताउनुभयो। चालक नवीन रेउलेले कालोपत्रे गरिएको सडक अहिले कच्चीजस्तै भएको बताउनुभयो। सल्यान रुकुम यातायात व्यवसायी प्रालिका अध्यक्ष अरविन्दकुमार राईले सडक स्तरोन्नतिका लागि सरोकारवाला निकाय गम्भीर नभएको बताउनुभयो। स्तरीय सडक नभएकै कारण एक घण्टामा पुग्ने ठाउँमा अहिले तीन/चार घण्टा लाग्ने गरेको उहाँको भनाइ छ।

२०४० सालमा सम्पन्न भएको राप्ती लोकमार्गमा २०४४/४५ देखि यातायातका साधन सञ्चालन भएको थियो । सडक सञ्चालनमा आएको झन्डै तीन दशकपछि मात्र कालोपत्रे गरिएको सो सडक कालोपत्रे गरेको एक वर्ष नबित्दै सबै उप्किएको छ।

## सिमकोट–खार्पु सडक सञ्चालन

■ हुम्ला समाचारदाता

हुम्ला, मङ्सिर २ गते। गत असोज ३१ देखि अवरुद्ध सिमकोट–खार्पु सडक सञ्चालन भएको छ। पहिरोले भत्काएको सडक मर्मत तथा सडकमा खसेका ढुङ्गा पन्छाउने काम भएपछि सडक सञ्चालन भएको हो।

गाडीचालक जोर बोहराले एक महिनापछि सडक सञ्चालनमा आउँदा यात्रुलाई सहज भएको जानकारी दिनुभयो। पहिरो र सडकमाथिबाट खसेको ठूला चट्टानले दुई दर्जन स्थानमा सडक अवरुद्ध भएको थियो।

पूर्वाधार विकास कार्यालयका प्रमुख देवी ऐडीले लामो प्रयासपछि कार्यालय र हिल्सा–सिमकोट सडक आयोजनाको समन्वयमा अवरुद्ध सडक मर्मत गरेपछि यातायात सञ्चालन गर्न सफल भएको बताउनुभयो।

कात्तिक १५ देखि सडक मर्मत सुरु गरिए पनि मेसिनका लागि आवश्यक इन्धन अभाव हुँदा काम रोक्नु परेको थियो। उहाँले इन्धन जुटाउन निकै प्रयास गरी भत्किएको सडक मर्मत गर्नु परेको बताउनुभयो। उहाँले दुवै निकायको समन्वयमा सात किलोमिटरभन्दा बढी सडक मर्मत गरिएको जानकारी दिनुभयो।

**Nepal Electricity Authority**
Distribution and Consumer Service Directorate
Karnali Provincial Office
Rukum (West) Distribution Centre

**Invitation for Bids**

First Date of notice publication : 2078/08/03 (19th Nov, 2021)

| S. N. | Tender/ Sealed quotation name | Tender Number | For more Detail information |
|---|---|---|---|
| 1 | Electrification at Different Places of Aathabiskot Municipality, Rukum West. | RWDC-2078/079-T01 | **Official website of PPMO** (www.bolpatra.gov.np/egp) and NEA, Rukum west distribution centre, rukum west, phone no: 088-530365, rukum@nea.org.np |

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्
**तनहुँ प्राविधिक शिक्षालय,**
**भिमाद ६, तनहुँमा**

**विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम प्रि–डिप्लोमा कृषि वाली विज्ञान विषयमा वैकल्पीक सुचीमा भएका परिक्षार्थीहरुलाई भर्ना हुने सम्बन्धी अत्यन्त जरुरी सूचना !**

**सूचना प्रकाशित मिति : २०७८।०८।०३**

नेपाल सरकारको आर्थीक वर्ष २०७८।०७९ को बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजीम देशभरीका दलित,मुस्लिम, विपन्न, हलिया, कमैया समेत नेपाल स रकारबाट सुचिकृत सुबिधा बञ्चित (Didadvantage Group) २२ वटा समुहहरुको प्रशिक्षार्थीहरुको लागी विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम यस तनहुँ प्राविधिक शिक्षालय, भिमाद ६, तनहुँमा संचालन हुने प्रि–डिप्लोमा कृषि वाली विज्ञान विषयमा परिषद् परीक्षा नियन्त्रण कार्यालयको मिति २०७८।०७।१८ गते प्रकाशित सूचना बमोजीम मुख्य प्रशिक्षार्थी भर्ना हुन नआएकाले वैकल्पीक सुचीमा भएका परिक्षार्थीहरुले यो सूचना प्रकाशित भएको मितिले सात (७) दिन भित्र शिक्षालयमा भर्ना हुनको लागी निवेदन दिनुहुन सम्बन्धीत सबैको जानकारीको लागी यो सूचना प्रकाशित गएिको छ ।

**विस्तृत जानकारीको लागी शिक्षालयको फोन नं ०६५५७२३०८,९८५६०००२९० सर्म्पक गर्नुहोला ।**

**तनहुँ प्राविधिक शिक्षालय**

## आँखा शिविर सञ्चालन

■ रुकुम समाचारदाता

रुकुम (पश्चिम), मङ्सिर २ गते। यहाँको मुसीकोट नगरपालिकाका तीनवटा वडामा गत सोमबारदेखि आँखा शिविर सञ्चालन भइरहेको छ।

आँखा उपचार केन्द्र सल्लेमा सञ्चालन हुन गइरहेको आँखा अप्रेसन शिविरलाई लक्ष्य गरी आँखा शिविर सञ्चालन गरिएको हो। मुसीकोट नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत बिनाराम खड्काले नगरपालिकाका तीनवटा वडामा आगामी शनिबारसम्म आँखा शिविर सञ्चालन हुने जानकारी दिनुभयो। मुसीकोट नगरपालिका– १० मा रहेको प्रयोगशालासहितको झुलखेत स्वास्थ्य सेवा केन्द्रमा कात्तिक २९ गते, मुसीकोट नगरपालिका–४ को बालकल्याण मावि सोलाबाङमा कात्तिक ३० गते शिविर सम्पन्न भएको छ। मुसीकोट नगरपालिका–१४ को छिबाङ स्वास्थ्यचौकीमा मङ्सिर ४ गते आँखा शिविर सञ्चालन हुने जानकारी प्रमुख खड्काले दिनुभयो। मोतीबिन्दुलगायतका समस्या भई आँखाको शल्यक्रिया गर्नुपर्ने बिरामीलाई लक्ष्य गरेर आँखा उपचार केन्द्र सल्लेमा अप्रेसन शिविर सञ्चालन गरिने र सो कार्यका लागि मुसीकोट नगरापालिकाका विभिन्न वडामा आँखा चेक–जाँच गर्न लागिएको उहाँको भनाइ छ।

# अतिरिक्त क्रियाकलापले शिक्षामा सुधार

■ कालीकोट समाचारदाता

कालीकोट, मङ्सिर २ गते। जिल्लाको सान्नीत्रिवेणी गाउँपालिका–८ को डाँफे माध्यमिक विद्यालयको दैनिक क्रियाकलाप फेरिँदै आएको छ। कुनै बेला कमजोर विद्यालयका रूपमा रहेको डाँफे मावि पछिल्लो समय शैक्षिक गुणस्तर सुधारको बाटोमा लम्केको पाइएको छ।

विद्यालयको भौतिक संरचनादेखि विद्यार्थीको आनीबानीमा सुधार ल्याउन अभियान थालेको विद्यालय प्रशासनले अहिले शैक्षिक सुधारका लागि विद्यालयमा अतिरिक्त क्रियाकलापसमेत गर्न थालेको छ। विषयगत शिक्षणसँगै विद्यालय प्रशासनले साप्ताहिक रूपमा विभिन्न विधामा विद्यार्थीलाई प्रतिस्पर्धा गराउन थालेको छ। विद्यालयका प्रधानाध्यापक हीरामणि सिम्खडाले सिकाइ उपलब्धि के हो भनेर थाहा नपाउने विद्यार्थीले विभिन्न अतिरिक्त क्रियाकलापमा भाग लिन थालेको बताउनुभयो। हप्तामा पाँच दिन पढाउने र एक दिन कक्षागत रूपमा परीक्षा लिने गरिएको छ। उहाँले सबै शिक्षकसँगको सल्लाहमा विभिन्न कार्यक्रम गर्न थालेको र सबैले साथ दिएपछि विद्यार्थीको सहभागिता बढेको उल्लेख गर्नुभयो।

विद्यालयका शिक्षक सुशील शाहीले गाउँपालिकाभरिको एक नमुना विद्यालय बनाउने अभियानमा रहेको जानकारी दिनुभयो। हाल विद्यालयमा जति भर्ना छन्, ती सबै विद्यार्थी सहभागी हुने गरेका छन्। साप्ताहिक अतिरिक्त क्रियाकलापमा भाग लिने विद्यार्थीबीच प्रतिस्पर्धा छ। शिक्षा विकास तथा समन्वय एकाइ कालीकोटका प्रमुख महेशदत्त देवकोटाले सबै जिम्मेवारी स्थानीय सरकारलाई भएकाले विद्यालय राम्रो बनाउने योजना ल्याउनुपर्ने बताउनुभयो।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**कान्ति बाल अस्पताल**
महाराजगञ्ज, काठमाडौं

**बोलपत्र स्वीकृत गर्ने प्रयोजनार्थ आशयको सूचना**

**प्रकाशित मिति : २०७८।०८।०३**

मिति २०७८।०५।२५ गतेको राष्ट्रिय गोरखापत्र दैनिकमा प्रकाशित ठे.सू.नं. १–०७८/७९ चमेना गृह (१०३७ वर्ग फिट) भाडामा दिने प्रयोजनको लागि आव्हान गरिएको बोलपत्रको सूचना बमोजिम सार्वजनिक बोलपत्र आह्वान गरिएकोमा तपसिलमा उल्लेखित बोलपत्रदाताले बोलपत्रमा उल्लेख भए बमोजिम बढि बढाउ मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएकोले उक्त बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्न मुल्याकंन समितिबाट सिफारिस भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि.नं. | ठेक्का सूचना नं. | ठेक्का विवरण | स्वीकृत दरभाउपत्र दाताको नाम र ठेगाना | बहाल कर बाहेक कबोल अंक मासिक रकम रु. | बहाल कर बाहेक ३६ महिनाको जम्मा रकम रु. |
|---|---|---|---|---|---|
| १ | १-२०७८/०७९ | चमेना गृह (१०३७ वर्ग फिट) | चितवन होटल एण्ड रेष्टुरेन्ट काठमाण्डौ | रु. ७,६५,५५५।– | रु. २,७५,५९,९८०।– |

**Nepal Electricity Authority**
Lumbini Province, Provincial Office, Butwal, Rupandehi

**INVITATION FOR BIDS**

National Competitive Bidding
Notice Publication Date : 2078/08/03 (19th November, 2021)

| S. N. | Name of Office | IFB No./ Notice No. | IFB Name/ Job Description | Estimated Amount (NRs) with VAT |
|---|---|---|---|---|
| 1. | Palpa Distribution Center Phone: 075-520511 E-mail: palpa@nea.org.np | NEA-PDC-2078/079-SQ-01 | Upgrading of Conductor of 33 KV line & Stringing of LT line at Palpa District | 9,87,839.36 |
| 2. | | NEA-PDC-2078/079-SQ-02 | Rehabilitation of Distribution line at RainadeviChhahara and Ribdikot Rural Municipality of Palpa District | 12,78,307.56 |
| 3. | | NEA-PDC-2078/079-SQ-03 | Rehabilitation of Distribution line at Tinau, Mathagadi and Rambha Rural Municipality of Palpa District | 12,48,810.21 |
| 4. | | NEA-PDC-2078/079-SQ-04 | Rehabilitation of Distribution line at Tansen Municipality and Purbakhola Rural Municipality of Palpa District | 12,43,993.87 |
| 5. | | NEA-PDC-2078/079-SQ-05 | Rehabilitation of Distribution line at Baganaskali Rural Municipality of Palpa District | 9,06,583.18 |
| 6. | Arghakhachi Distribution Center Phone : 077-420394 E-mail : arghakhachi@nea.org.np | NEA-ADC-2078/079-SQ-01 | Construction of 33 kV line from Phudwang to Kiteni | 7,20,924.55 |
| 7. | | NEA-ADC-2078/079-SQ-02 | Supply and delivery of MS channel, angles, pole clamps, nut bolts and stay sets | - |

For more details please visit PPMO website : www.bolpatra.gov.np/egp

**नेपाल विद्युत प्राधिकरण**
लुम्बिनी प्रदेश, प्रादेशिक कार्यालय, बुटवल

**विद्युत मिटर नामसारी सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७८।०८।०३)

यस लुम्बिनी प्रादेशिक कार्यालय, बुटवल अन्तर्गत रहेका **भैरहवा वितरण केन्द्र, तौलिहवा वितरण केन्द्र, बुटवल वितरण केन्द्र, नयाँमिल वितरण केन्द्र** र **पाल्पा वितरण केन्द्र**बाट मिति २०७८।०८।०२ गतेसम्म प्राप्त ग्राहकहरूको विद्युत मिटर नामसारी सम्बन्धी सूचना नेपाल विद्युत प्राधिकरणको Website : https://www.nea.org.np/regional/5 मा प्रकाशित गरिएको छ। उक्त सूचना बमोजिमका ग्राहकहरूको विद्युत मिटर नामसारी नहुनुपर्ने कुनै कारण भए वा कसैको हकदावी लाग्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सम्बन्धित वितरण केन्द्रहरूमा प्रमाणसहित लिखित उजुरी गर्नुहुन सम्बन्धित सबैलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**कान्तिबाल अस्पताल, महाराजगन्ज**

**एनेस्थेसिया औषधी खरिदको लागि दरभाउपत्र आह्वान गरिएको सूचना**

**सूचना प्रकाशित मिति २०७८।०८।०३**

आर्थिक बर्ष २०७८/०७९ मा यस अस्पतालको लागि आवश्यक तपशिलमा उल्लेखित एनेस्थेसिया औषधी दरभाउपत्रको माध्यमबाट Item Wise मूल्याकंनका आधारमा खरिद गर्नुपर्ने भएकोले उक्त कार्यको लागी नेपाल सरकारबाट इजाजत प्राप्त VAT/ PAN मा दर्ता भएका आयकर तिरेका रजिष्टर्ड कम्पनि/आपूर्तिकर्ता वा अख्तियार प्राप्त फर्महरुबाट नियमानुसार तोकिएका सर्तको अधिनमा रहि कार्य गर्न दरभाउपत्र आव्हान गरिएको छ। दरभाउपत्रमा भाग लिनको लागि तोकिएको दस्तुर तिरेको रसिद बुझाई यस कार्यालयको खरिद इकाईबाट दरभाउपत्र खरिद गर्न सकिने छ। दरभाउत्र सम्बन्धी अन्य थप कुरा बुझ्नु परेमा कार्यलय समय भित्र सम्पर्क राख्न सकिने छ।

**तपशिल**

| सि.नं. | ठे.सु.नं. | बोलपत्र/दरभाउपत्रको नाम | बोलपत्र/दरभाउपत्र दस्तुर रु. | जमानत रकम (रु.) | बोलपत्र/दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र/दरभाउपत्र बुझाउने अन्तिम मिति र समय | बोलपत्र/दरभाउपत्र खोल्ने मिति र समय | विडबण्डको मान्य हुनु पर्ने अवधि |
|---|---|---|---|---|---|---|---|---|
| १ | ६-२०७८/७९ | Anesthesia Medicine | १०००।- | ४७,०००।- | २०७८।०८।१७ गते कार्यालय समय भित्र | २०७८।०८।१९ गते दिनको १२ वजे | २०७८।०८।१९ गते दिनको २ वजे | दर्ता गर्ने अन्तिम मिति वाट घटिमा ७५ दिन |

**नोटः**

- ईच्छुक फर्म तथा व्यवसायीहरुले दरभाउपत्र जमानत वापत तोकिएको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, लैनचौरको रा.वा. बैंक ठमेलमा रहेको, कार्यालयको कोड नम्बर ३७०००३५०३ एकल धरौटी खाता नम्बर ११००१००१०२०३ ०००० मा नगदै जम्मा गरेको सक्कल धरौटी भौचर वा यस कार्यालयको नाममा जारी भएको बोलपत्र खुल्ने मितिबाट कम्तिमा ७५ दिन म्याद भएको वाणिज्य बैंकको बिडबन्ड पेश गर्नुपर्नेछ।
- दरभाउपत्र फाराम उल्लेखित समयभित्र तोकिएको दस्तुर फिर्ता नहुने गरी कोष तथा लेखा नियन्त्रक कार्यालयको रा.बा. बैंक ठमेलमा रहेको कार्यालयको कोड नम्बर ३७०००३५०३ खाता नम्बर १०००२०००१०००० राजश्व शीर्षक नम्बर १४२२९ मा तोकिएको रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।
- दरभाउपत्र फाराम भर्दा कबोल अंक नेपाली मुद्रामा उल्लेख गर्नुपर्नेछ, विदेशी मुद्रामा कवोल गरेमा त्यस्ता दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृति गरिने छैन।
- यस अस्पतालमा तिर्न, बुझाउन बाँकि बक्यौता रहेका, कालो सूचीमा परेका फर्म, कम्पनी, संस्थाले बोलपत्र खरिद प्रक्रियामा भागलिन पाउने छैनन।
- दरभाउपत्रमा भाग लिने दरभाउपत्रदाताहरुले आ.व. २०७७।०७८ को कर चुक्ता प्रमाण पत्र, आ.व. २०७८।७९ सम्म नविकरण भएको फर्म दर्ताको प्रमाण पत्र, कालो सूचिमा नपरेको भनि स्वघोषणा पत्र लगायत अन्य आवश्यक कागजातहरु पेश गर्नुपर्नेछ।
- माथि उल्लेख भए बाहेकका विषयहरु सार्वजनिक खरिद ऐन, नियमावली एवं प्रचलित कानून तथा बोलपत्रमा उल्लेख भए बमोजिम हुनेछन्।
- साथै सूचनामा उल्लेख नभएका विषयहरुको बारेमा बुझ्नु परेमा अस्पतालको खरिद इकाईमा सम्पर्क गर्न सकिने छ।
- २०७८।०८।१२ गते दिनको १:०० बजे कान्ति बाल अस्पालमा प्रि–विड वैठक बस्ने व्यहोरा जानकारी गराइन्छ।



# भीम अस्पताललाई 'चाइल्ड भेन्टिलेटर'

■ भैरहवा समाचारदाता

भैरहवा, मङ्सिर २ गते। प्रतिमान–नीमा स्मृति प्रतिष्ठानले भैरहवास्थित भीम अस्पताललाई 'चाइल्ड भेन्टिलेटर' हस्तान्तरण गरेको छ। प्रतिष्ठानले अस्पताललाई करिब २१ लाख रुपियाँ मूल्य बराबरको एक थान चाइल्ड भेन्टिलेटर हस्तान्तरण गरेको हो।

अस्पताल विकास समितिका अध्यक्ष नारायणप्रसाद भण्डारीलाई भेन्टिलेटर हस्तान्तरण गर्दै प्रतिष्ठानका उपाध्यक्ष तथा पूर्वस्वास्थ्यमन्त्री दीपक बोहराले भीम अस्पताललाई स्वास्थ्य उपकरण हस्तान्तरण गर्न पाउँदा खुसीको अनुभूति भएको बताउनुभयो।

उहाँले अस्पतालको विकासका लागि आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। "जिल्ला अस्पतालका रूपमा रहेको भीम अस्पतालमा रुपन्देहीबाट मात्र नभई विभिन्न जिल्लाबाट बिरामी आउने गरेका छन्, यो अस्पतालको विकासका लागि यहाँका नागरिक तथा सङ्घ–संस्थाको सहयोग रहेको छ", बोहराले भन्नुभयो। अस्पताल विकास समितिका अध्यक्ष नारायणप्रसाद भण्डारीले अस्पतालमा बालबालिकाको वार्ड स्थापना भए पनि बालबालिकाका लागि भेन्टिलेटर नभएको अवस्थामा प्रतिमान–नीमा स्मृति प्रतिष्ठानको सहयोग प्रशंसनीय रहेको बताउनुभयो।

उहाँले चाइल्ड भेन्टिलेटर बालबालिकाको ज्यान बचाउन उपयोगी उपकरण भएको बताउनुभयो। अहिले भेन्टिलेटरमा राखेर सर्पदंशका बिरामीको पनि उपचार भइरहेको उहाँले जानकारी दिनुभयो। यसअघि पनि प्रतिमान–नीमा स्मृति प्रतिष्ठानले अक्सिजन सिलिन्डर, अक्सिजन कन्सन्ट्रेटरलगायत झन्डै एक गाडी स्वास्थ्य सामग्री प्रदान गरेको थियो। अध्यक्ष भण्डारीले अस्पताललाई आत्मनिर्भर र सक्षम बनाउन प्रतिष्ठानको सहयोगले इँटा थपिएको बताउनुभयो। अस्पताललाई ५० शय्या क्षमताको बनाउने निर्णय भए पनि सोअनुसार जनशक्ति नभएको उहाँको भनाइ थियो।

"अस्पतालमा १२० शय्या राखेका छौँ तर यहाँ २५ शय्याको मात्रै जनशक्ति छ", उहाँले भन्नुभयो। अस्पतालमा हालै अक्सिजन प्लान्ट पनि स्थापना गरिएको उहाँले बताउनुभयो। प्रतिष्ठानका निर्देशक धर्मबहादुर केसीले कोरोना महामारीको तेस्रो लहरबाट बालबालिकामा हुन सक्ने जोखिम न्यूनीकरण गर्न अस्पतालको मागअनुसार भेन्टिलेटर हस्तान्तरण गरिएको बताउनुभयो। उहाँले प्रोजेक्ट होपको सहयोगमा लुम्बिनी प्रदेशमा रहेका १३ वटा सरकारी अस्पताल र सातवटै प्रदेशका स्वास्थ्य मन्त्रालयमा कोभिड–१९ विरुद्ध लड्नका लागि करिब ११ करोड मूल्य बराबरको स्वास्थ्य सामग्री व्यवस्था गरी हस्तान्तरण गरिएको बताउनुभयो।

अस्पतालका बालरोग विशेषज्ञ डा. आरिफ हुसेनले चाइल्ड भेन्टिलेटर बालबालिकाका लागि निकै उपयोगी हुने बताउनुभयो। उहाँले भेन्टिलेटरबाट बालबालिकाको तौलअनुसार अक्सिजन दिन सकिने बताउनुभयो।

# प्रदेश सभाको नवौँ अधिवेशन अन्त्य

■ बुटवल समाचारदाता

बुटवल, मङ्सिर २ गते। लुम्बिनी प्रदेश सभाको नवौँ अधिवेशन बुधबार राति १२ बजेदेखि अन्त्य भएको छ।

प्रदेश प्रमुख अमिक शेरचनले नेपालको संविधानको धारा १८३ को उपधारा २ बमोजिम लुम्बिनी प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश सभाको अधिवेशन अन्त्य गर्नुभएको हो।

नेकपा एमाले नेतृत्वको प्रदेश सरकार अल्पमतमा परेपछि साउन २८ गते माओवादी केन्द्रको नेतृत्वमा गठबन्धन सरकार बनेको थियो। माओवादी, काँग्रेस, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाको गठबन्धन




सरकारको सिफारिसमा प्रदेश प्रमुखले गत भदौ १ गते प्रदेश सभाको नवौँ अधिवेशन आह्वान गर्नुभएको थियो।

तीन महिनासम्म चलेको नवौँ अधिवेशनमा मुख्यमन्त्री कुलप्रसाद केसीले एमालेको अवरोधका बीच विश्वासको मत लिनुभएको थियो।

त्यसैगरी प्रदेश सरकारले अघिल्लो सरकारले ल्याएको बजेटको सट्टा प्रतिस्थापन विधेयक ल्याई नीति कार्यक्रमसमेत प्रस्तुत गरेको थियो भने एमालेको अवरोधकै बीच प्रतिस्थापन विधेयक र नीति कार्यक्रम पारित भएको थियो। प्रदेश सभाको नवौँ अधिवेशनबाट प्रदेश सरकारले केही विधेयकसमेत पारित गरेको थियो।

# अत्याधुनिक गौशाला बनाइँदै



तुल्सीपुर उपमहानगरपालिका–१८, बेलझुण्डीमा रहेको गौशाला।

तस्बिर : गोकर्ण पौडेल

■ तुलसीपुर समाचारदाता

तुल्सीपुर, मङ्सिर २ गते। दाङको तुलसीपुर उपमहानगरपालिका–१८ मा अत्याधुनिक गौशाला बनाउन थालिएको छ। नेपाल संस्कृत विश्वविद्यालयको जग्गा लिजमा लिएर योगी आदित्यनाथ फाउन्डेसनले गौ पालनका लागि अत्याधुनिक गौशाला निर्माण गर्न थालेको हो।

गौशालामा गाईको उपचारका लागि अति सघन कक्ष (आईसीयू), एक्स–रे मेसिनसमेत जडान गर्न थालिएको छ। फाउन्डेसनका अध्यक्ष अनिल विष्टका अनुसार अबको छ महिनाभित्र गौशाला निर्माणको सम्पूर्ण काम सम्पन्न गरिने भएको छ। गौशाला निर्माणाधीन अवस्थामै रहेको छ। अहिले दुई सय गाई गौशालामा रहेका छन्।

गौशाला निर्माणका लागि हालसम्म १६ लाख खर्च भएको छ। गौशाला निर्माणका लागि जिल्लाका दसवटा पालिकामध्ये घोराही उपमहानगरपालिकाले मात्रै पाँच लाख रुपियाँ सहयोग गरेको छ। नेपाल संस्कृत विश्वविद्यालयको ४० बिघा जग्गा लिजमा लिएर गौशाला सञ्चालनमा ल्याएको हो। फाउन्डेसनले जग्गा उपयोग गरेबापत विश्वविद्यालयलाई वार्षिक दस लाख रुपियाँ रकम भुक्तानी गर्ने भएको छ।

तुल्सीपुर उपमहानगरपालिकाभित्र मात्रै दुईवटा गौशाला छन्। तुलसीपुर उपमहानगरपालिका–१३ को अम्बापुरमा एक सहकारी संस्थाले गौशाला सञ्चालन गरेको छ। तुलसी गौशाला तथा व्यवस्थापन बहुउद्देश्यीय सहकारी संस्थाले तुलसीपुर–१३, अम्बापुरमा एक हजार गाई अटाउने क्षमताको गौशाला निर्माण गरेको छ।

गौशालाका व्यवस्थापक सागर रेग्मीका अनुसार गौशालामा ५० वटा गाई रहेका थिए भने तीन वर्षको अवधिमा त्यो सङ्ख्या २७५ पुगेको छ। संस्थाले ६६ लाख खर्चिएर अम्बापुरमा तीन बिघा जग्गा खरिद गरेको छ भने तुलसीपुर उपमहानगरपालिकाले १९ कट्ठा जग्गा २० वर्षका लागि उपयोग गर्न दिएको छ।

पालिकाले छ महिना अघिसम्म गौशालामा गाईको हेरचाहका लागि सात जना हेरालुका लागि तलब दिँदै आएको थियो, अहिले भने रकम दिएको छैन।

# 'एक जवान एक बिस्तरा'

■ तौलिहवा समाचारदाता

तौलिहवा, मङ्सिर २ गते। कपिलवस्तु प्रहरीले प्रहरी कर्मचारी सरुवा भएपछि बिस्तरा नै बोक्दै हिँड्नुपर्ने बाध्यता अन्त्य गर्नका लागि 'एक जवान एक बिस्तरा' कार्यक्रमअन्तर्गत म्याट्रेस (डसना) वितरण गरेको छ।

उक्त म्याट्रेस (डसना) प्रहरी उपरीक्षक दानबहादुर कार्की र प्रहरी नायब उपरीक्षक धर्मराज भण्डारीले संयुक्त रूपमा वितरण गर्नुभएको हो। जिल्ला प्रहरी कार्यालय कपिलवस्तुमा कार्यरत प्रहरी कर्मचारीको आधारभूत आवश्यकतालाई मध्यनजर गरी १७३ थान म्याट्रेस (डसना) वितरण गरिएको प्रहरी उपरीक्षक कार्कीले बताउनुभयो।

## नेपाल नागरिक उड्डयन प्राधिकरण
## प्रधान कार्यालय, बबरमहलको

**खुला, समावेशी र आन्तरिक प्रतियोगितात्मक लिखित परिक्षाको परीक्षा केन्द्र निर्धारण सम्बन्धी सूचना**

यस प्राधिकरणबाट मिति २०७८/०३/३१ गतेको गोरखापत्रमा प्रकाशित पदपूर्ति सम्बन्धी सूचना अनुसार खुला तथा समावेशी र आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा संचालनको लागि लोक सेवा आयोगबाट परीक्षा केन्द्र निर्धारण गरिएकोले सो सम्बन्धी विस्तृत सूचना प्राधिकरणको सूचनापाटी र Website: www.caanepal.gov.np मा राखिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै, परिक्षार्थीहरुले परीक्षामा समावेश हुँदा उक्त सूचनाको द्रष्टब्य नं. ८ बमोजिमको कोभिड–१९ सम्बन्धी स्वयं घोषणा फाराम अनिवार्य रुपमा भर्नु पर्ने व्यहोरा समेत अनुरोध छ ।

सदस्य सचिव
पदपूर्ति समिति

## संशोधनको सूचना

**सूचना प्रकाशन मिति : २०७८/०८/०३**

यस बैंकको लागि ७०० थान mPOS बोलपत्र (E-biding) को माध्यमबाट खरिद गर्न मिति २०७८/०७/१० गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा बोलपत्र (Contract ID No ADBL/G6/2078/79) आह्वान भएकोमा उक्त बोलपत्रको ७०० थान mPOS को Technical Specification र Qualification Criteria मा केही संशोधन भएकोले सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। संसोधित Technical Specification, www.bolpatra.gov.np/egp मा हेर्न सक्नुहुनेछ ।

**कृषि बिकास बैंक लि.**
**सामान्य सेवा विभाग**
**मुख्य कार्यालय काठमाण्डौ**
**फोन नं.०१४२६२६१६**

## संशोधनको सूचना

**सूचना प्रकाशन मिति : २०७८/०८/०३**

यस बैंकको लागि २० हजार थान Kisan Credit Card र ६ थान Card Printer बोलपत्र (E-biding) को माध्यमबाट खरिद गर्न मिति २०७८/०७/०९ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा बोलपत्र सूचना (Contract ID No ADBL/G4/2078/79) आह्वान भएकोमा उक्त बोलपत्रको कार्ड प्रिन्टरको Technical Specification मा केही संसोधन भएकोले सम्बन्धित सवैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । संसोधित Technical Specification, www.bolpatra.gov.np/egp मा हेर्न सक्नुहुनेछ ।

**कृषि बिकास बैंक लि.**
**सामान्य सेवा विभाग**
**मुख्य कार्यालय काठमाण्डौ**
**फोन नं.०१४२६२६१६**

**Government of Nepal**
**Ministry of home Affairs**
**Armed Police Force, Nepal**

## Invitation for bids for the following Contracts

**Date of publication: November 19, 2021.**

**[E-submission only]**

1. Armed Police Force Nepal invites electronic bids from Nepalese eligible bidders for the construction of the following Works as specified in table (2) under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information at PPMO website www.bolpatra.gov.np/egp and in the bidding documents.
2. The bidders can download the bidding documents from PPMO website www.bolpatra.gov.np/egp. The cost of bidding documents is as per mentioned in table (2), which should be deposited in respective office revenue account as specified in table (1) till **19 December 2021.**
3. The Bidders should follow the electronic bid submission procedures mentioned in **ITB 18 (ITB 21** b of Single Stage Two envelope bidding procedure) of bid document.
4. Pre-bid meeting shall be held at the respective offices as specified in table (2) at 12:00 pm on **08 December, 2021.**
5. The electronic bids must be submitted to respective offices as specified in table (2) through PPMO website www.bolpatra.gov.np/egp on or before **11:00 AM on December 20, 2021.**
6. The bids will be opened in the presence of Bidders' representatives at **11:05AM on December 20, 2021** at respective office as specified in table (2). Bids must be valid for a period of 90 days after bid opening date.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The bidder must provide any clarification asked by the employer as per sub-clause 4 of clause 23 of Public Procurement Act 2063 (with latest revision) and as per ITB 24 (ITB 27 of Single Stage Two envelope bidding procedure) of bid documents during examination, evaluation and comparison by the date and time given. The bidder who does not provide the clarification of its bid by the date and Time set by the employer will be rejected.
9. Only eligible bidders with the following Experience and Key Activities mentioned in table (2) should participate Bidding procedures.
10. Information not covered in this notice shall be in accordance with bid document, Public Procurement Act 2063 (latest revision), Public Procurement Regulation 2064 (latest revision), Electronic Procurement Directives 2074 and other prevailing Law.

**Table (1)**

| S N. | Name of Office/ Contact No. | Office Code No. | Revenue Account No./ Bank | Revenue Title No. | Security Deposit Account No./ Bank |
|---|---|---|---|---|---|
| 1 | APF Nepal Mountaineering Rescue Training School Manang/066-440297 | 314054002 | 00101000000001001001 (Nepal Bank, Manang ) | 14229 | 12801000002003000001 (Nepal Bank, Manang) |

**Table (2)**

| Contract No. | Name of Office/ Location | Description of Work | Cost of Bid document (Non-Refundable) Nrs. | Bid Security Amount Nrs. | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years Nrs. | Minimum Work experience of similar size and nature (Two number of similar geographical conditions of snow fall area project and value of each project) Nrs. | Key Activities with similar geographical conditions of snow fall area |
|---|---|---|---|---|---|---|---|
| APF/NCB Works/ MRTS, Manang/ 078/079-001 | APF Nepal Mountaineering Rescue Training School Manang | Construction of Shed type Commander block, Shed type Class room, Shed type Barrack, Mess and Septic tank | 5,000 | 780,000.00 | 36,000,000.00 | 24,000,000.00 | Dressed Stone Masonary: 500 $m^3$<br>Wood Paneling Works: 400 $m^2$<br>Eaves Board: 200 Rm<br>Truss Works: 7000 Kg<br>Pointing Works: 600 $m^2$ |

## Notice for Tender Invitation

**(First Day of Publication: 19-November-2021)**

**IFB No. NDCL/ISSD/NCB/03/078-79 for Supply and Delivery of End Point Detection and Response (EDR) Solution**

**Sealed Bids are invited from reputed and competent bidders for Supply and Delivery of End Point Detection and Response (EDR) Solution.**

A complete set of Bid Document may be purchased by any interested eligible bidder on submission of a written application (Please refer to http://eproc.ntc.net.np for Bidder's Eligibility and application format for Tender Document purchasing) to the address given below upon payment of non-refundable fees of NRs. 10,000.00 (Nepalese Rupees Ten Thousand Only).

In case, the last date of submission and opening of the tender date happens to be an official holiday, the next working day will be deemed as the due date and the time will remain same as stipulated.

**Bid Security Amount : (NPR) 5,00,000.00 (Nepalese Rupees Five Hundred Thousands Only)**

**Tender Document on Sale : 19-Nov-2021 Onwards**
**Closing Date and Time : 20th Dec 2021** 11.45 Hrs.
**Opening Date and Time : 20th Dec 2021** 12.00 Hrs.

**Contract Address**

राष्ट्को सन्चार

**NEPAL TELECOM**
**(Nepal Doorsanchar Co. Ltd.)**
**Information System Support Directorate (ISSD)**
**Jawalakhel, Lalitpur, Nepal**
**Tel No.: 977-1-5552555 / Fax No. : 977-1-5537763**
**E-mail: ntc.issd@ntc.net.np**
***For further details please refer to :***
**Website: http://www.ntc.net.np / http://eproc.ntc.net.np**

# बस्ती निर्माण अलपत्र



निर्माणाधीन बगुवाको एकीकृत मिलन बस्ती। तस्बिर : नरेन्द्र ढकाल

■ गोरखा समाचारदाता

गोरखा, मङ्सिर २ गते। भीमसेन थापा गाउँपालिका बगुवामा निर्माणाधीन एकीकृत मिलन बस्तीको निर्माणको काम अलपत्र परेको छ। १३८ घर भूकम्पपीडितलाई राख्नेगरी स्थानीयवासीकै अग्रसरतामा २०७४ सालबाट बस्ती निर्माण सुरु गरिएकामा अहिलेसम्म आधा पनि घर बन्न सकेका छैनन्।

"७० वटाले छानो छाउने काम गरिसकेका छन्, ५० वटा घरको ढलान मात्र भएको छ," एकीकृत मिलन बस्ती पुनर्निर्माण तथा विकास समितिका अध्यक्ष सुकुमार श्रेष्ठले भन्नुभयो, "अन्य घर बन्न बाँकी नै छ।" भूकम्पपछिको पहिरोले गाउँ नै जोखिमयुक्त बनेपछि साबिकको बगुवा गाविस–४ र ५ का स्थानीय बासिन्दालाई स्थानान्तरण गर्नेगरी बस्ती निर्माण थालिएको थियो। त्यहाँका अति विपन्न, एकल महिला, अपाङ्ता भएकालगायत सङ्कटपूर्ण अवस्थामा रहेका ३० घर पीडितलाई भने अक्सफाम नामक गैरसरकारी संस्थाले घर निर्माण गरिदएको थियो। बाँकी घर भने सरकारले दिएको तीन लाख रुपियाँमा आवश्यक रकम थप गरी बनाउने निर्णय स्थानीयवासीले गरेका थिए। उहाँहरूले भनेकोजस्तो घर बनाउन नौ/दस लाख लाग्दो रहेछ।

केहीले ऋण काढेर भए पनि समितिलाई पैसा बुझाएका छन्। तल बस्ने ठाउँ भएकाहरू पन्छिन थालेका छन्। "अझै धेरै जना तल बसिरहनुभएको छ," उहाँले भन्नुभयो, "जीविकोपार्जनका हिसाबले पनि उहाँहरू अहिले तत्काल माथि सर्न नसक्ने अवस्था छ किनकि खेतबारी, बस्तु बाख्रा सबै तल छन्।" माथि सरेकाहरू पनि दिनभर कामका लागि झन्डै एक घण्टा हिँडेर बेँसी झर्नुपर्ने बाध्यता छ।

निर्माण सम्पन्न भएका १३ घर पनि तेस्रो किस्ताका लागि सिफारिस गर्न बाँकी रहेको वडाध्यक्ष प्रेमचन्द्र श्रेष्ठले जानकारी दिनुभयो।

अहिलेसम्म निर्माण सम्पन्न भएका करिब २५ घरमा मात्र मानिस बस्न थालेका छन्। घरहरू फिनिसिङ भइरहेकाले आउने क्रम जारी रहेको उनले बताए। हरेक घरघरमा खानेपानीको धारा जडान गरिएको छ। बस्तीभित्र ६० प्रतिशत बाटो ढलानसमेत भएको छ।

स्थानीय लाभग्राहीको, अन्य व्यक्तिसँग किनिएको र वनसँग साटिएको गरी करिब २०० रोपनी क्षेत्रफलमा उक्त बस्ती निर्माण सुरु गरिएको हो तर सरकारले दिएको अनुदान बस्ती निर्माणमा उपलब्ध गराएका सर्वसाधारण यता न उता भएका छन्। नयाँ घर बनाउन नसक्दा भूकम्पले भत्काएको उनीहरूको पुरानै घरमै बस्नुपर्ने बाध्यता छ।

# लोकमार्ग कालोपत्रेका लागि आन्दोलन

■ गल्कोट समाचारदाता

बागलुङ, मङ्सिर २ गते। मध्यपहाडी लोकमार्गको बागलुङ–घोडाबाँधे खण्ड स्तरोन्नति तथा कालोपत्रे गर्न ढिलासुस्ती भएपछि स्थानीयवासी सडक आन्दोलनमा उत्रिएका छन्। काठेखोला गाउँपालिका–५ र ६ बिहुँका युवाले कालो झन्डा र हातमा कालोपट्टी बाँधेर सडक निर्माणमा ढिलासुस्तीको विरोध गर्नुका साथै छिटो काम गर्न माग गरेका हुन्।

निर्माण कम्पनीको लापरबाहीका कारण ठेक्का सम्झौता भएको लामो समयसम्म पनि उक्त खण्ड कालोपत्रे नभएको स्थानीय युवा दिवस कँडेलले बताउनुभयो। सडक विभाग जिम्मेवार हुनुपर्ने, काम नगर्ने ठेकेदार कम्पनीको लाइसेन्स खारेज गर्नुपर्ने, काम तत्काल थाल्नुपर्नेलगायतका माग राख्दै युवाले दबाब दिन सुरु गरेको कँडेलले बताउनुभयो।

बिहुँको अक्षेतेदेखि इनारपानीसम्म काम गर्ने कम्पनी लामो समयदेखि सम्पर्कविहीन रहेकाले विरोध अभियान सुरु गर्नुपरेको कँडेलले बताउनुभयो। स्तरोन्नतिसहित कालोपत्रे थालिएको सडकका कारण स्थानीयवासीले हिउँदमा धुलो र वर्षायाममा हिलोको सास्ती खेप्दै आएका छन्। वि.सं. २०७२/७३ मा सुरु भएको बिहुँ खण्ड र ०७३/७४ मा सुरु भएको बागलुङ अक्षेते खण्ड तीन वर्षमा सकिनुपर्ने थियो। छ वर्ष समय बितिसक्दासमेत म्याद थप्नेबाहेक काम नभएको भन्दै स्थानीयले बेलाबेलामा विरोध गर्ने गरेका छन्। बागलुङ अक्षेते खण्ड स्तरोन्नति र कालोपत्रेको जिम्मेवारी पाएको भारत सिद्धिसाही जेभीले १२ दशमलव ५ किलोमिटर र बिहुँ घोडाबाँधे खण्डको जिम्मेवारी पाएको सूर्य कन्स्ट्रक्सनले काम नगरेको स्थानीयवासीको आरोप छ।

"चैतसम्म म्याद थप भएको छ, कोभिडको बेला म्याद सबैलाई थपिँदा उनीहरूले पनि पाए" मध्यपहाडी लोकमार्ग आयोजना कार्यालय पर्वतका प्रमुख नारायणदत्त भण्डारीले भन्नुभयो, "हामी खोजी गरिरहेका छौँ, ठेकेदार कम्पनीसँग कुरा गरेर काम अघि बढाउँछौँ।" बेलाबेलामा आउने गरेका निर्माण कम्पनीका प्रतिनिधिले थपिएको समयमा काम सक्ने प्रतिबद्धता जनाउने गरेको भए पनि म्याद थप भएपछि बेखबर हुने गरेका छन्। राष्ट्रिय गौरवको आयोजना भएकाले सङ्घ, प्रदेश र स्थानीय सरकारको खबरदारी निरन्तर हुनुपर्ने स्थानीयवासीको माग छ।

# म्याग्दी काँग्रेसमा गर्बुजा निर्विरोध

■ म्याग्दी समाचारदाता



बेनी, मङ्सिर २ गते। नेपाली काँग्रेस म्याग्दीको सातौँ जिल्ला अधिवेशनबाट सभापतिमा पुनः खमबहादुर गर्बुजा (खम्बीर) निर्विरोध चयन हुनुभएको छ।

निर्वाचन समितिले दिएको उम्मेदवारी दर्ता गर्ने समय बुधबार दिउँसोसम्म सभापति पदमा सभापति गर्बुजाको मात्रै एकल उम्मेदवारी परेपछि उहाँ पुनः दोस्रो पटक निर्विरोध निर्वाचित हुनुभएको निर्वाचन समितिका सदस्य विनय श्रेष्ठले बताउनुभयो। गर्बुजासँगै जिल्ला महिला सदस्यसहित केही पदमा पनि निर्विरोध भएको छ।

निर्वाचन समितिले दिएको जानकारीअनुसार महिलातर्फ जिल्ला सदस्यमा बेनी नगरपालिकाबाट मनकुमारी तुलाचन, अन्नपूर्ण गाउँपालिकाबाट पुष्पा बानियाँ बरुवाल, धौलागिरि गाउँपालिकाबाट रामदेवी पुन र अन्यतर्फ सदस्य पदमा काजीमान रोका निर्विरोध निर्वाचित हुनुभएको छ।


## उद्योग खारेजी सम्बन्धी सूचना

यस **हाइड्रो इम्पायर प्रा.लि.**को उद्योग दर्ता खारेजी गर्ने सिलसिलामा देहाय बमोजिमको विषयमा उक्त उद्योगसँग कसैको दावि विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले **३५ (पैँतीस) दिन** भित्र सो को प्रमाण सहित कम्पनीको रजिष्टर्ड कार्यालय कोटेश्वर, महादेवस्थान सहयोगी नगर, काठमाडौं–३५ वा उद्योग विभाग, त्रिपुरेश्वरमा निवेदन सहित सम्पर्क गर्नहुन अनुरोध छ।

१. उद्योगमा कार्यरत कर्मचारी/कामदारलाई उद्योगको तर्फबाट तिर्न बुझाउन कुनै बाँकी भएमा।
२. उद्योगको विरुद्ध नेपाल सरकारको कुनै निकाय, अदालत वा अन्य निकायमा कुनै उजुरी परेको भएमा।
३. नेपाल सरकारका कुनै निकायलाई उद्योगको तर्फबाट कुनै राजश्व, जरिवाना वा कुनै दायित्व तिर्न वा बुझाउन बाँकी भएमा।

**हाइड्रो इम्पायर प्रा.लि.**
**Hydro Empire Pvt. Ltd.**
**कोटेश्वर, महादेवस्थान सहयोगी नगर, काठमाडौं–३५**


# उन्नाइस हजार सवारी कारबाहीमा

■ तनहुँ समाचारदाता

*तनहुँ, मङ्सिर २ गते। तनहुँमा सवारीसाधनले ट्राफिक नियम उल्लङ्घन गर्ने क्रम बढ्दै गएको छ। ट्राफिक नियम उल्लङ्घन बढेसँगै राजस्व वृद्धि भएको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालयले ट्राफिक चेकजाँचमा कडाइ गरेसँगै राजस्वमा वृद्धि भएको हो।*

*जिल्ला ट्राफिक कार्यालयले चालू आवको पहिलो चौमासिकमा ट्राफिक नियम उल्लङ्घन गर्ने १८ हजार ५५६ सवारीसाधनलाई कारबाही गरेको छ। कात्तिक महिनामा मात्रै पाँच हजार ३०० सवारी कारबाही गरेर रु. ३७ लाख दुई हजार राजस्व सङ्कलन भएको ट्राफिक प्रहरी कार्यालय तनहुँले जनाएको छ।*

*यसैगरी आर्थिक वर्ष ०७५/७६ मा २६ हजार ४४१ सवारीसाधनलाई कारबाही गर्दा रु. एक करोड ६६ लाख ९४ हजार ५०० राजस्व सङ्कलन भएको छ। आर्थिक वर्ष ०७६/७७ मा २१ हजार १५० सवारीसाधनलाई कारबाही गरी रु. एक करोड ३४ लाख ५१ हजार राजस्व सङ्कलन भएको छ। आर्थिक वर्ष ०७७/७८ मा २० हजार सवारीसाधनलाई कारबाही गर्दा रु. एक करोड ३१ लाख २३ हजार ५०० राजस्व सङ्कलन भएको छ।*

*तीव्र रूपमा सवारी चलाउने, ढोका खुला राखेर सवारी चलाउने, जथाभावी गाडी रोकेर यात्रु चढाउने र ओराल्ने, पाटपुर्जा बिग्रिएका गाडी चलाउने, नम्बर प्लेट स्पष्ट नभएको र मादक पदार्थ सेवन गर्ने, क्षमताभन्दा बढी यात्रु राख्ने, सिट थप गर्ने ट्राफिक नियम उल्लङ्घन गरेबापत कारबाही गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय तनहुँका प्रमुख डोलिन्द्रबहादुर हमालले जानकारी दिनुभयो।*

*नियमविपरीत सञ्चालन गरी ट्राफिक कारबाहीमा पर्ने सवारीमा मोटरसाइकल धेरै रहेको उहाँले जानकारी दिनुभयो। दुर्घटना हुनुको कारणबारे चालकलाई साताव्यापी रूपमा सचेत पार्न जिल्लाका छवटा सामुदायिक विद्यालयमा पुगेर सचेतना कार्यक्रम सञ्चालन गरिएको कार्यालयले जनाएको छ।*


## वर्गीकृत डिस्प्ले

### राहदानी हरायो

मिति २०७८।०३।३० गते न्युरोडदेखि महाराजगञ्जसम्म जाँदा मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा फोन नं. ९८६११००६५६ मा खबर गरिदिनुहोला।
**राहदानी नं.** १०६६९०९१
**नाम:** पिपला कोइराला
**ठेगाना:** कपन, काठमाडौँ

## पशुपति क्षेत्र विकास कोष
सञ्चालक परिषद्, देवउद्यान गौशाला

### बोलपत्र रद्द गरेको सूचना

(सूचना प्रकाशित मितिः २०७८/८/३)

आराध्यदेव भगवान श्री पशुपतिनाथसँग सम्बन्धित Website Design of E-Pooja in Pashupatinath Temple PADT/NCB/service/2077-078/S1 कार्यका लागि पशुपति क्षेत्र विकास कोषबाट मिति २०७७ पुस १२ मा प्रकाशित भएको बोलपत्र मिति २०७८/८/२ को निर्णय बमोजिम रद्द गरिएको व्यहोरा सम्बन्धित सरोकारवालामा जानकारी गराइन्छ।

## N.E.A., Kathmandu Grid Division

(Date of publication: 19th November, 2021 (03/08/2078))

**Invitation for Bids for the following National Competitive Bidding :**

| Sealed Quotation/ Tender No. | Description of Works/Jobs | Price of Bid Document | Last Date of Bid Submission/ Opening Time | Bank A/C No |
|---|---|---|---|---|
| KGD/ 2078/079-03(E-bid only) | Supply of Security Service at Kathmandu Grid Division. | Nrs.3000 | 19/12/2021 (04/09/2078) 12.00 Hrs | A/C Name : Kathmandu Grid Division A/C No.:00100105201724 Everest Bank Ltd., Baneswor, Ktm. |
| KGD/ 2078/079-04(SQ) (E-bid only) | Supply & Delivery of Stationary & Miscellaneous items at Kathmandu Grid Division. | Nrs. 1000 | 05/12/2021 (19/08/2078) 12.00 Hrs | |

Eligible Bidders may obtain further information from kathmandugrid@nea.org.np, telephone no. 01-4106979 during office hour or may visit PPMO Web portal www.bolpatra.gov.np/egp

## Invitation of Sealed Quotations

Date of Publication: 2078-8-3

| S.N. | SQ. No | Summary of Works | Bid Security (NRs) |
|---|---|---|---|
| 1 | ESSD/SQ/2-2078-079 | Preparation, Supply and installation of Hoarding Boards under Marsyangdi Corridor (Manang-Khudi-Udipur) 220 kV Transmission Line Project in Manang and Lamajung Districts | 24,000 |

***Note:***
Eligible suppliers are requested to contact the following address for further information and inspect the sealed quotation documents.

***Contract Address:***
**Environment and Social Studies Department,**
**Nepal Electricity Authority**
**Lazimpat, Kathmandu Tel: 01-4435800, Email: env.social@nea.org.np**

## INDUSTRIAL DISTRICT MANAGEMENT LIMITED
(An Undertaking of Government of Nepal)
**Bhaktapur Industrial District Management Office**

### INVITATION FOR BIDS

First Date of Publication of Notice: 2078/08/03

| S.N | Project Title | Contract No | Estimated Amount | Procurement Type |
|---|---|---|---|---|
| 1 | Upgrading of Road and Drain Inside Bhaktapur Industrial District. | BaID/NCB/ WORKS/ 01/078/079 | NRs.16549141.03 inclusive VAT&PS | Works NCB |

Please visit the official website of PPMO, www.bolpatra.gov.np/egp for more details.

## सिलबन्दी दरभाउपत्र नं. NDCL/PD-KTM/SQ-02/078-79 For Supply and Delivery of 12 Core Aerial Optical Fiber Cable खरिद गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

यस नेपाल टेलिकम, प्रादेशिक निर्देशनालय काठमाडौँ, त्रिपुरेश्वरबाट मिति २०७८/०६/१३ गते गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार अन्तिम म्यादभित्र दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरूमध्ये तल उल्लेखित दरभाउपत्र दाता सारभूत रूपमा प्रभावग्राही न्यूनतम मूल्याङ्कित ठहर भई स्वीकृतिका लागि छनोट भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | सिलबन्दी दरभाउपत्र नं. | न्यूनतम मूल्याङ्कित दरभाउपत्र दाताको नाम | कबोल गरेको रकम (मू.अ. कर सहित) |
|---|---|---|---|
| १. | NDCL/PD-KTM/SQ-02/078-79 | M/S Universal Multi Services Pvt. Ltd., Kathmandu | रु.८५,७६,७००।– (अक्षेरुपी पचासी लाख छहत्तर हजार सात सय मात्र) |

राष्ट्रको सञ्चार
**नेपाल टेलिकम**
नेपाल दूरसञ्चार कम्पनी लिमिटेड
प्रादेशिक निर्देशनालय काठमाडौँ

## राष्ट्रिय वाणिज्य बैंक लि.
शाखा कार्यालय, धनकुटा

### निक्षेप हकदाबी सम्बन्धी ३५ दिने सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७८।०८।३)

प्रदेश नं. १, धनकुटा जिल्ला धनकुटा न.पा. वडा नं. ०९ माहाङ धनकुटा स्थायी घर भई हाल ऐ.ऐ बस्ने श्री डम्बर बहादुर घिमिरेको नाति ललित बहादुर घिमिरेको छोरा वर्ष ८२ को श्री गणेश बहादुर घिमिरेको मिति २०७७।१२।०८ मा मृत्यु भएकोले यस बैंकमा रहेको ब.हि.नं.२०१०१०००१९६७८०१० खाताको रकम भुक्तानी पाउँ भनी निज खातावालाको छोरा नाता पर्ने ऐ.ऐ बस्ने पुष्प बहादुर घिमिरेले यस बैंकमा मिति २०७८।०७।२३ मा निवेदन दिएको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र आ–आफ्नो सबुद प्रमाण सहित यस बैंकको शाखा कार्यालय धनकुटामा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम भई जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

## राष्ट्रिय वाणिज्य बैंक लि.
शाखा कार्यालय, फिक्कल

### निक्षेप हकदाबी सम्बन्धी ३५ दिने सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७८।०८।३)

इलाम जिल्ला सूर्योदय न.पा. वडा नं. ११ स्थायी घर भई हाल ऐ.ऐ. बस्ने श्री सागरनाथ आचार्यको मिति २०७७/१२/१५ मा मृत्यु भएकोले यस बैंकमा रहेको ब.हि.नं.२१००१००००७८५६०१० खाताको रकम भुक्तानी पाउँ भनी निज खातावालाको छोरा नाता पर्ने ऐ.ऐ. बस्ने यादव आचार्यले यस बैंकमा मिति २०७८/०७/०३ मा निवेदन दिएको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र आ–आफ्नो सबुद प्रमाण सहित यस बैंकको शाखा कार्यालय फिक्कलमा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम भई जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
## नारायणी अस्पताल
वीरगञ्ज, पर्सा

### विद्युतीय बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८/०८/०३**

यस अस्पतालमा आवश्यक रहेको तपसिल अनुसारका सामग्रीहरू खरिद कार्य गर्नुपर्ने भएकोले सो सम्बन्धी कार्य गर्न इच्छुक फर्म/कम्पनी/सप्लायर्सबाट कम्पनी/फर्म दर्ता प्रमाणपत्र, नवीकरण, कर चुक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपि र कम्पनीको हकमा सञ्चालक समितिको अख्तियारी निर्णय तथा फाराम खरिद दस्तुर बापतको भौचर संलग्न राखी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले देहायमा उल्लेखित समयावधिभित्र (सार्वजनिक बिदा बाहेक) उल्लेखित बोलपत्रको दस्तुर (फाराम शुल्क) बापत रकम (फिर्ता नहुने गरी) कोष तथा लेखा नियन्त्रक कार्यालय (कार्यालय कोड नं. ३७०००२२०१), पर्साको नाममा राष्ट्रिय वाणिज्य बैंक लि. वीरगञ्जमा रहेको खाता नं. १०००१००२०००१०००० जम्मा गरेको भौचर स्क्यान गरी http//www.bolpatra.gov.np/egp बाट बोलपत्र फाराम डाउनलोड गर्नुपर्नेछ। डाउनलोड गरेको बोलपत्र फाराम भरी दस्तखत छाप गरी सोही वेबसाइट मार्फत अपलोड गर्नुपर्नेछ। धरौटी बापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय (कार्यालय कोड नं. ३७०००२२०१), पर्साको नाममा राष्ट्रिय वाणिज्य बैंक, वीरगञ्ज, पर्सामा रहेको खाता नं. १२५०१०००१०२०३०००० मा जम्मा गर्नुपर्नेछ वा स्वीकृति प्राप्त वाणिज्य बैंकको १२० दिन मान्य अवधि भएको बैंक जमानत राख्नुपर्नेछ। रीतपूर्वक म्यादभित्र प्राप्त भएका बोलपत्रहरू बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। निजहरू अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। खोल्ने दिन बिदा परेमा सोको भोलिपल्ट बोलपत्र खोलिनेछ। यस सम्बन्धी थप जानकारीका लागि अस्पताल प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ।

| सि. नं. | IFB No. | बोलपत्रको शीर्षक | फाराम शुल्क रु. | धरौटी रकम रु. | विद्युतीय बोलपत्र सम्बन्धी जानकारी: खरिद गर्ने अन्तिम मिति र समय | दर्ता गर्ने अन्तिम मिति र समय | खोल्ने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | NH/NCB/GOODS/01/078/79 | Supply of Stationary Items | १,०००/०० (एक हजार मात्र) | ४८,४००/०० (अठ्चालीस हजार चार सय मात्र) | २०७८/८/१७ कार्यालय समयभित्र | २०७८/८/१९ १२ बजेसम्म | २०७८/८/१९ २ बजे | सिलबन्दी दरभाउपत्र |
| २. | NH/NCB/GOODS/02/078/79 | Supply of Printing (Press) Items | १,०००/०० (एक हजार मात्र) | ३३,२००/०० (तेत्तीस हजार दुई सय मात्र) | २०७८/८/१७ कार्यालय समयभित्र | २०७८/८/१९ १२ बजेसम्म | २०७८/८/१९ २ बजे | |
| ३. | NH/NCB/GOODS/03/078/79 | Supply of Electric Items | १,०००/०० (एक हजार मात्र) | २७,१००/०० (सत्ताइस हजार एक सय मात्र) | २०७८/८/१७ कार्यालय समयभित्र | २०७८/८/१९ १२ बजेसम्म | २०७८/८/१९ २ बजे | |
| ४. | NH/NCB/GOODS/04/078/79 | Supply of West Management Items | १,०००/०० (एक हजार मात्र) | ४९,८००/०० (उनान्पचास हजार आठ सय मात्र) | २०७८/८/१७ कार्यालय समयभित्र | २०७८/८/१९ १२ बजेसम्म | २०७८/८/१९ २ बजे | |
| ५. | NH/NCB/GOODS/05/078/79 | Supply of Medicine Items | ५,०००/०० (पाँच हजार मात्र) | ८,६५,६००/०० (आठ लाख पैसठ्ठी हजार छ सय मात्र) | २०७८/९/४ कार्यालय समयभित्र | २०७८/९/५ १२ बजेसम्म | २०७८/९/५ २ बजे | बोलपत्र |
| ६. | NH/NCB/GOODS/06/078/79 | Supply of Surgical Items | ३,०००/०० (तीन हजार मात्र) | ६,२६,२००/०० (छ लाख छब्बीस हजार दुई सय मात्र) | २०७८/९/४ कार्यालय समयभित्र | २०७८/९/५ १२ बजेसम्म | २०७८/९/५ २ बजे | |
| ७. | NH/NCB/GOODS/07/078/79 | Supply of X-Ray Films | ३,०००/०० (तीन हजार मात्र) | १,४८,६००/०० (एक लाख अठ्चालीस हजार छ सय मात्र) | २०७८/९/४ कार्यालय समय भित्र | २०७८/९/५ १२ बजेसम्म | २०७८/९/५ २ बजे | |
| ८. | NH/NCB/GOODS/08/078/79 | Supply of Lab. Chemical | ३,०००/०० (तीन हजार मात्र) | १,१७,४००/०० (एक लाख सत्र हजार चार सय मात्र) | २०७८/९/४ कार्यालय समयभित्र | २०७८/९/५ १२ बजेसम्म | २०७८/९/५ २ बजे | |
| ९. | NH/NCB/GOODS/09/078/79 | Supply of Meril-400 | ३,०००/०० (तीन हजार मात्र) | ७१,७००/०० (एकहत्तर हजार सात सय मात्र) | २०७८/९/४ कार्यालय समयभित्र | २०७८/९/५ १२ बजेसम्म | २०७८/९/५ २ बजे | |
| १०. | NH/NCB/GOODS/10/078/79 | Supply of Rasan Items | ३,०००/०० (तीन हजार मात्र) | ६५,५००/०० (पैसठ्ठी हजार पाँच सय मात्र) | २०७८/९/४ कार्यालय समयभित्र | २०७८/९/५ १२ बजेसम्म | २०७८/९/५ २ बजे | |

**नि. प्रमुख मेडिकल सुपरिटेन्डेन्ट**

# एक विद्यालय एक नर्स कार्यक्रमको प्रभाव
# छात्रा बेहोश हुने समस्या रोकियो

■ बाबुराम शर्मा

चरीकोट, मङ्सिर २ गते। दोलखाको सदरमुकाम चरीकोटस्थित भीमेश्वर नगरपालिका–६ मा रहेको पशुपति कन्या मन्दिर माध्यमिक विद्यालयमा छात्रा बेहोश हुने समस्या रोकिएको छ। विद्यालयमा प्रदेशस्तरीय एक विद्यालय एक नर्स कायक्रम लागू भएको दुई वर्षमा छात्राहरू बेहोश हुने समस्या रोकिएको प्रधानाध्यापक गोविन्दनारायण मानन्धरले जानकारी दिनुभयो।

उहाँका अनुसार यो कार्यक्रमले विद्यालयमा अनियमितता हुन छाडेको पनि बताउनुभयो। छात्रालाई गोप्य कुरा नर्सलाई भन्न पनि सजिलो भएको छ। महिनावारीका बेला विद्यालय अनुपस्थित हुने बानी पनि छुटेको छ। परामर्श र स्वास्थ्य सेवाले बेहोश हुने समस्या पूरै रोकिएको हो। पहिला दिनमा आठ/दस जना बेहोश हुने गर्थे। यसले पढाइमा बाधा पुग्ने र अभिभावकलाई बोलाएर घर पठाउने गरेको अनुभव उहाँले सुनाउनुभयो। प्रधानाध्यापक मानन्धरले खुसी व्यक्त गर्नुभयो, "अभिभावकबाट कस्तो विद्यालय हो, सद्दे पठायो बिरामी लिएर जानुपर्ने भन्ने ठाडो गाली सुन्नुपर्थ्यो।"



विद्यालयमा उपचार गरिँदै। *तस्बिर : बाबुराम शर्मा*

विद्यालयमा कार्यरत नर्स सन्तोषी कार्कीका अनुसार सुरुमा दिनमा आठ/दस जना बेहोश हुने गरेकोमा बिस्तारै महिनामा सात/आठ जना र दुई वर्षको अन्तरालमा बेहोश हुन पूरै बन्द भएको छ। समस्या खुलेर भन्न थालेका छन्। महिनावारी हुँदा अनुपस्थित हुने समस्या पनि पूरै हल भएको छ। उहाँले बालकक्षादेखि १० सम्मका छात्रालाई कक्षागत रूपमा परामर्श दिने र उपचार गरेपछि धेरै समस्या हटेर गएका छन्। उहाँले भन्नुभयो, "वर्षमा दुई पटक अभिभावकलाई विद्यलायमा बोलाएर बच्चाका समस्यामा नहिच्किचाइ सहज तरिकाले सहयोग परामर्श दिने गरिएको छ। यसबाट समस्यामा कमी आएको छ।" विद्यलायमा स्यानिटरी प्याडको व्यवस्था छ। प्राथमिक उपचारका साथै प्यारासिटामोलजस्ता दुखाइ कम हुने औषधि पनि दिने गरिएको छ। अलि गाह्रोजस्तो भएमा नजिकको अस्पतालमा पठाउने व्यवस्था गरिएको नर्स कार्कीले बताउनुभयो। प्रदेश सरकारको एक विद्यालय एक नर्स कार्यक्रम यहाँका नौवटा पालिकाका तीन/तीनवटा विद्यालयमा सञ्चालन गरिएको छ।

# चार पालिकामा काँग्रेसको सर्वसम्मत नेतृत्व

■ नेपालगञ्ज समाचारदाता

नेपालगञ्ज, मङ्सिर २ गते। बाँकेका आठमध्ये चारवटा पालिकामा नेपाली काँग्रेसले सर्वसम्मत नयाँ नेतृत्व चयन गरेको छ। बाँकेका चार पालिका नरैनापुर गाउँपालिका, खजुरा नगरपालिका, डुडुवा गाउँपालिका र जानकी गाउँपालिकामा काँग्रेसको सर्वसम्मत नयाँ नेतृत्व चयन गरिएको निर्वाचन समितिले जनाएको छ।

ती चारवटै पालिकामा पूरै कार्यसमिति निर्विरोध भएको प्रमुख निर्वाचन अधिकृत रेवतीरमण भट्टराईले बताउनुभयो। उहाँका अनुसार नरैनापुरको सभापतिमा मेराज अहमद खाँ, खजुराको सभापतिमा रमेश सिजाली, जानकीको सभापतिमा जयराम यादव र डुडुवाको सभापतिमा विजयकुमार यादव निर्विरोध चयन हुनुभएको छ। त्यस्तै नेपालगञ्ज उपमहानगरपालिका, कोहलपुर नगरपालिका, राप्तीसोनारी गाउँपालिका र वैजनाथ गाउँपालिकामा निर्वाचन हुने भएको छ।

नेपालगञ्जको सन्दर्भमा भने त्रिपक्षीय प्रतिस्पर्धा हुने भएको छ। नगर सभापतिका लागि नेपालगञ्ज उपमहानगरका उपमेयर उमा थापामगर, निवर्तमान सभापति प्रशान्त विष्ट र तरुण दल बाँकेका सचिव विनोद रिजाल प्रतिस्पर्धामा हुनुहुन्छ। तीनै जनाले प्यानलसहित उम्मेदवारी दर्ता गराउनुभएको छ। त्यस्तै कोहलपुर नगरपालिकामा वीरेन्द्र शाह र राजेन्द्र श्रेष्ठले प्यानल बनाएर उम्मेदवारी दिनुभएको छ। दुवै समूहले आ– आफ्नो समूहको जितको दाबीसमेत गरेका छन्।

यस्तै राप्तीसोनारी गाउँपालिकामा पनि दुई पक्षबीच प्रतिस्पर्धा छ। भीमबहादुर राना क्षेत्री र तुलाराम खत्री नेतृत्वका दुई प्यानल प्रतिस्पर्धामा देखिएका छन्। यस्तै वैजनाथ गाउँपालिकामा देवबहादुर खत्री, रामबहादुर विष्ट र केशर खड्का सभापतिका उम्मेदवार हुनुहुन्छ। निर्वाचन हुने पालिकामा उम्मेदवारहरूले मतदाताको घरदैलोमा समूहगत रूपमै गएर आफ्ना एजेन्डा प्रस्तुत गर्दै मत मागिरहनुभएको पाइएको छ।


## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति : २०७८।०८।०३)

यस केन्द्रबाट मिति २०७८/०७/१७ (November 03, 2021) गतेको नेपाल गोरखापत्र दैनिकमा प्रकाशित **Supply, Delivery, Installation, Commissioning and Testing of Automatic Rotary Die Cutting Machine With Separator** को बोलपत्र आह्वानको सूचना नं. JEDCMT–18/078/079 अनुसार सोको म्यादभित्र रीतपूर्वक पेस हुन आएका बोलपत्रहरूमध्ये तपसिल अनुसारको बोलपत्र दाताले पेस गरेको बोलपत्र सबैभन्दा न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१) अनुसार स्वीकृतिका लागि छनोट गर्ने निर्णय भएको हुँदा सोही ऐनको दफा २७ (२) र (३) को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना उक्त बोलपत्र दाता तथा सम्बन्धित अन्य सबै बोलपत्र दाताहरूको जानकारीका लागि प्रकाशित गरिएको छ।

| बोलपत्र सूचना नं. | सामानको विवरण | बोलपत्र दाताको नाम, ठेगाना | कुल कबोल रकम (मू.अ. कर बाहेक) |
|---|---|---|---|
| JEDCMT–18/078/079 | Supply, Delivery, Installation, Commissioning and Testing of Automatic Rotary Die Cutting Machine With Separator | श्री न्यू सामना इन्टरप्राइजेज, काठमाडौँ | ९९,९९,९९९।– (अक्षरेपी उनान्सय लाख उनान्सय हजार नौ सय उनान्सय) |

**जनक शिक्षा सामग्री केन्द्र लिमिटेड**
सानोठिमी, भक्तपुर
फोन नं. ६६३०७८७, ६६३११७२



प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT)
**बालाजु स्कुल अफ ईन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी**
बालाजु, काठमाडौं

## भर्ना सम्वन्धी सूचना

(सूचना प्रकाशित मिति : २०७८।०८।०३)

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् परीक्षा नियन्त्रण कार्यालयद्धारा मिति २०७८।०७।२९ गते गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम यस बालाजु स्कुल अफ ईन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी बालाजुमा डिप्लोमा तथा प्रमाणपत्र तह तर्फ मेकानिकल ईन्जिनियरिङ्ग, मेकाट्रोनिक्स ईन्जिनियरिङ्ग र अप्थाल्मीक साईन्स विषयमा र / प्रि डिप्लोमा तह तर्फ वाटर सप्लाई एण्ड स्यानिटरी ईन्जिनियरिङ्ग र मेकानिकल ईन्जिनियरिङ्ग विषयमा प्रशिक्षार्थी भर्नाको लागि केहि कोटा रिक्त रहन गएकोले उक्त विषयहरुमा अध्ययन गर्न ईच्छुक उम्मेद्धवारहरुले आबश्यक प्रकृया पुर्‍याई मिति २०७८।०८।०८ गते कार्यालय समयमित्र फाराम भरी बुझ्उनु हुन यो सूचना प्रकाशित गरिएको छ।

**विस्तृत जानकारीका लागि :**
**फोन नं. : ४३५०-२१३, ४३५०-२२८**
इमेलः bset1962balaju@gmail.com


# घरदैलोमै घुम्ती शिविर

■ तम्घास समाचारदाता

तम्घास, मङ्सिर २ गते। गुल्मीको धुर्कोट गाउँपालिकाले स्थानीय नागरिकलाई घरदैलोबाटै सेवा दिने उद्देश्यले घुम्ती शिविर सञ्चालन गरेको छ। नागरिकलाई घरदैलोबाट सेवा प्रदान गर्नका लागि वडा नम्बर १ को नयाँ गाउँमा घुम्ती शिविर सञ्चालन गरेको गाउँपालिकाले जनाएको छ।

घुम्ती शिविरबाट २१० जनालाई निःशुल्क स्वास्थ्य परीक्षण तथा औषधि वितरण गरिएको छ भने ६० जनाले भिडियो एक्स–रे सेवा लिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत काशीराम पन्थीले जानकारी दिनुभयो। यस्तै शिविरबाट १५८ जना ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरिएको पन्थीले बताउनुभयो। शिविरबाट २३ जनाले सनराइज बैङ्कको नयाँ खाता खोलेका छन्। यस्तै गरी कृषि तथा पशुपन्छी फर्म र पसल गरी नौवटा नवीकरण र पाँचवटा नयाँ दर्ता गरेको गाउँपालिकाले जनाएको छ।

पशु सेवाअन्तर्गत दुई सय दुई परिवारका एक हजार ८९ वटा बाख्रा र ६७ वटा भैँसीलाई औषधि वितरण, ७० बाख्रा र ३५ गाई, भैँसीको गोबर परीक्षण गरिएको गाउँपालिकाले जनाएको छ। नयाँ गाउँकी हीराकुमारी घर्तीले एकीकृत घुम्ती शिविरबाट सेवा पाउँदा आफूलाई खुसी लागेको बताउनुभयो। उहाँले गोरुका लागि औषधि र गोबर परीक्षणदेखि औषधिसम्म पाउँदा स्थानीय सरकार घरमै आएको अनुभूति भएको बताउनुभयो।

६५ वर्षीय रमादेवी खनालले पनि स्वास्थ्य शिविरबाट दम, प्रेसर, ग्यास्ट्रिकलगायतको औषधि लिनुभयो। उहाँले शिविरले आफूजस्ता धेरैलाई फाइदा पुगेको बताउनुभयो। तम्घासमा पाइने सेवा यही (नयाँ गाउँ)मा पाउँदा समय र खर्चको बचत भएको उहाँले बताउनुभयो। यता गाउँपालिकाका अध्यक्ष भुपाल पोखरेलले नागरिकलाई घरदैलोमा सेवा प्रदान गर्नका लागि घुम्ती शिविर सञ्चालन गरिएको जानकारी दिनुभयो। उहाँले आवश्यकताका आधारमा अन्य वडामा पनि शिविर सञ्चालन गर्ने योजना रहेको बताउनुभयो।

# लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान

■ रामेछाप समाचारदाता

रामेछाप, मङ्सिर २ गते। जिल्लाको मन्थली नगरपालिकाले वडास्तरमा किशोरीका लागि अभिमुखीकरणसहित विभिन्न कार्यक्रम गरी लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान मनाउँदै छ। नोभेम्बर २५ अर्थात् मङ्सिर ९ गते सचेतनमूलक र्‍याली गरी अभियानको आरम्भ गरी साँझ जिल्ला सदरमुकाम मन्थलीको देवकोटा चोकमा दीप प्रज्वलन गर्न लागिएको छ। मङ्सिर १० गते लैङ्गिक हिंसाविरुद्धको सचेतना कक्षा सञ्चालन गरिने नगरपालिका प्रमुख रमेशकुमार बस्नेतले बताउनुभयो।

उहाँका अनुसार मङ्सिर १२, १३ र २१ गते विभिन्न वडामा किशोरीका लागि अभिमुखीकरण कार्यक्रम, १५ गते एचआईभी एड्सविरुद्धको दिवस, १९ गते स्वास्थ्य स्वयम्सेविका दिवस र २० गते पाठेघर परीक्षणको कार्यक्रम नगरपालिकाले सञ्चालन गर्नेछ।


प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
**शहीद नेत्रलाल बहुप्राविधिक शिक्षालय**
शारदा न.पा. - ४, सल्यान

## शैक्षिक सत्र २०७८/७९ को डिप्लोमा तहको विशेष छात्रवृत्तिमा वैकल्पिक/उत्तीर्ण सूचीमा रहेका प्रशिक्षार्थीहरूका लागि अत्यन्त जरुरी सूचना

**प्रकाशित मिति : २०७८।०८।०३**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, सानोठिमी भक्तपुरको मिति २०७८।०७।१८ को प्रकाशित सूचना अनुसार यस शिक्षालयमा डिप्लोमा तहको सिभिल इन्जिनियरिङ विशेष छात्रवृत्ति नतिजाको मुख्य परीक्षार्थीहरूको भर्ना प्रक्रिया मिति २०७८।०८।०२ गते शिक्षालय समय ५ बजे समाप्त भई तपसिल प्रदेशका सिटहरू रिक्त रहन गएकोले सम्बन्धित कोटाका योग्यता क्रमानुसार वैकल्पिक/उत्तीर्ण सूचीमा रहेका प्रशिक्षार्थीहरूले सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र आवश्यक कागजात सहित शिक्षालयमा निवेदन दर्ता गराउनका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| सि.नं. | प्रदेश | रिक्त सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | १ | ४ | |
| २ | २ | ४ | |
| ३ | बागमती प्रदेश | २ | |
| ४ | गण्डकी प्रदेश | १ | |
| ५ | लुम्बिनी | ० | |
| ६ | कर्णाली | ४ | |
| ७ | सुदूरपश्चिम | ३ | |
| | **जम्मा** | **१८** | |

शिक्षालय प्रमुख



**नेपाल विद्युत प्राधिकरण**
वितरण तथा ग्राहक सेवा निर्देशनालय
**गण्डकी प्रादेशिक कार्यालय**

## बोलपत्र आह्वान/सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना/सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचनाहरू

(सूचना प्रकाशित मिति : २०७८।०८।०३)

**१) बोलपत्र आह्वानको सूचनाः**

**गण्डकी प्रादेशिक कार्यालय** (फोन नं. ०६१-४६५३२१, इमेलः **pokhara.ro@nea.org.np**)

| सि.नं. | बोलपत्र नं. | कार्य विवरण |
|---|---|---|
| १. | GPO-2078/079-03 (E-Bid) | Supply and Delivery of Fully Galvanized Line Material Hardwares ( Channels, Pole clamps and Nut Bolts) |

**२) सिलबन्दी दरभाउपत्र आह्वानको सूचनाः**

**लेखनाथ वितरण केन्द्र** (फोन नं. ०६१-५६००३२, इमेलः **lekhnath@nea.org.np**)

| सि.नं. | सिलबन्दी दरभाउपत्र नं. | कार्य विवरण |
|---|---|---|
| १. | LDC-078/079-01(SQ) | Supply and Delivery of Electrical Goods at Lekhnath Distribution Center, Talchok,Kaski |
| २. | LDC-078/079-02(SQ) | Supply and Delivery of Electrical Line materials at Lekhnath Distribution Center, Talchok,Kaski |
| ३. | LDC-078/079-03(SQ) | Supply and Delivery of Printing Items and Other Materials at Lekhnath Distribution Center, Talchok,Kaski |

**३) सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचनाः**

**मनाङ वितरण केन्द्र** (फोन नं. ०६६-४४०२८३, इमेलः **manang@nea.org.np**)

| सि.नं. | सिलबन्दी दरभाउपत्र नं. | छनोट भएको सिलबन्दी दरभाउपत्र दाताको नाम र ठेगाना | कबोल रकम रु. (मू.अ.कर सहित) |
|---|---|---|---|
| १. | NEA-MANANGDC-2078/079-06 | D.D Transport, Myagdi | रु. ३,८९,८५०।०० |

**For details please visit www.bolpatra.gov.np/egp &_For further information please contact respective offices.**


# लागूऔषध न्यूनीकरण गर्न संयुक्त अभियान चलाइने

■ नेपालगञ्ज समाचारदाता

नेपालगञ्ज, मङ्सिर २ गते। खुला सिमानाका कारण नेपालगञ्जमा बढ्दै गएको लागूऔषध ओसारपसार र दुर्व्यसन न्यूनीकरणका लागि लागूऔषध दुर्व्यसनविरुद्धको क्षेत्रमा कार्यरत विभिन्न सङ्घ–संस्थाले संयुक्त रूपमा विशेष अभियान सञ्चालन गर्ने भएका छन्। नवकिरण पुनर्स्थापना केन्द्र, प्रेरणा, सामना, नयाँ आशा, चेन्ज टिम, सभ्य पाइला, नव दृष्टि, प्रयासलगायतका विभिन्न सङ्घ–संस्थाले एक्लै एक्लै न्युनीकरण गर्न नसक्ने ठहर गरेर संयुक्त विशेष अभियान सञ्चालन गर्ने निर्णयमा पुगेका हुन्।

उनीहरूले पहिलो पटक मिलेर नाकादेखि नगरसम्म विभिन्न सचेतनामूलक तथा आयमूलक कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको नवकिरण पुनर्स्थापना केन्द्रका प्रमुख उत्तम खरेलले बताउनुभयो। उहाँले उपमहानगरको सहयोगमा संयुक्त रूपमा विभिन्न कार्यक्रम गर्ने तय गरिएको बताउनुभयो।

बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्यायले लागूऔषध दुर्व्यसन एक जना व्यक्ति र एक परिवारको मात्र समस्या नभई सिङ्गो देशको साझा समस्या भएको जनाउँदै न्यूनीकरण गर्ने जिम्मेवारी पनि सबैको साझा रहेको बताउनुभएको छ।


## Invitation for Bids

**Nepal Oil Corporation Limited**
**Fuel Depot Office Nepalgunj, Banke**
**Date of Publication : 2078/08/03 (2021/11/19)**

1. Nepal Oil Corporation Limited Fuel Depot Nepalgunj invites electronic bids from eligible bidders for the procurement of following works under National Competitive bidding (NCB) procedures specified in Public Procurement Act and Regulations.

| S. N. | Contract ID | Description of works | Estimated amount without VAT, PS & Contengencies (NRs.) | Price of Bid Document (NRs.) | Bid Security Amount (NRs.) | Bid Validity Period (Days) |
|---|---|---|---|---|---|---|
| 1. | NCB/NOC/WORKS/NEPALGUNJ/05/2078-79 | Construction of Boundary Wall, Drain, and Sanitary at Fuel Depot Office Nepalgunj, Banke | 1,71,82,249.66 | 3,000.00 | 480,000.00 | 90 |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of ***Nepal Oil Corporation Limited, Fuel Depot Office Nepalgunj*** or may visit e-GP system: www.bolpatra.gov.np/egp.
3. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.
   Name of the Bank:
   **Account name** : Nepal oil corporation Limited Fuel Depot Nepalgunj
   Bank of Kathmandu Limited (Dhamboji Branch) Nepalgunj
   **Office Account No.** : 010500000555524
4. Pre-bid meeting shall be held at Nepal Oil Corporation Limited, Fuel Depot,Nepalgunj at 14:00 hrs on 2078/08/24 (2021/12/10) or through Physical presence. The bidders are required to send an authorized letter containing the name list of participant/s (max. two), via email:mwro.npj@noc.org.np by 17:00 Hrs(NST), 2078/08/22 (2021/12/08).
5. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of Nepal Oil Corporation Limited on or before 12:00 hrs on 2078/09/05 (2021/12/20).
6. Bids shall be opened in presence of Bidders' representatives who choose to attend on 14:00 hrs on 2078/09/05 (2021/12/20) at the office of Nepal Oil Corporation Limited, Fuel Depot Nepalgunj.
7. **Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security valid for minimum 30 days beyond the bid validity period.**
8. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
9. Bidders are advised to visit the delivery site and access the actual site condition before submitting their bid.
10. Bids should comply in all respects with the instruction to bidder included in the bid document. Noncompliance with this instruction will result in disqualification.
11. NOC reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.



## Invitation for Bids

**Nepal Oil Corporation Limited**
**Fuel Depot Office Nepalgunj**
**Nepalgunj, Banke**

Invitation for Bids for the ***Construction of Parking Yard at Nepalgunj Fuel Depot at Nepalgunj, Banke***
Contract Identification No: NCB/NOC/WORKS /NEPALGUNJ/04/2078-79
**First Date of publication: 2078/08/03**

The Nepal Oil Corporation Limited, Fuel Depot Office, Nepalgunj *has allocated funds towards the cost of* Construction of Parking Yard at Nepalgunj Fuel Depot at Nepalgunj, Banke and intends to apply part of the funds to cover eligible payments under the Contract *for* Construction of Parking Yard at Nepalgunj Fuel Depot at Nepalgunj, Banke Contract No.: NCB/NOC/WORKS /NEPALGUNJ/04/2078-79 under **NCB-Single Stage Double Envelope Bidding Procedure.**

1. Bidding is open to all eligible as per Section V of bidding document.
2. ***Fuel Depot Office Nepalgunj, Nepalgunj, Banke*** invites electronic bids from eligible bidders for the ***Construction of Parking Yard at Nepalgunj Fuel Depot at Nepalgunj, Banke*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs. 2,60,00,000.00 (Excluding VAT).***
   - Participation as Prime contractor, management contractor, or subcontractor, in at least ***One Civil Work Contracts*** within the last ten (10) years, each with a value of at least **NRs 2,00,00,000.00** that have been successfully or are substantially completed and that are similar to the proposed works. The similarity shall be based on the physical size, complexity, methods, technology or other characteristics as described in Section VI, Works Requirements.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents from PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit **NRs. 5,000/- (In Words: Five Thousand Only)** for bidding document in the Project's Rajaswa (revenue) account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Bank of Kathmandu Limited, Dhamboji, Nepalgunj, Banke
   Name of Office: Nepal Oil Corporation Limited
   Office Account no.: 010500000555524
5. Pre-bid meeting shall be held at ***Fuel Depot Office Nepalgunj*** at ***2:00 PM on 2078/08/24.***
6. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00 PM*** on ***2078/09/05.*** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2:00 PM on 2078/09/05*** at the office of Fuel Depot Office Nepalgunj, Banke.
8. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a **bid security** or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **NRs.5,50,000/- (In Words: Five Lakhs Fifty Thousand Only),** which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the **next working day** shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. The Employer **reserves the right to accept or reject, wholly or partly** any or all the bids without assigning reason, whatsoever.
11. Other mandatory information as per **Public Procurement Act 2063** and **Public Procurement Regulation 2064** with recent amendments.

# भारतले घोषणा गरेको सहयोग चाँडै



कुराकानी गर्दै भाजपा प्रवक्ता विजय सोन्कर शास्त्री । तस्बिर : धीरेन्द्रप्रसाद साह/जनकपुर

■ धीरेन्द्रप्रसाद साह

जनकपुर, मङ्सिर २ गते। धार्मिक भ्रमणमा रहनुभएका भारतीय जनता पार्टीका प्रवक्ता विजय सोन्कर शास्त्रीले नेपाल–भारत सम्बन्ध पौराणिक र ऐतिहासिक रहेको चर्चा गर्नुभएको छ। उहाँले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले जनकपुरधाम क्षेत्रका विकासका लागि घोषणा गर्नुभएको रुपियाँ चाँडै उपलब्ध गराउनेसमेत बताउनुभयो।

जनकपुरधाममा पत्रकारसँगको कुराकानीमा प्रवक्ता शास्त्रीले यस्तो बताउनुभएको हो। भारतीय प्रधानमन्त्री मोदीले जनकपुरधामको विकासका लागि घोषणा गर्नुभएको सय करोड रुपियाँ चाँडै भारत सरकारले उपलब्ध गराउने उहाँले बताउनुभयो।

उहाँले भारत सरकारले सञ्चालन गर्ने रामायण सर्किट रेल्वे योजनामा जनकपुरधामलाई पनि समावेश गरिने योजना रहेको जानकारी दिनुभयो। नेपाल–भारतबीचको सम्बन्ध पौराणिककालदेखि प्रगाढ रहेको उहाँले भन्नुभयो, धार्मिक, सांस्कृतिक एवं राजनीतिक सम्बन्ध अझै प्रगाढ हुँदै जान्छ। भारत सरकार सधैँ नेपालको हितको पक्षमा छ।

जनकपुरधामस्थित जानकी मन्दिर पूजाअर्चनाका लागि पुगेको बेला उहाँलाई मन्दिरका महन्थ रामतपेश्वर दासले गाई तस्करी रोक्न आग्रह गर्दै भन्नुभयो, "नेपालमा गौ हत्या भइरहेको छैन। भारतमा चार/चार जना शङ्कराचार्य छन् तर गौ हत्या भइरहेको छ। यसलाई रोक्नुपर्छ। मेरो यो सन्देश प्रधानमन्त्री नरेन्द्र मोदीसम्म पुऱ्याइदिनुस्।"

प्रवक्ता शास्त्री जनकपुरधाम उपमहानगरपालिका–७ स्थित सवरी कुटीमा दलित समुदायका अगुवा, विभिन्न राजनीतिक दलका नेतासँग पनि भेटघाट गर्नुभएको छ। यसअघि जनकपुर विमानस्थलमा उहाँलाई प्रदेश २ का जनता समाजवादी पार्टीका सांसद चमेलीदेवी दास, लोसपा नेता वृशेषचन्द्र लाल राजनीतिकर्मी देवेन्द्र यादव, दलित विकास समितिका उपाध्यक्ष रामप्रवेश बैठालगायतले स्वागत गर्नुभएको थियो।

## गाउँपालिकामा पहिलो बर्थिङ सेन्टर

■ सर्लाही समाचारदाता

सर्लाही, मङ्सिर २ गते। सर्लाहीको दक्षिण–पूर्वी ग्रामीण भेगको पर्सा गाउँपालिकामा पहिलो पटक बर्थिङ सेन्टर स्थापना गरिएको छ। सो गाउँपालिकाको वडा नं. ५ स्थित पर्सा गाउँमा बर्थिङ सेन्टर स्थापना गरी सञ्चालनमा ल्याइएको हो।

गाउँमै बर्थिङ सेन्टर बनेसँगै अब त्यस पालिकाभित्रका सुत्केरी गराउन सहज हुने भएपछि स्थानीयवासी खुसी भएका छन्। यसअघि त्यहाँका गर्भवतीलाई छिमेकी हरिपुर्वा नगरपालिकाको धनकौल बर्थिङ सेन्टर वा सदरमुकाम मलङ्गवाका अस्पतालमा पुऱ्याउनुपर्ने बाध्यता थियो। जटिल अवस्थाका सुत्केरीलाई जनकपुरसम्म पुऱ्याउने गरिएको छ। पर्सा गाउँपालिकाका स्वास्थ्य शाखा संयोजक नवलकिशोर महतोले सामान्य अवस्थाका सुत्केरीलाई अब गाउँकै बर्थिङ सेन्टरमा सुत्केरी गराउन सक्ने गरी स्वास्थ्यकर्मी र उपकरणको व्यवस्था मिलाइएको बताउनुभयो।

बर्थिङ सेन्टरमा तत्कालका लागि करारमा चार जना अनमी नियुक्त गरिएको छ। सरकारले गर्भवतीलाई स्वास्थ्य संस्थामा सुत्केरी गराउन प्रोत्साहन गर्दै आइरहेको भए पनि यस गाउँपालिकामा भने अझै पनि अधिकांश गर्भवतीलाई घरमै सुत्केरी गराउने प्रचलन रहेको स्वास्थ्य शाखाका संयोजक महतोले बताउनुभयो।

# छिन्नमस्तामा सेवा अनिश्चितकालीन ठप्प

■ ललिता साह



बोदेबर्साइन (सप्तरी), मङसिर २ गते। सप्तरीको छिन्नमस्ता गाउँपालिकाभित्रका शिक्षक तथा कर्मचारीले पाउनुपर्ने सेवा सुविधा नपाएको भन्दै १९ वटा विद्यालयको पठनपाठनसहित गाउँपालिका कार्यालयबाट प्रवाह हुने सम्पूर्ण कामकाज अनिश्चितकालका लागि ठप्प पारेका छन्।

पालिकाका कर्मचारी साउनयतादेखि तलब सुविधा नपाएपछि कात्तिक ११ गतेदेखि सङ्घर्ष समिति गठन गरी चरणबद्ध आन्दोलनमा उत्रिएका हुन्। बुधबारबाट पालिकाका १३५ शिक्षक/शिक्षिका र सम्पूर्ण कर्मचारी पेनडाउन गरी गाउँपालिका कार्यालयमा धर्नामा बसेको सङ्घर्ष समितिका संयोजक श्यामनारायण दासले जानकारी गराउनुभयो।

गाउँपालिकाका निमित कार्यकारी प्रमुख महेश शर्मा कार्यालय प्रमुख हुनुहुन्न, गाउँ सभा पनि भएको छैन, तलब दिने आर्थिक अधिकार पनि नपुग्ने उहाँ बताउनुहुन्छ। उहाँका अनुसार तीन वर्षदेखि गाउँ सभा भएको छैन। गत असारमा स्वास्थ्य शाखा प्रमुख मदनेश्वर चौधरीलाई निमित तोकेर कर्मचारीको तलब निकासा गर्न लगाएको स्मरण गर्दै त्यसलगत्तै चौधरीको विरोध गरी हटाएको बताउनुभयो।

"अहिले यहीँका अर्का कर्मचारी महेश शर्मा निमित्त हुनुहुन्छ तर आर्थिक अधिकार नदिएर हामीले साउन महिनादेखि नै तलबलगायत कुनै प्रकारको आर्थिक सुविधा पाउन सकेका छैनौँ", दास भन्नुहुन्छ। हाकिम छैनन्, कसले तलब दिन्छ ? गाउँपालिका अध्यक्ष सूर्यनारायण मण्डल बताउनुहुन्छ। गाउँपालिका उपाध्यक्ष उषा मण्डल छिट्टै गाउँ सभा गरिने र सभा सम्पन्न हुनेबित्तिकै कर्मचारीको तलब वा अन्य सबै काम हुने बताउनुहुन्छ।

गाउँपालिकाको कृषि शाखामा दुई वर्षदेखि कर्मचारी विवादकै कारण कुटाकुटसम्मको स्थिति सिर्जना भयो। त्यसको समाधान हुन नसकेर किसानका लागि आएको अनुदानलगायत कुनै काम हुन नसकेको शाखाले जनाएको छ।

**१९ वटा विद्यालयको पठनपाठनसहित गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण कामकाज अनिश्चितकालका लागि ठप्प**

त्यस्तै स्वास्थ्य शाखामा विगत दुई वर्षदेखि सिटामोल, जीवनजलसमेत नरहेको तर पालिकाले सभा नै नगरेपछि पैसा कसरी खर्चिने भन्दै औषधि खरिद हुन सकेको छैन। "गरिब जनता औषधि माग्न आउँछन्, त्यसै फर्काउँछु, कसरी शाखा चलाउनु ?", स्वास्थ्य शाखा प्रमुख मदनेश्वर चौधरीले बताउनुभयो।

तीन वर्षदेखि लगातार गाउँपालिकामा भएको अनियमिता, सभा नै नगरी बजेट खर्च गर्न नसक्ने परिपाटी, कर्मचारीको पदपूर्ति तथा करारका कर्मचारीको हालीमुहाली, आफ्नो भवन बनाउन नसकेको, विकास निर्माण कार्य गर्ने नसकेको, जिन्सी सामान हिनामिना भएको, कार्यालय व्यवस्थापन गर्न नसकेको भन्दै पालिकामाथि जनगुनासो रहँदै आएको छ।

शिक्षा, स्वास्थ्य, कृषि, बेरोजगारी, आयुर्वेद, भेटेरिनरी, पोषण, सरसफाइ, विकास पूर्वाधार, सडक, विद्युत्, खानेपानी, सीपमूलक कार्यक्रमलगायत प्रायः सबै शाखा बेथितिकै हालतमा रहेको निमित प्रमुख महेश शर्माले जानकारी दिनुभयो।

# काँग्रेसको विवाद उग्र

■ सर्लाही समाचारदाता

सर्लाही, मङ्सिर २ गते। सर्लाहीमा नेपाली काँग्रेसको विवाद उग्र बन्दै गएको छ। दुई समूहबीचको विवादले गर्दा बिहीबारका लागि तय भएको वडा अविधेशन पनि हुन सकेन।

वडा अधिवेशन गराउन निर्वाचन अधिकृत खटाउने विषयमा पार्टी कार्यालय मलङ्गवामा छलफल चलिरहेको समयमा बिहीबार बिहान दुई समूहका नेता कार्यकर्ताबीच कुटाकुट नै भएको छ। त्यस क्रममा दुवै पक्षका केही नेता कार्यकर्ता घाइते भएका छन्। सर्लाहीमा काँग्रेसका केन्द्रीय सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा निकट जिल्ला सभापति नागेन्द्रकुमार राय र वरिष्ठ नेता रामचन्द्र पौडेल निकट पूर्वजिल्ला सभापति लक्ष्मण राय पक्षबीच विवाद छ।

निर्वाचन अधिकृत पाण्डेले गएको सोमबार दुवै पक्षलाई राखेर बिहीबारका लागि वडा अधिवेशन गराउने सहमति जुटाउनुभएको थियो तर विवादका कारण बिहीबार अधिवेशन नै हुन सकेन।

वडा अधिवेशन गराउन मतदान अधिकृत खटाउने विषयमै विवाद देखिएको छ। मतदान अधिकृत छानिसकिएको भए पनि उनीहरूको खटन पटनमा विवाद देखिएको हो।

पूर्वजिल्ला सभापति लक्ष्मण रायले पार्टी सभापतिले एक पक्षीय रूपमा मतदान अधिकृत खटाउन खोजेको आरोप लगाउनुभएको छ। उहाँले पूर्वसहमति विपरीत निर्वाचन कार्यालयसमेत पार्टी कार्यालयबाट रातारात सभापति निकट होटलमा सारिएको बताउनुभयो।

**पार्टी कार्यालयमा छलफल चलिरहेको समयमा बिहीबार बिहान दुई समूहका नेता कार्यकर्ताबीच कुटाकुट**

पूर्वसभापति रायले जिल्ला सभापति निकट प्रदेश २ सरकारका महिला, बालबालिका, युवा तथा खेलकुदमन्त्री वीरेन्द्रप्रसाद सिंहका अङ्गरक्षकले नेता विनोद खनाल र बलिराम झामाथि पेस्तोल ताकेपछि विवाद सिर्जना भएको बताउनुभयो। जिल्ला सभापति नागेन्द्रकुमार रायले भने वडा अधिवेशनका लागि मतदान अधिकृत खटाउने विषयमा छलफल भइरहेको समयमा पूर्वजिल्ला सभापति राय पक्षका नेता कार्यकर्ताले निर्वाचन अधिकृतलाई घेरा हालेर हातपात गरेका बताउनुभयो। मुख्यतः क्षेत्र नं. ४ मा ककसलाई खटाउने भन्नेमा विवाद छ। दुई समूहको विवादले सर्लाहीमा काँग्रेसको अधिवेशन के हुन्छ ? भन्ने अन्योल बढेको छ।

शनिबारका लागि वडा अधिवेशन तय भएपछि कार्यकर्ता आ–आफ्नो स्थानमा आयोजना गरिएको अधिवेशनस्थलमा पुगेका थिए तर सदरमुकाम मलङ्गवामा कुटाकुट भएर अन्तिममा वडा अधिवेशन नै स्थगित भएपछि कार्यकर्ता निराश हुँदै घर फर्किएका छन्।

# चाडपर्वपछि नागरिकता बनाउनेको भीड

■ सर्लाही समाचारदाता

सर्लाही, मङ्सिर २ गते। प्रमुख चाडपर्व सकिएपछि सर्लाहीमा नागरिकता बनाउनेको भीड बढेको छ। जिल्लामा नागरिकता जारी हुने जिल्ला प्रशासन कार्यालय मलङ्गवासहित हरिवन र बरहथवामा रहेका इलाका प्रशासन कार्यालयमा नागरिकता बनाउन आउने सेवाग्राहीको चाप बढेको हो। यी तीनै ठाउँबाट दोब्बर बढी नागरिकता जारी भइरहेका छन्।

सर्लाहीका सहायक प्रमुख जिल्ला अधिकारी भूमिश्वर पोखरेलले चाडपर्व मनाउन घर आएका धेरै अहिले नागरिकता बनाउन आइरहेका बताउनुभयो। उहाँका अनुसार जिल्ला प्रशासन कार्यालयबाट दैनिक १०० देखि १५० वटासम्म नयाँ र १०० देखि ११५ वटाको हाराहारीमा प्रतिलिपि नागरिकता वितरण भइरहेको छ। सहायक प्रजिअ पोखरेलले नागरिकता फाँटमा सेवाग्राहीको चाप थेग्नै मुस्किल पर्ने गरी भीड बढेको जानकारी दिनुभयो। सेवाग्राहीले नागरिकता बनाउनका लागि घण्टौँ लाइनमा उभिनुपरेको गुनासो गरेका छन्।

यस्तै हरिवनस्थित इलाका प्रशासन कार्यालयमा पनि नागरिकता बनाउनेको अत्यधिक चाप छ। कार्यालयबाट दैनिक ६० वटाको हाराहारीमा नयाँ नागरिकता र उत्तिनै सङ्ख्यामा प्रतिलिपि नागरिकता वितरण भइरहेको इलाका प्रशासन कार्यालय हरिवनका प्रमुख सूर्यप्रसाद दाहालले जानकारी दिनुभयो।

उहाँले अहिले अधिकांश चाडपर्व मनाउन गाउँघर आएकाहरू नागरिकता बनाउन आइरहेका बताउनुभयो। त्यसैगरी इलाका प्रशासन कार्यालय बरहथवाबाट दैनिक २० देखि २५ वटासम्म नयाँ र १५ देखि २० वटासम्म प्रतिलिपि नागरिकता वितरण भइरहेको उक्त कार्यालयका प्रमुख राजेश रायले बताउनुभयो।

उहाँले नागरिकतासँगै राहदानी बनाउने र सिफारिस लिन आउनेको चाप पनि बढेको जानकारी दिनुभयो। राष्ट्रिय परिचयपत्रका लागि फोटो धमिलो भएका, अक्षर मेटिएका नागरिकता नहुने भएकाले प्रतिलिपि नागरिकता बनाउनेको चाप धेरै भएको कर्मचारीले बताएका छन्।


## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
## परीक्षा नियन्त्रण कार्यालय,
सानोठिमी, भक्तपुरको

**प्रि–डिप्लोमा तहको २४ महिने औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) तालीम कार्यक्रमको नतिजा प्रकाशन एवं मुख्य परीक्षार्थी (Main Candidate) लाई अध्ययन गर्न सिफारिस भएका शिक्षण संस्थामा**

**भर्ना हुन जाने सम्बन्धी अत्यन्त जरुरी सूचना**

(सूचना प्रकाशित मिति : २०७८।०८।०३)

यस परिषद्का आङ्गिक, TECS सामुदायिक विद्यालय, परिषद्का साझेदार शिक्षण संस्थाहरूमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, तालीम विकास महाशाखाबाट निःशुल्क सञ्चालन गरिने प्रि–डिप्लोमा तहको २४ महिना अवधिको औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) तालीम कार्यक्रमको मिति २०७८।०५।३१ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित परीक्षाको आवेदन फाराम भर्ने बारेको सूचना बमोजिम आवेदन फाराम भरेका परीक्षार्थीहरूले SEE/SLC परीक्षाको लब्धाङ्क पत्र र सम्बन्धित शिक्षण संस्थाहरूमा मिति २०७८।०७।०७ गतेदेखि सञ्चालन भएको अन्तर्वार्ता समेतको अङ्कको योगफलबाट योग्यताक्रमानुसार सिफारिस बमोजिम मिति २०७८।०८।०२ गतेको निर्णयानुसार नतिजा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। नतिजाको विवरण **www.ctevtexam.org.np** मा प्रकाशित गरिएको छ।

सिफारिस भएका मुख्य परीक्षार्थीहरूले तोकिएको शिक्षण संस्थामा वेबसाइटबाट नतिजा डाउनलोड गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०७८।०८।१७ गते) भित्र भर्ना भइसक्नुपर्ने भएकाले उल्लेखित म्यादभित्र भर्ना हुन आवश्यक सक्कल कागजातहरू (शैक्षिक प्रमाणपत्रहरू, भर्ना अनुमति पत्रको सक्कल प्रति) लिई तोकिएको शिक्षण संस्थामा भर्नाका लागि जानुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) तालीम कार्यक्रममा भर्नाका लागि तोकिएका शिक्षण संस्थाहरूले यसै सूचनालाई आधार मानी **www.ctevtexam.org.np** मा प्रकाशित नतिजा विवरण अनुसारका आफ्नो शिक्षण संस्थामा सिफारिस भएका परीक्षार्थीहरूको शैक्षिक कार्यक्रम अनुसारको शैक्षिक योग्यता तथा आवश्यक कागजातहरू रुजु गर्ने जिम्मेवारी सम्बन्धित शिक्षण संस्थाको प्राचार्यको हुने हुँदा सो रुजु गरी तोकिएको म्यादभित्र परीक्षार्थीबाट कुनै पनि शुल्क नलिई भर्ना गराउनुहुन यसै सूचनाद्वारा सूचित गरिन्छ। उल्लेखित म्यादभित्र परीक्षार्थी भर्ना हुन नआई कोटा रिक्त रहन आएमा उक्त कोटामा वैकल्पिक/उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरूलाई भर्ना गर्नुपर्ने प्रावधान रहेकोले सम्बन्धित शिक्षण संस्थाले प्रि–डिप्लोमा तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका, २०७७ (पहिलो संशोधन) अनुसार गराउनुहुन अनुरोध छ।

यदि तोकिएको समयावधि भित्र मुख्य परीक्षार्थी (Main Candidate) भर्ना हुन नगएको कारणले वा सम्बन्धित कार्यक्रममा सिटभन्दा कम परीक्षार्थी सिफारिस भई सिट रिक्त रहेमा सम्बन्धित शिक्षण संस्थाले ७ दिनको म्याद दिई गोरखापत्र दैनिकमा सूचना प्रकाशन गरी सम्बन्धित कार्यक्रमको वैकल्पिक/उत्तीर्ण सूचीबाट पहिलो प्राथमिकता दिने, त्यस्तो उम्मेदवार नभएमा Apprenticeship कार्यक्रमको भर्ना सिफारिसमा सहभागी भई उत्तीर्ण अन्य कार्यक्रमका इच्छुक परीक्षार्थीहरू मध्येबाट निवेदन माग गरी दर्ता भएका मध्येबाट योग्यताक्रमानुसार भर्ना गर्नुपर्नेछ। भर्ना सिफारिस भएका परीक्षार्थीहरूको अंक बराबर भएमा एसईई/एस.एल.सी. को ग्रेड सिट अनुसार छनोट गर्ने र सो पनि बराबर भएमा क्रमशः गणित, विज्ञान र अङ्ग्रेजीको नतिजालाई आधार मानी छनोट गर्नुपर्नेछ। रिक्त सिटहरूमा सार्वजनिक सूचना प्रकाशित नगरी नियम विपरीत परीक्षार्थीहरू भर्ना भएको पाइएमा त्यस्ता परीक्षार्थीहरूको भर्ना रद्द गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**नोट : यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ।**

**परीक्षा नियन्त्रक**



## Panchakanya Rural Municipality
**Office Of The Rural Municipal Executive**
**Lakuribhanjyang, Nuwakot**
**Bagmati Province, Nepal**

**Invitation for Bids**

**Invitation for Bids for the: Blacktopping of Chahare Rastriya Ma Vi. Road Section(Chainage 0+000 to 2+500 km)**

**Contract Identification No: PRM/ROAD/07/078-079**
**Date of publication: 2078/08/03 B.S (19/11/2021 A.D.)**

1. The Panchakanya Rural Municipality **has allocated funds** towards the cost of **Blacktopping of Chahare Rastriya Ma Vi. Road Section(Chainage 0+000 to 2+500 km)** and intends to apply part of the funds to cover eligible payments under the Contract **for PRM/ROAD/07/078-079**. Bidding is open to all eligible as per Section V of bidding document.
2. The Panchakanya Rural Municipality invites electronic bids from eligible bidders for the **Blacktopping of Chahare Rastriya Ma Vi. Road Section (Chainage 0+000 to 2+500 km)** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: **NRS. 55,000,000.00 /-**
   - Minimum Work experience of similar size and nature: Nrs. **14,500,000.00** Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **the Panchakanya Rural Municipality. Lakuribhanjyang, Nuwakot. (panchakanya.ga.pa@gmail), 9851230141, 9841423004** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder should submit their bid electronically.Should download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below.

   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Nepal Bank Ltd.
   Name of Office :.Panchakanya Rural Municipality
   Office Account no.: 02603000001001000001
   Rajaswa :. Sanchit Kosh khata.(Revenue Account)
5. Pre-bid meeting shall be held at **Office of the Rural Municipal Executive, Lakuribhanjyang, Nuwakot at 12 PM, 2078/08/20 B.S.(06/12/2021 A.D.)**
6. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12 PM on **2078/09/04 B.S.(19/12/2021 A.D.)** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13 PM, 2078/09/04 B.S.(19/12/2021 A.D.)** at the office of **The Rural Municipal Executive Lakuribhanjyang, Nuwakot.** Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of **Nrs. 612,000.00** , which shall be valid for 30 days beyond the validity period of the bid .

   **Information to deposit bid security in Bank:**
   Office Name: Panchakanya Rural Municipality.
   Bank Name: Nepal Bank Ltd.
   Bank Address: Trisuli, Nuwakot.
   Account Number: 02603000003000000001
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
10. In other things not mentioned in this notice, Public procurement Act 2063 and Public Procurement Regulation 2064 or current governmental laws will be applicable.

| Contract Id | Name Of Work | Bid Security (NRs) | Cost of Bid Document(Nrs) | Bid Validity Period |
|---|---|---|---|---|
| PRM/ROAD/07/078-079 | Blacktopping of Chahare Rastriya Ma Vi. Road Section(Chainage 0+000 to 2+500 km) | 612,000.00 | 5,000.00 | 90 days |

**Chief Administrative Officer**




# काँग्रेस चुनावी अभियान तीव्र

**गाईघाट समाचारदाता**

गाईघाट, मङ्सिर २ गते। नेपाली काँग्रेसको १४औँ महाधिवेशनअन्तर्गत शुक्रबार हुने प्रदेश सभा क्षेत्रको नेतृत्व चयनका लागि उदयपुर जिल्लाका चारवटै क्षेत्रमा चुनावी अभियान तीव्र भएको छ।

सबै अट्ने देश, सबैलाई जोड्ने काँग्रेस भन्ने नारासहित १४औँ महाधिवेशन एकताको हुनेछ भन्ने पूर्वसङ्केत गर्दै वडा तहमा सर्वसम्मत नेतृत्व चयन गर्न सफल भए पनि अहिले भने त्यस्तो देखिएको छैन।

नेतृत्व लिन पार्टीको केन्द्रीय तहमा विभिन्न गुट–उपगुट भएजस्तै दुईवटा सङ्घीय र चारवटा प्रदेश सभा क्षेत्र भएको उदयपुर जिल्लामा दुईवटा समूहमा प्रतिस्पर्धा हुने भएको छ। ३३१ मतदाता रहेको निर्वाचन क्षेत्र नं. १ को प्रदेश सभा क्षेत्र 'क'को सभापतिमा अर्जुन दाहाल र जय सुवेदी तथा ३७४ मतदाता रहेको 'ख'मा सरोज बस्नेत र देवीकुमारी चौधरीबीच प्रतिस्पर्धा हुने भएको हो।

त्यसैगरी ३३८ मतदाता रहेको निर्वाचन क्षेत्र नं. २ को प्रदेश सभा क्षेत्र 'क'को सभापतिमा मोहनशेर राई र खेसबहादुर मगर तथा ३४५ मतदाता रहेको 'ख'मा रामबहादुर पोखरेल, कृष्ण थापा र गोपीप्रसाद पराजुली पार्टी नेतृत्वका लागि चुनावी मैदानमा हुनुहुन्छ।

**दुईवटा सङ्घीय र चारवटा प्रदेश सभा क्षेत्र भएको उदयपुर जिल्लामा दुईवटा समूहमा प्रतिस्पर्धा हुने**

यसअघि सम्पन्न वडा अधिवेशनबाट गाउँ तथा नगर, प्रदेश, क्षेत्र र जिल्ला अधिवेशनका लागि समावेशी आधारमा करिब एक हजार चार सयको सङ्ख्यामा कार्यकर्ता क्षेत्रीय प्रतिनिधिमा चयन हुनुभएको छ। उहाँहरू नै प्रदेश, क्षेत्र र जिल्ला अधिवेशनका लागि मतदाता हुने विधानअनुसारको प्रावधान रहेको उदयपुर काँग्रेसका प्रवक्ता मदनराज कटुवालले बताउनुभयो।

आफू पनि यही मङ्सिर १० गते हुने जिल्ला अधिवेशनबाट पुनः सभापतिमा उम्मेदवार हुन तयारी गरिरहेको बताउँदै सभापति विदुर बस्नेतले भन्नुभयो, "अधिवेशनमा नेतृत्व लिन विभिन्न गुट हुनु स्वाभाविक छ। नेतृत्व चयनपछि अझ एकढिक्का भएर निकट भविष्यमा हुने स्थानीय तह, प्रदेश सभा र सङ्घीय निर्वाचनमा नेपाली काँग्रेस चुनावी अभियानमा सशक्त भएर लाग्नेछ।"

त्यस्तै १ नं. प्रदेश सरकारका भौतिक पूर्वाधारमन्त्रीसमेत रहनुभएका जिल्ला सभापति पदका अर्का उम्मेदवार हिमाल कार्कीले मङ्सिर १० सम्म गुट–उपगुट हुने र ११ गतेबाट नेपाली काँग्रेस एकढिक्का भएर अगाडि बढ्ने बताउनुभयो।

# गणित र विज्ञान शिक्षक अभाव

**इलाम समाचारदाता**

इलाम, मङ्सिर २ गते। कोभिड–१९ का कारण विद्यार्थीको पढाइमा निरन्तर अवरोध हुँदा विद्यालय जान नपाएका धेरै विद्यार्थी अहिले विषयगत शिक्षक नहुँदा पढ्न पाएका छैनन्। जिल्लाका धेरै विद्यालयमा आईएस्सी र बीएस्सी शिक्षकको दरबन्दी रिक्त अवस्थामै छ।

जिल्लास्थित पालिकाले जसोतसो निजी स्रोतबाट शिक्षकको व्यवस्था गरे पनि स्थायी दरबन्दीमा ती शिक्षक कहिले आउलान् भन्ने चिन्ताकै विषय छ। सन्दकपुर गाउँपालिका, इलाम नगरपालिका, माईजोगमाई गाउँपालिकालगायत अन्य पालिकामा समेत पटक–पटक विज्ञापन गर्दा पनि गणित र विज्ञान विषयका शिक्षक निवेदन दर्ता गराउन आएका छैनन्।

इलाम नगरपालिकाको बालमण्डल मावि, पुवामझुवास्थित वीणापाणि मावि, सन्दकपुरको प्रबोध मावि, माईपोखरी संस्कृत मावि, माईजोगमाईको सरस्वती माविलगायतका विद्यालयमा आईएस्सी शिक्षक अहिलेसम्म छैनन्। बालमण्डल माविमा तीन वर्षयता आईएस्सी शिक्षक छैनन्। बीएस्सी शिक्षक कक्षा ९ र १० मै व्यस्त हुने हुँदा अन्य विषयमा आधार भूत तहकै शिक्षकले आलोपालो गरेर गणित र विज्ञान पढाउने गरेको बालमण्डलका शिक्षक टीकानाथ पौड्यालले बताउनुभयो।

"नगरपालिकाले पटक–पटक विज्ञापन गऱ्यो। अहिलेसम्म एक जना पनि आईएस्सीका आएनन्, हामीलाई अर्कै विषय पनि पढाउनु पर्दा समस्या भएको छ", पौड्यालले भन्नुभयो, "बल्लतल्ल भौतिक उपस्थितिमा विद्यालय सञ्चालन भएको छ, विषयगत शिक्षक नहुँदा विद्यार्थीलाई पनि पढाइमा समस्या भएको छ।"

उता लामो समय आईएस्सी र बीएस्सी शिक्षक अभाव झेलेको सन्दकपुरस्थित श्याम्बर माविमा गाउँपालिकाले आफ्नै स्रोतबाट आईएस्सी र बीएस्सी शिक्षक राखिदिएको छ। अहिले पढाइमा केही सहज भए पनि यस विद्यालयमा पनि दुई वर्षदेखि बीएस्सी र तीन वर्षदेखि आईएस्सी शिक्षक दरबन्दी खाली रहेको विद्यालयका प्रधानाध्यापक हिमाल न्यौपानेले जानकारी दिनुभयो।

अहिले पालिका आफैँले शिक्षकको विज्ञापन गर्ने भएकाले के कति शिक्षक अभाव छन् भन्ने ठ्याक्कै तथ्याङ्क नभएको शिक्षा विकास तथा समन्वय एकाइ इलामका शाखा अधिकृत डम्बर सुवेदीले बताउनुभयो। अहिले पालिका आफैँले पनि शिक्षक व्यवस्थापन गरेका छन्। केही विद्यालयमा आईएस्सी शिक्षक अभाव नै छ। सुवेदीले भन्नुभयो, "विज्ञापन खोल्ने अनुमति माग्न आएका विद्यालयलाई अनुमति दिएका छौँ।"

# वन समूहमा गठबन्धनका उम्मेदवार विजयी

**बिर्तामोड समाचारदाता**

बिर्तामोड, मङ्सिर २ गते। झापा सदरमुकाम चन्द्रगढीमा रहेको चन्द्रगढी सामुदायिक वन समूहको निर्वाचनमा नेपाली काँग्रेस, माओवादी र समाजवादीको चुनावी गठबन्धन विजयी भएको छ।

मङ्गलबार भएको मतदानमा काँग्रेस, माओवादी केन्द्र र नेकपा समाजवादीबाट अध्यक्षका उम्मेदवार नेकपा समाजवादीका प्रदेश सदस्यसमेत रहनुभएका दुर्गाप्रसाद भट्टराई निर्वाचित हुनुभएको छ। भट्टराईले नेकपा (एमाले) र राप्रपा प्यानलका चूडामणि मैनालीलाई पराजित गर्नुभएको हो। भट्टराईले ९७५ मत ल्याउनुभएको थियो भने प्रतिस्पर्धी मैनालीले ८३६ मत प्राप्त गर्नुभएको थियो।

निर्वाचनमा अधिकांश पदमा गठबन्धन प्यानल विजयी भएको छ। झापामा नेकपा समाजवादी समूह कमजोर भएको बेलामा केपी ओलीकै गृहजिल्लामा नेकपा ओली पक्षका उम्मेदवारलाई नेकपा समाजवादीका उम्मेदवारले पाखा लगाएसँगै झापाको राजनीतिक सरगर्मी बढेको छ।

वन समूहको निर्वाचनमा उपाध्यक्ष पदमा गोकुल ढकालले ८९६ मत प्राप्त गर्दै भट्टराई पक्षका शालिकराम नेपाललाई पराजित गर्नुभएको हो। नेपालले ७९९ मत प्राप्त गर्नुभयो।

त्यसैगरी सचिवमा गठबन्धनकै पार्वती मल्ल, सहसचिवमा प्रगतिशील समूहका ईश्वरीप्रसाद रिजाल, कोषाध्यक्षमा अनुज खतिवडा, आदिवासी सदस्यमा कान्टु राजवंशी, जनजाति सदस्यमा बालकुमार राई, दलित समूहमा लालबहादुर चहार र अपाङ्ग सदस्यमा ध्रुव सुवेदी विजयी हुनुभएको छ।

बहुमत सदस्य र अध्यक्ष तथा सचिव गठबन्धनबाट विजयी हुँदा एमाले राप्रपा गठबन्धनबाट उपाध्यक्षसहित केही सदस्यमा विजयी हासिल गरेको निर्वाचन मण्डलले जनाएको छ।

## श्रीमतीको हत्या

**गाईघाट समाचारदाता**

गाईघाट, मङ्सिर २ गते। उदयपुरको लिम्चुङ्बुङ गाउँपालिका–५, जाँतेस्थित हिम्माका ७० वर्षीय सन्तबहादुर राईले धारिलो हतियार प्रयोग गरी आफ्नै कान्छी श्रीमतीको हत्या गरेका छन्। ५६ वर्षीया श्रीमती चतुरमायालाई मङ्गलबार राति धारिलो हतियार प्रहार गरी सन्तबहादुर राईले हत्या गरेको जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमले बताउनुभयो।

प्रहरी नायब उपरीक्षक गौतमका अनुसार श्रीमतीको हत्या गरेपछि आत्महत्या प्रयासस्वरूप आफ्नोसमेत घाँटी रेटेर घाइते भएको अवस्थामा प्रहरीले उनलाई पक्राउ गरेको हो।

श्रीमतीका हत्यारा राईलाई प्रहरीले जिल्ला अस्पताल गाईघाटमा उपचारका लागि भर्ना गरेको छ। हत्याबारे थप अनुसन्धान गर्न घटनास्थलमा जिल्ला प्रहरीको टोली खटिएको सूचना अधिकारीसमेत रहनुभएका प्रनाउ गौतमले बताउनुभयो।

# सवारी अनुमतिपत्र अब उदयपुरबाट

**उदयपुर समाचारदाता**

उदयपुर, मङ्सिर २ गते। उदयपुर सदरमुकाम गाईघाटबाटै अब सवारी अनुमतिपत्र (लाइसेन्स) पाइने भएपछि सेवाग्राही खुसी भएका छन्। यो सेवासँगै यातायात कार्यालयबाट हुने सबै किसिमका सेवा गाईघाटबाटै उपलब्ध हुने यातायात व्यवस्था कार्यालय उदयपुरका प्रमुख सुवास कार्कीले बताउनुभयो।

सेवाग्राहीको सुविधालाई ध्यानमा राखेर सरकारले सबैखाले यातायातसम्बन्धी सेवाको व्यवस्था मिलाएको प्रमुख कार्कीले बताउनुभयो। "कार्यालयले यहीँबाट ट्रायलसहितको सवारी अनुमतिपत्र जारी गर्छौं", उहाँले भन्नुभयो, "सेवाग्राहीको धेरै पहिलेदेखिको यो चाहना र आवश्यकता बल्ल पूरा भएको छ।" अहिले लाइसेन्स प्राप्तिको सेवालाई मुख्य सेवाका रूपमा लिइएको छ। सरकारले सवारी लाइसेन्सको अनलाइन आवेदन सञ्चालन गरेसँगै सोमबारबाट यहाँ लाइसेन्स वितरण प्रक्रिया सुरु भएको हो।

**सेवाग्राहीको धेरै पहिलेदेखिको यो चाहना र आवश्यकता बल्ल पूरा भएको छ**

यसअघि यहाँबाट सवारी अनुमतिपत्र नवीकरण, नामसारी, यातायात नाम पञ्जीकरण, रुट पर्मिट जारी तथा नवीकरणलगायतका काम गरिँदै आएको थियो। त्यसबापत कार्यालयले राम्ररी राजस्व सङ्कलन गर्दै आएको थियो। उदयपुर जिल्ला र आसपासका छिमेकी जिल्ला खोटाङ, ओखलढुङ्गा, भोजपुर, सुनसरीसम्मका सेवाग्राहीका लागि गाईघाट पायक पर्छ। यस हिसाबले ठूलो क्षेत्रका सेवाग्राहीलाई सहज भएको छ।

सेवाग्राहीले अनलाइन फारम भरेको करिब एक सातामै ट्रायलको व्यवस्था हुने भएको छ। गाईघाट बजारनजिकैको कालीखोला गैरुनस्थित गाईघाट ड्राइभिङ सेन्टरसँग ट्रायल स्पोर्टका लागि कार्यालयले सम्झौता गरिसकेको जनाएको छ।

कार्यालय प्रमुख कार्कीका अनुसार सेवाग्राहीले अनलाइन फारम भरेसँगै लाइसेन्स वितरण प्रक्रिया सुरु भइसकेको छ। दुईपाङ्ग्रे मोटरसाइकल, स्कुटीदेखि चारपाङ्ग्रे साना तथा ठूला सवारी साधनको लाइसेन्स यहीँ पाइने भएको हो। लाइसेन्स पाउने सेवा नहुँदा यहाँका सेवाग्राही प्रदेश २ सिरहा (लहान), पूर्वको इटहरी र देशको अन्य ठाउँमा जानुपर्ने बाध्यता थियो। पूर्व–पश्चिम मदन भण्डारी राजमार्ग र गाईघाट–दिक्तेल जोड्ने सगरमाथा राजमार्गसँग जोडिएकाले निकट भविष्यमा सो कार्यालयमा सेवाग्राहीको चाप बढ्ने अनुमान छ। गत २०७२ असार १ मा स्थापना भएको सो कार्यालयले छ वर्षपछि लाइसेन्स जारीसहितको सम्पूर्ण यातायातसम्बन्धी सेवा दिन थालेको हो। आफ्नो ठाउँमा सवारी लाइसेन्स नपाउँदा उदयपुरले जनताले अन्त गएर सवारी लाइसेन्स बनाउने गरेका थिए। "सेवा प्रभावकारी होस्", सेवाग्राही रोशन मगरले भन्नुभयो, "आफ्नै ठाउँमा आएर ढुक्क भएका छौं।"

**Triyuga Municipality**
Office of the Municipal Executive
Gaighat, Udayapur Provinnce No.1, Nepal

**Invitation for Bids**

**IFB No.:** *03/2078/2079*
**First Date of Publication: 19 November 2021**

1. Triyuga Municipality, Office of the Municipal Executive, Gaighat, Udayapur, Province no. 1 invites bids from eligible bidders for following works:

| S. N. | Contract Identification Number | Description and Location of work | Bid Validity Period | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | *TM/UDAYAPUR/NCB/ WORKS/03/2078/2079* | Construction of Saraswati Khola Truss Bridge | 90 days | 6,63,000.00 | 5,000 | Single Stage Two Envelope |
| 2 | *TM/UDAYAPUR/NCB/ WORKS/04/2078/2079* | Main Chockma Pratima Construction, Gaighat 11 | 90 days | 76,000.00 | 3,000 | Esimated Amount 25,37,318.97 (Without VAT) |

2. **Purchase, Submission and Opening of Bid:**

| Purchase of Bid | | Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time | |
| 18 Dec. 2021 2078/09/03 | Office Hours | 19 Dec 2021 2078/09/04 | 12:00 Hours | 19 Dec 2021 2078/09/04 | 14:00 Hours | Interested eligible bidders may obtain further information from Triyuga Municipality, Office of the Municipal Executive, Gaighat, Udayapur and inspect the Bidding Documents at the address given below during office hours or may visit E-procurement section of PPMO's Web Site http://www.bolpatra.gov.np/egp,A complete set of bidding documents in English may be inspect by the interested bidders and must submit their bid electronically through E-procurement section of PPMO's Website http://www.bolpatra.gov.np/egp., the Bidders must download the bidding documents, prepare their bids and submit their electronic bids as specified in the Instructions to Bidders. The bidder shall be required to deposit the cost of bidding document (as specified in the table above) in the Employer's Rajaswa (revenue) account as specified below and scanned copy (PDF format) of the Bank deposit voucher shall also be submitted along with the electronic submission of the bid files. |

3. **Bank Account Details:**

| Account Name | Bank Name | Bank Address | Account Number | Heading Number |
|---|---|---|---|---|
| Triyuga Municipality Gaighat, Udayapur | Rastriya Banijya Bank Ltd. Gaighat, Udayapur | Gaighat, Udayapur | GA-1-1 2090100301010004 | Sanchit Kosh |
| | | | GA-3 2090100303000004 | Dharaiti |

4. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered a last day. In such case validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. Triguga Municipality, Office of the Municipal Executive, Gaighat, Udayapur reserves the right to accept or reject, fully or partly any or all the Procurement of Works without assigning any reason, whatsoever. Other procurement process is remains as per rules of PPA and PPR.

**Chief Administration Officer**
**Office of the Municipal Executive**

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको**

## डिप्लोमा तथा प्रमाणपत्र तहको परीक्षा आवेदन फाराम भर्ने बारे अत्यन्त जरुरी सूचना

**(मिति : २०७८।०८।०३ गते प्रकाशित)**

यस परिषद्का आङ्गिक, साझेदारी, सामुदायिक विद्यालय र निजी स्तरमा सञ्चालित शिक्षण संस्थाहरूमा **प्रमाणपत्र तह नर्सिङ, सामान्य चिकित्सा, ल्याब टेक्नोलोजी, रेडियोग्राफी, होमियोप्याथी, सामान्य आयुर्वेद चिकित्सा, अकुपन्चर, डेन्टल साइन्स (डेन्टल हाइजिन), अप्थाल्मिक साइन्स, कृषि, डिप्लोमा इन फार्मेसी, फिजियोथेरापी, फरेस्ट्री कार्यक्रमहरूको प्रथम, दोस्रो र तेस्रो वर्षको नियमित/आंशिक तथा डिप्लोमा इन इन्जिनियरिङ, होटल म्यानेजमेन्ट, फुड एन्ड डेरी टेक्नोलोजी, सोसियल वर्क्स, इन्टरप्रेनरसिप डेभलप्मेन्ट प्रथम वर्ष दोस्रो खण्डको नियमित/आंशिक** परीक्षाहरू निकट भविष्यमा सञ्चालन हुने भएकोले परीक्षार्थीहरूले परीक्षा आवेदन फाराम भरी बुझाउनका लागि मिति २०७८ साल मङ्सिर २३ गतेभित्र नियमित शुल्कमा र २०७८ साल पुस १ गतेभित्र विलम्ब शुल्कमा तोकिएको हुँदा सम्बन्धित शिक्षण संस्थाहरूले अनिवार्य रूपमा परीक्षा आवेदन फाराम भराउन हुन यो सूचना प्रकाशित गरिएको छ।

**विशेष प्राविधिक शिक्षामा छात्रवृत्ति कार्यक्रम (दलित, मुस्लिम, लोपोन्मुख जाति तथा भूकम्प प्रभावित)** अन्तर्गत **डिप्लोमा इन सिभिल इन्जिनियरिङ, अटोमोबाइल इन्जिनियरिङ, जियोमेटिक्स इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ, फुड एन्ड डेरी टेक्नोलोजी, होटल म्यानेजमेन्ट तथा इन्टरप्रेनरसिप डेभलप्मेन्ट कार्यक्रमको प्रथम वर्ष दोस्रो खण्ड, दोस्रो वर्ष दोस्रो खण्ड र तेस्रो वर्ष दोस्रो खण्ड**को नियमित तथा आंशिक परीक्षाको परीक्षा समेत सोही समयमा सञ्चालन हुने भएकाले माथि उल्लेखित मिति र समयमा आवेदन फाराम भर्नु भराउनुहुन अनुरोध छ।

साथै निम्न सर्तहरू पूरा नभएका र तोकिएको समयभित्र आवेदन फाराम नबुझाउने शिक्षण संस्थाका विद्यार्थीहरूलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**सर्तहरू:**

१. परीक्षा आवेदन फाराममा उल्लेखित विवरणहरू सबै भरिएको हुनुपर्नेछ। आवेदन फाराममा परीक्षार्थीको हालसालै खिचेको अनुहार प्रस्ट देखिने पासपोर्ट साइजको फोटो टाँसिएको हुनुपर्नेछ।
२. वार्षिक परीक्षा प्रणालीको हकमा नियमित तर्फ आङ्गिक, सामुदायिक र परिषद्सँग साझेदारी गरी सञ्चालित संस्थाहरूको हकमा प्रति विद्यार्थी रु.१,०००।– र सेमेस्टर परीक्षा प्रणालीको हकमा प्रति विद्यार्थी रु. ५००।– अन्य शिक्षण संस्थाको हकमा वार्षिक परीक्षा प्रणालीको प्रति विद्यार्थी रु. २,५००।– र सेमेस्टर परीक्षा प्रणालीको हकमा रु. २,०००।– र विलम्ब शुल्कमा प्रति विद्यार्थी नियमित परीक्षा शुल्कको दोब्बर दस्तुर बुझाउनु पर्नेछ। साथै नियमित शुल्कको समयभित्र Web based online system मा फाराम Entry नगरेमा विलम्ब शुल्क समेत लाग्नेछ।
३. आंशिक परीक्षार्थीको हकमा एक विषय मात्रका लागि परीक्षा शुल्क रु. ३००।– र प्रत्येक थप विषयका लागि रु. १५०।– का दरले नियमित शुल्कमा र विलम्ब शुल्क प्रति विद्यार्थी तोकिएको शुल्कको दोब्बर दस्तुर बुझाउनुपर्नेछ।
४. सम्बन्धित शिक्षण संस्थाहरूले परीक्षा आवेदन फाराम बुझाउँदा विषयगत नियमित तथा आंशिक एवं नयाँ तथा पुरानो पाठ्यक्रमको छुट्टाछुट्टै फाइल खडा गरी शुल्क बुझाएको रसिद संलग्न गरी परिषद्का प्रदेश कार्यालयहरूमा तोकिएको मितिभित्र दर्ता गर्नुपर्नेछ।
५. सम्बन्धित शिक्षण संस्थाहरूले परीक्षा आवेदन फाराम शुल्क बापतको रकम नियमित शुल्क बुझाउने अन्तिम मिति तथा विलम्ब शुल्क बुझाउने अन्तिम मितिको भोलिपल्ट अनिवार्य रूपमा सम्बन्धित प्रदेश कार्यालयको बैंक खातामा रकम जम्मा गरी बैंक भौचर बुझाउनुपर्नेछ र **मिति २०७८ पुस ०४ गतेभित्र नियमित तथा विलम्ब** परीक्षा आवेदन फाराम एकै साथ सम्बन्धित प्रदेश कार्यालयमा बुझाउनुपर्नेछ।
६. नियमित तर्फका जेहेन्दार तथा वर्गीकृत छात्रवृत्ति प्राप्त परीक्षार्थीहरूलाई परीक्षा शुल्क लाग्नेछैन।
७. आंशिक परीक्षार्थीको हकमा शैक्षिक सत्र २०७२/७३ (इ.सं. २०१५) देखि भर्ना भई रजिस्ट्रेसन भएका विद्यार्थीहरूले मात्र परीक्षा आवेदन फाराम भर्न पाउनेछन्।
८. वार्षिक/सेमेस्टर परीक्षा प्रणालीका नियमित विषयहरूको आन्तरिक मूल्यांकनको प्राप्ताङ्क Web based online system मा entry गरी प्रमाणित एक प्रति (Printed Copy) मा सही छाप गरी अनिवार्य रूपमा फाइलिङ गरी पेस गर्नुपर्नेछ। Entry गरिसकेका आन्तरिक मूल्यांकनको प्राप्ताङ्क पछि परिवर्तन हुनेछैन।
९. आंशिक परीक्षार्थीहरूको हकमा आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरूको मात्र आन्तरिक मूल्यांकनको प्राप्ताङ्क परीक्षा फाराममा तथा Web based online system मा Entry गरी एक प्रति प्रिन्ट गरी सही छाप गरी बुझाउनुपर्नेछ।
१०. नियमिततर्फ वार्षिक/सेमेस्टर परीक्षा प्रणालीका परीक्षार्थीहरूको परीक्षा आवेदन फारामहरू Web based online system मा entry गरी समष्टिगत अनुसार फारामको क्रम अनुसार मिलाई कार्यक्रम अनुसारको Internal Assessment र समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोही फाइलमा संलग्न गर्नुपर्नेछ।
११. आंशिकतर्फ शैक्षिक सत्र २०७३/७४ (इ.सं. २०१६) देखि भर्ना भई रजिस्ट्रेसन भएका वार्षिक/सेमेस्टर परीक्षा प्रणालीका सम्पूर्ण कार्यक्रमहरूको २०७४ देखि Online आवेदन फारामहरू Web based online system मा Entry गरी समष्टिगत अनुसार फारामको क्रम अनुसार मिलाई कार्यक्रम अनुसारको Internal Assessment र समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोही फाइलमा संलग्न गर्नुपर्नेछ।
१२. आंशिकतर्फ शैक्षिक सत्र २०७२/७३ (इ.सं. २०१५) सम्म भर्ना भई रजिस्ट्रेसन भएका वार्षिक/सेमेस्टर परीक्षा प्रणालीका परीक्षा आवेदन फाराम साथ www.ctevtexam.org.np मा उपलब्ध समष्टिगत फारामको Soft Copy मा समष्टिगत तयार गरी समष्टिगत फारामको प्रमाणित प्रति र आन्तरिक मूल्यांकनको प्रमाणित Printed Copy दुई प्रति र एक प्रति Soft Copy समेत Excel Sheet मा अनिवार्य रूपमा बुझाउनुपर्नेछ।
१३. आन्तरिक मूल्यांकन परीक्षामा उत्तीर्ण परीक्षार्थीहरू मात्र अन्तिम परीक्षामा सामेल हुन पाउनेछन्। आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरूले अनुत्तीर्ण विषय उल्लेख गरी परीक्षामा सामेल भएमा निजको सो विषयको परीक्षा स्वतः रद्द हुनेछ।
१४. अन्य शिक्षण संस्थाबाट रजिस्ट्रेसन भएका विद्यार्थीहरूको हकमा उक्त संस्थाको नाम परीक्षा आवेदन फाराममा उल्लेख गरी स्थानान्तरण पत्र संलग्न गर्नुपर्नेछ।
१५. नियमिततर्फ वार्षिक/सेमेस्टर परीक्षा प्रणालीका परीक्षार्थीहरूको परीक्षा आवेदन फाराम www.ctevtexam.org.np मा उपलब्ध हुनेछ र परीक्षा आवेदन फाराम तथा प्रवेश पत्र सेतो A4 कागजमा प्रिन्ट गरी पेस गर्नुपर्नेछ।
१६. आंशिक तर्फ शैक्षिक सत्र २०७३/७४ (इ.सं. २०१६) मा भर्ना भई रजिस्ट्रेसन भएका वार्षिक/सेमेस्टर परीक्षा प्रणालीका परीक्षार्थीहरूको परीक्षा आवेदन फाराम www.ctevtexam.org.np मा उपलब्ध हुनेछ। परीक्षा आवेदन फाराम तथा प्रवेश पत्र पहेँलो रङ्गको A4 पेपरमा प्रिन्ट गरी बुझाउनुपर्नेछ।
१७. आंशिकतर्फ शैक्षिक सत्र २०७२/७३ (इ.सं. २०१५) सम्म भर्ना भई रजिस्ट्रेसन भएका वार्षिक/सेमेस्टर परीक्षा प्रणालीका परीक्षार्थीहरूको परीक्षा आवेदन फाराम परिषद्का प्रदेश कार्यालयहरूबाट उपलब्ध हुनेछ। आवेदन फाराम व्यक्तिगत रूपमा बुझिनेछैन। उक्त फाराम सम्बन्धित शिक्षण संस्था मार्फत बुझाउनुपर्नेछ।
१८. शुल्क बापतको रकम दाखिला गर्ने परिषद्का प्रदेश कार्यालयहरूको बैंक खाता विवरण यस प्रकार रहेको छ।
(क) प्रा.शि.व्या.ता. परिषद्, १ नं. प्रदेश कार्यालय, इटहरी, सुनसरीः रा.वा. बैंक, इटहरी शाखा, च.हि.नं. २५५०१००००१२७८००१,
(ख) प्रा.शि.व्या.ता. परिषद्, २ नं. प्रदेश कार्यालय, जनकपुर, धनुषाः रा.वा. बैंक, जनकपुर शाखा, च.हि.नं. १५२०१००००२६३९००१,
(ग) प्रा.शि.व्या.ता. परिषद्, बागमती प्रदेश कार्यालय, मकवानपुर, हेटौंडाः रा.वा. बैंक, हेटौंडा शाखा, च.हि.नं. १३००१००००३६६९००१,
(घ) प्रा.शि.व्या.ता. परिषद्, गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्कीः रा.वा. बैंक, पार्दी, पोखरा शाखा, च.हि.नं. ३५००१०००००२३४००१,
(ङ) प्रा.शि.व्या.ता. परिषद्, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रूपन्देहीः रा.वा. बैंक, बुटवल शाखा, च.हि.नं. ३३६०१०००००३६१००१,
(च) प्रा.शि.व्या.ता. परिषद्, कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेतः रा.वा. बैंक, सुर्खेत शाखा, च.हि.नं. ४०८०१०००१५५२८००१,
(छ) प्रा.शि.व्या.ता. परिषद्, सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी, कैलालीः रा.वा. बैंक, धनगढी शाखा, च.हि.नं. ४१७०१००००६५०८००१ मा शुल्क जम्मा गरेको सक्कल भौचर परीक्षा आवेदन फाराम साथ संलग्न गर्नुपर्नेछ।
१९. आंशिकतर्फ शैक्षिक सत्र २०७२/७३ (इ.सं. २०१५) सम्म भर्ना भई रजिस्ट्रेसन भएका वार्षिक/सेमेस्टर परीक्षा प्रणालीका परीक्षार्थीहरूको परीक्षा Symbol No. राख्दा Program Code + Institute Code +101 बाट प्रथम वर्ष त्यस्तै दोस्रो वर्षका लागि Program Code+Institute Code+201 देखि र तेस्रो वर्षका लागि Program Code+Institute Code+301 बाट र सेमेस्टर परीक्षा प्रणालीको हकमा प्रथम वर्ष दोस्रो खण्डको Symbol No. राख्दा Program Code+Institute Code+201 बाट राख्नुपर्नेछ तथा आवेदन फाराममा Symbol No. राख्दा Numbering Machine मा रातो रङ्गको मसीको प्रयोग अनिवार्य रूपमा गरेको हुनुपर्नेछ।

**नोट:**

१. सिम्बल नं. एकमुष्ट Generate गर्नुपर्ने भएकाले परीक्षा आवेदन फाराम मिति २०७८।०८।२३ गतेभित्र नियमित शुल्कको तथा मिति २०७८।०९।०१ गते भित्रमा विलम्ब शुल्कको Web Based Online System मा शिक्षण संस्थाहरूले Entry गरिसक्नुपर्नेछ।
२. सम्पूर्ण शिक्षण संस्थाहरूले पाठ्यक्रमले निर्धारण गरेको पाठ्यभार अनुसार प्रशिक्षण कार्य सम्पन्न नभएको भए वैकल्पिक विधि वा भौतिक रूपमा उपस्थित गराई नेपाल सरकारले तोकेको स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गर्दै प्रशिक्षण कार्य सम्पन्न गर्नुपर्नेछ।
३. परिषद्, प्रदेश कार्यालयहरूलाई प्रशिक्षणको अवस्थाको अनुगमन गरी पाठ्यक्रम अनुसारको प्रशिक्षण कार्य सम्पन्न भए नभएको एकिन गरी वार्षिक परीक्षा प्रणाली अन्तर्गतका कार्यक्रमहरूको परीक्षा सञ्चालन गर्नका लागि समयावधि तोकी सिफारिस गर्ने।
४. परिषद्, प्रदेश कार्यालयको सिफारिसका आधारमा परीक्षाको कार्यतालिका प्रकाशन गरी परीक्षा सञ्चालन गरिनेछ।

**यो सूचना www.ctevtexam.org.np मा उपलब्ध हुनेछ।**

**परीक्षा नियन्त्रक**



दोलखाको शैलुङ गाउँपालिकाले पालिकाभित्रका उत्कृष्ट किसानमध्ये ५५ जनालाई सुधारिएको चुलो र २५ जनालाई टनेल प्रदान गरेको छ। तस्बिर : बाबुराम शर्मा

## ग्रामीण उद्यम तथा आर्थिक विकास परियोजना सुरु

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर २ गते। ग्रामीण बजार सम्पर्क विस्तार गरी कृषि क्षेत्रलाई सुदृढीकरण गर्ने र कोभिड–१९ पछि पुनर्लाभ हासिल गर्न रोजगारी सिर्जना गर्ने उद्देश्यसाथ ग्रामीण उद्यम तथा आर्थिक विकास परियोजना (आरईईडी) सुरु भएको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय र विश्व बैङ्कको संयुक्त पहलमा सञ्चालन हुने परियोजनाको कृषि तथा पशुपन्छी विकास मन्त्री महिन्द्र राय यादव र नेपाल, मालदिभ्स र श्रीलङ्काका लागि विश्व बैङ्कका राष्ट्रिय निर्देशक फारिस हदाद–जेर्भोसले बिहीबार सुरु गर्नुभएको हो।

परियोजनाका लागि विश्व बैङ्कले ८० करोड अमेरिकी डलर ऋण उपलब्ध गराउने छ। आगामी चार वर्षमा उत्पादक, वित्तीय निकायहरू र स्थानीय सरकारबाट पनि थप लगानी हुने अपेक्षा गरिएको कृषि मन्त्रालय र विश्व बैङ्कद्वारा जारी संयुक्त विज्ञप्तिमा उल्लेख छ।

परियोजनाको थालनी गर्दै कृषि तथा पशुपन्छी विकास मन्त्री महिन्द्र राय यादवले नेपालको कृषि क्षेत्र रूपान्तरण र कोभिड–१९ को सन्दर्भमा पुनर्लाभका लागि साना किसान, कृषक समूह र सहकारी क्षेत्रको बजार सम्पर्क सुनिश्चितता हासिल गर्न र महामारीले आर्थिक क्षेत्रमा पारेको असर कम गर्न सहयोगी हुने बताउनुभयो। उहाँले यस परियोजनाले साना कृषि उद्यमी तथा किसानको आयस्तर बढाउन र कृषि उद्यमशीलता बढाउन र रोजगारी सिर्जना गर्न पनि सहयोग गर्ने बताउनुभयो।

नेपाल, मालदिभ्स र श्रीलङ्काका लागि विश्व बैङ्कका राष्ट्रिय निर्देशक फारिस हदाद–जेर्भोसले परियोजनाले नेपालमा हरित, उत्थानशील र समावेशी विकासमा सहयोग गर्ने र कृषि क्षेत्रको ब्रान्ड निर्माणका लागि सरकार र निजी क्षेत्रलाई अवसर प्रदान गर्ने बताउनुभयो।

परियोजनाले कफी, चिया, औषधिजन्य उत्पादन लगायतका क्षेत्रलाई उत्प्रेरणा गर्दै महामारीबाट उत्थानका लागि सहयोग गर्ने उहाँले उल्लेख गर्नुभयो।

रिड परियोजना प्रदेश १, २, बागमती, लुम्बिनी र सुदूरपश्चिमका पाँचवटा प्रदेशलाई समेट्ने गरी पाँच आर्थिक कोरिडोरमा चयन गरिएको नगरपालिकाहरूमा सञ्चालन गरिने जनाइएको छ।

परियोनजनाबाट पाँच हजार सात सयभन्दा बढी रोजगारी सिर्जना हुने पनि उल्लेख गरिएको छ।

■ मोबाइल नम्बर पोर्टेबिलिटी नियमावलीको मस्यौदा

# नम्बर नफेरी सेवा प्रदायक फेर्न सकिने

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर २ गते। मोबाइल प्रयोगकर्ताले आफ्नो नम्बर परिवर्तन नगरी अर्को सेवा प्रदायकको सेवा लिन सक्ने व्यवस्था कार्यान्वयनमा आउने भएको छ। चर्चामा आएको करिब पाँच वर्षपछि प्राधिकरणले 'मोबाइल नम्बर पोर्टेबिलिटी (एमएनपी)' लागू गर्न यससँग सम्बन्धित नियमावलीको मस्यौदा तयार गरेको हो।

हाललाई सुझावका लागि सार्वजनिक गरिएको उक्त मस्यौदाले भविष्यमा आफूले प्रयोग गरिरहेको मोबाइल सेवा प्रदायकको सेवा चित्त नबुझे अथवा सेवा फेर्न चाहेमा सहजै अर्को सेवा प्रदायकको सेवा लिन सक्नेछन्। यसले पुरानै नम्बरको प्रयोग गरेर सेवालाई नियमित राख्न सक्ने सुविधा उपभोक्तालाई प्राप्त हुनेछ।



मस्यौदाअनुसार मोबाइल प्रयोगकर्ताले यसरी आफ्नो नम्बरबाटै अर्को सेवा प्रदायकको सेवा लिन चाहेमा सेवा लिन चाहेको सेवा प्रदायकलाई रीतपूर्वक निवेदन दिनुपर्नेछ। यस्तो सेवा लिन आफ्नो मोबाइल नम्बर सक्रिय भएको कम्तीमा ९० दिन भने पूरा भएको हुनुपर्नेछ।

उक्त नम्बर प्रयोग गरिरहेको सेवा प्रदायकको तथ्याङ्कमा भने भएको हुनुपर्नेछ। उक्त सेवा प्रदायकसँग सेवाग्राहीको कुनै दायित्व भने बाँकी नभएको हुनुपर्नेछ। त्यस्तै तत्कालीन सेवा प्रदायकले रोक नलगाएको अथवा नम्बर ब्लक नगरेको हुनुपर्नेछ। अदालतबाट सेवा प्रदायक फेर्न रोक लगाएको अवस्थामा पनि यस्तो सेवा लिन पाइने छैन।

अर्को सेवा प्रदायकको सेवा लिँदा प्रयोगकर्ता स्वयंले उक्त नम्बर चोरी भएको, हराएको वा आपराधिक गतिविधिमा प्रयोग नभएको भनी हस्ताक्षर गरेको हुनुपर्नेछ। सेवा फेरिएपछि मोबाइलमा कुनै मौज्दात भएमा त्यो भने समाप्त हुनेछ।

मोबाइल मनीका लागि उक्त नम्बर प्रयोग भइसकेको अवस्थामा उक्त बाँकी सबै रकम पहिले प्रयोग गरिरहेको सेवा प्रदायकबाट भराउने जिम्मेवारी पनि स्वयं प्रयोगकर्ताको नै हुनेछ।

मस्यौदाअनुसार एमएनपी सेवा प्रदान गर्न प्राधिकरणले प्रतिस्पर्धाका आधारमा कुनै एकलाई अख्तियारी दिनेछ, जसले उक्त सेवाका लागि आवश्यक पूर्वाधार स्थापना, सञ्चालन र मर्मतसम्मको काम गर्नुपर्नेछ।

सुरुमा पाँच वर्षका लागि उपलब्ध गराइने त्यस्तो अख्तियारी पछि एमएनपी सञ्चालकले क्लियरिङ हाउस प्रणाली सञ्चालन गर्नुपर्नेछ। उक्त प्रणालीमा दूरसञ्चार सेवाप्रदायकहरू जोडिनेछन्।

सेवा प्रदायकले सेवा फेरिसकेपछि भने आफ्नो नेटवर्कमा जोडिएको सूचनासहितको एसएमएस निःशुल्क रूपमा प्रयोगकर्तालाई पठाउनुपर्नेछ। सेवा फेर्नका लागि निवेदन दिएको र अर्को सेवा प्रदायकको सेवा नपाइसकेको अवधिको बीचको सेवा भने पहिले प्रयोग गरिरहेको सेवा प्रदायकले अवरोध गर्न पाउने छैन।

सेवा फेर्न चाहेको अवस्थामा प्रयोगकर्ताले एनपीसी सञ्चालकलाई शुल्क भने दिनुपर्नेछ। त्यसरी सञ्चालकले लिने शुल्क प्राधिकरणले निर्धारण गर्नेछ। यसरी सेवा फेर्ने अवस्थामा प्रयोगकर्ताले उपलब्ध गराएको कुनै पनि तथ्याङ्कलाई सेवा प्रदायक र एनपीसी सञ्चालकले गोप्य राख्नुपर्नेछ।

## काठमाडौँ–बैङ्कक उडान पुनः सञ्चालन हुने

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर २ गते। लामो समयदेखि बन्द रहेको काठमाडौँ–बैङ्कक हवाई उडान पुनः सञ्चालन हुने भएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आले र नेपालका लागि थाइल्यान्डका राजदूत भोसिता भोरासफबीच विहीवार मन्त्रालयमा भएको शिष्टाचार भेटघाटका क्रममा राजदूत भोरासफले केही दिनभित्रमा काठमाडौँ–बैङ्कक नियमित हवाई उडान गरिने जानकारी दिनुभएको हो।

भेटघाटका क्रममा मन्त्री आलेले राजदूत भोरासफलाई लुम्बिनी क्षेत्रमा थाइल्यान्ड सरकारले गरेको सहयोगप्रति धन्यवाद व्यक्त गर्दै लुम्बिनीमा रहेको मेटरनेटी अस्पतालका लागि सहयोग गर्न आग्रह गर्नुभयो।

यसैगरी मन्त्री आलेले नेपाली नागरिकलाई थाइल्यान्डको भिसाका लागि सहजीकरण गर्न तथा नेपाली नागरिकहरू उपचारका लागि बैङ्कक जाँदा सहुलियतपूर्ण उपचारको व्यवस्था मिलाउन आग्रह गर्नुभयो।

भेटवार्ताकै क्रममा मन्त्री आलेले नेपाल–थाइल्यान्डबीच पुरानो ऐतिहासिक सम्बन्ध रहेको र त्यसलाई थप सुदृढ बनाइराख्न दुवै देशका तर्फबाट अधिकतम प्रयास गरिनुपर्नेमा जोड दिनुभयो।

## उडान थपिंदा यात्रुलाई सहज

■ हुम्ला समाचारदाता

हुम्ला, मङ्सिर २ गते। हुम्लामा हवाई यात्रुहरूलाई सहज बन्दै गएको छ। जहाजहरूले उडान सङ्ख्या बढाएसँगै यात्रुहरूलाई सहज हुन थालेको हो। सिमकोटबाट नेपालगञ्ज झर्न लाग्नुभएका यात्रु पवन रावतले एयरलायन्सहरूले उडान सङ्ख्या बढाएपछि टिकट पाउन केही सहज भएको बताउनुभयो। यसअघि १० दिनसम्म कुर्दा पनि यात्रुहरूले टिकट पाउन मुस्किल थियो। उक्त समयमा यात्रुहरूले बिहान ४ बजेबाट टिकटका लागि लाइनमा बस्दा पनि पाउन सक्ने अवस्था थिएन। उहाँले हाल दैनिक सातवटासम्म उडान हुन थालेपछि यात्रुहरूलाई सहज भएको बताउनुभयो। तीन दिन यता तीन सयभन्दा बढी यात्रु गन्तव्यतर्फ लागेका छन्।

समिट एयर हुम्लाका इन्चार्ज गोविन्द लामाले केही दिनअगाडिसम्म हवाई यात्रुहरूलाई समस्या रहेकामा अहिले सहज हुन थालेको बताउनुभयो। उहाँले निजी तथा सरकारी स्वामित्वको नेपाल एयरलायन्सले पनि उडान सङ्ख्या बढाएका कारण यात्रुलाई सहज भएको जानकारी दिनुभयो। यसअघि ताराले नियमित एक उडान र अन्य एयरलायन्सहरूले तिहारयता नियमित उडान नगर्दा यात्रुहरू समस्यामा परेका थिए। उहाँले अहिले तारा, समिट र सीता एयर र नेपाल एयरलायन्सले उडान सङ्ख्यामा वृद्धि गरेको कारण समस्या केही कम भएको बताउनुभयो। उडान थपिएसँगै नेपालगञ्जबाट सिमकोट आउने यात्रुहरूलाई पनि सहज भएको छ।

# विदेश जाने घटे

■ भैरहवा समाचारदाता

भैरहवा, मङ्सिर २ गते। कोरोनाका कारण वैदेशिक रोजगारीमा जानेको सङ्ख्या घटेको छ। राहदानी वितरणमा कमी आएसँगै वैदेशिक रोजगारीमा जानेको सङ्ख्यामा कमी भएको हो।

विगत दुई आर्थिक वर्षमा रूपन्देहीबाट वैदेशिक रोजगारीमा जानका लागि भन्दै राहदानी बनाउनेको सङ्ख्यामा कमी आएको हो। जिल्ला प्रशासन कार्यालय रूपन्देहीका अनुसार आर्थिक वर्ष २०७७/७८ र आर्थिक वर्ष २०७६/७७ मा राहदानी बनाउनेहरू घटेका छन्।

आर्थिक वर्ष २०७७/७८ मा तीन हजार ६२९ वटा राहदानी वितरण भएका छन् भने ५२६ वटा द्रुत सेवाका राहदानी सिफारिस भएका छन्। यो सङ्ख्या आर्थिक वर्ष २०७५/७६ को भन्दा तीन हजार दुईले कमी हो भने आर्थिक वर्ष २०७६/७७ मा भन्दा एक हजार ५४८ ले कमी हो।

रूपन्देहीका सहायक प्रमुख जिल्ला अधिकारी कमलप्रसाद पाण्डेका अनुसार चालू आर्थिक वर्ष २०७८/७९ को कात्तिक मसान्तसम्म विगतका दुई आर्थिक वर्षको तुलनामा बढी राहदानी वितरण भएका छन्।

आर्थिक वर्ष २०७६/७७ मा जिल्ला प्रशासन कार्यालय रूपन्देहीबाट पाँच हजार ५७५ वटा राहदानी जारी भएका थिए। जसमा साधारण राहदानी पाँच हजार १८८ वटा, नाबालकका ११५ वटा, हराएका २७५ वटा रहेका छन्।

सोही आर्थिक वर्षमा एक हजार ३०० महिला र चार हजार २६१ पुरुषले राहदानी लिएका छन्। त्यस्तै ८७६ वटा द्रुत सेवाका लागि राहदानी सिफारिस गरिएको सहायक प्रमुख जिल्ला अधिकारी पाण्डेले जानकारी दिनुभयो। अघिल्लो आर्थिक वर्षभन्दा उक्त आर्थिक वर्षमा एक हजार ४५४ वटा राहदानी कम वितरण भएका छन्।

कोरोना महामारी सुरु हुनुभन्दा अगाडि अर्थात् आर्थिक वर्ष २०७५/७६ मा भने राहदानी बनाउनेको सङ्ख्या उल्लेख्य थियो। यो आर्थिक वर्षमा छ हजार ६२१ साधारण, १२६ वटा नाबालक, २८२ वटा हराएका गरी सात हजार २९ वटा राहदानी जारी भएका थिए।

## घटेर बन्द भयो साताको बजार

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर २ गते। साताको सुरुदेखि नै बढ्दै आएको सेयर बजार साताको अन्तिम कारोबार दिनमा भने घटेको छ। बढेको बजारमा लगानीकर्ता नाफा बुक गर्न लागेपछि बजारमा कमी आएको हो। बिहीबार नेप्से परिसूचक ३२.३९ अङ्कले घटेर २७६९.१३ को विन्दुमा रोकिएको छ। 'क' वर्गका कम्पनी मापक सेन्सेटिभ इन्डेक्स ५२२ बिन्दुमा रोकिएको छ।

कुल २२४ कम्पनीका ९८ लाख ६२ हजार ९४० सेयर किनबेच हुँदा छ अर्ब २७ करोड १८ लाख ६७ हजार २३० रुपियाँको कारोबार भएको छ। कारोबारमा आएका १३ समूहमध्ये अन्य समूहबाहेक बाँकी सबै समूहको परिसूचक ओरालो लागेर बजार बन्द भएको छ। सबैभन्दा बढी जीवन बीमा समूहको परिसूचक २२८.०७ अङ्कले, निर्जीवन बीमा समूहको परिसूचक २०४.३५ अङ्कले, विकास बैङ्क समूहको परिसूचक १११.६१ समूहले ओरालो लागेको छ।




कर्पोरेट अर्थ

## टाटाको साटफेर क्याम्प सञ्चालन हुँदै

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर २ गते। नेपालका लागि टाटा मोटर्सको वितरक, सिप्रदी ट्रेडिङ प्रालिले प्यासेन्जर भेहिकलका लागि टाटा मोटर्स एक्स्चेन्ज क्याम्प कार्यक्रम आयोजना गर्ने भएको छ।

शुक्रबारदेखि चार दिनसम्म चल्ने कार्यक्रमअन्तर्गत नेपालभर रहेका टाटा मोटर्सको सोरुमहरूमा क्याम्प आयोजना गर्न लागेको हो। ग्राहकहरूले टाटा मोटर्सको सोरुमबाट यस कार्यक्रममा सहभागी भई नयाँ तथा अत्याधुनिक डिजाइनका उत्पादनहरू अल्ट्रोज, एच फाइभ, नेक्सन, नेक्सन ईभी, टियागो र टिगोर लगायतका गाडीहरू अवलोकन तथा टेस्ट ड्राइभ गर्न सक्ने कम्पनीले जनाएको छ।

एक्स्चेन्ज क्याम्पमा जुनसुकै ब्रान्डका गाडीसँग टाटाका गाडी साट्दा गर्दा आकर्षक मूल्याङ्कन प्राप्त गर्न सक्ने छन् भने आकर्षक एक्स्चेन्ज बोनस पनि प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ।

साथै फाइनान्सको सुविधा, गाडीको एक्सेसरिज, एक वर्षको सवारी कर, प्रत्येक गाडीको मूल्याङ्कन र टेस्ट ड्राइभमा आकर्षक गिफ्ट ह्याम्पर लगायतका विशेष आर्कषणहरू रहेको कम्पनीले जनाएको छ।

## आईएमई चाडपर्व योजनाको विजेता दाहाल

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर २ गते। विप्रेषण सेवा प्रदायक आईएमईले चाडपर्वलाई लक्षित गरेर ल्याएको 'आईएमई डबलको डबलको डबल' योजनामा जिवेश दाहाल विजयी हुनुभएको छ। राजधानीमा बिहीबार आयोजित एक कार्यक्रममा अनलाइन 'लक्की ड्'मार्फत दाहाललाई विजयी घोषणा गरिएको हो।

यस योजनाअन्तर्गत आईएमईले विदेशबाट रकम पठाएको आठ गुणा रकम उपलब्ध गराउने घोषणा गरेको थियो। सोहीअनुसार दाहालले नेपालमा आफन्तलाई एक लाख ५६ हजार ५२८ रुपियाँ पठाएकोमा योजनामार्फत विजेता भई १२ लाख ५२ हजार ४६४ रुपियाँ प्राप्त गर्ने हुनुभएको छ। उक्त रकम नेपालमा बस्ने उहाँकी श्रीमतीलाई हस्तान्तरण गरिने आईएमई समूहका अध्यक्ष चन्द्र ढकालले जानकारी दिनुभयो। वैधानिक रूपमा विप्रेषण भित्र्याउने कार्यलाई प्रोत्साहन गर्न यस्तो योजना ल्याइएको उहाँले बताउनुभयो।




## नबिलले ल्यायो नयाँ बचत खाता

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर २ गते। नबिल बैङ्कले वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकलाई दृष्टिगत गरी व्यक्तिगत बचत खाताअन्तर्गत नबिल प्रिमियम रेमट्यान्स सेभिङ एकाउन्ट सञ्चालन ल्याएको छ। यस योजनामा बैङ्किङ प्रणालीबाट प्राप्त हुने विप्रेषण रकम निक्षेपमा राखी बचत खाता खोल्न सकिनेछ। ग्राहकहरूले यो शून्य मौज्दातमा खोल्न सकिने यो बचत खातामा बैङ्कल व्यक्तिगत बचत निक्षेपहरूको प्रकाशित ब्याजदरमध्येको उच्च ब्याजदर प्रदान गर्ने जनाएको छ।

यसैबीच बैङ्कले नबिल एक्स्ट्रा फिक्स डिपोजिट योजना ल्याएको छ। यस योजनामा बैङ्कले व्यक्तिगत र संस्थागत दुवै निक्षेपकर्तालाई हरेक नेपाली महिनाको अन्तिममा ब्याज दिने जनाएको छ। साथै यस योजनामा कुनै पनि न्यूनतम रकमको सीमा तोकिएको छैन। योजनाअन्तर्गत तीन महिना वा बढी अवधिका लागि ग्राहकले खाता खोल्न सक्ने बैङ्कले जनाएको छ।

## लक्ष्मीको एक्स्टेन्सन काउन्टर अदालत परिसरमा

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर २ गते। लक्ष्मी बैङ्कले जनकपुर उपमहानगरपालिकास्थित धनुषा जिल्ला अदालत परिसरमा आफ्नो एक्स्टेन्सन काउन्टर सञ्चालनमा ल्याएको छ। योसहित बैङ्कको एक्स्टेन्सन काउन्टरको सङ्ख्या आठ पुगेको छ। यो काउन्टरबाट एटीएम, इन्टरनेट बैङ्किङ वा मोबाइल बैङ्किङ सेवा प्रदान गरिने बैङ्कले जनाएको छ।

प्राबिधिक शिक्षा तथा ब्यावसायिक तालिम परिषद
गोरखा बहुप्राबिधिक शिक्षालय
पालुङटार-४, गोरखा

**बिशेष प्राबिधिक शिक्षा छात्रवृत्ति कार्यक्रम २०७८ डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङको बैकल्पिक उम्मेदवारहरुलाई भर्ना हुने सम्बन्धि जरुरि सूचना**

*सुचना प्रकासन मिति : २०७८/०८/०३*

शैक्षिक सत्र २०७८/०७९ मा डिप्लोमा/प्रिडिप्लोमा तहमा विशेष प्राबिधिक शिक्षा छात्रवृत्ति कार्यक्रम २०७८ को मिति २०७८/०७/१८ मा परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुरबाट प्रकाशित सूचना अनुसार यस गोरखा बहुप्राबिधिक शिक्षालय मा डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनीयरिङ कार्यक्रममा मुख्य परिक्षार्थीमा सिफारिस भएका उम्मेदवार मध्ये तपसिलका कोटा रिक्त हुन आएकाले भर्ना छनोट कार्यविधि अनुसार बैकल्पिक सुचिमा रहेका उम्मेदवारहरुलाई यो सूचना प्रकाशित भएको मितिबाट ७ दिन (२०७८/०८/०९) भित्र यस शिक्षालयमा आवश्यक शैक्षिक कागजात सहित आबेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। तपसिल : (प्रदेश-१: बिपन्न -१, दलित -१), (प्रदेश-२ : मुस्लिम-१), (बागमती प्रदेश : बिपन्न-२, दलित-२, मुस्लिम-१), (कर्णाली प्रदेश : दलित-२, मुस्लिम-१), (लुम्बिनी प्रदेश : बिपन्न-२, दलित-१, मुस्लिम-१)

**सम्पर्क नं. ०६४-४०००९५,९८५६०४००९५,९८५६०४०८३५ इमेल gpipalungtar69@gmail.com**

**कोषका लागि आवश्यक Call Center Solution and Operation Service सम्बन्धी शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

(गोरखापत्रमा प्रकाशित मिति : २०७८/०८/०३)

कोषले सञ्चयकर्ताहरूलाई उपलव्ध गराउँदै आएको सेवा सुविधाहरूको आवश्यक सूचना तथा जानकारी सञ्चयकर्ताहरूलाई प्रदान गरी कोषको सेवालाई अझ बढी विश्वासिलो र व्यवस्थित बनाउनका लागि उपत्यकास्थित ठमेल कार्यालयबाट कल सेन्टरको कल ह्यान्डलिङ्गलगायतको सेवा सञ्चालन गर्नका लागि कोषले सुपरभाईजर-१ जना तथा एजेन्ट ३ जना गरी जम्मा ४ जना संलग्न रहने Call Center Solution and Operation Service सम्बन्धी सेवा करारमा आपूर्ति गर्न इच्छुक नेपाल सरकारबाट इजाजत प्राप्त कम्पनी वा फर्मबाट रीतपूर्वक शिलवन्दी दरभाउपत्र पेश गर्न मिति २०७८/०६/१७ को गोरखापत्रमा सूचना प्रकाशित गरिएकोमा प्राप्त दरभाउपत्रहरूको मूल्यांकनबाट तपशिल बमोजिमको शिलबन्दी दरभाउपत्र सारभूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० (५) तथा कर्मचारी सञ्चय कोष (खरिद) नियमावली, २०७५ को नियम ९३(१३) अनुरूप छनौट गरी स्वीकृत गरिने भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

| शिलबन्दी दरभाउपत्र नं. | कामको विवरण | छनौट हुने दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल रकम (भ्याटबाहेक) |
|---|---|---|---|
| EPS/KS/SQ/ 2078/79-02 | Call Center Solution and Operation Service सम्बन्धी सेवा | श्री केयर हव प्रा.लि, (Care Hub Ptd. Ltd.), कुमारीपाटी, ललितपुर। | रू. १०,४५,२९६/ (अक्षरेपी दश लाख पैंतालीस हजार दुई सय छयानब्बे मात्र) |

**कर्मचारी सञ्चय कोष**
**मानव संशाधन तथा आन्तरिक व्यवस्थापन विभाग,**
**पुल्चोक, ललितपुर, फोन नं.: ०१-५०१०१६७, ५०१००८३**



नेपालको 'ए' डिभिजन क्लबमा नवप्रवेशी सातदोबाटो युथ क्लबले बिहीबार टी १० सँग तीन वर्षको प्रायोजन सम्झौता गरेको छ। सम्झौताअनुसार टी १० सातदोबाटो युथ क्लबको आधिकारिक किट पार्टनर रहनेछ।

# तेस्रो खेलमा पनि नेपाल विजयी




■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर २ गते। तेस्रो तथा अन्तिम खेलमा कतारलाई १०९ रनले हराएर नेपालले शुक्रबार तीन खेलको महिला अन्तर्राष्ट्रिय टी–२० शृङ्खला 'क्लिन स्विप' गरेको छ।

दोहास्थित वेस्ट इन्ड पार्क अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालामा पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा तीन विकेटको क्षतिमा १६४ रनको विशाल योगफल तयार पारेको थियो। जुन महिला टी–२० अन्तर्राष्ट्रियमा नेपालको सर्वाधिक योगफल पनि भएको छ। कतारले जवाफमा सात विकेटको क्षतिमा ५५ रनमात्र बनाउन सक्यो।

नेपालकी ब्याटर सीता रानामगर ७२ बलमा ८२ रन बनाएर आउट हुनुभएन। महिला अन्तर्राष्ट्रिय टी–२०मा नेपालका लागि यो सर्वाधिक व्यक्तिगत रन हो। सीताको पालिमा सात चौका सामेल थियो। नेपालका लागि ज्योति पाण्डेले पनि २० बलमा २४ रनको आकर्षक पालि खेल्नुभयो। काजल श्रेष्ठ सात र डली भट्ट १२ रनमा आउट हुनुभयो। नेपालको पालि सकिँदा सीतासँगै सरिता मगर १७ रनमा अविजित हुनुहुन्थ्यो।

लक्ष्य पछ्याउने क्रममा आयोजक कतारका लागि एलिना खानले सबैभन्दा बढी १९ रन बनाउनुभयो। कप्तान आयशा १३ रनमा आउट हुनुभयो। यी दुई ब्याटरको पालिमात्र उल्लेखलायक रह्यो। नेपालका लागि शवनम राई, कप्तान रुविना क्षेत्री र सरस्वती कुमारीले एक/एक विकेट लिनुभयो। नेपालले आईसीसी महिला टी–२० एसिया छनोटको तयारीअनुरूप कतारसँग तीन खेलको शृङ्खला खेलेको हो। नेपाली टिम शुक्रबार कतारबाटै एसिया छनोट खेल्न संयुक्त अरब इमिरेट्स प्रस्थान गर्नेछ।

# सुवास र प्रदीप फाइनलमा प्रवेश

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर २ गते। नेपाल आर्मीका सुवास तामाङ र एपीएफका प्रदीप महर्जन प्रकाश दाहाल स्मृति दोस्रो पुरुष तथा महिला राष्ट्रिय बक्सिङ प्रतियोगिताको पुरुष ५१ केजीमा बिहीबार फाइनलमा प्रवेश गर्नुभएको छ। नेपाल बक्सिङ सङ्घको आयोजना तथा प्रकाश दाहाल स्मृति प्रतिष्ठानको सहकार्यमा भइरहेको प्रतियोगिताको सेमिफाइनलमा सुवासले उदयपुरका नारायण भुजेल तथा प्रदीपले रुकुमका जीवनकुमार पुनलाई पराजित गर्नुभयो।

महिला बक्सिङअन्तर्गत ४८ केजीमा नक्सालकी सुषमा तामाङले आरडीएसकी रमिशा श्रेष्ठ र एचटुओकी अस्मिता दुवालले एपीएफकी सावित्री तामाङ, ५० केजीमा नक्सालकी डेनिका राईले कास्कीकी सोनिया बरुवाल र



एपीएफकी माला राईले बक्समान्डुकी प्रतीक्षा अर्याल तथा ५२ केजीमा नक्सालकी शिला राईले आर्मी 'बी'की आरती तामाङ र आर्मीकी ललिता महर्जनले एपीएफकी सञ्जुमाया थिङलाई पराजित गर्दै फाइनल यात्रा तय गर्नुभएको छ।

# आजदेखि शहीद स्मारक 'ए' डिभिजन लिग

■ प्रजित शाक्य

काठमाडौँ, मङ्सिर २ गते। अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले बिहीबार शहीद स्मारक 'ए' डिभिजन लिगको सम्पूर्ण तयारी सकिएको जनाएको छ।

तीन महिना चल्ने लिगका सुरुवाती दुई चरणका खेल दशरथ रङ्गशालामा खेलाउने तयारी आयोजक एन्फाले गरेको छ। लिग फुटबलको माहोल तताउन दशरथ रङ्गशालाका खेल 'फ्लड लाइट्स' मा खेलाइनेछ। लिग निर्देशक सञ्जीव मिश्रका अनुसार एन्फाले दशरथ रङ्गशालासँगै एन्फा मैदान सातदोबाटो, च्यासल र पोखरा रङ्गशालामा समेत लिगका खेल सञ्चालन गर्नेछ।

नेपाली फुटबलको सर्वोच्च लिग दशरथ रङ्गशालामा शुक्रबार सुरु हुँदै छ। उद्घाटन दिन फ्रेन्ड्स क्लब र सातदोबाटो युथ क्लबबीच भिडन्त हुनेछ। फ्रेन्ड्सका प्रशिक्षक मृगेन्द्र मिश्रले लिगको सुरुवातमा सजग भएर खेल्ने बताउनुभयो। "फ्रेन्ड्सको पहिलो योजना रेलिगेसन जोगाउने हो। बिस्तारै स्थान सुधारका लागि प्रयास गर्नेछौँ। उद्घाटन खेलमा सातदोबाटोलाई हराउने लक्ष्य राखेका छौँ।" फ्रेन्ड्सका कप्तान सुरज विकले पनि सातदोबाटो नयाँ क्लब भएपछि सम्हालेर मैदानमा उत्रने भनाइ राख्नुभयो।

नवप्रवेशी सातदोबाटो क्लबको जिम्मेवारी लिएका प्रशिक्षक मेघराज केसीले अन्य टिमले जस्तो लक्ष्य निर्धारण नगरे पनि सातदोबाटो सानो क्लब होइन, मात्र अनुभवको कमी छ, भन्नुभयो। चार महिनादेखि फ्री सिजनलाई उपयोग गरेका छौँ। नयाँ भए पनि हामी सबैको नजरमा पर्नेगरी प्रदर्शन गर्नेछौँ, केसीले भन्नुभयो। सातदोबाटोका कप्तान मानबहादुर तामाङले आफ्नो टिममा रहेका सबै खेलाडीका लागि आफूलाई प्रमाणित गर्ने अवसर आएको बताउनुभयो।

लिगमा सहभागी अन्य क्लबका प्रशिक्षक र कप्तानले पनि बिहीबार आ–आफ्नो लक्ष्यबारे जानकारी दिए। पछिल्लो संस्करणमा मच्छिन्द्र क्लब लिग च्याम्पियन बनेपछि नेपाली फुटबलमा नयाँ शक्तिको उदय भएको थियो। यसपालि पनि मच्छिन्द्रले उपाधि रक्षा अभियानमा बलियो टिम तयार पारेको छ। मछिन्द्रका प्रशिक्षक प्रवेश कटुवालले यसपालि आफ्नो टिम अझ राम्रो भएको प्रतिक्रिया दिनुभयो। 'हामी च्याम्पियन हौँ। त्यसैले उपाधि रक्षा अभियानमा थप राम्रा खेलाडी टिममा भित्र्याएका छौँ। अग्रपङ्क्तिमा धेरै नै ध्यान दिएका छौँ। टिममा धेरै स्टार खेलाडी छन्। उनीहरूलाई राम्रोसँग उपयोग गर्ने चुनौती छ। उपाधि रक्षा गर्ने दबाब पनि छ। तर, हामी तयार छौँ, प्रशिक्षक कटुवालले भन्नुभयो। मच्छिन्द्रका कप्तान सुजल श्रेष्ठले पनि विगतकै जोशमा खेलेर उपाधि रक्षा गर्ने बताउनुभयो। सुजल व्यक्तिगत रूपमा चौथो पटक लिग उपाधि जित्ने अभियानमा रहनेछन्। मच्छिन्द्रबाट उपाधि जित्नुअघि उहाँ मनाङ मस्र्याङ्दी क्लबबाट पनि दुई पटक लिग च्याम्पियन बन्नुभएको थियो।

पछिल्लो संस्करणमा अन्तिम खेलमा आत्मघाती गोल बेहोरेर मछिन्द्रलाई लिग उपाधि सुम्पन बाध्य त्रिभुवन आर्मी क्लब यसपालि पनि उपाधिको दाबेदार हो। आर्मीका प्रशिक्षक राजु तामाङले यस पटक विगतमा गरेको गल्ती दोहोर्‍याउने छैनौँ भन्नुभयो। लक्ष्य उपाधि नै हो। प्रमुख स्ट्राइकर नवयुग श्रेष्ठ घाइते हुँदा टिमलाई केही धक्का परेको तर उत्तिकै क्षमता भएका अन्य खेलाडी पनि छन्। अनुभवी जगजित श्रेष्ठलाई पनि टिममा ल्याएका छौँ, उहाँले भन्नुभयो। आर्मीका कप्तान भरत खवासले पुरानै

> पछिल्लो संस्करणमा मच्छिन्द्र क्लब लिग च्याम्पियन बनेपछि नेपाली फुटबलमा नयाँ शक्तिको उदय भएको थियो।

टिम, पुरानै खेलाडी भए पनि राम्रो तयारी टिम थप सशक्त भएको जानकारी गराउनुभयो।

सर्वाधिक पटक लिग जित्ने मनाङ मर्स्याङ्दीका प्रशिक्षक राजेन्द्र तामाङले उपाधि जित्ने लक्ष्यका साथ तयारी भएको बताउनुभयो। मनाङ मर्स्याङ्दीका कप्तान विमल रानाले पछिल्लो संस्करणमा भाग्यले साथ दिएन। यसपालि विगतमा गरेका गल्ती सुधारेर च्याम्पियन बन्नेछौँ, भन्नुभयो।

इटालीका यु–१६ टिमबाट खेलिसकेका नेपाली मूलका इटालियाली खेलाडी विकास मेराग्लियालाई अनुबन्धित गरेर आफ्नो टिम हेर्नलायक बनाएको च्यासल युथका प्रशिक्षक बालगोपाल साहुखलले अङ्कतालिकाको मध्यमा पुग्नेलाई राखेको बताउनुभयो। उहाँले 'ए' डिभिजन लिगका सर्वाधिक गोलकर्ता सन्तोष साहुखलले लिगको बीचमा क्लबसँग जोडिने जानकारी पनि दिनुभयो। पछिल्लो पटक आफ्नो नेतृत्वमा मच्छिन्द्रलाई च्याम्पियन बनाउने विराज महर्जन अहिले च्यासलमा आबद्ध हुनुहुन्छ। उहाँले टिममा युवा खेलाडी भएको र शीर्ष चारमा पुग्ने लक्ष्य छ, भन्नुभयो।

नेपाल पुलिस अनन्त थापाले भने अहिले नै उपाधि रक्षाभन्दा हरेक खेलमा जितको नतिजामा केन्द्रित हुने बताउनुभयो। "तयारी राम्रो छ । विभागीय टिम भएकाले नियमित अभ्यासमा छौँ। लिगका लागि भनेर चार महिनादेखि नै प्रशिक्षणमा छौँ। हामी आश्चर्यजनक नतिजा निकाल्ने सोचाइमा छौँ," प्रशिक्षक थापाको भनाइ छ। यसैगरी, पुलिसका कप्तान राम बाजीले पहिलो पटक टिमको कप्तान भएकाले जिम्मेवारी बढेको महसुस गरेको भन्दै शीर्ष तीनमा रहनेछौँ, भन्नुभयो।

न्युरोड टिम (एनआरटी)का प्रशिक्षक राजुकाजी शाक्य 'हार्ड ग्राउन्ड'मा अभ्यास गरेकाले टेक्निकल पक्षमा अलि अप्ठ्यारो परेको भन्नुहुँदै आफ्नो टिममा अग्रपङ्क्तिमा दुई स्तरीय विदेशी खेलाडी र दर्शन गुरुङ, एरिक विष्ट र अशोक थापाजस्ता खेलाडीबाट ठूलो आशा रहेको भनाइ राख्नुभयो। एनआरआटीका कप्तान अजित प्रजापतिले नेपालका राम्रा युवा खेलाडी आफ्नो टिममा रहेकाले सबैलाई कडा प्रतिस्पर्धा दिनेछौँ, भन्नुभयो।

एपीएफका प्रशिक्षक कुमार थापाले टिमको ढाँचामा केही परिवर्तन गरेको र यसपालि पछिल्लो पटक अङ्क तालिकामा रहेको आफ्नो स्थान सुधार्ने लक्ष्य रहेको जानकारी दिनुभयो। एपीएफका कप्तान टोपबहादुर विष्टले अहिले अनुभवी खेलाडी टिममा हुँदा ठूलै लक्ष्य भएको भनाइ राख्नुभयो। सङ्कटा क्लबका प्रशिक्षक विष्णु गुरुङले प्रत्येक खेलको प्रदर्शनपछि लक्ष्य निर्धारण गर्ने जानकारी दिनुभयो भने कप्तान रवि सिलवालले आफ्नै मैदान हुँदा अभ्यास राम्रो भएको र नतिजा पनि राम्रो ल्याउने बताउनुभयो। श्री स्टार क्लबका प्रशिक्षक उर्जन श्रेष्ठले यसपालि सबै टिम बलियो भए पनि आफ्नो टिमको उद्देश्य उपाधि जित्नु रहेको भनाइ राख्नुभयो। श्री स्टारका प्रशिक्षक विक्रम लामाले टेक्निकल्ली र शारीरिक रूपमा खेलाडी राम्रो अवस्थामा रहेको जानकारी दिनुभयो।

जावलाखेल युथ क्लबका प्रशिक्षक किशोर केसीले शीर्ष चारको लक्ष्य राख्नुभएको छ। विदेशी खेलाडीले आफ्नो टिम सन्तुलित रहेको उहाँको भनाइ छ। यसैगरी, कप्तान कुलदीप कार्कीले पहिलो खेल मनाङसँग भएपछि आफूहरू मानसिक र शारीरिक रूपमा फिट भएकाले दबाब नलिएको बताउनुभयो। यसैगरी, ब्रिगेज ब्वाइज क्लबका प्रशिक्षक सनोज श्रेष्ठले राम्रो फुटबल खेलेर पहिलाभन्दा राम्रो स्थानमा रहने तथा कप्तान अनिल गुरुङले टिम विगतको भन्दा राम्रो छ, भन्नुभयो।

# एनओसीको साधारण सभा पुसमा

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर २ गते। नेपाल ओलम्पिक कमिटी (एनओसी)को बुधबार बसेको बैठकले आगामी पुस १३ गते साधारण सभा गर्ने निर्णय गरेको छ।

एनओसीका अध्यक्ष जीवनराम श्रेष्ठको अध्यक्षतामा बसेको बैठकमा निर्णय भएअनुसार नेपाल स्पोर्ट्स् लिडर मिट सन् २०२२ को जनवरीमा हुने भएको छ। यसैगरी स्पोर्ट्स् एन्ड डेभलपमेन्ट फर पिस डेको अवसरमा सन् २०२२ को अप्रिल ६ मा बुद्ध जन्मभूमि लुम्बिनीमा बृहत् अन्तर्राष्ट्रिय कार्यक्रम गरिने भएको छ।

नेपालले चिल्ड्रेन अफ एसिया इन्टरनेसनल स्पोर्ट्स् गेम आयोजना गर्न प्रस्ताव गर्ने सुरुवाती निर्णय पनि गरिएको छ। एनओसीका उपाध्यक्ष तथा कार्यकारी निर्देशक चतुरानन्द वैद्यले पछिल्लो साता रुसको भ्याडिभोस्टोकमा भएको त्यससम्बन्धी कार्यक्रममा सहभागिता जनाउनुभएको थियो। भ्लाडिभोस्टोकमा चिल्ड्रेन अफ एसिया इन्टरनेसनल स्पोर्ट्स् गेम सेभ दी सिसनको सेमिनार भएको थियो।

# आयुष्मान र सक्षमको जोडीलाई उपाधि

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर २ गते। आयुष्मान हजुर घले र सक्षमविक्रम शाहको जोडीले बिहीबार राजवीर प्रधान र दर्शिल श्रेष्ठको जोडीलाई ६–४, ४–६ र १०–६ ले हराएर काठमाडौँ/एसियन यू–१४ ऱ्याङ्किङ टेनिस प्रतियोगिताअन्तर्गत सर्किट–१ को ब्वाइज डबल्सको स्वर्ण पदक जितेको छ।

नेपाल टेनिस सङ्घद्वारा आयोजित प्रतियोगिताको गर्ल्स एकलको सेमिफाइनलमा नेपालकी प्रशंसा मोक्तानले नेपालकी इभा अधिकारीलाई ६–१ र ६–१ ले हराएर फाइनलमा सुनिरा थापासँगको भेट पक्का गर्नुभयो। ब्वाइज एकलमा भारतका सिद्धार्थ जिबुले दर्शिल श्रेष्ठलाई ३–६, ६–१ र ७–५ तथा सक्षमविक्रम शाहले आयुष्मान हजुर घलेलाई ४–६, ६–३ र ६–४ ले हराएर फाइनलमा स्थान बनाउनुभयो।

## अन्तर्राष्ट्रिय

# सीमा विवादमा चीन–भारत वार्ता हुँदै

■ रासस/एएनआई

नयाँ दिल्ली, मङ्सिर २ गते। भारत र चीनबीच बिहीबार सीमा विवादका विषयमा वार्ता हुँदै छ। गत वर्ष गलवान झडपपछि धेरै चरणको सैन्य र कूटनीतिक वार्ता गतिरोधमा समाप्त भएको थियो। दुई देशबीच कतिपय सिमाना विच्छेद भए पनि समग्रमा पूर्ण विच्छेदमा गतिरोध छ। देपसाङ र हट स्प्रिङ्समा विवाद कायमै छ।

कठोर जाडोको समयमा पनि पूर्वी लद्दाखका प्रत्येक छेउमा सेनाको विशाल निर्माण जारी रहनाले तत्काल द्वन्द्व समाधान हुन नसक्नेतिर सङ्केत गरेको छ। भारत–चीन सीमा मामिलासम्बन्धी परामर्श र समन्वयका लागि कार्यसंयन्त्र (डब्लूएमसीसी)अन्तर्गत बिहीबार २३औँ चरणको भारत–चीन सीमा वार्ता हुँदै छ। भारत र चीनबीचको अन्तिम सम्पर्क यस वर्ष अक्टोबरमा कोर्प्स कमान्डर स्तरमा भएको सैन्य वार्ता थियो। यो १३औँ चरणको वार्ता थियो।

बैठकका क्रममा भारतीय पक्षले बाँकी क्षेत्र समाधानका लागि रचनात्मक सुझाव दिएको तर चिनियाँ पक्षले सहमति नजनाएको र कुनै अग्रगामी प्रस्ताव पनि दिन नसकेको टिप्पणी गरेको छ। भारतले द्विपक्षीय सम्बन्धमा प्रगति गर्न पूर्ण विच्छेद आवश्यक रहेको पनि बताएको छ।

चीनको यथास्थिति परिवर्तन गर्ने एकपक्षीय प्रयास र द्विपक्षीय सम्झौताको उल्लङ्घनका कारण एलएसीको स्थिति उत्पन्न भएको भारतको दाबी छ। त्यसैले पश्चिमी क्षेत्रको एलएसीमा शान्ति र शान्ति पुनर्स्थापना गर्न बाँकी क्षेत्रमा चिनियाँ पक्षले उचित कदम चाल्नु आवश्यक रहेको जनाइएको छ।

# आईएस लडाकु मारिए

■ रासस/सिन्ह्वा

काबुल, मङ्सिर २ गते। अफगान सुरक्षा बलले काबुल सहरमा इस्लामिक स्टेट (आईएस) लुकेको भनिएको ठाउँमा छापा मारेर एक लडाकुलाई मारेको तालिबान अधिकारीले बिहीबार जानकारी दिएका छन्।

"इस्लामिक इमिरेट्सका सुरक्षा बलहरूले बुधबार राति खैरखाना जिल्लाको सराई–ए–सामली इलाकामा आईएस समूह लुकेको ठाउँलाई निशाना बनाएर एक विद्रोहीलाई मारेका छन् र अरू केहीलाई गिरफ्तार गरेका छन्", इनामुल्लाह समङ्गानीले आफ्नो ट्विटरमा लेखेका छन्।

बुधबार दिउँसो काबुल सहरको प्रहरी जिल्ला १३ दशती बर्ची क्षेत्रमा भएको दुईवटा बम विस्फोटमा कम्तीमा एक जनाको मृत्यु हुनुका साथै तीन महिलासहित छ जना घाइते भएका थिए। काबुल विगत केही दिनयता हिंसात्मक घटनाको केन्द्र बनेको छ।

# पोल्यान्डद्वारा एक सय आप्रवासी हिरासतमा

■ रासस/एएफपी

वार्सा, मङ्सिर २ गते। पोलिस सेनाले बेलारुसबाट सीमा पार गर्न खोजिरहेका करिब एक सय जना आप्रवासीको समूहलाई नियन्त्रणमा लिएको रक्षा मन्त्रालयले बिहीबार जनाएको छ।

"लगभग एक सय आप्रवासीको समूहलाई पोलिस सुरक्षाकर्मीले हिरासतमा लिएको मन्त्रालयले बताएको छ। बेलारुसीहरूले आप्रवासीलाई उनीहरूको ध्यान विचलित गर्न पोलिस सैनिकलाई ढुङ्गा हानेका थिए।

# टोङ्गामा आमचुनाव सम्पन्न

■ रासस/सिन्ह्वा

सुभा, मङ्सिर २ गते। टोङ्गामा बिहीबार निर्वाचन सम्पन्न भएको छ। दक्षिण प्रशान्त टापु राष्ट्का दुई सय मतदान केन्द्रमा करिब ६० हजार योग्य टोङ्गनले मतदान गरेका छन्।

टोङ्गाको समाचार वेबसाइट माताङ्गी टोङ्गा अनलाइनका अनुसार टोङ्गाको विधान सभामा जनप्रतिनिधिका लागि १७ स्थान र नोबल्स प्रतिनिधिका लागि नौ स्थान रहेका छन्। त्यसैगरी १७ जनप्रतिनिधिका लागि ७० भन्दा बढी उम्मेदवार छन् भने ३३ ठूला परिवारले आआफ्ना क्षेत्रबाट नौ जना प्रतिनिधि चयन गर्नेछन्। टापु राष्ट्का नागरिकले बिहीबार तीन नयाँ प्रतिनिधि निर्वाचित गरी छ पदाधिकारीलाई विधान सभामा फिर्ता गरेका छन्।

# झडपमा सन्ताउन्न प्यालेस्टाइनी घाइते

■ रासस/एएनआई/स्पुतनिक

गाजा (प्यालेस्टाइन), मङ्सिर २ गते। जेरुसेलमको अल–इसाविया नजिक इजरायली सेनासँगको झडपमा कम्तीमा ५७ प्यालेस्टाइनी घाइते भएको सञ्चारमाध्यमले जनाएका छन्। कुड्सनेट समाचार एजेन्सीले जनाएअनुसार इजरायली सैनिकले गरेको अश्रुग्यास प्रहारबाट अधिकांश घाइते भएका छन्। प्यालेस्टाइनीले बिहीबार आमहडताल गर्ने घोषणा गरेका छन्।

इजरायल र प्यालेस्टाइनबीचको सम्बन्ध दशकौँदेखि बिग्रिएको छ। प्यालेस्टाइनीले इजरायलले आंशिक रूपमा ओगटेको पूर्वी जेरुसेलम र गाजापट्टीलगायत वेस्ट बैङ्कको भूभागमा आफ्नो स्वतन्त्र राज्यका लागि कूटनीतिक लडाइँ लडिरहेका छन्। इजरायली सरकारले प्यालेस्टाइनलाई स्वतन्त्र राजनीतिक र कूटनीतिक संस्थाका रूपमा मान्यता दिन अस्वीकार गरेको छ र संयुक्त राष्ट्रसङ्घको आपत्तिका बीच कब्जा गरिएका क्षेत्रमा बस्ती निर्माण गरिरहेको छ।

# प्रदर्शनकारीमाथि अश्रुग्यास प्रहार

■ रासस/एएफपी

खार्तुम, मङ्सिर २ गते। सुडानी सुरक्षा बलले बिहीबार बिहान राजधानी खार्तुममा ब्यारिकेडहरू लगाएका दर्जनौँ प्रदर्शनकारीमाथि अश्रुग्यास प्रहार गरेको एक प्रत्यक्षदर्शीले बताएका छन्।

उत्तरी खार्तुममा ठूलो सङ्ख्यामा प्रहरी तैनाथ गरिएको छ। प्रदर्शनकारीले यहाँ रातभरि विरोध प्रदर्शन गरेका थिए। गत महिना सेनाले कब्जामा लिएपछि 'कु'विरोधी बुधबारको प्रदर्शनी सबैभन्दा घातक र आक्रामक देखिएको बताइएको छ। चिकित्सकहरूले जनाएअनुसार बुधबारको प्रदर्शनमा कम्तीमा १५ जना प्रदर्शनकारीको मृत्यु भएको र तीमध्ये अधिकांश उत्तरी खार्तुमका थिए।

## नेपाल राष्ट्र बैङ्क

केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग

नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर

२०७८ साल मङ्सिर ३ गते (नोभेम्बर १९, २०२१) शुक्रबारको विनिमय दर

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु. १६०।०० | रु. १६०।१५ |

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को | रु. ११८।४८ | रु. ११९।०८ |
| युरो | १ को | रु. १३४।२४ | रु. १३४।९२ |
| पाउन्ड स्टर्लिङ | १ को | रु. १५९।८५ | रु. १६०।६६ |
| स्विस फ्रैङ्क | १ को | रु. १२७।७९ | रु. १२८।४४ |
| अस्ट्रेलियन डलर | १ को | रु. ८६।२६ | रु. ८६।७० |
| क्यानेडियन डलर | १ को | रु. ९३।९८ | रु. ९४।४५ |
| सिङ्गापुर डलर | १ को | रु. ८७।२४ | रु. ८७।६८ |
| जापानी येन | १० को | रु. १०।३८ | रु. १०।४३ |
| चिनियाँ युआन | १ को | रु. १८।५६ | रु. १८।६५ |
| साउदी अरब रियाल | १ को | रु. ३१।५९ | रु. ३१।७५ |
| कतारी रियाल | १ को | रु. ३२।५४ | रु. ३२।७१ |
| थाई भाट | १ को | रु. ३।६४ | रु. ३।६६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | रु. ३२।२६ | रु. ३२।४२ |
| मलेसियन रिङ्गिट | १ को | रु. २८।३३ | रु. २८।४८ |
| दक्षिण कोरियन वन | १०० को | रु. १०।०२ | रु. १०।०७ |
| स्विडिस क्रोनर | १ को | रु. १३।३६ | रु. १३।४३ |
| डेनिस क्रोनर | १ को | रु. १८।०५ | रु. १८।१४ |
| हङकङ डलर | १ को | रु. १५।२१ | रु. १५।२९ |
| कुवेती दिनार | १ को | रु. ३९१।७५ | रु. ३९३।७३ |
| बहराइन दिनार | १ को | रु. ३१४।२४ | रु. ३१५।८३ |

नोटः यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ।

* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ।

* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

मङ्सिर महिनाको मधुपर्क
आकर्षण




■ हरि अधिकारी, विष्णुविभु घिमिरे, द्वारिका श्रेष्ठ, डा. सुकुम शर्मा, डा. एकनारायण पौड्याल, चूडामणि काफ्ले, त्रिभुवनचन्द्र वाग्ले आदिका मोहन कोइराला केन्द्रित आलेख। साथमा मोहन कोइरालाका दुई चर्चित कविता
■ तोया गुरुङ्ग, दिल साहनी, डा. हरि शर्मा, साम्ब ढकाल, बाबा बस्नेत, डा. संगीता स्वेच्छा, जनक कार्की आदिका कविता
■ किशोर पहाडी, सरिता अर्याल, सविना सिन्धु, रमेश गाँउले, खेमरञ्जन भट्टराई आदिका कथा लघुकथा
■ मनप्रसाद सुब्बा, लक्ष्मणप्रसाद गौतम, सीताराम उप्रेती आदिका निबन्ध, समालोचना, संस्मरण साथमा संस्कृति, पात्र, नोबेल विजेताको कथा, नयाँकृति

लगायत अन्य नियमित स्तम्भ सहित मधुपर्कको मङ्सिर अङ्क छिटै बजारमा आउँदैछ।

आफ्नो प्रति बेलैमा सुरक्षित गर्नुहोस्।

सम्पर्कः ग्राहक सेवा शाखा, गोरखापत्र संस्थान
फोन नं. ४२२०६३८/ टोल फ्री नं. १६६००१९४४४४

गोरखापत्र संस्थानका लागि कार्यकारी अध्यक्ष **विष्णुप्रसाद सुवेदी**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित। पो.ब.नं. २३, काठमाडौँ, नेपाल। द.नं. ०२। गो.हु.का.द.नं. २९/०५३/५४। निमित्त प्रधानसम्पादक **शिवकुमार भट्टराई**

सम्पादकीय : फोन नं. ४२२२९२१, ४२४४४२९, फ्याक्स नं. ४२२४३८१, **E-mail : news@gorkhapatradaily.com,** विज्ञापन शाखा : फोन नं. ४२२७४९३, ४२२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ४२२०६३८, टोल फ्रि नं. १६६०–०१–९४४४४

▸ वि.सं. १९५८ देखि निरन्तर प्रकाशित, गणतन्त्र नेपालको बहुभाषी राष्ट्रिय दैनिक

# गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।।

निरोगी सबै हुन् सबै हुन् सुखीया ।
सबै वेस देखुन् नहुन् क्वै दुखीया ।।

GORKHAPATRA DAILY

विराटनगर संस्करण

| वर्ष १२१ | अङ्क १८९ | २०७८ साल मङ्सिर ३ गते शुक्रबार | कार्तिक शुक्ल पूर्णिमा | नेपाल संवत् ११४२ कछलाथ्वः १५ | 2021 November 19 Friday | Website : www. gorkhapatraonline.com | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ










## नेपाललाई निरन्तर सघाउने अमेरिकाको प्रतिबद्धता

■ चाँदनी हमाल

काठमाडौं, मङ्सिर २ गते । प्रधानमन्त्री शेरबहादुर देउवा र अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुबीच नेपाल–अमेरिका सम्बन्ध तथा विविध साझेदारीका विषयमा गहन छलफल भएको छ ।

बिहीबार प्रधानमन्त्री देउवासँग अमेरिकी विदेश मन्त्रालयको दक्षिण तथा मध्य एसिया मामिला सम्बद्ध सहायक विदेशमन्त्री लु शिष्टाचार भेट गर्न पुग्नुहुँदा

**नेपाल अमेरिका मैत्रीपूर्ण सम्बन्ध, सहकार्य र अन्य बहुपक्षीय तथा द्विपक्षीय विषयमा छलफल ।**

समग्र पक्षमा छलफल भएको हो । उहाँ दुईदिने भ्रमणका क्रममा बुधबार नेपाल आउनुभएको हो ।

भेटपछि प्रधानमन्त्री देउवाले सामाजिक सञ्जालमार्फत आफूहरूले नेपाल अमेरिका मैत्रीपूर्ण सम्बन्ध, सहकार्य र अन्य बहुपक्षीय तथा द्विपक्षीय विषयमा छलफल भएको जानकारी दिनुभएको छ । प्रधानमन्त्री देउवासँगको भेटमा नेपाल–अमेरिकासँग सम्बन्धका विविध विषय, कोभिड–१९ महामारीका सहकार्य, महामारीपश्चात्को पुनर्प्राप्तिका साथै अन्य द्विपक्षीय हितका विषयमा कुराकानी भएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।



प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लु बिहीबार भेटवार्ता गर्नुहुँदै । तस्बिर : प्रम सचिवालय

नेपालको विकासका प्राथमिकताका धेरै क्षेत्रका विषयमा प्रधानमन्त्रीसँग अमेरिकी सहायकमन्त्री लुले छलफल गर्नुभएको थियो । त्यस्तै सो भेटमा अमेरिकी सहयोग अनुदानमा आधारित मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी)का विविध मुद्दामा र नेपाल अमेरिकी सहकार्यका अन्य विषयमा पनि विशेष छलफल भएको जनाइएको छ । प्रधानमन्त्री देउवा र सहायक विदेशमन्त्री लु दुवैले नेपाल अमेरिका सम्बन्ध सौहार्दपूर्ण रहेकोमा सन्तुष्टि व्यक्त गर्नुभएको थियो ।

नेपालको सामाजिक तथा आर्थिक विकासमा निरन्तर सहयोग पुऱ्याएकोमा प्रधानमन्त्री देउवाले अमेरिकी सरकारलाई धन्यवाद दिनुभएको थियो । त्यस्तै प्रधानमन्त्रीले कोभिड महामारीका समयमा कोभिड–१९ विरुद्धको खोपका लागि उदारतापूर्वक सहयोग गरेकोमा अमेरिकी सरकारको प्रशंसा गर्नुभयो ।

अमेरिकी सहायक विदेशमन्त्री लुले नेपाललाई अमेरिकाको निरन्तर सहयोग रहने आश्वासन व्यक्त गर्नुभयो । साथै हालसालै सम्पन्न भएको कोप–२६ सम्मेलन तथा नेपालको अर्थतन्त्रमा जलवायु परिवर्तनले पारेको प्रतिकूल असरका विषयमा पनि छलफल भएको परराष्ट्र मन्त्रालयले उल्लेख गरेको छ । अमेरिकी सरकारले जलवायु परिवर्तनको अनुकूलन र असर (बाँकी पृष्ठ २ मा)

## आज गुरु नानक जयन्ती

■ गोरखापत्र समाचारदाता

काठमाडौं, मङ्सिर ३ गते । राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधानमन्त्री शेरबहादुर देउवाले गुरु नानक जयन्तीका अवसरमा शुभकामना व्यक्त गर्नुभएको छ । उहाँहरूले सिख धर्मावलम्बीहरूको विशेष पर्व गुरु नानक जयन्तीको अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण सिख धर्मावलम्बीहरूमा सुख, शान्ति तथा समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्नुभएको हो । राष्ट्रपति भण्डारीले दिनुभएको सन्देशमा गुरु नानकले समाजमा शान्ति, सद्भाव, सहिष्णुता र लोककल्याणका लागि सबै धर्मबीचमा सद्भाव कायम राख्नका लागि गर्नुभएको मार्गदर्शनको परिपालना गर्नुपर्नेमा जोड दिनुभएको छ ।

गुरु नानकको मार्गदर्शनको परिपालना गर्न सकेमा धार्मिक, सामाजिक तथा सांस्कृतिक विविधताबीच सहिष्णुता र सद्भाव कायम गर्दै राष्ट्रिय एकतालाई सुदृढ एवं सबल

**गुरु नानकको मार्गदर्शनको परिपालना गर्न सकेमा धार्मिक, सामाजिक तथा सांस्कृतिक विविधताबीच सहिष्णुता र सद्भाव कायम गर्न सकिन्छ ।**

बनाउन सकिने विश्वास उहाँले लिनुभएको छ । त्यसैगरी प्रधानमन्त्री देउवाले गुरु नानकले स्थापित गरेका सामाजिक न्यायका मार्गदर्शन अवलम्बन गर्न सकिएमा समाजमा शान्ति स्थापना गरी आपसी सद्भाव, भाइचारा, सहिष्णुताका साथै सामाजिक न्याय प्रगाढ भई राष्ट्रिय एकतालाई थप बलियो हुन बल पुग्ने विश्वास व्यक्त गर्नुभएको छ ।

सन्देशमा प्रधानमन्त्री देउवाले गुरु नानक जयन्तीले नेपाली समुदायमा धार्मिक सहिष्णुता कायम गर्दै आपसी सद्भाव र भाइचारा बढाउनेतर्फ प्रोत्साहन मिल्ने विश्वास पनि लिनुभएको छ । उहाँले समाजमा देखिने विकृति, विसङ्गति एवं विभेदको अन्त्य गर्दै समतामूलक, सभ्य र सुसंस्कृत समाज निर्माण गर्ने सरकारको प्रयासमा थप बल पुऱ्याउन गुरु नानक जयन्तीले सबैलाई प्रेरणा प्रदान गर्ने बताउनुभएको छ ।

हरेक वर्षको कार्तिक शुक्ल पूर्णिमाको दिन सिख धर्मावलम्बीहरूद्वारा आस्था र भक्तिभावका साथ पवित्रस्थल 'गुरुद्वारा'मा भेला भई पूजाअर्चना, भजनकीर्तनका साथै विभिन्न धार्मिक एवं सामाजिक कार्यक्रम गरी गुरु नानकको जन्मजयन्ती मनाउने गरिन्छ ।

## अब गोला प्रथाबाट पेसी

■ गोरखापत्र समाचारदाता

काठमाडौं, मङ्सिर २ गते । प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरासँग असन्तुष्ट रहनुभएका सर्वोच्च अदालतका न्यायाधीशबीच गोला प्रणालीबाट पेसी तोक्ने गरी नियमावली संशोधनमा सहमति भएको छ । प्रधानन्यायाधीश जबराका अतिरिक्त अन्य न्यायाधीशले हालको पेसी व्यवस्थापनसम्बन्धी नियमावलीको व्यवस्था संशोधनमा सहमति गरेका हुन् ।

न्यायाधीशहरूले गोला प्रणाली व्यवस्थापनका लागि कार्यविधिसमेत पारित गर्ने निर्णय गर्नुभएको छ । सर्वोच्चको पूर्ण बैठक (फुल कोर्ट) प्रधानन्यायाधीशसहित रहने सर्वोच्च अदालत नियमावलीको व्यवस्था भए पनि प्रधानन्यायाधीशबाहेक बैठक बसेको हो । सर्वोच्चका एक न्यायाधीशका अनुसार सर्वोच्च अदालत नियमावली संशोधन गरी प्रधानन्यायाधीशले पेसी तोक्ने व्यवस्थाको सट्टा गोला प्रणालीमा जाने गरी अब नियमावलीमा व्यवस्था हुनेछ । साथै नियमावलीको व्यवस्थाअनुसार गोला प्रणाली व्यवस्थापनको कार्यविधि पनि तयार भएको छ । निर्णयलाई



मुख्य रजिस्टारमार्फत प्रधानन्यायाधीशसमक्ष पठाइएको छ ।

"हामीले नियमावली संशोधनको व्यवस्था र निर्देशिका पारित गरेका छौँ । बैठकबाट स्वीकृत नियमावली र निर्देशिका हस्ताक्षरका लागि प्रधानन्यायाधीशसमक्ष पठाएका छौँ, हस्ताक्षर गर्नुहुन्छ भन्ने विश्वास छ । राजपत्रमा प्रकाशनको कार्यविधि पूरा भएपछि पुनः फुल कोर्टले निर्णय गरेर तोकिएको मितिबाट गोला प्रणाली लागू हुन्छ," सर्वोच्चका एक न्यायाधीशले भन्नुभयो । राजपत्रमा सूचना प्रकाशन भएपछि पनि फुल कोर्टले निर्णय गरेपछि लागू हुने गरी नियमावली संशोधनको प्रस्ताव पारित भएको हो । पछिल्लो समय प्रधानन्यायाधीश जबराले पनि गोला प्रणालीबाट पेसी तोक्न आफू तयार रहेको बताउँदै आउनुभएको थियो । तर पेसी व्यवस्थापनबारे गठित समितिको प्रतिवेदनमा थप छलफलको आवश्यकता रहेको उहाँको भनाइ थियो । असन्तुष्ट न्यायाधीशको समूहले (बाँकी पृष्ठ २ मा)


२०७८ साल कात्तिक २५ गतेदेखि मङ्सिर ९ गतेसम्म भइरहेको

**राष्ट्रिय जनगणना २०७८ मा सहभागी होऔं ।**

कोही नछुटौं, कोही नदोहोरिऔं ।

बसोबास गरेकै ठाउँबाट आफ्नो विवरण लेखाऔं ।

घर–घरमा आउने गणकलाई सही र वास्तविक सूचना उपलब्ध गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## राष्ट्रिय सभा सदस्यको निर्वाचन माघ १२ मा

■ गोरखापत्र समाचारदाता

काठमाडौं, मङ्सिर २ गते । मन्त्रिपरिषद्को बिहीबार बसेको बैठकले राष्ट्रिय सभाको २० सदस्य पदका लागि आगामी माघ १२ गते निर्वाचन गर्ने निर्णय गरेको छ । मन्त्रिपरिषद्को बैठकपछि गोरखापत्रसँग कुरा गर्दै स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडाले सो जानकारी दिनुभएको हो । आगामी फागुन २० गते राष्ट्रिय सभाका २० सदस्यको पद रिक्त हुँदैछ ।

नेपालको संविधानले राष्ट्रिय सभा सदस्यको पदावधि सकिनुभन्दा ३५ दिन अगावै निर्वाचन गरिसक्नुपर्ने व्यवस्था गरेको छ । सोही प्रावधानअनुसार मन्त्रिपरिषद्ले निर्वाचनको मिति तय गरेको हो । संविधानको धारा ८६ मा राष्ट्रिय सभा गठनसम्बन्धी व्यवस्थामा कुल ५९ सदस्यीय राष्ट्रिय सभाका सदस्यहरूको पदावधि छ वर्षको हुने उल्लेख छ ।

पहिलो पटक सदस्यको पदावधि कायम गर्दा गोला प्रथाद्वारा कार्यकाल निर्धारण गरिएको थियो । राष्ट्रिय सभाका एक तिहाइ सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुने गर्दछ भने एक तिहाइको पदावधि चार वर्ष हुने व्यवस्था छ । सोही प्रावधानअनुसार २० जना सांसदको चार वर्षे कार्यकाल फागुन २० मा सकिन लागेको हो ।

**राष्ट्रिय सभाका २० जना सांसदको चार वर्षे कार्यकाल फागुन २० मा सकिन लागेको हो ।**

नेकपा (एमाले)का आठ, माओवादी केन्द्रका पाँच, एकीकृत समाजवादीका चार र नेपाली काँग्रेसका तीन जना सांसदको राष्ट्रिय सभा सदस्यको पदावधि सकिन लागेको हो । चार वर्षे कार्यकाल सकिन लागेका एमालेका नैनकला ओझा, परशुराम मेघी गुरुङ, अगमप्रसाद बान्तवा, चक्रप्रसाद स्नेही, सुमनराज प्याकुरेल, कोमल वली, रामलखन चमार र कविता बोगटी हुनुहुन्छ ।

यस्तै माओवादी केन्द्रका शशीकला दाहाल (राष्ट्रिय सभा उपाध्यक्ष), खिमकुमार विक, दिनानाथ शर्मा (दलको नेता), जीवन बुढा र रामनारायण विडारी (मनोनीत)को चार वर्षे पदावधि सकिन लागेको छ । त्यस्तै नवगठित नेकपा (एकीकृत समाजवादी)का उदया शर्मा पौडेल, शान्तिकुमारी अधिकारी, शेरबहादुर कुँवर र खगेन्द्र प्रकाश पुरीको चार वर्षे कार्यकाल सकिँदैछ । त्यसैगरी नेपाली काँग्रेसका राधेश्याम अधिकारी (दलको नेता), दृगनारायण पाण्डे र तारादेवी भट्टको पनि पदावधि सकिँदैछ । दुई वर्ष पदावधिको चिट्ठा परेका १९ जना सांसद २०७६ मा बिदा भएका थिए । उहाँहरूको ठाउँमा छ वर्षका लागि १९ जना निर्वाचित भएर आउनुभएको थियो ।

## प्रदेश सभा क्षेत्रमा निर्वाचन आज

■ शेषकान्त पण्डित

काठमाडौं, मङ्सिर २ गते । नेपाली काँग्रेसको १४औँ महाधिवेशनअन्तर्गत प्रदेश निर्वाचन क्षेत्रमा शुक्रबार प्रदेश तहको अधिवेशन हुँदैछ । देशभरका तीन सयभन्दा बढी प्रदेश निर्वाचन क्षेत्रमा एकसाथ अधिवेशन गर्ने काँग्रेसको कार्यतालिका छ । कुल ३३० प्रदेश निर्वाचन क्षेत्रमध्ये १४ जिल्लामा प्रदेश तथा जिल्ला अधिवेशन भइसकेको छ ।

काँग्रेसको केन्द्रीय निर्वाचन समितिका सचिव तथा अधिवक्ता जगन्नाथ श्रेष्ठले देशभर अधिवेशनका लागि आवश्यक तयारी पूरा गरिएको जानकारी दिनुभयो । निर्वाचनका लागि सबै जिल्लामा निर्वाचन अधिकृत खटाइसकिएको निर्वाचन समितिले जनाएको छ । प्राविधिक कारणवश कुनै प्रदेशले अधिवेशन गर्न नसकेको अवस्थामा पनि मङ्सिर ४ वा ५ गतेभित्र अधिवेशन गर्नुपर्नेछ । मङ्सिर ६ गते निर्वाचन क्षेत्रको क्षेत्रीय अधिवेशन हुँदैछ ।




### यस्तो बन्छ प्रदेश क्षेत्र समिति

पार्टीका गाउँ तथा नगरपालिकाका वडास्तरबाट निर्वाचित क्षेत्रीय प्रतिनिधि तथा वडाको एकाइ अध्यक्षले प्रदेशको निर्वाचनमा सहभागिता जनाउने छन् । क्षेत्रीय प्रतिनिधिहरूले आफूहरूमध्येबाट अध्यक्षसहित १६ सदस्यीय कार्यसमितिको निर्वाचन गर्नेछ । यसका साथै क्षेत्रीय प्रतिनिधिहरूले आफूहरूमध्येबाट १६ जना प्रदेश निर्वाचनका लागि क्षेत्रीय प्रतिनिधिको चयन गर्नेछ । प्रदेशको निर्वाचन क्षेत्रबाट छानिएका क्षेत्रीय प्रतिनिधिले प्रदेशको सभापतिलगायतका पदाधिकारी चयन गर्नेछन् । सबै प्रदेशमा गरेर पाँच हजारभन्दा बढी प्रदेश क्षेत्रीय प्रतिनिधि चयन (बाँकी पृष्ठ २ मा)

## एमालेमा सर्वसम्मत नेतृत्वको प्रयास

■ दीपक श्रेष्ठ

काठमाडौं, मङ्सिर २ गते । नेपाल कम्युनिस्ट पार्टी (एमाले)को १०औँ महाधिवेशन मूलतः पार्टी नेतृत्व निर्माणमा मात्र केन्द्रित हुँदैछ । महाधिवेशनले सर्वसम्मत नेतृत्व चयन गर्ने अपेक्षा गरिएको छ । यद्यपि १५ सदस्यीय पदाधिकारीसहित २३५ केन्द्रीय समितिमा धेरै आकाङ्क्षी हुँदा सर्वसम्मत नेतृत्व चयन त्यति सहज चाहिँ छैन ।

'एउटै कक्षा नदोहोऱ्याउने' प्रतिबद्धता सार्वजनिक गर्नुभएका एमाले अध्यक्ष केपी शर्मा ओली पुनः अध्यक्ष हुने निश्चितप्रायः छ । अध्यक्ष ओलीविरुद्ध कसैले चुनौती दिने अवस्था यति बेला एमालेभित्र सम्भवतः छैन । यस महाधिवेशनमा नेतृत्व चयन मात्र हुने भएकाले फरक विचार राखेर नेतृत्वका रूपमा उभिने अवस्था पनि यस पटक छैन किनकि एमालेले विधान महाधिवेशन यसअघि नै सम्पन्न गरिसकेको छ ।




यद्यपि उपाध्यक्ष भीम रावल र उपमहासचिव घनश्याम भुसालले अध्यक्षमा उम्मेदवारी दिने चर्चा मिडियामा सार्वजनिक भइरहेका छन् । उपाध्यक्ष रावलले केही दिनअघि एक कार्यक्रममा आफूले अध्यक्षमा उम्मेदवारी दिने धारणा राख्नुभएको थियो । त्यस्तै वरिष्ठ उपाध्यक्षका लागि सम्भवतः ईश्वर पोखरेल नै अगाडि हुनुहुन्छ । पार्टीका महासचिव पोखरेल विधानतः दोस्रो कार्यकाल रहन नसक्ने भएका कारण वरिष्ठ उपाध्यक्षमा मात्र उहाँका लागि ठाउँ खाली रहेको अवस्था छ ।

अध्यक्षपछिको शक्तिशाली पद मानिने महासचिवमा धेरै आकाङ्क्षी रहे पनि अध्यक्ष ओलीले आफ्ना विश्वासपात्रलाई अगाडि बढाउने निश्चित छ । यस हिसाबले महासचिवमा विष्णु पौडेल र शङ्कर पोखरेलले नै बाजी मार्ने प्रबल सम्भावना रहेको बताइन्छ । यद्यपि सुवास नेम्वाङ र सुरेन्द्र पाण्डे पनि सो पदका लागि आकाङ्क्षी रहेको बताइन्छ । पार्टीका पुराना नेताहरू युवराज ज्ञवाली, पृथ्वीसुब्बा गुरुङ, अष्टलक्ष्मी शाक्य, भीम आचार्यलगायतको व्यवस्थापन (बाँकी पृष्ठ २ मा)

## दोस्रो भूउपग्रह प्रक्षेपणको तयारी

■ अजय शर्मा

काठमाडौं, मङ्सिर २ गते । अपरेटिङ सिस्टम (सञ्चालन प्रणाली) नेपालमै बनाउने योजनासहित भूउपग्रह प्रक्षेपणको प्राविधिक तयारीमा नेपाली वैज्ञानिक जुटेका छन् । 'नेपाली स्याट–२ पदयात्री' नाम रहने यो भूउपग्रह अघिल्लो भूउपग्रह 'नेपाली स्याट–१' भन्दा तीन गुणा ठूलो हुनेछ ।

सबै काम निर्धारित समयमा भ्याइए सन् २०२२ सम्ममा स्याटेलाइट प्रक्षेपण गर्ने तयारी नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)को छ । नास्टको सहयोगमा डा. आभास मास्केसहित १० जना नेपाली युवा वैज्ञानिक भूउपग्रह निर्माणमा तल्लीन छन् । जापानको क्युटेक विश्वविद्यालयसँग मिलेर 'नेपाली स्याट–१' निर्माण गरी अमेरिकाबाट प्रक्षेपण गरिएको थियो । यसपटक नेपाली इन्जिनियरले नेपालमा भूउपग्रहको प्रारूप बनाइसकेका छन् । यसलाई भारतीय अन्तरिक्ष अनुसन्धान संस्था (इस्रो)मा लगेर भूउपग्रह निर्माणसम्बन्धी विभिन्न परीक्षण गरिएको छ ।

नास्टका प्रवक्ता सुरेशकुमार ढुङ्गेलले भन्नुभयो, "यस परीक्षणबाट हामीलाई निकै सफलता हात परेको छ ।" विदेशको प्लेटफर्म प्रयोग गरेर भए पनि नेपालीले भूउपग्रह निर्माण गरिसकेको स्मरण गर्दै प्रवक्ता ढुङ्गेलले भन्नुभयो, "नेपालमै स्याटेलाइट निर्माण गर्न सकिन्छ भन्ने सन्देश दिन यो परियोजना सुरु गरेका हौँ ।" उहाँले भन्नुभयो, "स्याटेलाइटको अपरेटिङ सिस्टम नेपालमै पनि बनाउन सकिन्छ कि भनेर अनुसन्धान गर्दैछौँ । अपरेटिङ सिस्टम बनाउन सफल भएमा यसले भूउपग्रह बनाउन लाग्ने ६० प्रतिशत समय र लागत घटाउँछ ।"

डा. मास्केका अनुसार स्याटेलाइट सिस्टम अन चिप मिसनलाई पनि नास्टले अगाडि बढाएको छ । यसमा सम्पूर्ण सिस्टम एउटै चिपमा बन्छ, एउटै माइक्रो चिपले सम्पूर्ण स्याटेलाइटलाई सञ्चालन गर्न सक्छ । वैज्ञानिक डा. मास्केले भन्नुभयो, "यो कामका लागि हामीले एउटा यस्तो चिप भेट्टाएका छौँ, जसको विभिन्न तहको परीक्षणमा जुटेका छौँ ।"

डा. मास्केका अनुसार यस मिसनअन्तर्गतको स्याटेलाइटको प्लेलोड बोर्ड (पीसीबी) नेपालमै



निर्माण गरिने छ । यस पीसीबीमा पीएक्स–४ अपरेटिङ सिस्टम मिसन, स्याटेलाइट सिस्टम अन चिप मिसन र ग्राउन्ड सेन्सर टर्मिनल मिसन फर ग्ल्यासिर लेक आउटब्रस्ट फ्लड (जीएलओएफ) मोनिटरिङ रहने छन् । यो व्यावसायिक स्याटेलाइटभन्दा अनुसन्धानात्मक क्षेत्रमा उपयोग हुने खालको स्याटेलाइट भएको डा. मास्केले बताउनुभयो । यस्ता परियोजनाले अन्तरिक्ष प्रविधिमा नेपाली युवालाई आकर्षित गर्ने उहाँको तर्क छ । प्रवक्ता ढुङ्गेलका अनुसार यो स्याटेलाइटले आगलागी, डढेलो र बाढीपहिरोलगायतका मौसमसम्बन्धी जानकारी तस्बिरबाट दिने छ । जसबाट मौसमसम्बन्धी पूर्वजानकारी सजिलै लिन सक्छौँ ।

यसपटक थाइल्यान्डको एजेन्सीसँग नास्टले सहकार्य गर्दैछ । नास्टका अनुसार इन्टरनेसनल इन्स्टिच्युट अफ स्पेस टेक्नोलोजी फर इकोनोमिक डेभलपमेन्ट (इन्सटेड)सँगको सहकार्यमा स्याटेलाइट निर्माण गर्ने तयारी भइरहेको छ । यो परियोजना स्याटेलाइट क्षेत्रमा नेपालीको क्षमता अभिवृद्धि गर्ने योजनाअनुरूप निर्माण हुन लागेको हो ।

'नेपाली स्याट–१' भूउपग्रह अन्तरिक्षमा ८४१ दिन रहेर खस्यो । नास्टका अनुसार अन्तरिक्षमा रहँदा यस भूउपग्रहले पृथ्वीलाई १३ हजार ४५६ फन्को लगाएको थियो । यो भूउपग्रह नयाँ वर्षको अवसर पारेर २०७६ वैशाख ५ गते बिहीबार २ बजेर ३१ मिनेटमा अमेरिकाको भर्जिनियास्थित वल्लोप्स द्वीपस्थित प्रक्षेपण केन्द्रबाट प्रक्षेपण गरिएको थियो । 'नेपाली स्याट–१' भूउपग्रह स्पेस टेक्नोलोजी इन्जिनियरिङमा विद्यावारिधि गरिरहेका नेपाली वैज्ञानिक आभास मास्के र नेपालबाट इलेक्ट्रिकल र कम्युनिकेसन इन्जिनियरिङमा स्नातकोत्तर गरिरहेका नास्टका प्राविधिक अधिकृत हरिराम श्रेष्ठले बनाउनुभएको थियो ।






▸ वि.सं. १९५८ देखि निरन्तर प्रकाशित, गणतन्त्र नेपालको बहुभाषी राष्ट्रिय दैनिक

# गोरखापत्र

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः॥

निरोगी सबै हुन् सबै हुन् सुखीया।
सबै वेस देखुन् नहुन् क्वै दुखीया॥

GORKHAPATRA DAILY

कोहलपुर संस्करण



उच्चतम वार्षिक ब्याजदर
बचत खाताः ६.०५% सम्म
मुद्दती खाताः १०.०५% सम्म
रेमिटान्स बचत खाताः ७.०५%
रेमिटान्स मुद्दती खाताः ११.०५%
नेपाल बैंक लिमिटेड NEPAL BANK LIMITED



| वर्ष १२१ | अङ्क १८९ | २०७८ साल मङ्सिर ३ गते शुक्रबार | कार्तिक शुक्ल पूर्णिमा | नेपाल संवत् ११४२ कछलाथ्वः १५ | 2021 November 19 Friday | Website : www. gorkhapatraonline.com | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ


## नेपाललाई निरन्तर सघाउने अमेरिकाको प्रतिबद्धता

■ चाँदनी हमाल

काठमाडौँ, मङ्सिर २ गते। प्रधानमन्त्री शेरबहादुर देउवा र अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुबीच नेपाल–अमेरिका सम्बन्ध तथा विविध साझेदारीका विषयमा गहन छलफल भएको छ।

बिहीबार प्रधानमन्त्री देउवासँग अमेरिकी विदेश मन्त्रालयको दक्षिण तथा मध्य एसिया मामिला सम्बद्ध सहायक विदेशमन्त्री लु शिष्टाचार भेट गर्न पुग्नुहुँदा

**नेपाल अमेरिका मैत्रीपूर्ण सम्बन्ध, सहकार्य र अन्य बहुपक्षीय तथा द्विपक्षीय विषयमा छलफल।**

समग्र पक्षमा छलफल भएको हो। उहाँ दुईदिने भ्रमणका क्रममा बुधबार नेपाल आउनुभएको हो।

भेटपछि प्रधानमन्त्री देउवाले सामाजिक सञ्जालमार्फत आफूहरूले नेपाल अमेरिका मैत्रीपूर्ण सम्बन्ध, सहकार्य र अन्य बहुपक्षीय तथा द्विपक्षीय विषयमा छलफल भएको जानकारी दिनुभएको छ। प्रधानमन्त्री देउवासँगको भेटमा नेपाल–अमेरिकासँग सम्बन्धका विविध विषय, कोभिड–१९ महामारीका सहकार्य, महामारीपश्चात्‌को पुनर्प्राप्तिका साथै अन्य द्विपक्षीय हितका विषयमा कुराकानी भएको परराष्ट्र मन्त्रालयले जनाएको छ।



**प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लु बिहीबार भेटवार्ता गर्नुहुँदै।** तस्बिर : प्रम सचिवालय

नेपालको विकासका प्राथमिकताका धेरै क्षेत्रका विषयमा प्रधानमन्त्रीसँग अमेरिकी सहायकमन्त्री लुले छलफल गर्नुभएको थियो। त्यस्तै सो भेटमा अमेरिकी सहयोग अनुदानमा आधारित मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) का विविध मुद्दामा र नेपाल अमेरिकी सहकार्यका अन्य विषयमा पनि विशेष छलफल भएको जनाइएको छ। प्रधानमन्त्री देउवा र सहायक विदेशमन्त्री लु दुवैले नेपाल अमेरिका सम्बन्ध सौहार्द्रपूर्ण रहेकोमा सन्तुष्टि व्यक्त गर्नुभएको थियो।

नेपालको सामाजिक तथा आर्थिक विकासमा निरन्तर सहयोग पुर्‍याएकोमा प्रधानमन्त्री देउवाले अमेरिकी सरकारलाई धन्यवाद दिनुभएको थियो। त्यस्तै प्रधानमन्त्रीले कोभिड महामारीका समयमा कोभिड–१९ विरुद्धको खोपका लागि उदारतापूर्वक सहयोग गरेकोमा अमेरिकी सरकारको प्रशंसा गर्नुभयो।

अमेरिकी सहायक विदेशमन्त्री लुले नेपाललाई अमेरिकाको निरन्तर सहयोग रहने आश्वासन व्यक्त गर्नुभयो। साथै हालसालै सम्पन्न भएको कोप–२६ सम्मेलन तथा नेपालको अर्थतन्त्रमा जलवायु परिवर्तनले पारेको प्रतिकूल असरका विषयमा पनि छलफल भएको परराष्ट्र मन्त्रालयले उल्लेख गरेको छ। अमेरिकी सरकारले जलवायु परिवर्तनको अनुकूलन र असर (बाँकी पृष्ठ २ मा)

## आज गुरु नानक जयन्ती

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर ३ गते। राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधानमन्त्री शेरबहादुर देउवाले गुरु नानक जयन्तीका अवसरमा शुभकामना व्यक्त गर्नुभएको छ। उहाँहरूले सिख धर्मावलम्बीहरूको विशेष पर्व गुरु नानक जयन्तीको अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण सिख धर्मावलम्बीहरूमा सुख, शान्ति तथा समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्नुभएको हो। राष्ट्रपति भण्डारीले दिनुभएको सन्देशमा गुरु नानकले समाजमा शान्ति, सद्‌भाव, सहिष्णुता र लोककल्याणका लागि सबै धर्मबीचमा सद्‌भाव कायम राख्नका लागि गर्नुभएको मार्गदर्शनको परिपालना गर्नुपर्नेमा जोड दिनुभएको छ।

गुरु नानकको मार्गदर्शनको परिपालना गर्न सकेमा धार्मिक, सामाजिक तथा सांस्कृतिक विविधताबीच सहिष्णुता र सद्‌भाव कायम गर्दै राष्ट्रिय एकतालाई सुदृढ एवं सबल

**गुरु नानकको मार्गदर्शनको परिपालना गर्न सकेमा धार्मिक, सामाजिक तथा सांस्कृतिक विविधताबीच सहिष्णुता र सद्‌भाव कायम गर्न सकिन्छ।**

बनाउन सकिने विश्वास उहाँले लिनुभएको छ। त्यसैगरी प्रधानमन्त्री देउवाले गुरु नानकले स्थापित गरेका सामाजिक न्यायका मार्गदर्शन अवलम्बन गर्न सकिएमा समाजमा शान्ति स्थापना गरी आपसी सद्‌भाव, भाइचारा, सहिष्णुताका साथै सामाजिक न्याय प्रगाढ भई राष्ट्रिय एकतालाई थप बलियो हुन बल पुग्ने विश्वास व्यक्त गर्नुभएको छ।

सन्देशमा प्रधानमन्त्री देउवाले गुरु नानक जयन्तीले नेपाली समुदायमा धार्मिक सहिष्णुता कायम गर्दै आपसी सद्‌भाव र भाइचारा बढाउनेतर्फ प्रोत्साहन मिल्ने विश्वास पनि लिनुभएको छ। उहाँले समाजमा देखिने विकृति, विसङ्गति एवं विभेदको अन्त्य गर्दै समतामूलक, सभ्य र सुसंस्कृत समाज निर्माण गर्ने सरकारको प्रयासमा थप बल पुर्‍याउन गुरु नानक जयन्तीले सबैलाई प्रेरणा प्रदान गर्ने बताउनुभएको छ।

हरेक वर्षको कार्तिक शुक्ल पूर्णिमाको दिन सिख धर्मावलम्बीहरूद्वारा आस्था र भक्तिभावका साथ पवित्रस्थल 'गुरुद्वारा'मा भेला भई पूजाअर्चना, भजनकीर्तनका साथै विभिन्न धार्मिक एवं सामाजिक कार्यक्रम गरी गुरु नानकको जन्मजयन्ती मनाउने गरिन्छ।

## अब गोला प्रथाबाट पेसी

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर २ गते। प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरासँग असन्तुष्ट रहनुभएका सर्वोच्च अदालतका न्यायाधीशबीच गोला प्रणालीबाट पेसी तोक्ने गरी नियमावली संशोधनमा सहमति भएको छ। प्रधानन्यायाधीश जबराका अतिरिक्त अन्य न्यायाधीशले हालको पेसी व्यवस्थापनसम्बन्धी नियमावलीको व्यवस्था संशोधनमा सहमति गरेका हुन्।

न्यायाधीशहरूले गोला प्रणाली व्यवस्थापनका लागि कार्यविधिसमेत पारित गर्ने निर्णय गर्नुभएको छ। सर्वोच्चको पूर्ण बैठक (फुल कोर्ट) प्रधानन्यायाधीशसहित रहने सर्वोच्च अदालत नियमावलीको व्यवस्था भए पनि प्रधानन्यायाधीशबाहेक बैठक बसेको हो। सर्वोच्चका एक न्यायाधीशका अनुसार सर्वोच्च अदालत नियमावली संशोधन गरी प्रधानन्यायाधीशले पेसी तोक्ने व्यवस्थाको सट्टा गोला प्रणालीमा जाने गरी अब नियमावलीमा व्यवस्था हुनेछ। साथै नियमावलीको व्यवस्थाअनुसार गोला प्रणाली व्यवस्थापनको कार्यविधि पनि तयार भएको छ। निर्णयलाई




मुख्य रजिस्टारमार्फत प्रधानन्यायाधीशसमक्ष पठाइएको छ।

"हामीले नियमावली संशोधनको व्यवस्था र निर्देशिका पारित गरेका छौँ। बैठकबाट स्वीकृत नियमावली र निर्देशिका हस्ताक्षरका लागि प्रधानन्यायाधीशसमक्ष पठाएका छौँ, हस्ताक्षर गर्नुहुन्छ भन्ने विश्वास छ। राजपत्रमा प्रकाशनको कार्यविधि पूरा भएपछि पुनः फुल कोर्टले निर्णय गरेर तोकिएको मितिबाट गोला प्रणाली लागू हुन्छ," सर्वोच्चका एक न्यायाधीशले भन्नुभयो। राजपत्रमा सूचना प्रकाशन भएपछि पनि फुल कोर्टले निर्णय गरेपछि लागू हुने गरी नियमावली संशोधनको प्रस्ताव पारित भएको हो। पछिल्लो समय प्रधानन्यायाधीश जबराले पनि गोला प्रणालीबाट पेसी तोक्न आफू तयार रहेको बताउँदै आउनुभएको थियो। तर पेसी व्यवस्थापनबारे गठित समितिको प्रतिवेदनमा थप छलफलको आवश्यकता रहेको उहाँको भनाइ थियो। असन्तुष्ट न्यायाधीशको समूहले (बाँकी पृष्ठ २ मा)


२०७८ साल कात्तिक २५ गतेदेखि मङ्सिर ९ गतेसम्म भइरहेको
**राष्ट्रिय जनगणना २०७८ मा सहभागी होऔँ।**
कोही नछुटौँ, कोही नदोहोरिऔँ।
बसोबास गरेकै ठाउँबाट आफ्नो विवरण लेखाऔँ।
घर–घरमा आउने गणकलाई सही र
वास्तविक सूचना उपलब्ध गराऔँ।
नेपाल सरकार
विज्ञापन बोर्ड


## राष्ट्रिय सभा सदस्यको निर्वाचन माघ १२ मा

■ गोरखापत्र समाचारदाता

काठमाडौँ, मङ्सिर २ गते। मन्त्रिपरिषद्‌को बिहीबार बसेको बैठकले राष्ट्रिय सभाको २० सदस्य पदका लागि आगामी माघ १२ गते निर्वाचन गर्ने निर्णय गरेको छ। मन्त्रिपरिषद्‌को बैठकपछि गोरखापत्रसँग कुरा गर्दै स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडाले सो जानकारी दिनुभएको हो। आगामी फागुन २० गते राष्ट्रिय सभाका २० सदस्यको पद रिक्त हुँदैछ।

नेपालको संविधानले राष्ट्रिय सभा सदस्यको पदावधि सकिनुभन्दा ३५ दिन अगावै निर्वाचन गरिसक्नुपर्ने व्यवस्था गरेको छ। सोही प्रावधानअनुसार मन्त्रिपरिषद्‌ले निर्वाचनको मिति तय गरेको हो। संविधानको धारा ८६ मा राष्ट्रिय सभा गठनसम्बन्धी व्यवस्थामा कुल ५९ सदस्यीय राष्ट्रिय सभाका सदस्यहरूको पदावधि छ वर्षको हुने उल्लेख छ।

पहिलो पटक सदस्यको पदावधि कायम गर्दा गोला प्रथाद्वारा कार्यकाल निर्धारण गरिएको थियो। राष्ट्रिय सभाका एक तिहाइ सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुने गर्दछ भने एक तिहाइको पदावधि चार वर्ष हुने व्यवस्था छ। सोही प्रावधानअनुसार २० जना सांसदको चार वर्षे कार्यकाल फागुन २० मा सकिन लागेको हो।

**राष्ट्रिय सभाका २० जना सांसदको चार वर्षे कार्यकाल फागुन २० मा सकिन लागेको हो।**

नेकपा (एमाले)का आठ, माओवादी केन्द्रका पाँच, एकीकृत समाजवादीका चार र नेपाली काँग्रेसका तीन जना सांसदको राष्ट्रिय सभा सदस्यको पदावधि सकिन लागेको हो। चार वर्षे कार्यकाल सकिन लागेका एमालेका नैनकला ओझा, परशुराम मेघी गुरुङ, अगमप्रसाद बान्तवा, चक्रप्रसाद स्नेही, सुमनराज प्याकुरेल, कोमल वली, रामलखन चमार र कविता बोगटी हुनुहुन्छ।

यस्तै माओवादी केन्द्रका शशीकला दाहाल (राष्ट्रिय सभा उपाध्यक्ष), खिमकुमार विक, दिनानाथ शर्मा (दलको नेता), जीवन बुढा र रामनारायण विडारी (मनोनीत)को चार वर्षे पदावधि सकिन लागेको छ। त्यस्तै नवगठित नेकपा (एकीकृत समाजवादी)का उदया शर्मा पौडेल, शान्तिकुमारी अधिकारी, शेरबहादुर कुँवर र खगेन्द्र प्रकाश पुरीको चार वर्षे कार्यकाल सकिँदैछ। त्यसैगरी नेपाली काँग्रेसका राधेश्याम अधिकारी (दलको नेता), दृगनारायण पाण्डे र तारादेवी भट्टको पनि पदावधि सकिँदैछ। दुई वर्ष पदावधिको चिट्ठा परेका १९ जना सांसद २०७६ मा बिदा भएका थिए। उहाँहरूको ठाउँमा छ वर्षका लागि १९ जना निर्वाचित भएर आउनुभएको थियो।

## प्रदेश सभा क्षेत्रमा निर्वाचन आज

■ शेषकान्त पण्डित

काठमाडौँ, मङ्सिर २ गते। नेपाली काँग्रेसको १४औँ महाधिवेशनअन्तर्गत प्रदेश निर्वाचन क्षेत्रमा शुक्रबार प्रदेश तहको अधिवेशन हुँदैछ। देशभरका तीन सयभन्दा बढी प्रदेश निर्वाचन क्षेत्रमा एकसाथ अधिवेशन गर्ने काँग्रेसको कार्यतालिका छ। कुल ३३० प्रदेश निर्वाचन क्षेत्रमध्ये १४ जिल्लामा प्रदेश तथा जिल्ला अधिवेशन भइसकेको छ।

काँग्रेसको केन्द्रीय निर्वाचन समितिका सचिव तथा अधिवक्ता जगन्नाथ श्रेष्ठले देशभर अधिवेशनका लागि आवश्यक तयारी पूरा गरिएको जानकारी दिनुभयो। निर्वाचनका लागि सबै जिल्लामा निर्वाचन अधिकृत खटाइसकिएको निर्वाचन समितिले जनाएको छ। प्राविधिक कारणवश कुनै प्रदेशले अधिवेशन गर्न नसकेको अवस्थामा पनि मङ्सिर ४ वा ५ गतेभित्र अधिवेशन गर्नुपर्नेछ। मङ्सिर ६ गते निर्वाचन क्षेत्रको क्षेत्रीय अधिवेशन हुँदैछ।




### यस्तो बन्छ प्रदेश क्षेत्र समिति

पार्टीका गाउँ तथा नगरपालिकाका वडास्तरबाट निर्वाचित क्षेत्रीय प्रतिनिधि तथा वडाको एकाइ अध्यक्षले प्रदेशको निर्वाचनमा सहभागिता जनाउने छन्। क्षेत्रीय प्रतिनिधिहरूले आफूहरूमध्येबाट अध्यक्षसहित १६ सदस्यीय कार्यसमितिको निर्वाचन गर्नेछ। यसका साथै क्षेत्रीय प्रतिनिधिहरूले आफूहरूमध्येबाट १६ जना प्रदेश निर्वाचनका लागि क्षेत्रीय प्रतिनिधिको चयन गर्नेछ। प्रदेशको निर्वाचन क्षेत्रबाट छानिएका क्षेत्रीय प्रतिनिधिले प्रदेशको सभापतिलगायतका पदाधिकारी चयन गर्नेछन्। सबै प्रदेशमा गरेर पाँच हजारभन्दा बढी प्रदेश क्षेत्रीय प्रतिनिधि चयन (बाँकी पृष्ठ २ मा)

## एमालेमा सर्वसम्मत नेतृत्वको प्रयास

■ दीपक श्रेष्ठ

काठमाडौँ, मङ्सिर २ गते। नेपाल कम्युनिस्ट पार्टी (एमाले)को १०औँ महाधिवेशन मूलतः पार्टी नेतृत्व निर्माणमा मात्र केन्द्रित हुँदैछ। महाधिवेशनले सर्वसम्मत नेतृत्व चयन गर्ने अपेक्षा गरिएको छ। यद्यपि १५ सदस्यीय पदाधिकारीसहित २३५ केन्द्रीय समितिमा धेरै आकाङ्क्षी हुँदा सर्वसम्मत नेतृत्व चयन त्यति सहज चाहिँ छैन।

'एउटै कक्षा नदोहोर्‍याउने' प्रतिबद्धता सार्वजनिक गर्नुभएका एमाले अध्यक्ष केपी शर्मा ओली पुनः अध्यक्ष हुने निश्चितप्रायः छ। अध्यक्ष ओलीविरुद्ध कसैले चुनौती दिने अवस्था यति बेला एमालेभित्र सम्भवतः छैन। यस महाधिवेशनमा नेतृत्व चयन मात्र हुने भएकाले फरक विचार राखेर नेतृत्वका रूपमा उभिने अवस्था पनि यस पटक छैन किनकि एमालेले विधान महाधिवेशन यसअघि नै सम्पन्न गरिसकेको छ।




यद्यपि उपाध्यक्ष भीम रावल र उपमहासचिव घनश्याम भुसालले अध्यक्षमा उम्मेदवारी दिने चर्चा मिडियामा सार्वजनिक भइरहेका छन्। उपाध्यक्ष रावलले केही दिनअघि एक कार्यक्रममा आफूले अध्यक्षमा उम्मेदवारी दिने धारणा राख्नुभएको थियो। त्यस्तै वरिष्ठ उपाध्यक्षका लागि सम्भवतः ईश्वर पोखरेल नै अगाडि हुनुहुन्छ। पार्टीका महासचिव पोखरेल विधानतः दोस्रो कार्यकाल रहन नसक्ने भएका कारण वरिष्ठ उपाध्यक्षमा मात्र उहाँका लागि ठाउँ खाली रहेको अवस्था छ।

अध्यक्षपछिको शक्तिशाली पद मानिने महासचिवमा धेरै आकाङ्क्षी रहे पनि अध्यक्ष ओलीले आफ्ना विश्वासपात्रलाई अगाडि बढाउने निश्चित छ। यस हिसाबले महासचिवमा विष्णु पौडेल र शङ्कर पोखरेलले नै बाजी मार्ने प्रबल सम्भावना रहेको बताइन्छ। यद्यपि सुवास नेम्वाङ र सुरेन्द्र पाण्डे पनि सो पदका लागि आकाङ्क्षी रहेको बताइन्छ। पार्टीका पुराना नेताहरू युवराज ज्ञवाली, पृथ्वीसुब्बा गुरुङ, अष्टलक्ष्मी शाक्य, भीम आचार्यलगायतको व्यवस्थापन (बाँकी पृष्ठ २ मा)

## दोस्रो भूउपग्रह प्रक्षेपणको तयारी

■ अजय शर्मा

काठमाडौँ, मङ्सिर २ गते। अपरेटिङ सिस्टम (सञ्चालन प्रणाली) नेपालमै बनाउने योजनासहित भूउपग्रह प्रक्षेपणको प्राविधिक तयारीमा नेपाली वैज्ञानिक जुटेका छन्। 'नेपाली स्याट–२ पदयात्री' नाम रहने यो भूउपग्रह अघिल्लो भूउपग्रह 'नेपाली स्याट–१' भन्दा तीन गुणा ठूलो हुनेछ।

सबै काम निर्धारित समयमा भ्याइए सन् २०२२ सम्ममा स्याटेलाइट प्रक्षेपण गर्ने तयारी नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)को छ। नास्टको सहयोगमा डा. आभास मास्केसहित १० जना नेपाली युवा वैज्ञानिक भूउपग्रह निर्माणमा तल्लीन छन्। जापानको क्युटेक विश्वविद्यालयसँग मिलेर 'नेपाली स्याट–१' निर्माण गरी अमेरिकाबाट प्रक्षेपण गरिएको थियो। यसपटक नेपाली इन्जिनियरले नेपालमा भूउपग्रहको प्रारूप बनाइसकेका छन्। यसलाई भारतीय अन्तरिक्ष अनुसन्धान संस्था (इस्रो)मा लगेर भूउपग्रह निर्माणसम्बन्धी विभिन्न परीक्षण गरिएको छ।

नास्टका प्रवक्ता सुरेशकुमार ढुङ्गेलले भन्नुभयो, "यस परीक्षणबाट हामीलाई निकै सफलता हात परेको छ।" विदेशको प्लेटफर्म प्रयोग गरेर भए पनि नेपालीले भूउपग्रह निर्माण गरिसकेको स्मरण गर्दै प्रवक्ता ढुङ्गेलले भन्नुभयो, "नेपालमै स्याटेलाइट निर्माण गर्न सकिन्छ भन्ने सन्देश दिन यो परियोजना सुरु गरेका हौँ।" उहाँले भन्नुभयो, "स्याटेलाइटको अपरेटिङ सिस्टम नेपालमै पनि बनाउन सकिन्छ कि भनेर अनुसन्धान गर्दैछौँ। अपरेटिङ सिस्टम बनाउन सफल भएमा यसले भूउपग्रह बनाउन लाग्ने ६० प्रतिशत समय र लागत घटाउँछ।"

डा. मास्केका अनुसार स्याटेलाइट सिस्टम अन चिप मिसनलाई पनि नास्टले अगाडि बढाएको छ। यसमा सम्पूर्ण सिस्टम एउटै चिपमा बन्छ, एउटै माइक्रो चिपले सम्पूर्ण स्याटेलाइटलाई सञ्चालन गर्न सक्छ। वैज्ञानिक डा. मास्केले भन्नुभयो, "यो कामका लागि हामीले एउटा यस्तो चिप भेट्टाएका छौँ, जसको विभिन्न तहको परीक्षणमा जुटेका छौँ।"

डा. मास्केका अनुसार यस मिसनअन्तर्गतको स्याटेलाइटको प्लेलोड बोर्ड (पीसीबी) नेपालमै



निर्माण गरिने छ। यस पीसीबीमा पीएक्स–४ अपरेटिङ सिस्टम मिसन, स्याटेलाइट सिस्टम अन चिप मिसन र ग्राउन्ड सेन्सर टर्मिनल मिसन फर ग्ल्यासिर लेक आउटब्रस्ट फ्लड (जीएलओएफ) मोनिटरिङ रहने छन्। यो व्यावसायिक स्याटेलाइटभन्दा अनुसन्धानात्मक क्षेत्रमा उपयोग हुने खालको स्याटेलाइट भएको डा. मास्केले बताउनुभयो। यस्ता परियोजनाले अन्तरिक्ष प्रविधिमा नेपाली युवालाई आकर्षित गर्ने उहाँको तर्क छ। प्रवक्ता ढुङ्गेलका अनुसार यो स्याटेलाइटले आगलागी, डढेलो र बाढीपहिरोलगायतका मौसमसम्बन्धी जानकारी तस्बिरबाट दिने छ। जसबाट मौसमसम्बन्धी पूर्वजानकारी सजिलै लिन सक्छौँ।

यसपटक थाइल्यान्डको एजेन्सीसँग नास्टले सहकार्य गर्दैछ। नास्टका अनुसार इन्टरनेसनल इन्स्टिच्युट अफ स्पेस टेक्नोलोजी फर इकोनोमिक डेभलपमेन्ट (इन्सटेड)सँगको सहकार्यमा स्याटेलाइट निर्माण गर्ने तयारी भइरहेको छ। यो परियोजना स्याटेलाइट क्षेत्रमा नेपालीको क्षमता अभिवृद्धि गर्ने योजनाअनुरूप निर्माण हुन लागेको हो।

'नेपाली स्याट–१' भूउपग्रह अन्तरिक्षमा ८४१ दिन रहेर खस्यो। नास्टका अनुसार अन्तरिक्षमा रहँदा यस भूउपग्रहले पृथ्वीलाई १३ हजार ४५६ फन्को लगाएको थियो। यो भूउपग्रह नयाँ वर्षको अवसर पारेर २०७६ वैशाख ५ गते बिहीबार २ बजेर ३१ मिनेटमा अमेरिकाको भर्जिनियास्थित वल्लोप्स द्वीपस्थित प्रक्षेपण केन्द्रबाट प्रक्षेपण गरिएको थियो। 'नेपाली स्याट–१' भूउपग्रह स्पेस टेक्नोलोजी इन्जिनियरिङमा विद्यावारिधि गरिरहेका नेपाली वैज्ञानिक आभास मास्के र नेपालबाट इलेक्ट्रिकल र कम्युनिकेसन इन्जिनियरिङमा स्नातकोत्तर गरिरहेका नास्टका प्राविधिक अधिकृत हरिराम श्रेष्ठले बनाउनुभएको थियो।